पहिलो परिच्छेद

शोधपरिचय

१.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**अछामी भाषिकाको शब्दकोश निर्माण**' रहेको छ ।

१.२ शोधार्थीको नाम

खगेन्द्रप्रसाद उपाध्याय रहेको छ ।

१.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्यम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली केन्द्रीय शिक्षण विभागअन्तर्गत स्नातकोत्तर (एम.एड्.) तह दोस्रो वर्षको दसौं-पत्र (५९८) को आंशिक प्रयोजनका लागि तयार गरिएको हो ।

१.४ विषयप्रवेश

अछाम जिल्ला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने एक मध्य पहाडी जिल्ला हो । यो जिल्ला लोकसाहित्य, साहित्य, भाषा, संस्कृति र आफ्नै सामाजिक विविधताले भरिपूर्ण रहेको पाइन्छ । अछामी भाषिकाको आफ्नै उच्चारण व्यवस्था र यसका स्थानीय कथ्य अनेक भेदहरू पाइएको कुरा अनुसन्धानकर्ताहरूले औंल्याएका छन् । त्यस्ता उपभेदका प्रयोक्ताहरूलाई नेपाली मानक भाषामा सिकाइका क्रममा आइपर्ने कठिनाइ एवं ती स्थानीय कथ्य भेदले मानक भाषालाई पुऱ्याउने योगदानका लागि आछामी भाषिकामा रहेका मौलिक कथ्य शब्दको सङ्कलन गरी शब्दकोश निर्माण गर्नुपर्ने आवश्यक्ता ठानिएको छ ।

अछामी भाषिकाका शब्दको अर्थगत सम्बन्ध किटान गर्ने क्रममा देखिने भ्रामक विवरणहरूको निर्मूल गर्नुका साथै शब्दकोश निर्माणको सैद्धान्तिक आधार प्रस्तुत गरी शब्दकोश निर्माणतर्फ प्रस्तुत शोधकार्य अग्रसर रहेको छ ।

१.५ समस्याकथन

अछाम जिल्ला भाषिक दृष्टिले अत्यन्त सम्पन्न रहेको छ । यहाँ प्राथमिक कालीन नेपाली भाषाका शिलालेखी भाषादेखि मानक नेपाली भाषासम्मको विन्दु जोड्ने शब्दभण्डारको खानी रहेको पाइन्छ । यसरी छरिएर रहेका शब्दको सङ्ग्रह गरी शब्दकोश निर्माण गरिएकोले अछामी भाषाका प्रयोक्ताहरूका साथै मानक नेपाली भाषाको शिक्षणमा देखापर्ने जटिलतालाई समेत न्यूनीकरण गर्न सक्ने देखिन्छ । अछामी भाषिकामा केन्द्रित भई यसको शब्दकोश निर्माण गर्ने कार्य अझसम्म कसैबाट हुन नसकेको हुनाले अछाम जिल्लामा प्रचलित स्थानीय कथ्य नेपाली भाषाका शब्दको शब्दकोश निर्माण गर्नु यस शोधकार्यको प्रमुख समस्या हो । यस शोधकार्यमा निम्नलिखित समस्याहरू छन् :-

(क) अछामी भाषिकामा के कस्ता ठेट तथा उच्चारणगत भिन्न शब्दहरू छन् ?

(ख) अछामी भाषिकामा प्रयुक्त ठेट तथा उच्चारणगत भिन्न शब्दहरूको के-कसरी वर्णानुक्रम निर्धारण गर्न सकिन्छ ?

(ग) अछामी भाषिकामा प्रयुक्त ठेट तथा उच्चारणगत भिन्न शब्दहरूका उचारण व्युत्पादन तथा शब्दवर्ग निर्धारण के कसरी गर्न सकिन्छ ?

(घ) अछामी भाषिकामा प्रचलित ठेट तथा उच्चारणगत भिन्न शब्दहरूको पर्याय, परिभाषा व्याख्या तथा उदाहरण दिई कसरी तिनको उपयुक्त अर्थ लेखन गर्न सकिन्छ ?

१.६ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य अछामी भाषिकामा पाइने ठेट तथा मानक नेपाली भाषाका शब्दभन्दा उच्चारणगत भिन्न शब्दको सङ्कलन, अर्थनिर्देश र वर्णानुक्रम निर्धारण गरी कोशीय रूप प्रदान गर्नु रहेको छ । यस शोधकार्यले अछाम जिल्लाको नेपाली भाषामा प्रचलित मौखिक परम्परामा आधारित तथा स्थानीय पृष्टभूमिमा विकसित कथ्य एवं लेख्य दुबै स्रोतबाट प्राप्त ठेट तथा उच्चारणगत भिन्न स्वरूप भएका शब्दहरूको सङ्कलन, अर्थनिर्देश, शब्दवर्ग निर्धारण र वर्णानुक्रम अनुसार कोशविधान गर्ने काम गरेको छ । यस शोधपत्रमा निम्नलिखित उद्देश्यहरू छन् :–

(क) अछामी भाषिकामा पाइने ठेटशब्द तथा उच्चारणगत भिन्न शब्दहरूको सङ्कलन गर्नु,

(ख) अछामी भाषिकामा पाइने ठेटशब्द तथा उच्चारणगत भिन्न शब्दहरूको वर्णानुक्रम मिलाउनु,

(ग) अछामी भाषिकामा पाइने ठेटशब्द तथा उच्चारणगत भिन्न शब्दहरूको उच्चारण, प्रकृति-प्रत्यय र शब्दवर्ग निधारण गर्नु,

(घ) अछामी भाषिकामा पाइने ठेटशब्द तथा उच्चारणगत भिन्न शब्दहरूको पर्याय, परिभाषा, व्याख्या तथा उदाहरण दिएर अर्थ लेखन गर्नु,

१.७ पूर्वकार्यको समीक्षा

अछामी भाषिकामा आधारित भई शब्दकोश निर्माण गर्ने ठोस कार्य नभए पनि यस भाषिकाका शब्दहरू विभिन्न विद्वानहरूबाट सङ्कलन भएको पाइन्छ । क्षेत्रीय भाषिकाको अध्ययनका क्रममा केही भाषाविद्हरूले अछामी भाषिकाका शब्द भनी उदाहरण दिएको पाइन्छ । यस्तै स्नातकोत्तर तहका शोधकृतिमा पनि अछामी भाषिकाका केही शब्द उल्लेख भएका छन् । यसबाहेक अछामी भाषिकाको कोश निर्माण गर्ने जस्तो काम अझै हुन सकेको पाइँदैन । माथि उल्लिखित क्षेत्रीय भाषिकाका अध्येयता र शोधकर्त्ताहरूका कृति एवं पत्र–पत्रिकाहरूमा अछामी भाषिकाका बारेमा छिटपुट रूपमा उल्लेख भएको पाइन्छ । तिनै कृति र पत्र–पत्रिकाहरूमा प्रकाशित अछामी भाषिकाका बारेमा उल्लेख गरिएका कृतिहरूलाई पूर्वकार्यको समीक्षाका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) पहलमान सिंह स्वारले अछामी भाषिकामा दुईवटा साहित्यिक कृति रचना गरेको पाइन्छ । उनका श्लोकसङ्ग्रह (वि.सं. १९६१–६५) र लालु भागा (रचना, वि.सं. १९७५–७६, प्रकाशन २०३३) अछामी भाषिकामा लेखिएका कृति हुन् । श्लोकसङ्ग्रह कविता कृति हो । यसमा दुईवटा कविता सङ्कलित छन् ।[1] लालुभागा नाट्यकृति हो । यसमा केही अछामी भाषिकाका शब्दहरू समावेश गरिएका छन् ।

(ख) तेजप्रकाश श्रेष्ठद्वारा अछामी लोकभाषाका केही शब्द,सङ्कलन गरिएको पाइन्छ ।[2]

(ग) राजाराम सुवेदीले केही भाषिक शब्दहरू सङ्कलन गरेका छन् ।[3]

---

[1] भीमसेन राई, **नेपाली साहित्यको विकासप्रक्रियामा पहलमान सिंह स्वारको व्यक्तित्व र योगदानको विश्लेषण,** (अप्रकाशित नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०३२), पृ. १७ ।

[2] तेजप्रकाश श्रेष्ठ, **अछामी लोकसाहित्य**, (ललितपुर : रत्नपुस्तक भण्डार, २०४४), पृ. ३४ ।

[3] राजाराम सुवेदी, **अछामको इतिहास,** (अछाम : बैद्यनाथ मन्दिर, २०५८), पृ. ३३६-३४९ ।

(घ) यमनाथ तिमल्सिनाले सङ्ख्या र सार्वनामिक शब्दका आधारमा नेपालीका भाषिकाको निर्धारण गर्दा अछामी भाषिकाका शब्दसङ्कलन गरेका छन् ।[४]

(ङ) यज्ञेश्वर निरौलाले कियाको रूपतत्त्वका आधारमा नेपालीका भाषिकाको निर्धारण गरेका छन् । उनले कियाको रूपतत्त्वका आधारमा नेपाली भाषाका १२ वटा भाषिकाहरू देखाएका छन् । उनले 'हु', 'थि', 'छु', र 'भ' जस्ता हो का संरूप र 'गर्' तथा 'आउ' धातुबाट रूपायित कियापदका ३८८ वटा रूपावलीलाई आधार सामग्री बनाई विभिन्न सूचकहरूबाट भाषिक सामग्री प्रप्त गरेर विश्लेषण गरी निष्कर्ष निकालेका छन् । उनको अध्ययनमा विभिन्न भाषिकाका कियापदहरू समेटिएका छन् ।[५]

(च) भागवत आचार्यले उच्चारणका आधारमा नेपालीका भाषिकाको निर्धारण गर्दा अछामी भाषिकाका शब्द सङ्कलन गरेका छन् ।[६]

(छ) लावण्यप्रसाद ढुङ्गनाले आधारभूत शब्दावलीका आधारमा अछामी भाषिकालाई छुट्टै भाषिका स्वीकार्दै केही शब्द सङ्कलन गरेका छन् ।[७]

(ज) हर्कबहादुर शाहीले अछामी भाषिकाका शब्दहरू सङ्कलन गरी परम्परागत नेपाली व्याकरणका आधारमा विश्लेषण गरेका छन् ।[८]

(झ) खगेन्द्र घोडासैनी 'विवश' ले मिर्मिरे (वर्ष २२, अङ्क ६,मासिक, २०६०) मा गालीसाहित्य र अछामी गालीमा व्यङ्ग्यचेतना भन्ने लेख लेखेका छन् । यसमा अछामी भाषिकाका केही शब्दहरू समेटिएका छन् ।[९]

---

[४] यमनाथ तिमल्सिना, **सङ्ख्या र सार्वनामिक शब्दका आधारमा नेपालीका भाषिकाको निर्धारण,** (अप्र. स्नातकोत्तर तहको शोधपत्र, त्रिवि., २०५०) २६ ।

[५] यज्ञेश्वर निरौला, **कियाको रूपतत्त्वका आधारमा नेपालीका भाषिकाको निर्धारण,** (अप्र. स्नातकोत्तर तहको शोधपत्र, त्रिवि., २०५१), पृ. परिशिष्ट भाग ।

[६] भागवत आचार्य, **उच्चारणका नेपालीका भाषिकाको निर्धारण** (अप्र. स्नातकोत्तर तहको शोधपत्र, त्रिवि., २०५४), पृ. ५४ ।

[७] लावण्यप्रसाद ढुङ्गाना, **आधारभूत शब्द भण्डारका आधारमा भाषिकाको निर्धारण,** (अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०५४), पृ. ३१-३२ ।

[८] हर्कबहादुर शाही, **अछामी भाषिकाको अध्ययन,** (अप्र. स्नातकोत्तर शोधपत्त, त्रिवि. महेन्द्र रत्न क्याम्पस, ताहाचल,२०५५), पृ. ८५ पछि पृष्टाङ्कन नगरिएको भागमा ।

[९] खगेन्द्र घोडासैनी 'विवश', **"गाली साहित्य र अछामी गालीमा व्यङ्ग्यचेतना"** मिर्मिरे मासिक (वर्ष २२, अङ्क ६, पूणाङ्क २१७, २०६०), पृ. ६६-७१ ।

(ञ) खगेन्द्रप्रसाद उपाध्यायले अछामी गालीको अध्ययनका सन्दर्भमा यस भाषिकाका केही शब्दहरू अर्थसहित सङ्कलन गरेका छन् ।[१०]

(ट) खगेन्द्र घोडासैनीले गरिमा (वर्ष २३, अङ्क २६६, मासिक, २०६१) मा अछामी भाषिका र यसका स्थानीय उपभेदहरू शीर्षकको लेखमा अछामी भाषिकाका तीनवटा उपभेद किटान गरी केही शब्दको तुलनात्मक रूपरेखा प्रस्तुत गरेका छन् । यसमा विभक्ति र प्रत्ययका आधारमा रूप रचनालाई पनि समेट्ने काम भएको छ ।[११]

(ठ) खगेन्द्रप्रसाद उपाध्यायले अछामी ड्यौंडा गीतको अध्ययनका सन्दर्भमा यस भाषिकाका केही शब्दहरू अर्थसहित सङ्कलन गरेका छन् ।[१२]

उपर्युक्त अछामी भाषिकासँग सम्बन्धित अध्ययनबाट के स्पष्ट हुन्छ भने अछामी भाषिकाको अध्ययनका क्रममा शब्दसङ्कल गर्ने चासो धेरै विद्वान एवं अनुसन्धाताहरूले देखाएका छन् तर शब्दकोश निर्माण गर्नेजस्तो ठोस कार्यभने कसैबाट भएको पाइँदैन । यसै अभावको परिपूर्ति गर्न अछामी भाषिकाका ठेटशब्द तथा उच्चारणगत भिन्न शब्दहरू सङ्कलन गरी यस भाषिकाको शब्दकोश निर्माण गर्नेतर्फ प्रस्तुत शोधकार्य अग्रसर रहेको छ ।

१.८ शोधकार्यको औचित्य

अछामी भाषिका नेपाली भाषाका क्षेत्रीय भाषिकाहरूमध्येको एउटा भाषिका हो । प्रस्तुत शोधपत्रले अछामी भाषिकाका प्रयोक्ताहरूलाई मानक नेपाली भाषा सिकाइमा हुने जटिलतालाई सहजता तुल्याउनुका साथै अन्य भाषिकाका वक्ताहरूलाई अछामी भाषिकाका कथ्य मौलिक शब्दसँग परिचित गराएको र अछामी जनजीवनमा गरिने अनुसन्धान र अनुसन्धानर्त्ताहरूलाई पनि पर्याप्त सामग्री उपलब्ध गराएकाले प्रस्तुत शोधकार्यको औचित्य स्वतः स्पष्ट हुन्छ । यसका साथै अछामी भाषिकासँग सम्बन्धित शैक्षिक, प्राज्ञिक तथा

---

[१०] खगेन्द्रप्रसाद उपाध्याय, **अछामी गालीको अध्ययन र विश्लेषण,** (अप्र. स्नतकोत्तर शोधपत्र, त्रिवि. त्रिचन्द्र क्याम्पस, २०६१), पृ. १४८- १५३ ।

[११] खगेन्द्र घोडासैनी, **'अछामी भाषिका र यसका स्थानीय उपभेदहरू',** गरिमा, (वर्ष २३, अङ्क २६६, मासिक, २०६१), पृ. ९८-१०२ ।

[१२] खगेन्द्रप्रसाद उपाध्याय, **अछामी ड्यौंडा गीतको अध्ययन**, (अप्र. स्नतकोत्तर शोधपत्र, त्रिवि. त्रिचन्द्र क्याम्पस, २०६१), पृ. १७१- ७६ ।

भविष्यमा गर्न चाहने क्षेत्रीय अनुसन्धानमूलक कार्यका निम्ति सहयोग पुऱ्याएकाले प्रस्तुत शोधकार्य उपयोगी बनेको छ ।

१.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य नेपालको राजनैतिक विभाजन अनुसार सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चलमा पर्ने अछाम जिल्लाका ढुङ्गाचाल्ना, घोडासैन, नाडा, तोसी, मस्टबन्डाली, कमलखेत, गाज्रा र बैजनाथ गरी सातवटा गाविसमा केन्द्रितरही स्थानीय भाषिकामा लेखिएकाका भाषा, साहित्य तथा लोकसाहित्यिक कृतिमा आधारित भई तयार पारिएको छ । स्थानीय नेपाली कथ्य तथा लेख्य भाषामा उपलब्ध भाषा, साहित्य, लोकसाहित्य तथा जनजीवनमा प्रयुक्त शब्दहरूलाई मात्र यहाँ अध्ययनको विषय बनाइनु यसको सीमा रहेको छ ।

१.१० शोधविधि

(क) यस शोधकार्यमा भाषिकाका शब्दहरूको सङ्कलनका निम्ति क्षेत्रीय तथा पुस्तकालयीय अध्ययन-पद्धति अँगालिएको छ । यस क्रममा शोधकार्यको सीमाभित्र रही लेखिएका भाषा, साहित्य, लोकसाहित्यसँग सम्बन्धित कृति, शोधप्रबन्ध तथा स्थानीय भाषिकासँग परिचित व्यक्तित्वसँग छलफल र प्रश्नोत्तर विधि आगालिएको छ । शब्द सङ्कलन गर्दा विभिन्न विषयका शीर्षक (खाना, लुगा, रोग, पशु, पन्छी, कृषि, भाषा, साहित्य, कला, समाज, अन्धविश्वास, सामाजिक रूढि र मान्यता, आदि) चयन गरी ती शीर्षकसँग सम्बन्धित वस्तुलाई अछामी भाषिकामा के भनिन्छ; त्यसरी भनिने वस्तुका लागि अछामी भाषिकामा पाइने आफ्नै ठेटशब्द र उच्चारणगत भिन्न शब्दहरू सङ्कलन गरिएको छ । यस्तै अछामी भाषिकाको निकटमा बोलिने अन्य केन्द्रीय भाषिका, वरपश्चिमा र परपश्चिमा भाषिकासँग सम्बन्धित भाषिका एवं अछामी भाषिकाका बीचको भिन्नतालाई पहिल्याएर अछामी भाषिकाका शब्द सङ्कलन गरिएको छ ।

(ख) यसरी सङ्कलित शब्दहरू अछामी भाषिकाका केही वक्ताहरूसँग रुजु गराई तिनको शीर्षशब्द, उच्चारण, व्युत्पादन, शब्दवर्ग र अर्थनिर्देश, प्रयोगसन्दर्भ आदिको उपयुक्त विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा आवश्यक्तानुसार वर्णनात्मक,

विवरणात्मक, विश्लेषणात्मक र तुलनात्मक अध्ययन-पद्धति अँगालेर अध्ययन गरिएको छ ।

१.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । शोध-सामग्रीहरूको उपयुक्त प्रस्तुतिलाई ध्यानमा राखी शीर्षक र उपशीर्षकमा विभाजन गरिएको यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छः-

पहिलो परिच्छेद	:	शोध परिचय
दोस्रो परिच्छेद	:	शब्दकोश निर्माणको सैद्धान्तिक परिचय
तेस्रो परिच्छेद	:	भाषिका कोशको परम्परा र अछामी भाषिका कोश
चौथो परिच्छेद	:	अछाम जिल्लामा प्रचलित शब्दको सङ्कलन, वर्णानुक्रम निर्धारण तथा अर्थनिर्देश
पाँचौं परिच्छेद	:	उपसंहार

दोस्रो परिच्छेद

शब्दकोश निर्माणको सैद्धान्तिक परिचय

२.१ कोशविधान विज्ञान

कोशविज्ञान कोशसँग सम्बन्धित विषय हो । यसमा कोशविधान वा कोश सम्पादनका आवश्यक सिद्धान्तहरूको व्यवस्थित रूपले विवेचना गरिएको हुन्छ । कोशविधान शब्द 'कोश' र 'विज्ञान' दुई शब्दको संयोगबाट भएको देखिन्छ ।[१३] कोशको अर्थ भण्डार हुन्छ भने कोशविज्ञानले शब्दकोश सम्पादन वा निर्माण गर्ने सिद्धान्त तथा प्रविधिको वर्णन भएको ग्रन्थ भनिएको पाइन्छ ।[१४] कोशविज्ञान शब्द अङ्ग्रेजी भाषाको लेक्सिस (Lexis) र लोजी (Logy) को समन्वयबाट लेक्सिकोलोजी (Lexicology) शब्दको निर्माण भएको देखिन्छ । अङ्ग्रेजी माषाको शब्दकोशअनुसार लेक्सिस (Lexis) को अर्थ शब्द र लोजी (Logy) को अर्थ अध्ययन हुन्छ ।[१५] कोशविज्ञानलाई कोशार्थविज्ञान वा शब्दार्थविज्ञान पनि भनिएको पाइन्छ ।[१६] कोशविज्ञानले शब्दकोश (Dictionary), कोशार्थविज्ञान (Lexicology), र कोशविधानविज्ञान (Lexicography) जस्ता शब्दहरूसँग नजिकको सम्बन्ध राख्दछ ।[१७] कोशविज्ञानको अनुप्रयुक्त (Applied) रूप कोशविधान विज्ञान हो ।[१८] ग्रिसेली भाषाको लेक्सिको ग्राफ (lexico+graph) बाट बनेको अङ्ग्रेजी भाषाको (lexicography) शब्दको नेपाली रूपान्तर कोशविधानविज्ञान हो । यसलाई कोश शिल्पविज्ञान, कोशकला, कोशनिर्माण विज्ञान, कोश सम्पादन विज्ञान आदि नामले चिन्न सकिन्छ भनिएको पाइन्छ ।[१९] अङ्ग्रेजी शब्दकोशमा पनि कोशविधान विज्ञानलाई कोशरचना तथा

---

[१३] .बासुदेव त्रिपाठी र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., चौ.स. २०५५) ।

[१४] .हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६१) ।

[१५] .के.एल. कर्माचार्य र पि.आर. वैद्य, (सम्पा.) **अजन्ता एडभान्स लर्नस् डिक्सनरी,** (दिल्ली : अजन्ता प्रकाशन) ।

[१६] पारसमणि भन्डारी, **प्रायोगिक भाषाविज्ञानका केही पक्ष,** (काठमाडौं : विद्यार्थी पुस्तकभण्डार, २०५४) पृ. ४१ ।

[१७] हेमाङ्गराज अधिकारी, **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, (काठमाडौं : रत्न पुस्तक भण्डार, ते.सं. २०६४) पृ.१८७

[१८] रामचन्द्र लम्साल, **कोशविज्ञान र नेपालीकोश**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, दो.सं. २०५७) पृ. ७ ।

[१९] शान्तिप्रसाद ढकाल**, प्रायोगिक भाषाविज्ञान,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, ते.सं. २०६०) पृ. १३४ ।

कोशरचनाकला भनिएको छ ।[२०] कोशविज्ञान कोश निर्माण गर्ने सैद्धान्तिक र प्रायोगिक आधारहरूको विवेचनासँग सम्बन्धित व्यवस्थित अध्ययन हो ।[२१] कोशार्थविज्ञानलाई कोशविधानको सैद्धान्तिक पक्ष र कोश निर्माण विज्ञानलाई यसको प्रायोगिक क्षेत्रका रूपमा उल्लेख गरिएको पाइन्छ ।[२२] कोशविज्ञानले भाषाका शब्दहरूको अर्थ, संरचना, अर्थसम्बन्ध, स्रोत, व्युत्पत्ति, प्रयोग आदिको समग्र अध्ययनलाई जनाउँछ । शब्दकोशभन्दा कोशविज्ञानको क्षेत्र फराकिलो छ । कोशविज्ञानमा शब्दसूचीसँग सम्बन्धित विधामात्र नभई यसमा भाषाका शब्द ढुकुटीमा रहेका शब्दहरुको व्यवस्थित अध्ययन, कोशीय सामग्रीको संकलन, प्रविष्टिको चयन र वर्गीकरण, विविध अर्थ निर्धारण, हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, उदाहरण (प्रयोग) निर्देशात्मक उद्धरण, पर्याय तथा विपर्याय, चित्र, रेखा, तालिका आदिको संयोजन र सम्पादन सम्बन्धी सैद्धान्तिक पक्षको पनि वर्णन, विश्लेषण र विवेचना गरिन्छ । कोशविधानको प्रत्यक्ष प्रयोग भूमि शब्दकोश हो ।[२३] यसैले कोशविज्ञान कोशनिर्माणका समग्र सैद्धान्तिक पक्षको विवेचना गर्ने शास्त्रका रूपमा देखिन्छ ।

कोशविधान विज्ञान कोशनिर्माणसँग सम्बन्धित अनुशासन हो । कोशको सम्बन्धमा सैद्धान्तिक विवेचना कोशविज्ञानमा गरिएको हुन्छ भने कोशविधान विज्ञानमा कोशनिर्माणका प्रायोगिक पक्षहरू सम्मिलित हुन्छन् । कुनै निश्चित भाषासँग सम्बन्धित कुनै कोशविशेषको निर्माणका लागि सामग्रीको सङ्कलन तथा मूल प्रविष्टिको चयन, उच्चारण, हिज्जे, व्युत्पत्ति आदिको संयोजन, शब्दस्रोत किटान, अर्थनिरूपण, व्याकरणात्मक कोटिनिर्देश, प्रयोजनअनुरूप उदाहरण, उद्धरण र सम्पादनजस्ता आधारभूत विषय नै यसका प्रायोगिक पक्ष हुन् ।[२४] कोशविज्ञानमा कोशविधान विज्ञानले शब्दकोशको तयारी तथा निर्माणका विभिन्न पक्षहरूको अध्ययन गर्दछ । यो कोश सम्पादनको वैज्ञानिक अध्ययन र प्रविधिका विविध पक्षसँग सम्बन्धित हुनाले यसलाई प्रायोगिक कोशार्थविज्ञान (applied lexicology) पनि भनिएको पाइन्छ । शब्दकोश निर्माण गर्ने प्रायोगिक कार्यको अध्ययन यसैसँग सम्बन्धित भएको हुनाले

---

[२०] के.एल. कर्माचार्य र पि. आर. वैद्य, **पूर्ववत्** ।

[२१] शान्तिप्रसाद ढकाल, **पूर्ववत्** , पृ. १३२ ।

[२२] पारसमणि भण्डारी, **पूर्ववत्** , पृ. ४१ ।

[२३] रामचन्द्र लम्साल, **पूर्ववत्** , पृ. ३ ।

[२४] **ऐजन**, पृ. ५ ।

यसलाई नै वास्तविक कोशविज्ञानका रूपमा लिइएको पाइन्छ । यसरी कोशविज्ञान र कोशार्थविज्ञानलाई पृष्ठभूमिमा राखेर कोशनिर्माण गर्ने तौर तरिकासँग सम्बन्धित विज्ञानका रूपमा कोशविधान विज्ञान देखिन्छ ।[२५]

२.२ शब्दकोश

अभिधान वा शब्दसङ्ग्रह गरिएको कृति हो ।[२६] भाषार्थक कुश् वा निष्कषार्थक कुष् धातुमा अधिकरण द्योतक 'घञ्' प्रत्ययको योगबाट कोश वा कोष शब्दको निर्माण हुन्छ ।[२७] संस्कृत भाषाशास्त्रमा यसको प्रचलित अर्थ वित्तकोश र शब्दकोश दुबैका लागि स्वीकृत छ तापनि शब्द सम्बन्धी कोशका लागि 'कोश' नै स्वीकृत देखिन्छ ।[२८] शब्दकोशको समानार्थी शब्द अङ्ग्रेजी भाषामा Dictionary र Lexicon शब्द प्रचलित छन् ।[२९] यी शाब्दिक अर्थले शब्दकोशको सङ्कुचित अर्थलाई समेटेका छन् । वर्तमान अवस्थामा व्यवहार गरिने शब्दकोशले शाब्दिक अर्थभन्दा निकै फराकिलो क्षेत्र ओघटेको पाइन्छ । भाषाका शब्दहरूलाई वर्णानुक्रम मिलाएर तिनको स्रोत, अर्थ, प्रयोग आदि सूचनालाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको ग्रन्थका रूपमा अर्थ्याइएको देखिन्छ ।[३०] त्यस्तै कुनै पनि भाषाका शब्दहरूलाई आवश्यक्तानुसार तिनको उच्चारण, व्युत्पत्ति, पदकोटि, प्रयोग र वर्णविन्यासका साथै अर्थ, व्याख्या, परिभाषा, पर्याय, प्रयोग र विपरीतार्थक आदिको जानकारी दिँदै राखिएका शब्दहरूको क्रमबद्ध सूचिलाई शब्दकोश भनिन्छ ।[३१] शब्दकोश भनेको वर्णानुक्रममा भाषाका शब्दहरूको अर्थसहितका सूचनाहरूलाई प्रस्तुत गरिएको सन्दर्भ पुस्तक हो । यो भाषा सम्बन्धी एक किसिमको प्रयोगात्मक गतिविधि हो । प्रयोक्ता र प्रयोजनको विविधतानुसार शब्दकोशको स्वरूप र निर्माणमा पनि प्रशस्त भिन्नता

---

[२५] हेमाङ्गराज अधिकारी, **पूर्ववत्** , पृ. १८७ ।

[२६] वामन शिवराम आप्टे, (सम्पा.) **संस्कृत हिन्दी कोश,** (दिल्ली : नाग प्रकाशक, पाँ.सं. १९९५) ।

[२७] शास्त्री जे.एल., (सम्पा.), **धातुपाठ,** (वनारस : मोतीलाल वनारसी दास, दो.सं. १९९६) पृ. ४६ र ४० ।

[२८] रामचन्द्र लम्साल, **पूर्ववत्,** पृ. १४ ।

[२९] के.एल.कर्माचार्य र पि.आर. बैद्य, **पूर्ववत्** ।

[३०] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **पूर्ववत्** ।

[३१] चूडामणि बन्धु, **'प्रयोगात्मक नेपाली शब्दकोशका विषयमा'** प्रयोगात्मक नेपाली शब्दकोशको भूमिकाबाट ।

देखिन्छ ।[३२] शब्दकोशमा शब्दको मात्र सङ्कलन नभई शीर्षशब्द, उखान, टुक्का, धातु, व्युत्पादकसर्ग र रूपायनजस्ता भाषिक एकाइहरू समावेश गरिएका हुन्छन् । शब्दकोश भाषाविज्ञानको प्रयोगक्षेत्र हो र यसमा विविध भाषिकपक्ष सम्मिलित भएका हुन्छन् । शब्दकोशले शब्दको विभिन्न प्रयोगात्मक अर्थ दिन्छ । यसमा शीर्षशब्द, त्यसको वर्णविन्यास, स्रोत, प्रकृति-प्रत्यय, व्याकरणात्मककोटि, प्रयोगस्थल, प्राविधिक वा सामान्य, औपचारिक वा अनौपचारिक, साधु वा असाधु, श्लील वा अश्लील, क्षेत्रीय वा सामाजिक, भाषिकागत वा भाषागत के हो भन्ने कुराको विवरण दिइन्छ ।[३३] शब्दकोश पाठकका लागि भाषाको जानकारी दिने प्रमुख स्रोत हो । यसलाई शब्दहरूबारेका विश्वासिलो सूचनाको स्रोत मानिन्छ । यसमा भाषाका शब्दहरूका बारेमा सबैजसो सूचना सम्बन्धी वस्तुगत सङ्क्षिप्त आलेखन हुन सक्छ । यसैले कोश निर्माणमा भाषाशास्त्री र दक्ष सम्पादकहरूको संलग्नता रहनु आवश्यक हुन्छ ।[३४]

२.३ शब्दकोश सम्पादन प्रक्रिया

शब्दकोश निर्माण गर्ने सन्दर्भमा यसको सम्पादन कार्य सबैभन्दा जटिल देखिन्छ । शब्दकोश सम्पादनका लागि लगनशीलता र समर्पणको आवश्यक्ता पर्दछ । कोश सम्पादन कार्य अति गम्भीर झिजोलाग्दो र कठिन कार्यका रूपमा औंल्याइएको पाइन्छ ।[३५] यस्तै 'सरस्वती र लक्ष्मीको बाससित हनुमानको जाँगर हुनेले मात्र यस्तो कोश सङ्ग्रह गर्ने रहर गर्नु पर्ने रहेछ' भनेर कोश सम्पादन प्रक्रियाको बारेमा भनिएको पाइन्छ ।[३६] कोश सम्पादनलाई कोशविधान पनि भनिन्छ । कोशकारले सम्बन्धित वाङ्मयका प्रत्येक फाँटबाट अपेक्षित सामग्री जम्मा गरी सम्बन्धित कोशमा उपयुक्त प्रविष्टिको विधान गर्दछ ।

कोश सम्पादन आफैंमा गुरुतम र कठिन कार्य भएकाले यसको सफल र वैज्ञानिक सम्पादन र त्यस सम्बन्धी पूर्वनियोजित प्रक्रिया र विधिको उचित व्यवस्था एवं

---

[३२] हेमाङ्गराज अधिकारी, **पूर्ववत्**, पृ. १८७ ।

[३३] रामचन्द्र लम्साल, **पूर्ववत्**, पृ. १४ ।

[३४] हेमाङ्गराज अधिकारी, **पूर्ववत्**, पृ. १८८ ।

[३५] बल्लभमणि दाहाल, **'नेपाली भाषा र कोश' नेपाली भाषा अधिगोष्ठी'**, २०३३, (विवृत्ति) ने.रा.प्र.प्र., पृ. १३३ ।

[३६] पारसमणि प्रधान र नगेन्द्र प्रधान, (सम्पा.) **ठूलो नेपाली-नेपाली अङ्ग्रजी कोश**, (कालिम्पोङः भाग्यमणि प्रकाशन, १९८३ इ.सं.) पृ. भूमिका (पहिलो संस्करण) -१ ।

कार्यान्वयनमा निर्भर रहन्छ । अत : कोश उपयुक्त सम्पादन हुनका निम्ति निम्न लिखित प्रक्रियाहरूको कार्यान्वयन हुनु पर्ने देखिन्छ । शब्दकोश सम्पादनको कार्यलाई चरणबद्ध रूपमा निम्नानुसार तीन चरणमा प्रस्तुत गरिएको पाइन्छ ।[३७]

२.३.१ पहिलो चरण:

यस चरणमा योजना, सामग्री सङ्कलन र प्रविष्टि चयन गर्ने कार्य गरिन्छ । तिनको सविस्तार निम्नलिखित रूपमा चर्चा गरिन्छ ।

२.३.१.१ योजना:

कोश सम्पादनका लागि निश्चित योजनाको आवश्यक्ता पर्दछ । शब्दकोशको योजना निर्माणका कममा सम्पादन गर्ने व्यक्ति, संस्था के हो ?, यसको खर्च, सम्पादनको अवधि, त्यसको उपलब्धि इत्यादिका विषयमा स्पष्टता हुनुपर्छ । सामान्यतः कोशनिर्माणका कममा कोशीय योजना निम्नलिखित पक्षहरूमा स्पष्ट हुनुपर्छ । जस्तैः- सामग्री सङ्कलन, शब्दसूची, प्रविष्टिको स्वरूप, अर्थ विधान विधि र कम, व्याकरण निर्देशन, उच्चारण र हिज्जे, उदाहरण, चित्राङ्कन विवृत्ति र बीजकको प्रयोग, उखान-टुक्का सम्बन्धी प्रयोग, व्युत्पादक सर्गको संयोजन र व्युत्पत्ति विधानजस्ता पक्षमा योजना स्पष्ट हुनुपर्दछ ।[३८]

२.३.१.२ सामग्री सङ्कलन:

शब्दकोश सम्पादनमा सामग्री संकलन प्राथमिक कार्य हो । यसमा सामग्री सङ्कलन भनेको शब्द सङ्कलन हो । शब्दकोशको प्रकारअनुरूप सामग्री सङ्कलनमा भिन्नता हुन्छ । सामग्री संकलन लिखित र मौखिक दुबै भाषिक स्रोतबाट गरिन्छ । लिखित स्रोतबाट सामग्री संकलन गर्दा विभिन्न विषयका कृतिहरू र पाठ आधार सामग्रीका रुपमा रहन्छन् । अलिखित स्रोतबाट सामग्री संकलन गर्दा क्षेत्रीय पद्धतिको प्रयोग गरिन्छ । लिखित स्रोत नभएका भाषा र लिखित स्रोत भएपनि कथ्य भाषाका शब्द संकलन गरी भाषिकाकोश निर्माण गर्नु पर्दा क्षेत्रीय पद्धतिको प्रयोग अपरिहार्य देखिन्छ । सूचकहरु सबै उमेर, लिङ्ग, वर्ग आदि

---

[३७] रामचन्द्र लम्साल, **पूर्ववत्**, पृ. ९५ ।

[३८] **ऐजन**, पृ. ९७ ।

विविधतालाई समेटेका हुनु पर्दछ । विभिन्न विषय, प्रसङ्ग र पद वर्गसँग सम्बन्धित शब्दहरुको सूचीका सहायताबाट शब्द संकलन गरिनु पर्दछ । लोकसाहित्यका विभिन्न विधाहरु साँस्कृतिक पर्व आदिका प्रसंगमा व्यक्त तथ्य पनि सामग्री संकलनका स्रोत हुन् ।[३९]

२.३.१.३ प्रविष्टि चयन तथा उपप्रविष्टि निर्धारणः

शब्दकोशको मुख्य भागमा समावेश गरिने शीर्ष शब्दहरुलाई मुख्य प्रविष्टिका रुपमा लिइन्छ ।[४०] भाषिक व्यवहारमा व्यक्त गरिने भाषाका सम्पूर्ण संकलित सामग्रीलाई कोशमा यथावत् रुपमा राखिँदैन । कोश सम्पादनमा स्तरीयता, एकरुपता, सुगमता र वैज्ञानिक्ता कायम गर्न केकस्ता शब्दलाई कोशीय एकाइका रुपमा ग्रहण गर्न सकिन्छ भन्ने कुरा नै प्रविष्टि चयन हो । त्यस्तै शब्दलाई मूल प्रविष्टिमै राखिँदैन, कतिपय शब्द उपप्रविष्टिमा राखिन्छन् । त्यसैले प्रविष्टि चयनका सम्बन्धमा निम्नलिखित प्रमुख कुरामा ध्यान दिनु आवश्यक देखिन्छ ।

मूलप्रविष्टि →

- उखान र उद्धरणहरू
- समुच्चयात्मक अभिव्यक्तिहरू
- नव प्रचलित शब्दहरू
- लुप्त तथा आर्ष शब्दहरू
- रिक्त शब्दहरू
- प्रत्यय र विभक्ति
- समस्त शब्दहरू
- निपात
- व्यक्तिवाचक शब्दहरू
- विशिष्ट पदावली र टुक्काहरू
- वर्ण वा अक्षर
- बैकल्पिक प्रविष्टि

---

[३९] हेमाङ्गराज अधिकारी, **पूर्ववत्**, पृ. २०८ ।

[४०] **ऐजन**, पृ. २०९ ।



२.३.२ दोस्रो चरणः

शब्दकोश निर्माणका क्रममा प्रविष्टिको विधान यस चरणमा हुन्छ । कोशका दृष्टिले उद्देश्य गरिएको शादिक एकाइलाई मूलप्रविष्टि वा शीर्ष शब्द र त्यससँग सम्बन्धित एकाइलाई उपप्रविष्टि वा सहायक प्रविष्टि भनिन्छ । यसैले कोशीय प्रविष्टिमा हुने शाब्दिक एकाइ भाषिक क्षेत्रमा व्यवहार गरिने लघुतम अर्थयुक्त स्वतन्त्र रूप मात्र होइन, त्यसभन्दा पराकिलो स्वरूप पनि हो । कोशमा प्रस्तुत गरिने कोशको प्रविष्टि निम्नानुसार प्रस्तुत गरिएको पाइन्छ ।



शीषशब्द (मूलप्रविष्टि), वर्णविन्यास (हिज्जे), उच्चारण निर्देश व्याकरण निर्देश, अर्थ, परिभाषा, उदाहरण, पर्याय, विपर्याय, उखान-टुक्का, व्युत्पादकसर्ग र चित्राङ्कन रहन्छन् । यिनको सङ्क्षिप्त खोलुवा तल दिइन्छ ।

२.३.२.१ शीर्षशब्द

कोशको प्रविष्टि स्तम्भमा रहने शीर्षशब्द मुख्य कोशीय एकाइ हो । शब्दकोशमा शीर्षशब्दलाई सर्वप्रथम उल्लेख गरिन्छ । भाषिक व्यवहारमा शब्दहरू संकथनका अंगबनेर आउने भएपनि शब्दकोशमा यिनलाई अलग-अलग एकाइका रुपमा उल्लेख गरिएको हुन्छ ।[४१] जस्तै:

अबाड- /अबाड/ ना. डोली अड्याउने काठ ।

अद्द- वि. केही, थोरै ।

माथिको उदाहरणमा सुरुमा आएका रेखाङ्कित शब्द शीषशब्द हुन् ।

२.३.२.२ वयाविन्यास निर्देश :

शब्दकोशमा शीर्षशब्दको प्रस्तुति मानक वर्णविन्यासमा गरिनु पर्दछ । यसमा कथ्य भाषाको नभई लेख्यभाषाको वर्याविन्यास आत्मसाथ गर्नु जरुरी देखिन्छ । वणविन्यासले भाषिक एक रूपता कायम राख्न र शब्दकोशमा शब्द खोज्दा उपयुक्त क्रममा सहजै प्राप्त गर्न मद्दत गर्दछ । जस्तै : शिशिर, विश्वास, आशा, विज्ञान, गाउँ, व्यञ्जन ।

२.३.२.३ उच्चरण निर्देश :

शीर्षशब्दको लगत्तै त्यस भाषाका वक्ताले गर्ने मानक उच्चारण समावेश गर्नु पर्दछ । अझ कथ्य र लेख्य भाषाको अभिव्यक्तिमा लेख्य र कथ्यका फरक-फरक रूप हुने भाषामा त उच्चारण निर्देशको बढी आवश्यक्ता हुन्छ । जस्तै :

शिशिर-/शिशिर्/, विश्वास-/विश्वास्/, विज्ञान- /विग्याँन्/ ।

२.३.२.४ व्युत्पत्ति निर्देश :

प्रविष्टिमा दिइएका शब्दको रूप र अर्थका दृष्टिले के-कस्तो व्युत्पादन भएको छ त्यसको जानकारी कोशमा दिइनु पर्दछ । व्युत्पत्ति सम्बन्धी सूचनाका दुईवटा पक्ष

---

[४१] हेमाङ्गराज अधिकारी, **पूर्ववत्**, पृ. २१७ ।

ऐतिहासिक र समकालिक औंलाइएको पाइन्छ । ऐतिहासिक पक्षले शब्दनिर्माण हुनुअघि त्यसको कस्तो संरचना थियो र अहिले त्यो कस्तो छ भनेर तुलना गरी रूप र अर्थगत भिन्नता स्पष्ट हुनु पर्दछ । जस्तै : अग्लो- [<अलका] , सिङ्गो- [<सिंगल]

समकालिक पक्षले भने शब्दमा लागेका उपसर्ग, प्रत्यय तथा एकभन्दा बढी शब्दविच्छेद गर्ने काम गर्दछ । जस्तै : गमारे- [गमार्+ए], गछ्याउनु- [<गाछ्+याउ+(नु)], खड्यान्- [खाल्डो+यान्], खनारो- [खनार्+ओ] ।

२.३.२.५ व्याकरण निर्देश :

कोशीय शब्दलाई व्याकरणिक कोटिका दृष्टिले गर्ने कामलाई व्याकरण निर्देश भनिन्छ । व्याकरण सम्बन्धी सूचना शब्दको उद्देश्य र विधेय दुबै भागमा दिइन्छ ।[४२] जस्तै : खड- कियो., खन्टो- ना., तनुओ- वि., तिर्खुलो- ना. (बहु./ति. तिर्खुला) बिरिनु- अकि., बिच्छिनु- सकि. ।

२.३.२.६ अर्थनिर्देश :

शब्दकोशको मुख्य उद्देश्य अर्थ स्पष्ट पार्नु हो । यसैले अर्थनिर्देश शब्दकोशको केन्द्रीय विषय हो । अर्थनिर्देश गर्दा शब्दको स्वरूप र प्रयोगलाई आधार मानिनु पर्दछ । शब्दको अर्थनिर्देश गर्दा शब्द अनेकार्थी र स्वरूप भिन्नार्थी के हो, आगन्तुक हो वा व्युत्पन्न शब्द हो, त्यसको प्रकृति र प्रयोग के-कस्तो अवस्थामा हुन्छ भन्नेजस्ता कुरामा ध्यान पुऱ्याउनु पर्दछ । शब्दको अर्थनिर्देश गर्ने विभिन्न तरिकाहरूको उपयोग गरेर अर्थनिर्देश गर्नु पर्दछ । एउटा मात्र तरिकाबाट अर्थनिर्देश गर्दा शब्दको अर्थ स्पष्ट नहुन सक्ने भएकाले विविध तरिका अपनाउनु पर्दछ । अर्थनिर्देशका तरिकाहरू निम्नलिखित छन् :

क) **परिभाषा :** कोशीय एकाइमा चयन गरिएका शब्दको परिभाषा दिएर अर्थ बुझाउन सकिन्छ । शब्दको परिभाषा दिँदा पदावलीद्वारा अर्थ दिने प्रयास हुन्छ । परिभाषा दिँदा सटिक ढङ्गको हुनु पर्दछ । जस्तै-:

थुना- अभियोग प्रामाणिक नठहरियुन्जेलको थुनाइ, थुन्ने वा थुनिने काम ।

---

[४२] हेमाङ्गराज अधिकारी, **पूर्ववत्,** पृ. २१७-२२३ ।

थुन्से- आँखा वा प्वाल नभएको : डोको जस्तै भाँडो ।

(ख) **पर्याय** : समान अर्थ बुझाउने शब्दद्वारा शब्दको अर्थ स्पष्ट नभएमा पर्याय दिनु पर्दछ । जस्तै-: थुप्रो- राशि, राश, खात ।

उपकार- भलाइ ।

पाप्रो- बोक्रो ।

(ग) **विपर्याय** : विपरीत किसिमको अर्थदिने शब्दलाई विपर्याय भनिन्छ । परिभाषा र पर्याय दिएर अर्थ स्पष्ट पार्न नसकिएको अवस्थामा विपर्याय दिन सकिन्छ । जस्तै-: उज्यालो- अँध्यारो ।

आकाश- पाताल, घर- बन ।

(घ) **समावशी** : शब्दको अर्थ फेला नपरेमा जातित्वका आधारमा अर्थ स्पष्ट पार्न सकिन्छ । जस्तै-: केतुकी- फूल विशेष । पान्डा- जङ्गली जनावर ।

(ङ) **सहप्रयोग** : प्रविष्टिमा दिइएको शब्द अन्य कुनै शब्दसँग सन्दर्भित भई प्रयोग हुनुलाई सहप्रयोग भनिन्छ । जस्तै-: सुरिलो- स्वर, हाँगा, रूख ।

चिसो- पानी, कोक, फ्यान्टा ।

(च) **उदाहरण** : कोशीय एकाइमा रहेका शब्दको अर्थगत विशेषता स्पष्ट पार्न प्रयोग गरिने तरिकालाई उदाहरण भनिन्छ । उदाहरण कोशकारद्वारा निर्मित वा प्रसिद्ध कृति र लोकोक्तिबाट उद्धरण लिएर दिइएको पाइन्छ । जस्तै-:

टट्क्याउनु- (उदा. मैले लुगामा लागेको कमिला टट्क्याएँ) ।

फिराद- (उदा. आयो पाद गयो पाद, पादसँग केको फिराद) ।

(छ) **चित्राङ्कन** : भाषिक उदाहरणबाट अर्थ बुझाउन नसकिने प्रवृत्तिका शब्दको अर्थनिर्देश गर्दा चित्राङ्कन गरिनु पर्दछ । चित्राङ्कनका लागि चित्र, तालिका, वृक्षारेख आदिको प्रयोग गर्न सकिन्छ । बृहत् कोश, शैक्षिक कोश र बाल कोशमा चित्राङ्कनले कोशीय शब्दको अर्थ स्पष्ट पार्न सहयोग गर्दछन् ।

(ज) **व्युत्पत्ति** : शीर्ष शब्दको रूप र अर्थका दृष्टिले विकासक्रमको निर्देशन गर्ने कार्यलाई व्युत्पत्ति भनिन्छ । शीर्ष शब्दको व्युत्पत्ति देखाउने क्रममा उक्त शब्दको मूलस्रोत र एकाइको

ध्वन्यात्मक र अर्थात्मक विकास कसरी भएको छ भनी भाषाका अन्य रूपहरूसँग तुलना गरिन्छ ।

जस्तै-:

कुहाइ- [√कुहु+आइ]

कुमाले- [सं. कुम्भकार]

कुमालकोटी- [सं. कुम्भकार+कोटी]

(झ) **विवृत्ति :** विवृत्ति कोशीय एकाइको व्याकरगत, वाक्यगत, सन्दर्भगत आदि विशेषता जाहेर गर्ने छोटो टिपोट हो । शब्दकोशमा विवृत्ति सम्बन्धी सूचना, शब्दको अर्थ, व्याकरण वा प्रयोग जेसँग सम्बन्धित त्यसैसँग कोष्ठकमा राखेर दिने गरेको पाइन्छ । जस्तै-:

लाटो- वि. (बहु./ति. लाटा, स्त्री. लाटी, हेय. लाटे)

आज्जू- ना. दिदी । (ठकुरी समुदायमा)

आछि- सहाकि. (डाटेली प्रभावित क्षेत्रमा)

(ञ) **बीजक :** शब्दकोशमा रहेका शब्दहरू विभिन्न शैली, स्थान, काल र विषयक्षेत्रसँग सम्बन्धित हुन्छन् । यस्ता शब्दको प्रयोगक्षेत्र वा सन्दर्भ सङ्केत गर्नुलाई बीजक भनिन्छ । बीजक शब्दको थप स्पष्टीकरण गर्न पद वा पदावलीका रूपमा आउँछ । जस्तै :

माम- ना. भात (बालबोली) ।

माउँ- ना. बिरालो (बालभाषा) ।

(ट) **नीडन :** शब्दका व्युत्पादित एकाइहरूलाई मुख्य प्रविष्टि अन्तर्गत उपप्रविष्टिमा राख्ने तरिकालाई नीडन भनिन्छ । नीडनको प्रयोग कोशीय प्रविष्टिगत सामग्रीको परिणाममा कमी तुल्याउन र स्थान बचत गर्ने उद्देश्यले गरिन्छ । नीडनबाट व्युत्पत्ति र अर्थका दृष्टिले सम्बन्धित एकाइको समन्वय र यसका निम्ति व्युत्पन्न, समस्त, उखानटुक्का आदिमा दोहोरिने शीर्षशब्दको आवृत्त भागलाई जनाउन नीडन गरिएको शब्दसँग सम्बन्धित हुने गरी दिइन्छ । जस्तै-:

डम्म- ना. ताल, पोखरी । ~खेल्नु (टु.) पौडी खेल्नु, डम्ममा नुहाउनु ।

बात- ना. कुरा, लोककथा । ~हाल्नु (टु.) लोककथा भन्ने काम ।

(ठ) **सन्दर्भ प्रतिनिर्देश :** शीर्षशब्दसँग मिल्दो रूपको निर्देश गर्नुलाई सन्दर्भ प्रतिनिर्देश भनिन्छ । शीर्षशब्दको चयनपछि त्यसको अर्थ लेख्ने ठाउँमा त्यस शब्दको समान अर्थदिने अर्को ठाउँमा उल्लिखित शब्दलाई नै हेर्न निर्देश गरिन्छ ।[४३] जस्तै-:

कार्रौ- ना. हे. कर ।

कस- ना. हे. दारु ।

२.३.३ तेस्रो चरण :

यो शब्दकोश सम्पादनको अन्तिम चरण हो । यसलाई रूपविधानको चरण पनि भनिन्छ ।[४४] यो चरण पार गरेपछि यसबाट पाठकले आफूले प्राप्त गर्न चाहेका शब्द र त्यसको अर्थ सहजै प्राप्त गर्न सक्दछ । यस चरणमा प्रविष्टिअनुक्रम, प्रविष्टिविन्यास, नीडन, संशक्त प्रविष्टि चिन्हको प्रयोग र पूर्वोत्तर भागको संयोजन पर्दछन् ।[४५]

२.३.३.१ प्रविष्टिअनुक्रम :

शब्दकोशमा समावेश गरिएका शब्दहरू कोशका प्रयोक्ताले सजिलै पाउन सकून् भनी प्रविष्टिअनुक्रममा शब्दहरू राखिन्छन् । प्रविष्टिअनुक्रममा वर्णानुक्रम, विषयानुक्रम र विविधानुक्रम पर्ने भएपनि आधुनिक शब्दकोशमा परम्परागत वर्णमालाको अनुक्रमलाई अँगालिएको पाइन्छ । नेपाली शब्दकोशहरूमा देवनागरी लिपिको परम्परागत वर्णमालामा पाइने वर्णानुक्रमभन्दा शब्दकोशमा केही भिन्न प्रकृतिको वर्णानुक्रम पाइन्छ ।

परम्परागत वर्णमालाको वर्णानुक्रमः	शब्दकोशमा प्रचलित परम्परागत वर्णानुक्रम
अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः, क्, ख्, ग्, घ्, ङ्, च्, छ्, ज्, झ्, ञ्, ट्, ठ्, ड्, ढ्, ण्, त्, थ्, द्, ध्, न्, प्, फ्, ब्, भ्, म्, य्, र्, ल्, श्, ष्, स्, ह्, क्ष, त्र, ज्ञ ।	वर्णक्रमको सबैभन्दा पहिला शिरविन्दु र चन्द्र विन्दु राखिन्छ । क्ष् बाट क्ष, त्र् बाट त्र, ज् ञ् बाट ज्ञ, संयुक्ताक्षरको निर्माण हुने भएकोले तिनलाई क्रमशः क् त् र ज् वर्णको अनुक्रममा राखिन्छ ।[४६]

[४३] **ऐजन,** पृ. २२४-२३२ ।

[४४] शान्तिप्रसाद ढकाल, **पूर्ववत्,** पृ. १५२ ।

[४५] ऐजन, पृ. १५२ ।

[४६] हेमाङ्गराज अधिकारी, **पूर्ववत्,** पृ. २३४ ।

२.३.३.२ प्रविष्टिविन्यास :

शब्दकोशका कोशीय एकाइ र त्यससँग सम्बन्धित विवरणमा रहेका भागलाई प्रविष्टि भनिन्छ । प्रविष्टिविन्यास दुई तरिकाले गरिन्छ । (क) मूलप्रविष्टि र (ख) उपप्रविष्ट ।

(क) मूलप्रविष्टि : कोशमा अर्थ दिने उद्देश्यले प्रयोग गरिएको शीर्षशब्द नै मूलप्रविष्टि हो । यसलाई कोशमा गाढा अक्षरले जनाइएको हुन्छ ।

(ख) उपप्रविष्ट : कुनै शीर्षशब्दमा आधारित मूलप्रविष्टिको गर्भ वा पेटबोलीमा रहने भाग उपप्रविष्टि हो । यसलाई सहायक वा गौण प्रविष्टि पनि भनिन्छ । उपप्रविष्टिमा राखिएका शब्द संशक्त प्रविष्टि र नीडन चिन्हद्वारा जनाई गाढा अक्षरमा राखिएका हुन्छन् ।[४७] जस्तै-ः

बगाले- वि. बगालको, हुल मूलसँग सम्बन्धित । **¼गाई** (टु.) बहर खोजेको गाई ।

माथिको उदाहरणमा **'बगाले'** मूलप्रविष्टि हो भने **'गाई'** उपप्रविष्टिको उदाहरण हो ।

२.३.३.३ चिन्हप्रयोग :

शब्दकोशका प्रयोग र्क्तालाई सहज र सरल तुल्याउन कोशमा विभिन्न प्रकारका चिन्हहरूको प्रयोग गरिन्छ । सामान्य भाषाको लेखनमा प्रयोग गरिने चिन्हसहित केही विशेष प्रकारका चिन्ह पनि शब्दकोशमा प्रयोग गरिन्छन् । जस्तै-ः नीडन ~, संशक्तप्रविष्टि –, मूलरूप किटान √, पछाडिबाट व्युत्पन्न < आदि ।

२.३.३.४ पूर्वोत्तर भागको संयोजन :

शब्दकोश सम्पादन गरिसकेपछि शब्दकोशका प्रयोक्तालाई सम्बन्धित शब्दकोशका बारेमा थप जानकारी दिई प्रयोगमा सुलभता प्रदान गर्न पूर्वोत्तर भागको संयोजन गरिन्छ । शब्दकोशका बारेमा आवश्यक जानकारी दिने भूमिका, परिचय, कृतज्ञताज्ञापन, चिन्ह, सङ्क्षेपीकृत शब्द आदि पूर्वभागमा तथा कोशसँग सम्बन्धित तर मूलभागमा नराखिएका कुरा परिशिष्टिमा राखिने उत्तरभागका सामग्रीको मुद्रणका लागि सम्पादित मूलभागमा संयोजन गरी शब्दकोश सम्पादनको कार्य पूरा गरिन्छ ।

---

[४७] रामचन्द्र लम्साल, पूर्ववत्, पृ.१३७-१३८ ।

तेस्रो परिच्छेद

भाषिका कोशको परम्परा र अछामी भाषिका कोश

३.१ नेपाली एकभाषी शब्दकोश परम्परा

नेपाली एकभाषी शब्दकोश परम्पराको कालक्रमिक रूपमा सङ्क्षिप्त रेखाङ्कन गर्ने प्रयास गरिएको छ ।

क) पृष्ठभूमि :

अनुप्रासमञ्जरी र उखानको बखान	वि.सं.	१९४५	मोतीराम भट्ट
शिखरनाथ भाष्य	"	१९६०	शिखरनाथ सुवेदी
उखान बखानका सङ्ग्रह	"	१९६०	महावीरसिंह गडतोला
तर्कारी तर्कारी कल्प र शालीक्षेत्र	"	१९६१	वैयाकरण नेपाल
नेपाली उखानको पोस्तक	इ. सं.	१९०	पादरी गङ्गाप्रसाद प्रधान
चिन्हसूचक परिभाषा	वि. सं.	१९६५	हरिहर आदी.
शब्दकोश	(१९८४ तिरको १०, ०००)		देवीदत्त पराजुली
थरगोत्र प्रवरावली		१९९५	शिखरनाथ सुवेदी
उखानी सङ्ग्रह		१९९४	अर्जुन शमशेर

ख) प्रथमचरण:

बगली कोश	१९९८	चक्रपाणि चालिसे
नेपाली पर्यायवाची कोश	१९९८	चक्रपाणि चालिसे
नेपाली उखानटुक्का, वाक्यांश वाक्य-पद्धति आदिको कोश	१९९८	पुष्कर शमशेर
सङ्क्षिप्त नेपाली शब्दकोश	२००७	रामचन्द्र ढुङ्गाना
उखानको बखान	२००७	रामचन्द्र ढुङ्गाना
नेपाली मुहाबरा	ई. सं. १९५४	पारसमणि प्रधान
नेपाली चल्ती उखान	२०१३	पारसमणि र अमरमणि प्रधान
ज्ञानरश्मि	२०१६	सरजकुमार शाक्य
लौकिक न्यामणि माला	२०१५	कृष्णचन्द्र अर्याल
बैतडीका स्थानीय शब्द	२०१८	भीमदेव भट्ट र अर्जुनदेव भट्ट

ग) दोस्रो चरण :

नेपाली शब्दकोश	२०१९	बालचन्द्र शर्मा
सङ्क्षिप्त नेपाली शब्दकोश	२०२०	केशवलाल कर्माचार्य
सरी शब्द	२०२१	महान्द सापकोटा
नेपाली उखान-टुक्का	२०२३	हर्षनाथ भट्टराई
बृहत् नेपाली शब्दकोश	२०२३	हर्षनाथ भट्टराई
अनेक ठेट नेपाली शब्दहरूको सूची	२०२६	भरतमणि आ.दी.
उखान सङ्ग्रह	२०२७	राममणि आ.दी.
जुम्लेली शब्द र उखान सङ्ग्रह	२०२७	रत्नाकर देवकोटा
झर्रो शब्द्यौली	२०२९	(उकुस्-मुकुस निबन्ध सङ्ग्रहमा सङ्कलित) बालकृष्ण पोखरेल
नेपाली शब्द परिचय	२०३४	महान्द सापकोटा
कानुनी शब्दार्थ सङ्ग्रह	२०३६	शङ्करकुमार श्रेष्ठ
कानुली शब्दकोश	२०३८	टोपबहादुर सिंह
उखान-टुक्का र गाउँखाने कथा	२०३९	कृष्णप्रसाद पराजुली
नेपाली टुक्काहरूको अध्ययन	२०३९	चूडामणि रेग्मी
सानो नेपाली शब्दकोश	२०३९	पारसमणि प्रधान
नेपाली सङ्क्षिप्त कोश	२०४०	सूर्यविक्रम ज्ञवाली

घ) तेस्रो चरण :

नेपाली बृहत् शब्दकोश	२०४०	वासुदेव त्रिपाठी र अन्य
नेपाली टुक्का र चुट्किलाहरू	२०४२	हीराबहादुर खड्गा
स्थाननामकोश	२०४४	कृष्णप्रकाश श्रेष्ठ
नेपाली उखान-टुक्का सङ्ग्रह	२०४५	हीराबहादुर खड्गा
शाकुन्तल शब्दार्थ सञ्चय	२०४५	हेमचन्द्र पोखेल
सरल नेपाली शब्दकोश	२०४५	रत्नपुस्तक भण्डार, काठमाडौं
अर्थ वाणिज्य शब्दकोश	२०४७	नानीबाबा रिसाल
नेपाली साहित्यकार कोश	२०५१	घटराज भट्टराई
नेपाली व्याकरणात्मक शब्दकोश (क्रिया)	२०५१	चन्द्रकान्त अधिकारी
आधारभूत प्राविधिक शब्दावली	२०५२	चूडामणि बन्धु

नेपाली प्रकृति-प्रत्यय कोश	२०५३	खगेन्द्रप्रसाद लुइँटेल र अन्य
नजीर कोश	२०५४	नरेन्द्र पाठक
निर्णय सङ्ग्रह	२०५४	राजेन्द्र भट्टराई र मणिराम निरौला
नेपाली प्राविधिक शब्दकोश	२०५४	चूडामणि बन्धु
नेपाली साहित्य कोश	२०५५	ने.रा.प्र.प्र.
कानुनी शब्दकोश	२०५६	शङ्करकुमार श्रेष्ठ
व्युत्पत्ति कोश (पहिलो व्युत्पत्ति कोश)	२०५७	स्थानेश्वर गौतम
नेपाली शब्दसागर	२०५७	बसन्तकुमार शर्म्मा नेपाल
पर्यायवाची शब्दकोश	२०५८	पारसमणि भण्डारी
केन्द्रीय भाषिकाकोश	२०६०	राजेन्द्रकुमार आचार्य
प्रयोगात्मक नेपाली शब्दकोश	२०६१	हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई

३.२ भाषिका कोशको परम्परा :

३.२.१ भाषिका

देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषाको उत्पत्ति आधुनिक आर्यभाषाहरूको जन्मसँगै एघारौं शताव्दीतिर संस्कृत भाषाबाट विकसित खस प्राकृत खस अपभ्रंशबाट भएको मानिन्छ ।[४८] नेपाली भाषाले 'नेपाली' नाम पाउनुपूर्व खस, खसकुरा, पर्वते, गोर्खाली नाम पाएको थियो । एटनको व्याकरणमा नेपालमा बोलिने भाषालाई नेपाली नामकरण भएबाट यसको नेपाली नाम स्थिर रहेको पाइन्छ ।[४९] नेपाली भाषाका विभिन्न भाषिकाहरू छन् । एउटै भाषामा पर्याप्त भौगोलिक विस्तार र जनसङ्ख्याको वृद्धि भएमा भाषिकाहरू जन्मिने गर्दछन् । नेपालमा जति पश्चिमतर्फ जान्छौं उति खोलावारि र खोलापारि बोलिने नेपाली भाषामा बढ्ता पार्थक्य पाउन थाल्छौं । यसको कारण के हो भने सुदूर पश्चिममा नेपाली भाषा सैकडौं वर्ष अगाडि बोलिन्थ्यो र त्यसपछि अलिअलि गर्दै यो पूर्वतिर बढ्दै आएको हो ।[५०] पश्चिम नेपालको खस राज्यमा पर्ने जुम्लाको सिञ्जा क्षेत्र नेपाली भाषाको जन्मथलो मानिन्छ । सिञ्जा क्षेत्रमा खस र खसकुरा नागराजको

[४८] मोहनराज शर्मा र कृष्णहरि बराल, **भाषाविज्ञान र नेपालीभाषा,** (काठमाडौं : नवीन प्रकाशन, चौथो सं. २०५९) पृ. २३

[४९] चूडामणि उपाध्याय, रेग्मी, **नेपाली भाषाको उत्पत्ति,** (काठमाडौं: जगदम्बा प्रकाशन, २०२५) पृ. १–२

[५०] बालकृष्ण पोखरेल, **राष्ट्रभाषा,** (ललितपुर : साझा प्रकाशन, छैटौं सं. २०४३) पृ. ४२ ।

आगमन पूर्वदेखि प्रचलनमा रहेको देखिन्छ । नागराजको आगमनपछि यस भाषाले नव्यभाषाको रूप ग्रहण गऱ्यो ।[५१] “नागराज र उनका सन्तानहरूले खसकुरालाई खसभाषाको र आफूलाई खस जातिमा परिणत गरे ।”[५२] यसैबेलादेखि जुम्ला–सिञ्जामा बोलिने खसभाषासँगै अछामी भाषिका पनि विकसित भएको देखिन्छ । काशी ‘जोइसि’ को ‘अछाम मल्लो भैसोल्या अभिलेख’ (१७३६) र ‘अर्जन्या बुडाको पुस्रो कथरो’ (१६४८) मा उल्लिखित भाषालाई अछामी भाषिकाका पुराना नमूना मान्न सकिन्छ ।[५३]

पहलमान सिंह स्वारले अछामी भाषिकामा दुईवटा साहित्यिक कृति रचना गरेको पाइन्छ । उनका श्लोकसङ्ग्रह (वि.सं. १९६१–६५) र लालु भागा (रचना, वि.सं. १९७५–७६, प्रकाशन २०३३) अछामी भाषिकामा लेखिएका कृति हुन् । श्लोकसङ्ग्रह कविता कृति हो । यसमा दुईवटा कविता सङ्कलित छन् ।[५४] लालुभागा नाट्यकृति हो ।[५५] तेजप्रकाश श्रेष्ठद्वारा अछामी लोकभाषाका केही शब्द, गाउँखाने कथा, कथा, उखान र गीत सङ्कलन गरिएको पाइन्छ । हर्क बहादुर शाहीले अछामी भाषिकाका शब्दहरू सङ्कलन गरी परम्परागत नेपाली व्याकरणका आधारमा त्यसको विश्लेषण गरेका छन् । राजाराम सुवेदीले केही भाषिक शब्दहरू सङ्कलन गरेका छन् ।

अछामी भाषिकालाई बालकृष्ण पोखरेलले ओरपच्छिमा वर्गमा समेटेका छन् । चूडामणि उपाध्याय रेग्मीले अछामी भाषिकालाई केन्द्रीय नेपाली भाषिकाको उपभाषिका स्वीकारेका छन् । यज्ञेश्वर निरौलाले क्रियाको रूपतत्त्वका आधारमा अछामी भाषिकालाई नेपाली भाषाको एउटा छुट्टै भाषिका मानेका छन् । लावण्यप्रसाद ढुङ्गनाले पनि आधारभूत शब्दावलीका आधारमा अछामी भाषिकालाई छुट्टै भाषिका स्वीकारेका छन् । यो भाषिका स्तरीय नेपालीभन्दा उच्चारणगत भेद अधिक र केही मौलिक शब्दहरू भएकाले पनि नेपाली भाषा र अछामी भाषिकाबीच भाषिकागत सम्बन्ध रहेको स्पष्ट हुन्छ ।[५६] यसैले अछमी

---

[५१] **ऐजन,** पृ. २८ ।

[५२] **ऐजन,** पृ. २९ ।

[५३] बालकृष्ण पोखरेल, **पाँचसयवर्ष,** (ललितपुर : सा.प्र.,ते संस्करण, २०४३) पृ. ७२ र ९४ ।

[५४] भीमसेन राई, **पूर्ववत्,** पृ. १७ ।

[५५] **ऐजन,** पृ. १९ ।

[५६] हर्कबहादुर शाही, **पूर्ववत्,** पृ. १६ ।

भाषिका डोट्याली, बझाङ्गी र केन्द्रीय भाषिकाभन्दा मौलिक क्रियापद, शब्द र उच्चारण प्रक्रियामा भिन्नता पाइन्छ । शब्दको उच्चारणमा हुने आरोह र अवरोह पनि अछामी भाषिकामा बेग्लै पाइन्छ । यिनै भिन्नताका आधारमा अछामी भाषिका पनि नेपालीका क्षेत्रीय भाषिकामध्ये एउटा भाषिका निर्धारण हुन आउँछ । प्रस्तुत भाषिका शब्दकोश यसै भाषिकासँग सम्बन्धित रहेको छ ।

३.२.२ भाषिका कोश :

कुनै खास क्षेत्रमा बसोबास गर्ने कुनै भाषाका वक्ताहरूद्वारा बोलिने भाषाको रूप नै भाषिका हो । यसैले भाषाका क्षेत्रीय भेदलाई भाषिका भनिन्छ । यो भाषाको कुनै स्थानमा व्यवहृत हुन्छ । भाषाको सिङ्गो अध्ययन गर्नका लागि त्यस भाषाका क्षेत्रीय भाषिकाहरूको अध्ययन गर्नु अत्यन्त आवश्यक हुन्छ । कुनै पनि भाषाका वर्ण, रूप, व्याकरण र शब्दभण्डारका तहमा आ-आफ्नै व्यवस्था हुन्छन् ।[५७] कोश निर्माण व्याकरण, शब्दभण्डार तथा अर्थको प्रायोगिक व्यवस्थाका रूपमा देखिन्छ ।

भाषिका तथा कोश शब्द मिलेर भाषिका कोश शब्दको निर्माण भएको देखिन्छ । कुनै भाषाका खास भाषिकासँग सम्बन्धित शब्दभण्डारलाई प्रविष्टि गरी तयार गरिएको कोश भाषिका कोश हो । भाषिका कोशमा कुनै भाषाको भाषिकाका शब्दभण्डारलाई समावेश गरिन्छ ।[५८] त्यस्तै भाषिका कोशको प्रकृतिअनुरूप यो खास क्षेत्रका भाषिक भेदमा मात्र सीमित रहने कुरा उल्लेख भएको पाइन्छ ।[५९] त्यसैले भाषाका कोशहरूमा भाषिक भेदभन्दा बाहेकका अन्य शब्द समेटिदैनन्, भाषिका कोशहरूमा भाषिकाको उच्चारण अनुसारका शब्द रहन्छन् ।[६०]

नेपाली भाषाको एकभाषिक शब्दकोश लेखनको परम्परामा बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९) देखि नेपाली बृहत् शब्दकोश (२०४०), शब्दसागर (२०५७) र

---

[५७] महादेव अवस्थी, **बैतडेली भाषिकामा स्त्रीलिङ्गी क्रियाको प्रयोग**, (काठमाडौं : लेखक स्वयं प्रकाशन, २०५५) पृ. १ ।

[५८] रामचन्द्र लम्साल, **पूर्ववत्,** पृ. ४७ ।

[५९] हेमाङ्गराज अधिकारी, **पूर्ववत्,** पृ. २०५ ।

[६०] चूडामणि बन्धु, **'प्रयोगात्मक नेपाली शब्दकोशका विषयमा'** प्रयोगात्मक नेपाली शब्दकोश (२०६०) को भूमिकाबाट ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) सम्म आइपुग्दा पनि झर्रा वा ठेट नेपाली शब्द अझै जनजीवनमा छरिएर रहेका छन् । शब्दकोशमा भाषाका दुबैरूप कथ्य र लेख्य स्रोतबाट शब्द सङ्कलन गरी कोश निर्माण गरिन्छ । नेपाली भाषा आफैंमा पूर्ण छ तर यस भाषाका विभिन्न भाषिकाका शब्दहरू जनजिब्रोमै सीमित छन् । त्यस्ता जनजिब्रोमै सीमित रहेका विभिन्न झर्रा वा ठेट शब्द (कोशीय एकाइभित्र पर्ने) समेटी शब्दकोश निर्माण गरिएको पाइँदैन । नेपाली भाषाका विभिन्न भाषिकामा पाइने शब्दहरू सङ्कलन गरी नेपाली भाषाको बृहत् कोश निर्माण गरे नेपाली भाषा अझै समृद्ध हुने देखिन्छ । जनजिब्रोमा पचलित झर्रा वा ठेट शब्दको सङ्कलन गरी कोश निर्माण गर्ने कार्य एकीकृत रूपमा नभए पनि छुट्टा-छुट्टै भाषिकाका छुट्टा-छुट्टै भाषिका कोश सम्पादन भएका छन् । यस्ता कोश केही कृतिको रूपमा प्रकाशित छन् भने केही उपाधि प्राप्तिका लागि अनुसन्धान गरिएका अनुसन्धानमूलक शोधपत्र अप्रकाशित अवस्थामै छन् । यसरी भाषिका कोशका रूपमा सम्पादित र प्रकाशित कृति वा शोधपत्रले नेपाली भाषाका भाषिकाहरूमा छरिएर रहेका झर्रा वा ठेट शब्दहरूको सङ्कलन गरी भाषिका कोशको परम्परालाई महत्वपूर्ण टेवा दिएको पाइन्छ ।

३.२.३ भाषिका कोशको परम्परा :

नेपाली भाषामा कोश लेखन परम्पराको थालनी भएदेखि नै भाषिका कोशको परम्परा आरम्भ भएको देखिन्छ । नेपाली एकभाषिक कोश पूर्वेली भाषिकाको गोर्खाली उपभाषिका कोशका रूपमा देखिन्छन् । नेपालको वर्तमान भू-क्षेत्रमा नेपाली भाषाको प्रसार पचिमबाट क्रमशः पूर्वतिर भएको हो भनिएको पाइन्छ ।[६१] यसरी नेपाली भाषाको उत्पत्ति पश्चिम नेपालको कर्णाली प्रदेशबाट भएपनि त्यहाँका वक्ताहरूले बोल्ने भाषा मानक भाषा बन्न सकेको छैन । कर्णाली प्रदेश र त्यसका छेउ-छाउमा बोलिने भाषा भाषिकाका रूपमा सीमित रह्यो भने पूर्वेली भाषिकाको गोर्खाली उपभेदमा आधारित भई साहित्य, कोश, व्याकरण लेखिएका हुनाले यस भाषिकालाई मानक भाषा भनिएको पाइन्छ । यसैले नेपाली भाषाको पहिलो एकभाषिक कोश नै भाषिका कोशको पनि पहिलो कोश हो भन्न उपयुक्त देखिन्छ । यहाँ मानक नेपाली भाषालाई भाषिका र कर्णाली प्रदेश तथा त्यस वरपर बोलिने नेपाली भाषिकालाई भाषा भन्न मिल्ने वा नमिल्नेबारे अरु तर्क दिनुभन्दा निम्नलिखित उद्धरणबाट स्पष्ट्याउन सकिन्छ ।

---

[६१] चूडामणि बन्धु, डोट्याली बृहत् शब्दकोशको **'मन्तव्य'** बाट, पृ. iv ।

"यहाँ डोटेली भाषिकालाई भाषा भनिएको देखेर कतिपय पूर्वाग्रहीहरू तर्सिएलान्, तर भाषिकालाई भाषा भन्न सकिन्छ । सत्य के हो भने राष्ट्रभाषा नेपाली पनि खस कुराको. पूर्वी स्तरीय भाषिका हो । अर्को तरिकाले भन्दा यो खस कुराको वरद र विकसित भाषिका हो स्तरीय भएका नाताले एउटा भाषिकालाई भाषा (साहित्यिक भाषा, राष्ट्रभाषा, सरकारी भाषा, अखबारी भाषा इ.) भन्न मिल्दछ भने अन्य भाषिका (डोटेली, जुम्ली इ.) लाई भाषा भन्नासाथ पाप लाग्ने कुरो तर्क सङ्गत ठहरिन्न । खस कुराका थुप्रै भाषिकामध्ये एउटा राष्ट्रभाषा हो अरु स्थानीय भाषाहरू हुन् । भाषिकालाई भाषा भन्नु कदापि भूल होइन ।"[६२]

भाषिकाका क्षेत्रमा अध्ययन अनुसन्धानको फाँट विकसित हुँदै जाँदा पश्चिम नेपालको कर्णाली प्रदेश र त्यस वरवर बोलिने नेपाली भाषालाई नेपाली भाषाका क्षेत्रीय भाषिका भनिएको पाइन्छ । त्यसैले पूर्वेली भाषिकाको गार्खाली उपभेद वा मानक नेपाली भाषासँग अभिन्न तर क्षेत्र विशेषमा पाइने भिन्नतालाई ख्याल गरी क्षेत्रीय भेद भएका भाषालाई भाषिका भनिएकाले त्यस्ता क्षेत्रीय भेदमा आधारित कोश लेखनको परम्परा भने 'बैतडीका स्थानीय शब्द' (२०१८) बाट आरम्भ भएको पाइन्छ । यसरी आरम्भ भएको भाषिका कोश लेखनको परम्परामा प्रकाशित (कृतिमूलक) र अप्रकाशित (अनुसन्धान मूलक) गरी दुई प्रकारका कोश देखिन्छन् ।

३.२.३.१ प्रकाशित (कृतिमूलक) भाषिका कोशको परम्परा :

स्वतन्त्र रूपमा भाषिका कोश लेखन र सम्पादन भएका पाइन्छन् । कोश लेखनको उद्देश्य लिएर वा नलिएर भाषाको क्षेत्रीय भेदमा आधारित भई भाषिका कोश निर्माण गर्ने कार्य विभिन्न विद्वान्हरूबाट भएको पाइन्छ । तिनको विवरण कालक्रमिक रूपमा निम्नानुसार दिन सकिन्छ :-

१) भीमदेव भट्ट र अर्जुनदेव भट्टले **'बैतडीका स्थनीय शब्द'** (२०१८) नामक भाषिका कोश सम्पादन गरेका छन् । यो स्थानीय भाषिकामा आधारित भई तयार पारिएको पहिलो कोश हो । यसमा बैतडेली भाषिकाका केही स्थानीय शब्दहरू सङ्कलन र वर्गीकरण गरी तिनको नेपालीमा अर्थसमेत प्रस्तुत गरिएको छ ।

---

[६२] बालकृष्ण पोखेल, डोट्याली बृहत् शब्दकोशको भूमिका, **'आर. डि. पभासज्यूको प्रस्तुत कोशका महत्व'** बाट उद्धृत, पृ. V ।

२) रत्नाकर देवकोटाले **'जुम्लेली शब्द र उखान सङ्ग्रह'** (२०२७) नामक कृति तयार पारेका छन् । यस कृतिमा शब्द, उखान, टुक्का र केही उक्तिहरू सङ्कलित छन् । यसमा लगभग दुई हजार जति शब्द दिइएका छन् । शब्दहरू वर्णानुक्रमअनुसार दिई तिनको नेपालीमा अर्थ पनि दिइएको छ । जुम्लेली भाषिकाहरूको कोश निर्माणका लागि आधार सामग्रीका रूपमा प्रस्तुत कृति देखिन्छ ।

३) हीरामणि शर्मा पौड्यालले **'पर्वती भाषिकाको स्वरूप र संरचना'** (२०४४) नामक कृति लेखेका छन् । यसमा पर्वत जिल्लामा बोलिने पर्वती भाषिकाका शब्दहरूको वर्णनात्मक अध्ययन गरिएको छ । यसको अन्तिम अध्यायमा पर्वत जिल्लामा बोलिने पर्वती भाषिकाका शब्दहरूको वर्णानुक्रम अनुसार आलेखन गरी शब्दवर्ग र नेपालीमा अर्थ दिइएको छ ।

४) बीरबहादुर चन्दले **'डोट्याली शबद भणाँर (डोटेली शब्द भण्डार)'** (२०५१) नामक कोश सम्पादन गरेका छन् । यो डोटेली भाषिकामा केन्द्रित भई तयार पारिएको भाषिका कोश हो । यस कोशमा शीर्षशब्द, शब्दवर्ग र डोटेली शब्दको नेपालीमा पर्यायवाची अर्थसमेत दिइएको छ ।

५) जीवेन्द्रदेव गिरीले **'भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण'** (२०५३) नामक स्नतकोत्तर शोधपत्रलाई संशोधनसहित कृतिको रूपमा प्रकाशित गरेका छन् । यो भेरी क्षेत्रीय भाषिकामा आधारित भई तयार पारिएको हो । यसको पृ. ५६-६६ सम्म विभिन्न धातुका रूपावली दिइएका छन् । त्यस्तै परिशिष्टमा भेरी क्षेत्रीय भाषिकाका शब्द सङ्कलन गरी तिनको नेपालीमा अर्थ पनि दिइएको छ । यसले भाषिका कोश निर्माणका लागि क्रिया एवं शब्दहरू आधार सामग्रको रूपमा प्रस्तुत गरेको छ ।

६) महादेव अवस्थीले **'बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग'** (२०५५) नामक स्नातकोत्तर शोधपत्रलाई कृतिको रूपमा प्रकाशित गरेका छन् । यो बैतडेली भाषिकामा के कस्तो अवस्थामा स्त्रीलिङ्गी प्रयोग हुन्छ भन्ने कुरामा केन्द्रित भएको अनुसन्धानात्मक कृति हो । यसको 'परिशिष्ट खण्ड-१' मा बैतडेली भाषिकाका शब्दहरू वर्णानुक्रम अनुसार सङ्कलन गरी नेपालीमा अर्थ दिइएको छ । यसले भाषिका कोश निर्माणका लागि विभिन्न शब्दहरू उपलब्ध गराउने काम गरेको छ ।

७) बद्रीप्रसाद शर्मा बिनाडीले **'डोटेली भाषिकाको शब्दकोश'** (२०५५) नामक कोश सम्पादन गरेका छन् । यो वर्णानुक्रमलाई पछ्याउने प्रयास गरिएको भाषिका कोश हो । यसमा प्रत्येक वर्णबाट आरम्भ भएका शब्दहरूको वर्णानुक्रम छ तर उही वर्णमा मात्रा लागेका वर्णहरू बीच भने वर्णानुक्रम मिलेको पाइँदैन । यस कोशमा आंशिक वर्णानुक्रम अनुसार शीर्षशब्द, शब्दवर्ण, केही शब्दहरूको व्युत्पादन प्रक्रिया र डोटेली शब्दको नेपालीमा अर्थसमेत दिइएको छ । उच्चारण र उदाहरण भने यसमा पाइँदैनन् । यसलाई डोटेली कोश भनिए पनि यसमा अछामी भाषिकाका शब्द र अछामका कतिपय ठाउँका नामहरूसमेत दिइएको पाइन्छ । यसबाट भाषिका कोश निर्माका लागि मद्दत पुग्ने देखिन्छ ।

८) उत्तरकुमार पराजुलीले **'नेपाली भाषिका शब्दकोश'** (२०५६) नामक भाषिका कोश सम्पादन गरेका छन् । यो अर्घाखाँची जिल्लामा प्रचलित नेपाली भाषाको क्षेत्रीय भाषिकाका शब्दहरू सङ्कलन गरी तयार पारिएको भाषिका कोशका रूपमा देखिन्छ । यसमा सङ्कलित शब्दहरू वर्णानुक्रम अनुसार राखी तिनको नेपाली भाषामा अर्थसमेत दिनेकाम गरिएको छ । यसको शीर्षक 'नेपाली भाषिका काश' भएपनि यसले पूर्वेली भाषिका अन्तर्गत पर्वती उपभाषिकाको पनि एउटा भेद मात्र समेटेको पाइन्छ । यस कोशबाट पनि भाषिका कोश निर्माणका लागि मद्दत मिल्ने देखिन्छ ।

९) आर. डि. प्रभास चट्टौतले **'डोट्याली बृहत् शब्दकोश'** (२०५८) नामक कोश सम्पादन गरेका छन् । यो निकै लामो श्रम लगाएर तयार पारिएको नेपाली भाषाका भाषिकाहरूमध्येको पहिलो बृहत् भाषिका कोश हो । यसको नाम डोट्याली राखिए पनि यसले प्राचीन डोटीराज्य र कर्णाली प्रदेशमा बोलिने भाषिकाहरूलाई समेत छोएको छ । यसको भाषिकक्षेत्र विस्तार जस्तै शब्द पनि विभिन्न भाषिकाका साथै मानक नेपाली भाषाका शब्दहरू पनि समेटिएका छन् । यस कोशमा उच्चारण अनुसार शीर्षशब्द, शब्दवर्ग, अर्थ, चित्र एवं सूक्ति वा प्रयोगस्थल देखाउने काम गरिएको छ । शीर्षशब्द डोटेली उच्चारणमा आधारित छ भने छुट्टै उदाहरण पनि दिइएको छ । यसले अछामी भाषिकाका कतिपय शब्दहरू र स्थाननाम पनि समेटेको पाइन्छ । यसबाट अछामी भाषिकाको अध्ययनमा प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ ।

१०) राजेन्द्रकुमार आर्चाले **'केन्द्रीय भाषिका कोश'** (२०६०) शीर्षकमा कोश सम्पादन गरेका छन् । यो जुम्ला र त्यस वरपर बोलिने भाषिकाका शब्दहरू सङ्कलन गरी तयार पारिएको लघु आकृतिको कोश हो । यसमा वर्णानुक्रम अनुसार शीर्षशब्द, शब्दवर्ग र नेपालीमा अर्थसमेत दिएको छ । यसले भाषिका कोश निर्माणको परम्परामा मद्दत गर्ने देखिन्छ ।

३.२.३.२ अप्रकाशित (अनुसन्धान मूलक) भाषिका कोशको परम्परा :

१) चक्रपाणि खनालले **'डोट्याली भाषिकाको वर्ण विश्लेषण र अर्थसहित शब्द सङ्कलन'** (२०३६) नामक शोधपत्र तयार पारेका छन् । यसमा डोट्याली भाषिकाको वर्ण विश्लेषण गरी नेपालीमा अर्थसहित २९५० शब्दहरू सङ्कलन गरेका छन् ।

२) हरिप्रसाद शर्माले **'बैतडेली भाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन'** (२०३६) नामक शोधपत्र लेखेका छन् । यसमा उनले बैतडेली भाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन गरेका छन् । उनले बैतडेली भाषिकाका शब्द सङ्कलन गरी बैतडेली ध्वनिगत विशेषताहरूलाई आधुनिक भाषाविज्ञानका आधारमा केलाउँदै वर्णनात्मक अध्ययन गरेका छन् ।

३) ध्रुवचन्द्र गौतमले **'तराई नेपाली'** (२०३६) शीर्षकमा शोधपत्र तयार पारेका छन् । यसमा उनले बारा, पर्सा, रौतहट जिल्लामा प्रचलित नेपाली भाषिकाको अध्ययन गरेका छन् । उनले त्यहाँ बोलिने भाषिकाका शब्द सङ्कलन गरी तिनको नेपाली भाषामा अर्थ पनि दिएका छन् । यसमा तराई नेपाली भाषिकाको ध्वनि र रूपको संरचनाको वर्णनात्मक अध्ययन गरिएको छ ।

४) परशुराम कुइँकेलले **'काठमाडौली उपभाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन'** २०३७) नामक शोधपत्र तयार पारेका छन् । यसमा उनले काठमाडौली उपभाषिकाका शब्दहरू सङ्कलन गरी तिनको ध्वन्यात्मक अध्ययन वर्णनात्मक भाषाविज्ञानका आधारमा गरेका छन् ।

५) रामविक्रम सिजापतिले **'कर्णाली भाषिका समूहको तुलनात्मक अध्ययन'** (२०३७) नामक शोधपत्र लेखेका छन् । यसको तेस्रो अध्यायमा स्तरीय नेपालीसँग कर्णाली अञ्चलका डोल्पा बाहेकका जुम्ला, हुम्ला, मुगु र कालिकोट चार जिल्लामा बोलिने

भाषिकाको तुलना गरिएको छ । कर्णाली भाषिका समूहमा असिदराली, हुम्ली, मुगाली, सत्याडी, गुम्की, चौधबिसे र सासकोटी राखिएका छन् । यसमा शरीरका विभिन्न भाग र यसमा विकारहरू, मानवीय प्रवृत्ति, नाता-गोता, जाति र पेसा, धर्म र संस्कृति आदि एक्काइसवटा शीर्षक राखी ती शीर्षकसँग सम्बन्धित शब्दहरूको नेपाली भाषाका शब्दसँग तुलना गरिएको छ । यसरी प्रस्तुत गर्दा वर्णानुक्रम नअँगालिए पनि भाषिका कोश निर्माणको परम्परामा योगदान पुगेको देखिन्छ ।

६) नेत्रप्रसाद पनेरुले **'डडेल्धुराली भाषिकामा विभक्ति'** (२०४०) नामक शोत्रकृति लेखेका छन् । यसमा उनले डडेल्धुराली भाषिकामा कारक र विभक्तिसँग सम्बन्धित शब्दहरू सङ्कलन गरी तिनको अध्ययन गरेका छन् ।

७) रामविक्रम सिजापतिले **'जुम्ली भाषिकाको वर्णनात्मक अध्ययन'** (२०५०) नामक विद्यावारिधीको शोधपत्र तयार पारेका छन् । यस अध्ययनमा उनले आधुनिक भाषाविज्ञानका आधारमा जुम्ली भाषिकाका सङ्कलित शब्द एवं वाक्यहरूको विश्लेषण गरेका छन् । यसले भाषिका कोश र व्याकरण दुबैका लागि आधार सामग्री प्रदान गरेको छ ।

८) यमनाथ तिमल्सिनाले **'सङ्ख्या र सार्वनामिक शब्दका आधारमा नेपालीका भाषिकाको निर्धारण'** (२०५०) नामक शोधपत्र तयार पारेका छन् । यसमा उनले विभिन्न भाषिकाका शब्दहरू उदाहरण दिई नेपालीका सातवटा भाषिकाहरू भएको निष्कर्ष निकालेका छन् । यस कृतिमा भाषिका निर्धारणका लागि उदहरणका रूपमा लिइएका विभिन्न भाषिकाका शब्दहरूले भाषिका कोश निर्माणका क्षेत्रमा सङ्ख्या र सार्वनामिक शब्दको उपयोग गर्न सकिने देखिन्छ ।

९) यज्ञेश्वर निरौलाले **'क्रियाको रूपतत्त्वका आधारमा नेपालीका भाषिकाको निर्धारण'** (२०५१) शोधकृति लेखेका छन् । उनले क्रियाको रूपतत्त्वका आधारमा नेपाली भाषाका १२ वटा भाषिकाहरू देखाएका छन् । उनले 'हु', 'थि', 'छु', र 'भ' जस्ता हो का संरूप र 'गर्' तथा 'आउ' धातुबाट रूपायित क्रियापदका ३८८ वटा रूपावलीलाई आधार सामग्री बनाई विभिन्न सूचकहरूबाट भाषिक सामग्री प्रप्त गरेर विश्लेषण गरी निष्कर्ष निकालेका छन् । उनको अध्ययनमा विभिन्न भाषिकाका

क्रियापदहरू समेटिएकाले तिनबाट भाषिका कोशका लागि आवश्यक सामग्री लिन सकिने देखिन्छ ।

१०) भागवत आचार्यले **'उच्चारणका नेपालीका भाषिकाको निर्धारण'** (२०५४) नामक शोधपत्र तयार पारेका छन् । यसमा उनले नेपालीका विभिन्न भाषिकासँग सम्बन्धित वक्ताहरूबाट सामग्री सङ्कलन गरी नेपालीका भाषिकाको निर्धारण गरेका छन् । यस अध्ययनबाट भाषिका कोश निर्माणका क्षेत्रमा मद्दत पुग्ने देखिन्छ ।

११) लावण्यप्रसाद ढुङ्गानाले **'आधारभूत शब्दावलीका आधारमा नेपालीका भाषिकाको निर्धारण'** (२०५४) नामक शोधकृति लेखेका छन् । यस अध्ययनमा नेपालीका विभिन्न भाषिकाका शब्दहरूका आधारबाट भाषिकाको निर्धारण गरिएको छ । यसमा समावेश गरिएका शब्दहरू विभिन्न भाषिकाबाट लिइएको हुनाले यसले भाषिका कोश निर्माणका लागि आधार सामग्री प्रदान गरेका छ ।

१२) प्रेमराज 'सुशील'ले **'डोल्पाली भाषिका : एक अध्ययन'** (२०५४) नामक शोधपत्र तयार पारेका छन् । यसमा उनले केन्द्रीय भाषिकाअन्तर्गत पर्ने डोल्पाली भाषिकाको वर्णनात्मक अध्ययन गरेका छन् । यस अध्ययनका लागि लिइएका शब्दहरू भाषिका कोश निर्माणका लागि उद्देश्यपूर्ण बन्ने देखिन्छन् ।

१३) हर्कबहादुर शाहीले **'अछामी भाषिकाको अध्ययन'** (२०५५) शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उनले यसमा अछामी भाषिकाको वर्णनात्मक अध्ययन गरेका छन् । उनको अध्ययनमा प्रशस्तै अछामी भाषिकाका शब्दहरू पनि समेटिएका छन् । यसका अतिरिक्त उनले परिशिष्टमा विभिन्न विषयसँग सम्बन्धित 'स्वेडेसका आधारभूत सय शब्दावली' शीर्षकमा विषयानुसार शब्दहरू दिइएका छन् । यस अध्ययनबाट भाषिका कोश निर्माणका महत्त्वपूर्ण सहयोग लिन सकिने देखिन्छ ।

१३) खगेन्द्रप्रसाद उपाध्यायले **'अछामी गालीको अध्ययन र विश्लेषण'** (२०६१) शीर्षकमा शोधपत्र लेखेका छन् । यसमा उनले अछामी भाषिकाका गालीको सङ्कलन गरी वर्णनात्मक एवं कथनपद्धतिका आधारमा तिनको विश्लेषण गरेका छन् । उनले यसको परिशिष्ट खन्ड 'ङ' मा तीनसय सातवटा अछामी गालीको वर्णानुक्रम अनुसार सङ्कलन गरी तिनको नेपालीमा अर्थ पनि दिएका छन् । त्यस्तै परिशिष्ट

खन्ड 'ण' मा अछामी गालीमा प्रयोग भएका यस भाषिकाका करिब साढे तीनसय जति शब्दहरूको वर्णानुक्रम अनुसार प्रस्तुत गरी तिनको नेपालीमा अर्थसमेत दिएका छन् । यसले भाषिका कोशका लागि मद्दत पुऱ्याउने देखिन्छ ।

१४) खगेन्द्रप्रसाद उपाध्यायले **'अछामी ड्यौडा गीतको अध्ययन'** (२०६१) शीर्षकमा शोधपत्र लेखेका छन् । यसमा उनले अछामी देउडा गीतमा प्रयोग भएका शब्दहरू वर्णानुक्रम अनुसार नेपालीमा अर्थसहित दिएका छन् । यसले भाषिका कोशका लागि आधार सामग्री प्रदान गरेको छ ।

२.२.३.३ सारांश :

उपर्युक्त शब्दकोश, भाषिकाका विभिन्न पक्षमा आधारित भई लेखिएका कृति र शोधकार्यहरूले नै भाषिका कोशको परम्परा निर्माण गरेका छन् । यी अध्ययनले भाषिका कोश निर्माणतर्फ विद्वानहरूको आकर्षण बढ्दो रूपमा देखिन्छ । भाषिका कोशको परम्परामा सिङ्गो भाषिका कोशको विधान भने भएको पाइँदैन । विभिन्न भाषिकाको अध्ययनमा केन्द्रित शोधग्रन्थहरूमा विभिन्न क्षेत्रीय भाषिकाका शब्द सङ्कलित भएका छन् । त्यसरी सङ्कलित शब्दहरू कसैले वर्णानुक कसैले विषयानुक्रम कसैले दुबै अनुक्रममा राखेका छन् । कोश निर्माणको प्रमुख उद्देश्य लिएर वा नलिएर भाषिकाका शब्दहरू सङ्कलन गरी तिनको कुनै न कुनै पक्षमा अध्ययन गरिएको पाइए तापनि शब्दकोश निर्माण गर्नेजस्तो व्यवस्थित कार्य भने डोटेली, केन्द्रीय र पर्वती भाषिकामा मात्र भएको पाइन्छ । यी मध्ये पनि सबैभन्दा बढी कोश डोटेली भाषिकामा भएका छन् । डोटेली भाषिकाका शब्दकोशले अछामी भाषिकाको शब्दकोश निर्माणको परम्परालाई मद्दत पुऱ्याएका छन् ।

अछामी भाषिकाको अध्ययनतर्फ पनि विभिनन विद्वानहरूको ध्यानाकर्षण भएको कुरा उपर्युक्त चर्चाबाट स्पष्ट हुन्छ । अछामी भाषिकाको अध्ययनबाट अछामी भाषिकाको शब्दकोश निर्माणमा पनि मद्दत पुगेको छ । अछामी भाषिकाका शब्दहरू यस भाषिकाको अध्ययनका क्रममा सङ्कलन गरिएका पाइए तापनि तिनको वर्णानुक्रम अनुसार प्रस्तुत गर्ने कार्य हर्कबहादुर शाही (२०५५) र खगेन्द्रप्रसाद उपाध्याय (२०६१) द्वयले छुट्टा-छुट्टै गरेका छन् । यिनै अध्ययनले अछामी भाषिका कोशको निर्माणमा ठोस योगदान पुग्न गएको छ ।

यसरी अछामी भाषिकाका सम्बन्धमा गरिएका अध्ययन र भाषिका कोश निर्माणतर्फ अग्रसर भएका अध्ययनहरूले अछामी भाषिकाको शब्दकोश निर्माणको परम्परालाई विशेष योगदान गरेका छन् । यी अध्ययनहरू आधिकारिक संस्थाद्वारा प्राज्ञिक व्यक्तित्वको निर्देशनमा रही आधुनिक भाषावैज्ञानिक पद्धतिमा आधारित भएकाले विश्वसनीय पनि छन् । भाषिका कोश निर्माणको यही अध्ययन परम्पराको कडीमा प्रस्तुत अध्ययन पनि सम्बद्ध हुन गएको छ ।

३.३ प्रस्तुत अछामी भाषिका शब्दकोशको स्वरूप

मानवीय अभिव्यक्ति भाषाका माध्यमले हुन्छ । भाषिक अभिव्यक्तिमा आउने शब्दको उपयुक्त भण्डारण गर्ने कार्य शब्दकोशमा गरिएको हुन्छ । कुनै पनि शब्दको स्वरूप वा प्रकृति, उच्चारण, वर्णविन्यास, व्युत्पित्ति र त्यसको वास्तविक अर्थ के हो भन्ने कुराको विवरण शब्दकोशले उपलब्ध गराउँछ ।

अछामी भाषिकाको शब्दकोश कस्तो प्रकृतिको कोश हो भन्ने कुरा यसको शीर्षकमै 'अछामी भाषिका' शब्दावलीको प्रयोग गरिएको हुनाले यो अछाम जिल्लामा प्रचलित त्यहाँको क्षेत्रीय भाषिकाको कोश हो । भाषिका कोशमा शब्द चयन प्रक्रियाबाहेक कोश सम्पादनको सिद्धान्तअनुरूप नै प्रस्तुत कोशको सम्पादन गरिएको छ । जुन कुरालाई निम्नलिखित उपशीर्षकहरूद्वारा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

३.३.१ कोशमा शब्दहरूको छनोट :

यस कोशमा प्रविष्टिका लागि छनोट गर्दा अछमी भाषिकाका शब्दहरूको छनोट गरिएको छ । अछामी भाषिका नेपाली भाषाका क्षेत्रीयभेद भएकाले अछामी जनजीवनमा प्रचलित क्षेत्रीय भाषिकाका शब्द समेट्ने प्रयास यस कोशमा गरिएको छ ।

अछामी जनजीवनमा मानक नेपाली भाषामा प्रयोग हुने शब्द, मानक नेपाली माषाका शब्दको स्वरूपमा ध्वन्यात्मक परिवर्तन वा उच्चारणगत भिन्नता भएका शब्द र अछामी भाषिकाका आफ्नै ठेट वा भर्रा शब्द गरी तीन प्रकारका शब्द पाइएका छन् । यस कोशमा दोस्रो प्रकारका केही शब्द समावेश गरिएका छन् भने तेस्रो प्रकारका शब्दहरूको बाहुल्यता रहेको छ । यस्ता शब्द लिखित साहित्यका रूपमा प्राप्त साहित्य, लोक साहित्यसँग सम्बन्धित अनुसन्धानात्मक कृति तथा अछामी भाषिकाका विभिन्न वक्ताहरूबाट संकलन

गरिएको छ । लोक साहित्यमा समाजका विविध पक्षसँग सम्बन्धित विषयका शब्द पाइने हुनाले समकालीन शब्दका साथै कतिपय ऐतिहासिक, साँस्कृतिक र साहित्यिक शब्द पनि संकलन गरिएको छ । प्रविष्टिका निम्ति छनोट गर्दा एउटै शब्दका तीनवटासम्म विकल्प पाइएको अवस्थामा वर्णानुक्रममा अगाडि देखिने रूपलाई प्राथमिक्ताको क्रममा राखिएको छ । अछामी भाषिकाका ठेट शब्दभित्र पर्ने हुनाले कतिपय अकरण क्रिया, सहायक क्रिया र टुक्कालाई पनि प्रविष्टिका लागि छनोट गरिएको छ । नामवाची उकारान्त शब्द एकवचन बुझाउँदा ओकारान्त पनि भएका देखिन्छन्, जस्तैः- दानु/दानो । यस्ता शब्दमा आवश्यक्ता हेरी बढी प्रचलन भएका शब्दका दुबैरूप एकै ठाउँमा विकल्पबोधक (/) चिन्ह दिएर राखिएको छ । छोरो-छोरा, ढोरो-ढोरा, छोरेट्टो-छोरेट्टा जस्ता शब्दमा ओकारान्त पद प्रविष्टिमा राखी आकारान्त, स्त्रीलिङ्गी र हेयार्थी शब्द कोष्ठकमा दिइएका छन् ।

३.३.२ प्रविष्टि वर्णानुक्रम :

नेपाली भाषाका शब्दकोश शब्दहरूको वर्णानुक्रम परम्परागत वर्णमालामा आधारित छ । यस कोशमा पनि सोहीअनुसारका परम्परालाई आत्मसाथ गरिएको छ । यस कोशमा परम्परागत वर्णमालामा अन्त्यतिर देखिने शिरविन्दुलाई चन्द्रविन्दुको पछि राखिएको छ । त्यसैले यस कोशमा सुरुमा चन्द्रविन्दु, शिरविन्दु, दबासविन्दु (विसर्ग) र सग्ला वा मात्रा नलागेका वर्णहरूको वर्णानुक्रम रहेको पाइनेछ । जस्तैः- अँखडी, अः, अइति । व्यञ्जन वर्णहरूको मात्राको अनुक्रम निम्नानुसारको छ ; का, कि, की, कु, कू, के, कै, को, कौ ।

अलन्त र अजन्तमा यस प्रकारको वर्णानुक्रम कायम गरिएको छ ; खड, खडिपाल्तो, खड्याउनु । यहाँ उच्चारणका सुरुमा सग्लावर्ण, त्यसपछि मात्रा लागेका र त्यसपछि हलन्त वर्णको अनुक्रम निर्धारण गरिएको छ । त्यस्तै पिंडो, पिडि, पिड् को अनुक्रम निर्धारण गरिएको छ । पहिले स्वर, त्यसपछि व्यञ्जनवर्णको पालो आउने भएकोले हलन्त शब्दको अनुक्रम अन्तमा गरिएको हो । अर्कातिर खुट्टा काटिएका अथवा आधा अक्षरको अनुक्रम एकै ठाउँमा पार्न यसो गर्नु उपयुक्त देखिन्छ ।

यस शब्दकोशमा माथि अँगालिएको रखाइक्रम गबिगारी मूल शब्दका साथमा द्विखण्डित गर्दा एउटा अर्थ र द्विखण्डित नगर्दा अर्को अर्थ लाग्ने समस्त शब्द र एउटै खर्थ एकाइमा पर्ने भए तापनि पदयोग नहुने विशेषणयुक्त शब्द, पदावली तथा केही

टुक्काहरूलाई पेटबोलीमा दिइएको छ । यसरी पेटबोलीमा आउने गौण प्रविष्टिका शब्दहरूलाई दुई किसिमका चिन्ह दिएर नोड्ने काम गरिएको छ । जस्तैः-

(क) द्विदण्डित हन सक्ने तर द्विखण्डित गर्दा एउटा अर्थ, नगर्दा अर्को अर्थ लाग्ने समस्त शब्दमा (-) चिन्ह दिइएको छ ;

बात	-खबर		
बाली	-बैंस	मै	-पलेओ

(ख) एउटै अर्थ एकाइका भए तापनि पदयोग नहुने विशेषणयुक्त शब्द, पदावली र टुक्कामा चाहिँ (~) चिन्ह दिइएको छ ;

डम्म	~ खेल्नु	औसान	~ हराउन
छाउपडी	~ खुल्लो	जेठी	~बौरानी हुनु

यसरी प्रस्तुत कोशमा प्रविष्टि र उपप्रविष्टि वर्णानुक्रम राखिएको छ ।

३. ३. ३ उच्चारणको वर्णविन्यास :

यो भाषिका कोश हो । भाषिका कोशका एउटा प्रमुख पक्ष भनेको उच्चारण अनुसारका शब्द कोशमा समेटिनु पर्दछ । त्यसैले यस कोशमा शीर्षशब्दको लगत्तै उच्चारण पनि दिइएको छ । शीर्षशब्द मानक नेपाली वर्णविन्यासका नियममा आधारित छन् भने प्रत्येक शीर्षशब्दका पछाडि आवश्यक्ताअनुसार तिनको उच्चारण पनि दिइएको छ । शब्द खोज्दा अछामी भाषिकाको उच्चारणलाई नभई मानक नेपाली भाषाको वर्णविन्यासलाई ख्याल गरेर शब्द खोज्नु पर्ने देखिन्छ । उच्चारणको स्वरूप अछामी भाषिकाका आधारमा निर्धारण गरिएको हुँदा सकभर जस्तो उच्चारण हुन्छ, त्यस्तै कायम गर्ने प्रयास गरिएको छ । त्यसैले यस शब्दकोशमा उच्चारणको वर्णविन्यास अछामी भाषिकाअनुसार गरिएको छ ।

अछामी भाषिकामा प्रायः व्यक्ति र स्थानवाचक नामपदको उच्चारण अजन्त हुन्छ तर गीतका सन्दर्भमा लय मिलाउन हलन्त पनि उच्चारण भएको पाउन सकिन्छ । यस कोशमा शब्द संकलन गर्दा जस्तो उच्चारण प्राप्त भयो सोहीअनुसारको उच्चारण समावेश गर्नु पर्ने देखिएकाले हलन्त उच्चारण नै कायम गरिएको छ । यसबाहेक केही विशेष उच्चारणको वर्णविन्यासलाई निम्नलिखित रूपमा स्पष्ट्याउन सकिन्छ । जस्तैः-

(क) ङ् र ण् को उच्चारण स्थान, अर्थ, सन्दर्भ र परिवेश अनुसार फरक-फरक देखिन्छ । जस्तै ;

डाँडो- पहाड

डाँणो- हलाको एउटा प्रमुख भाग ।

त्यस्तै शब्दमध्यमा 'ण्' प्रायः 'न्' सुनिन्छ ; डान्डो/न्नो, डान्ना/डान्ना । यसैले ण् वर्णको अस्तित्व अछामी भाषिकामा पाउन सकिन्छ तर सबै ड् का ठाउँमा ण् नै हुन्छ भन्ने कुरालाई भने माथिको पहिलो उदाहरणले अस्वीकार गरिसकेको छ ।

(ख) अछामी भाषिका कोशमा क्ष, त्र, ज्ञ, ञ, ण, श, ष तथा ई, ऊ, ऋ, अं, अः वर्णबाट बनेका शब्दमा यी वर्ण वा अक्षरबाट निर्मित शब्द शीर्षशब्दमा कतै पनि आएको पाइँदैन । यिनमा पनि ण् व् र ङ् बाहेक अन्य वर्ण वा अक्षर शब्दका बीचमा पनि कतै पाइँदैनन् । त्यसैले यिनको फरक उच्चारण दिन आवश्यक्ता देखिएन । त्यस्तै कतिपय शीर्षशब्दको लेखन र उच्चारणमा समानता देखिएकाले तिनको थप उच्चारण दिइएको छैन ।

३.३.४ वर्णविन्यास र पदयोग-वियोग :

वर्णविन्यास (हिज्जे) बारे प्रस्तुत शब्दकोशमा नयाँ प्रयोग नभई मानक वर्णविन्यासलाई पछ्याउने काम गरिएको छ । अछामी भाषिकाको कोशमा तत्सम, आगन्तुक र मानक शब्दको छनोट नगरिएको हुँदा मानक कोशमा पाइने सबै प्रकारका शब्द यसमा पाइने छैनन् । त्यसैले मानक वर्णविन्यासका सबै नियमका उदाहरण दिन सकिने शब्द पनि यसमा उपलब्ध नहुँदा व्युत्पादित शब्दको पदमध्यमा ह्रस्व र दीर्घ तथा क्षतिपूर्ति दीर्घीभवन भएका शब्द यसमा समाविष्ट छैनन् । उपलब्ध शब्दको वर्णविन्यास निम्नानुसार कायम गरिएको छ ;

(क) क्षतिपूर्तिमा नपर्ने तद्भव शब्दमा ह्रस्वको प्रयोग गरिएको छ । जस्तैः- किडो, धुलो, पिड ।

(ख) प्रत्यय लाग्दा वर्णविन्यासमा परिवर्तन : तत्सम शब्दमा तद्भव वा अन्य प्रत्यय लाग्दा वर्णविन्यासमा तद्भव नियमको पालना गरिएको छ । जस्तैः-घिनानु, बसात् ।

(ग) अजन्त र हलन्तको अवस्था : शब्दको बीचमा हलन्त उच्चारण हुने भएपनि अजन्त लेख्ने प्रचलित नियमको पालना गरिएको छ । जस्तैः- फलमुसो, इलगिल्याइनो, गलगलानु, फलफल, नापनापै ।

(घ) चन्द्रविन्दु र शिरविन्दु : अनुनासिक स्वरका रूपमा उच्चरित भएको अवस्थामा चन्द्रविन्दुको प्रयोग गरिएको छ । जस्तैः- अँजौलो। आँत, काँठी, घँस्याये । तर डिकोमाथि आउने एकलख, दोलख, लखकानो, दोलखन्नामा भने शिरविन्दुको प्रयोग गरिएको छ । जस्तैः- गैंटनु, खैचनु, गल्यौं, त्यौंडो । तत्सम शब्दहरू निकै कम प्रयोग भएका छन् । यस्ता शब्दहरूमा पञ्चमवर्ण (ङ, ञ, ण, न, म्) हुने वर्णहरूको अगाडि आउने अनुस्वारका ठाउँमा पञ्चमवर्णको प्रयोग गरिएको छ । क देखि म् सम्मका अर्थात् पछाडि पञ्चमवर्ण नभएका अन्य वर्ण जहाँ आउँछन्, त्यस्ता अनुस्वारका ठाउँमा शिरविन्दुको प्रयोग गरिएको छ । जस्तैः- अलङ्कार ।

तद्भव, मौलिक र आगन्तुक शब्दहरूमा भने उच्चारण अनुसार नै ङ, न्, म्, को प्रयोग गरिएको छ । जस्तैः- नाङ्लो, उदिमन्ट्या, कुन्टो, घन्चाने ।

(ङ) पदयोग र पदवियोगको अवस्था : सामान्यतया पदयोग गरी लेखिएको छ । समस्त शब्दमा पदयोग गरिएको छ । विशेष्य-विशेषण संरचनाबाट निर्मित शब्दहरूलाई भने पदवियोगमा लेख्न सकिने भएकाले सोहीअनुसार राखिएको छ । जस्तैः- तिलङ्गे माइकी, भागे दमाईं । नाम-नाम शब्दको संरचनाका समस्त शब्दहरू जोडेर लेखिएको छ । यस्ता लामा शब्द छुट्टा-छुट्टै र सँगै राख्दा फरक-फरक अर्थ लाग्ने भएमा भने योजक चिन्हसमेत लगाइएको छ । जस्तैः- पोती-सराइ, पिना-पानी ।

३.३.५ शब्दहरूको स्रोतसम्बन्धी सूचना :

यस शब्दकोशमा स्रोतका दृष्टिले शब्दहरूलाई तद्भव, तत्सम, आगन्तुक र अनुकरणमूलक गरी चार वर्गमा छुट्याइएको छ । संस्कृत स्रोतबाट आएका शब्द यस कोशमा कमै मात्र परेका छन् । आगन्तुक शब्द पनि निकै कम मात्र समेटिएका छन् । आगन्तुक शब्द अन्य धेरै भाषाबाट नेपाली भाषामा आएका भएपनि ती भाषाको सङ्ख्या अधिक भएको हुनाले त्यस्ता शब्दलाई आगन्तुक शब्द भनिएको छ । अछामी भाषिकामा अनुकरणात्मक अर्थ प्रदान गर्ने प्रकृतिका शब्दहरूलाई अनुमरणमूलक शब्द भनिएको छ ।

यसरी शब्दस्रोतका सूचनाका लागि तत्सम (तत्स.), आगन्तुक (आ.), अनुकरणमूलक (अमू.), गरी तीनवटा सङ्केत मात्र यस कोशमा पाइनेछ । तत्सम, आगन्तुक र अनुकरणमूलकभन्दा बाहेकका शब्द तद्भव वर्गमा पर्नेहुँदा तिनको स्रोत औंल्याइएको छैन । तिनीहरू अचिन्हित रूपमै छन् । तत्सम शब्दको वर्णविन्यास संस्कृत शिष्ट परम्परानुसार कायम गरिएको छ । बाँकी आगन्तुक शब्दहरूको वर्णविन्यास तद्भव वर्णविन्यास अनुरूप गरिएको छ ।

३.३.६ शब्दको व्युत्पादन :

शब्दहरूको माउरूप पहिल्याउनका लागि शब्दकोशमा व्युत्पादनको प्रमुख भूमिका रहन्छ । यस कोशमा व्युत्पादनसित सम्बन्धित सूचना पनि दिइएको छ । यसमा तत्सम शब्दको अतिन्यून प्रयोग भएको हुनाले व्युत्पत्ति त्यति गहिरिएर हेर्नुपर्ने अवस्था सृजना भएको छैन । पूर्वसर्ग र परसर्ग लागेका समास तथा सन्धि प्रकृयाबाट बनेका शब्दको व्युत्पादन गरी देखाइएको छ । जस्तैः-

आछिन [आछि+न] आदिलो [आद्+इलो]

आलोकाचो [आलो+काचो] उप्सिनु [उप्स्+इ+(नु)]

घरिना [घर्+इ+ना] परजुनी [पर्+जुनी]

घट्टालो [घट्ट+आलो] अठ्बारो [अठ्+बार्+ओ]

३.३.७ शब्दवर्ग एवं अन्य व्याकरणात्मक सूचना :

यस कोशमा प्रत्येक शब्दको शब्दवर्ग किटान गरिएको छ । एउटै शब्द प्रयोगको सन्दर्भ अनुसार फरक-फरक शब्दवर्गमा पर्न सक्ने सम्भावना पनि रहन्छ । त्यसतर्फ प्रयोक्ता सचेत रहनु आवश्यक देखिन्छ । यस शब्दकोशमा शब्दवर्गका साथै व्याकरण सम्बन्धी अन्य आवश्यक सूचनाहरू निम्नानुसार समाविष्ट गरिएका छन् । जस्तैः-

उपाइँसो- ना. (बहु./ति. उपाइँसा)

कइको- वि. (बहु./ति. कइका, स्त्री. कइकी)

त्यौंडो- सर्व. (बहु./ति. त्यौंडा/ स्त्री. त्यौडी)

३.३.८ शब्दहरूको अर्थ :

शब्दकोशमा शब्दार्थ दिनअघि उक्त शब्द एकार्थी, भिन्नार्थी र अनेकार्थी के हो ; त्यसको पहिचान दिएर अर्थ निर्धारण गर्ने प्रयास गरिएको छ ।

(क) **समध्वनिक/समलिप्यात्मक तर भिन्नार्थी :**

समान उच्चारण हुने वा समान लिपि तर बिल्कुल भिन्न अर्थ जनाउने शब्दलाई भिन्नार्थी भनिएको पाइन्छ । त्यस्ता शब्दलाई अर्थको भिन्नतानुसार विभिन्न प्रविष्टिमा राखिएको छ । जस्तैः-

फल्नु१- [फल्+(नु)] सकि. कुल्चिनु । (उदा. बाटामा हिँड्दा रामेले गुहु फल्यो) ।

फल्नु२- [फल्+(नु)] सकि. प्रशस्तै उब्जनी हुनु, बाली सप्रिनु ।

फल्नु३- [फल्+(नु)] सकि. कोदो, मकै आदि ओखलमा कुटेर बाहिरी खोस्टा छोडाउने काम,

ठाना१- ना. थाना, प्रहरी चौकी ।

ठाना२- ना. बाँसको लिङ्गो वा उखुको लाँको ।

(ख) **अनेकार्थी शब्द :**

एक अर्कासँग सम्बद्ध तर केही भिन्न प्रकृतिको अर्थ जनाउने शब्दलाई अनेकार्थी शब्द भनिएको पाइन्छ । यस्ता शब्दलाई एउटै प्रविष्टिमा राखी क्रमशः एकभन्दा बढी अर्थ प्रस्तुत गरिएको छ । जस्तैः-

खुसाउनु- [खुस्+आउ+(नु)] सकि. १. फुकाउनु, बन्धन मुक्त गराउनु । २. पेटमा रहेको बच्चा महिना नपुग्दै फाल्नु, भ्रुण नष्ट गर्नु ।

चिन्नु- [चिन्+(नु)] सकि. १.पहिचान गर्नु । २.ढुङ्गामाथि ढुङ्गा राखेर घरको भित्तो लगाउने काम, बनाउनु, निर्माण गर्नु, (उदा. चौतारी चिनें) ।

(ग) **अर्थ प्रस्तुतिका तरिकाहरू :**

शब्दकोशमा अर्थलाई केन्द्रमा राखेर विभिन्न सूचनाहरू दिइन्छ । अर्थ बाहेकका अन्य सूचनाहरू गौण वा परिधीय हुन्छन् । तिनले शब्दको अर्थ स्पष्ट पार्न मद्दत पुऱ्याउन पनि

सक्दछन् नपुऱ्याउन पनि सक्दछन् । प्रस्तुत शब्दकोशमा शब्दको अर्थ स्पष्ट पार्न पर्याय, परिभाषा, प्रकारान्तरकथन, स्पष्टीकरण जस्ता तरिकाहरूको उपयोग गरिएको छ । जस्तैः-

(अ) **पर्याय** : **अइल-** अहिले, यतिखेर, भर्खर ।

आद- चिस्यान, चिसोपन ।

(आ) **परिभाषा** : **आल-** बीजमा पाइने वंशाणुगत गुण ।

औछान- तलतल, खसखस, गर्भवती आइमाईलाई लाग्ने विशेष खाने इच्छा ।

(इ) **प्रकारान्तरकथन** : **ओच्छिनु-** खेत बारीमा काम गर्दा मेलो छिटो छिटो सर्ने काम ।

कन्नो२- पेट दुखेको अवस्थामा जोरसँग कन्ने काम

(ई) **विवृत्ति/स्पष्टीकरण : आछिन-** छैन । (डोटेली प्रभावित क्षेत्रमा) ।

आइँ१- भैंसी । (बालभाषा) ।

ननाइ- फोहोर, कुनै काम गर्न (अभिमान, जात, आदि कारणले) नमान्नु । अन्य शब्दको अर्थले काम चल्ने भएमा बहुप्रचलित शब्दको अर्थ हेर्न निम्नानुसार निर्देश गरिएको छ ;

नइ- पूस. हे. नाइ । **टिप्क्या-** ना. हे. टाप्के ।

झल्तो- वि. हे. होलो । **ज्यूलो-** /ज्युलो/ ना. हे. जिउलो ।

३.३.९ शब्दहरूको प्रयोग :

यस शब्दकोशमा शब्दहरूको प्रयोग सम्बन्धी सूचना पनि दिइएको छ । कतिपय शब्दको अर्थले मात्र सही सन्दर्भमा प्रयोग गर्न सकिंदैन । त्यसैले शब्दको अर्थ दिनुका सार्थ आवश्यक ठानिएका शब्दको उदाहरण वा प्रयोगलाई समेत समावेश गरिएको छ । शब्दको प्रयोग निम्नानुसार गरिएको छ । जस्तैः-

(क) **वाक्यमा प्रयोग :**

छेक्नु- (उदा. मोहनले रूख छेक्यो, दसैंको बेला कथित मन्दिरमा राँगा छेकिए) ।

खन्खनानो- (उदा. पानी परी आकाश खन्खनानो भयो) ।

(ख) **पदावलीमा प्रयोग :**

छेउलो- (उदा. सिरानीको छेउलो) । **गाना२-** (उदा. तरुलका गाना) ।

गिन्नो- (उदा : एक गिन्नो) **गैलो-** (उदा. गैलो खाल्टो, गैलो कुरा) ।

३.३.१० सारांश :

यस शब्दकोशको स्वरूप वा प्रकृतिका बारेमा माथिका विभिन्न शीर्षकमा केन्द्रित भई शब्दकोशको परिचय दिनेकाम गरिएको छ । यस शब्दकोशमा शीर्ष शब्दहरूलाई गाढा अक्षरमा सबैभन्दा अगाडि राखिएको छ । शब्दकोशमा शब्दहरू देवनागरी लिपिका वर्णहरूको वर्णानुक्रम अनुसार राखिएका छन् । परम्परागत देवनागरी लिपिका वर्णहरूमध्ये अछामी भाषिकाका शब्दहरू निम्नलिखित वर्ण तथा अक्षरहरूबाट उठान भएका छैनन् । जस्तैः-

व्यञ्जन वर्ण : ङ, ञ्, ण्, श्, ष्, क्ष, त्र, ज्ञ ।

स्वर वर्ण : ऋ अं, अः ।

व्यञ्जन वर्णहरूमा मात्रा लागेका शब्दहरूको क्रम वर्णानुक्रमसँगै बाह्रखरी अनुसारको मात्राका क्रममा आधारित छ । 'ऋ' स्वरको चिन्ह (ृ) को प्रयोग भएका शब्द भने यस कोशमा परेका छैनन् । यस शब्दकोशमा शीर्षशब्दको प्रस्तुति अछामी भाषिकाका उच्चारण अनुसार नभई मानक नेपाली भाषाको वर्णविन्यास (हिज्जे) अनुसार प्रस्तुत गरिएको छ । शब्दकोशमा तत्सम स्रोतबाट आएका शब्दहरूलाई तत्सम स्रोतकै वर्णविन्यासमा लेखिन्छ । संस्कृत बाहेकका आगन्तुक र तद्भव शब्दको वर्णविन्यास तद्भव अनुसार नै हुन्छ । तत्सम शब्द भएपनि तद्भव वा आगन्तुक प्रत्यय लागेको भए तद्भवको वर्णविन्यास अनुसार लेखिन्छ ।

यसरी नेपाली भाषाका शब्दकोशहरूमा तत्सम र तद्भव वर्णविन्यासमा आधारित पाइए पनि प्रस्तुत कोशमा केही शब्दबाहेक अधिकांश शब्द तद्भव वर्णविन्यास अनुसार प्रस्तुत गरिएको छ र शब्दकोशका प्रयोक्ताले सोही कुरालाई ध्यान दिन आवश्यक देखिन्छ ।

चौथो परिच्छेद

अछामी भाषिकाको शब्दकोश

अ

अ- /अऽ/ अ. दिक्क लागेको अवस्थामा व्यक्त गरिने, उपेक्षा भाव ।

अँखडी- /अँखडि/ वि. पूरा, सबै ।

अँजौलो- ना. (तत्स.अञ्जली) अँजुली, अन्जुली ।

अँह- विबो. नाइ, हुँदैन ।

अ :- नि. निकै, अति ।

अइठो- ना. हे. अगेठो ।

अइति- कियो. अस्ति, हिजोभन्दा अघिल्लो दिन ।

अइथि- कियो. हे. अइति ।

अइथिउडा- कियो. अस्ति नै, केही दिन अघि वा पहिले ।

अइल- ना. अहिले, यतिखेर, भर्खर ।

अइलास- ना. अहिलेका वर्ष, यस वर्ष ।

अउ- अ. आऽ, स्वीकार ।

अउँलो- वि. धमिलो, बर्सातको भल मिसिएको पानी ।

अउ-अउ- द्वि. हँ-हँ, हजुर-हजुर ।

अउसर- कियो. १.अवसर, मौका, चान्स । २.पशुको गर्भाधान हुने लक्षण ।

अकरो- वि. महङ्गो, कर वा शुल्क तिर्न नसकिने, बढी शुल्क लाग्ने ।

अकुलाई- /अकुलाइ/[अकु+लाई] कियो. ढिलो, अबेर, आत्तिनु वा नियास्रो अनुभव गर्नु ।

अक्को- वि. (बहु./ति. अक्का, स्त्री. अक्की) अर्को. भिन्न ।

अक्खनु- [अक्ख+(नु)] सकि. सुक्नु, ओबानो हुनु, पानी नरहनु ।

अक्थि- कियो. हे. अइति ।

अक्थिउडा- कियो. धेरै दिन पहिले, अघि नै, उहिल्यै ।

अखिन्ना-पछिन्ना- कियो. अगाडि-पछाडि ।

अगास- /अगास्/ [अ+काश] आकाश ।

अगासिनु-[अगासि+(नु)] सकि. अनुशासन हीन तरिकाले केटाकेटीहरू चल्नु, चकचक गर्नु ।

अगिन्नो- कियो. (बहु./ति. अगिन्ना, स्त्री. अगिन्नी) अगाडि ।

अगेठो- ना. अगेनो, मझेरीमा ओच्छ्यानका छेउमा आगो बाल्न बनाइएको स्थायी चुलो ।

अचाक्लो- वि. अति, धेरै ।

अग्नै- कियो. पहिले, उहिल्यै ।

अग्नौडा- कियो. हे. अक्थिउडा ।

अघ्यार-/अघ्यार्/ [अघि+यार्] नायो. अघि, धेरै दिन पहिले ।

अङ्गौठी- /अङ्गौठि/ [अङ्गुष्ठ+ई] ना. अङ्गुठी, हातका औंलामा लगाइने धातुको गहना ।

अछल- /अछल्/ ना. देवताको बिगार गरेमा उसबाट हुने कुदृष्टि । मस्टो देवताको थानमा केही बिगार गर्दा तत्काल त्यसबाट हुने अनिष्ट । अदृष्य शक्तिको खेल ।

अछाम- /अछाम्/ नाम. अस्माम्बु छहरा वा अक्षय मल्लद्वारा राज्य सञ्चालन गरिएको ठाउँ, बाइसे-चौबीसे राज्यमध्येको एकराज्य, सुदूर पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने सेती अञ्चलको मध्य पहाडी जिल्ला ।

अछामी- /अछामि/ [अछाम्+ई] वि. अछाममा बसोबास गर्ने वा त्यहाँ जन्मिएर अन्यत्र बसोबास गर्ने व्यक्ति, अछाममा उत्पादित वस्तु, अछममा पाइने वा अछामसँग सम्बिधत कुरा ।

अज- क्रियो. अझ, फेरि, पुन : ।

अजेल- /अजेल्/ ना. अचेल, आजभोलि ।

अज्याल- /अज्याल्/ ना. हे. अजेल ।

अट्फारो- वि. हे. अठ्बारो ।

अट्नु- [अट्+(नु)] सकि. ठाउँ पुग्नु, अटाउनु ।

अट्टिनु- [अट्टि+(नु)] सकि. अडकिनु, बिचमै रहनु ।

अट्ट्याउनु- [अट्ट+याउ+(नु)] प्रेकि. अड्क्याउनु ।

अठजानु- [अठ+जा+(नु)] सकि. त्यतिकै वा बीचमै रहनु, काम नलाग्नु, जे होस् होस् भन्ने अर्थमा ।

अठौर- /अठौर्/ वि. असह्य, गम्भीर । (उदा. आठौर चोट लाग्यो) ।

अठिँङ्गल- ना. हड्डी । (गाली अर्थमा) ।

अठ्पन्न- संवा. अन्ठाउन्न ।

अठ्बारो- वि. [अठ्+बार्+ओ] अप्ठ्यारो, सजिलो नभएको ।

अडाउनु- [अडाउ+(नु)] अकि. अह्राउनु, आदेश दिनु ।

अड्कनु- [अड्क+(नु)] सकि. भैंसी कराएको आवाज, भैंसी कराउनु, भैंसीले राँगो खोज्नु ।

अथारो- ना. (बहु./ति. अथारा) घरको सबैभन्दा माथिल्लो तला ।

अदिलो- [आद्+इलो] वि. चिस्याइलो ।

अदेलो- ना. अधियाँ, साझा ।

अद्द- वि. केही, थोरै वा आधा ।

अद्बल्लो- वि. आधा बलेको दाउरा, अगुल्टो ।

अनर- अ. हे. उथा ।

अनाइसो- वि. नराम्रो, नरुचाएको ।

अनाडी- /अनाडि/ [अन्+आडी] वि. अन्धो, आँखा नदेख्ने ।

अनिउनो- वि. अनिदो ।

अनिनु/अनिनो- वि. हे. अनिउनो ।

अनेडो- [अन्+एडो] वि. हे. अनाडी ।

अन्ज्याम- /अन्ज्याम्/ ना. ठेगान, हेक्का, ख्याल, परिणाम, अनुमान ।

अन्नेइ- कि. गर्छस् । (प्रश्नार्थक अर्थमा) ।

अन्नेइतो- वि. बदमास, नम्म्रो काम गर्ने ।

अन्ठान- ना. झारपात वा ओरालो भएको अप्ठेरो बाटो, भीर ।

अन्तारी- /अन्तारि/ वि. अन्यत्र, अरु ठाउँ ।

अन्यारो- /अन्ठान्/ (तत्स.अन्धकार) वि. अँध्यारो, उदास, अन्धकार ।

अन्याहोइ- कि. हे. अन्नेइ ।

अन्यैती- /अन्यैति/ वि. (बहु./ति. अन्यैता) बदमासी, अन्याय गर्न खोजेको ।

अपत-/अपत्/ क्रियो. असक्षम, कमजोर, काम गर्न नसक्ने ।

अबाड- /अबाड्/ ना.डोली अड्याउने काठ ।

अब्बइ/अब्बै- क्रियो. एकछिन् पछि, अहिले, तुरुन्तै, तत्कालै ।

अमट्टो- ना. (बहु./ति.अमट्टा) आलुबखडा जत्रै गेडाहुने खाँदा अमिलो र टर्रो हुने एकजातको फल, अम्रै ।

अम्मेर- (आ.<उम्र) ना. उमेर, वय ।

अम्लो- वि. हे. अउँलो ।

अरमल्या- ना. हिउँदमा हुने एकजातको साग ।

अराइठो- वि. नसुहाएको, नमिलेको, नराम्रो ।

अरिखाल- /अरिखाल्/ ना. अरिङ्गाल ।

अर्कसी- क्रियो. फेरि, पुन ः। (उदा. रामले चुठेर अर्कसी भात खायो) ।

अर्केलो- वि. हे. अग्यालो ।

अर्खनु- [अर्ख+(नु)] सकि. हे. अक्खिनु ।

अर्खिनु- [अर्खि+(नु)] अकि. सुक्नु ।

अर्ग्यालो- वि. (बहु./ति. अर्ग्याला, स्त्री. अर्ग्याली) नचाहिंदो, नसुहाउँदो, अर्घेलो ।

अर्छ- [अर्+छ] सहाकि. गर्छ ।

अर्छा- ना. घिउले मुछेर मह हाली घिउमा पकाएको एक प्रकारको रोटी, अर्सा ।

अर्नु- [अर्+(नु)] सकि. गर्नु ।

अलङ्कार- /अलङ्कार्/ [अलम्+कार] वि. सीप, कला, **~हराउनु-** (टु.) क्षमता नपुग्नु, काम गर्ने कुशलताको अभाव हुनु ।

अलेखा- /अलेखाऽ/ वि. उपेक्षित् वा बेवास्ता गरिएको, हेंला । (उदा. अलेखा मान्छे, अलेखा वस्तु) ।

अल्की- /अल्कि/ वि. झुटो, असत्य, सत्य नभएको ।

अल्की- /अल्कि/ वि. अग्ली आइमाई, होचोको विपरीत, अग्ली ।

अल्यमल्याय- /अल्यमल्याये/ क्रियो. झारा टाराइ, औपचारिक्ता मात्र पुऱ्याइएको ।

अल्सी- /अल्सि/ (तत्सं. अलस+ई) वि. अल्छी, जाँगर नभएको । **-को-** (विप.) अल्सीसँग सम्बन्धित, **~टोक्कारो-** (नाप.) अति आलस्सी ।

अबई- /अबइ/ क्रियो. अहिल्यै, यतिखेरै ।

अवकती- /अवकति/ ना. पाँच छवटी छोरी भएपछि कान्छी छोरीलाई गरिने सम्बोधन, वा उसको नाम ।

अवाइ- ना. आउने काम ।

असजी- /असजि/वि. अप्ठेरो, असजिलो ।

असद्दो- वि. बेफुर्सदी, व्यस्त, अप्ठेरो ।

असरूपी- /असरुपि/ना. असर्फी ।

असिका- ना. चामलको पिठो रयेलेर बनाइएको माडा ।

असुडो- ना. असुरो, बारको लागि रोपिने झार ।

अस्वाइलो- [अस्वाइ+लो] वि. नसुहाएको, सुहाउनुभन्दा भिन्न, नराम्रो ।

अहँ- विबो. खिसी, हेलाँ, झक मारेर इसारा गर्नु ।

अहुडाइ- क्रियो. उकुसमुकुस, के गरौं कसो गरौं हुने अनुभूति ।

आ

आँखा जल्नु- (टु.) लोभ लाग्नु, ईर्ष्या लाग्नु ,

आँखा तड्नु- (टु.) आँखा तर्नु, रिसाउनु, असहति जनाउने सङ्केत ।

आँखा लाग्नु- (टु.) नजर लाग्नु, बोक्सी लाग्नु ।

आँखो- ना. (बहु./ति. आँखा) बाँस वा निगालाको गाँठो परेको ठाउँ ।

आँखो अड्याउनु- (टु.) गहिरिएर वा एकोहोरिएर हेर्नु, मन पराउनु ।

आँखो लाग्नु- (टु.) १.मन पर्नु । २. सुत्ने मन हुनु । ३. अरुबाट वा आफैंबाट आँखाको दोष पर्नु ।

आँख्लो- ना. बिरुवाको डाँठको गाँछ भएको ठाउँ ।

आँट्टु- [आट्+(टु)] सकि. साहास गर्नु, आँट्नु ।

आँठ- /आँठ्/ ना. एउटा गराबाट अर्को गरामा पानी लैजान बनाइने ठाउँ, गराको आली काटेको ठाउँ ।

आँठो- ना. हे. आँठ ।

आँत१- अ. मुनि ।

आँत२- क्रियो. ज्यादै आफ्नो, मनको, भित्री हृदयको । 'कोइ छैन आँतको मान्ठ बेदना कहुँ मन्या' (देगी.) ।

आँदणो- ना. (बहु./ति. आँदडा/आँदडा) आन्द्रो ।

आँसी- /आँसि/ ना हँसिया ।

आइँ१- विबो. भैंसी । (बालभाषा) ।

आइँ२- विबो. भैँसी हप्काउँदा वा धपाउँदा भनिने शब्द, हाइँ ।

आउँसी-/आउँसि/ वि. (तत्सं. अमावस्या) औंसी ।

आओ- [आ+ओ] सहाकि. आउनुहोस् ।

आक्क- वि. नहुने कुरो, घृणा बुझाउने अवस्था, यो अति भयो छि भनी हेलाँ गर्दा प्रयोग गरिने शब्द, फोहोर, हिलो ।

आक्की- /आक्कि/ [आक्क+ई] वि. हे. आक्क ।

आखर- /आखर्/ ना. एक पङ्क्ति, एउटा वाक्य वा भनाइ, पटक ।

आङ- /आङ्/ ना. स्त्री गुप्ताङ्गको साङ्केतिक अर्थमा प्रयोग गरिने शब्द, गर्भाशय, शरीर वा मांशपेशीको भाग ।

आङ्लो- (तत्स.अङ्गुली) ना. औंलो ।

आछि- [आ+छि] सहाकि. छैन । (डोटेली प्रभावित क्षेत्रमा) ।

आछिन- [आछि+न] अककि. छैन । (डोटेली प्रभावित क्षेत्रमा) ।

आजिउ- ना. दिदी (ठकुरी समुदाय) ।

आज्जनु- [आज्ज+(नु)] सकि. आर्जनु, कमाउनु ।

आज्जु- ना. हे. आजिउ ।

आट्टा१- ना. खेल्न मिल्ने साना ढुङ्गा, केटीहरूले खेल्ने खेल, ढाल्ला ।

आट्टा२- ना. सुन्तला, अमिला, कागति आदिका साना दाना (बालभाषा) ।

आड- /आड्/ ना. घट्टको माथिल्लो पाथर उठाउन बसाउन भद्दत पुऱ्याउने काठको पातो ।

आडमान्नु- [आड्+मान्+(नु)] सकि. तेजो बध गर्नु, घमन्ड तोड्नु, भरोसा मान्नु ।

आडिखोड्या- ना. ओरिगाँठे ।

आडी- /आडि/ ना. कोसी, आरी ।

आडो- ना. किलुवा ।

आद- /आद्/ना. चिस्यान, चिसोपना ।

आदा- वि. आधा, अपूर्ण ।

आदिलो- वि. चिस्याइलो, ओदिलो ।

आदी- /आदि/ वि. हे. आदा ।

आन- [आ+न] सहाकि. ल्याउनुहोस् ।

आनडो- ना. हे. आँदणो ।

आनसमाली- [आनस्+माली] वि. थाहै नभएको कुरा, अन्जान, जथाभावी ।

आना- ना. हे. आहान ।

आनो- वि. (बहु./ति. आना, स्त्री. आनी) अन्धो, आँखा नदेख्ने ।

आन्रो- ना. हे. आँदणो ।

आपि- वि. आफैं ।

आपू- /आपु/ सर्व. आफू, निज ।

आफर- /आफर्/ ना. आँसीको धार बनाउनका लागि आरनद्वारा बनाइएको आगाको भुङ्ग्रो ।

आफर लाउनु- (टु.) आँसी कार्न ठिक्क पार्नु ।

आफु- ना. अफिम ।

आफुकी- /आफुकि/ क्रियो. आफ्ना निम्ति वा लागि ।

आफुकिनी- /आफूकिनि- क्रियो. हे. आफुकी ।

आफ्रे- ना. लुहार, आफर लाउने व्यक्ति ।

आब्लो- वि. ताजा, भर्खर बनेको ।

आम- /आम्/ ना. आँप ।

आमबाडी- /आम्बाडि/ ना. आँपको बारी, आँप भएको ठाउँ ।

आमाजेऽ- [आमा+ज्यू] विबो. भैंसीलाई सम्बोधन गर्दा वा गाली गर्दा प्रयोग गरिने शब्द ।

आर- /आर्/ ना. तताएर घाउ फोर्न प्रयोग गरिने सुइरो ।

आर लाउनु- (टु.) भोग लगाउनु, प्रसाद चढाउनु ।

आल- /आल्/ ना. बीजमा पाइने बंशाणुगत गुण, सन्तान, खान्दान ।

आऽल !- विबो. बाखालाई बोलाउँदा प्रयोग गरिने शब्द ।

आलोकाचो- [आलो+काचो] वि. अपरिपक्व, अधबैंसे ।

आसन- /आसन्/ ना. नदी, सागर आदिको पिंध ।

आस्से- वि. आफै ठूलो हुँ भन्ने व्यवहार देखाउने व्यक्ति, मालिक, अधिकारवाला ।

आहान- ना. उखान, बूढा पुराना मानिसहरूले भनेका प्रसिद्ध भनाइहरू ।

आ हे !- विबो. बाच्छा बाच्छीलाई गरिने सम्बोधन, हप्की ।

इ

इखिडो- ना. काँसको जस्तो बाट हुने गाईवस्तुले खाँदा विष लाग्ने एक प्रकारको झार ।

इजत हन्नु- (टु.) बेइज्जत गर्नु, गाली गर्नु ।

इजर- /इजर्/ ना. जङ्गल काटेर भिरालो ठाउँमा बनाइएको अस्थायी खेती जग्गा वा गहत छर्ने वा खर रोप्ने भिरालो ठाउँ ।

इमिनु- /इम्मिनु/ [इमि+(नु)] अकि. एकै ठाउँमा ठिङ्ग उभिनु, हलचल नहुनु ।

इमिलो- ना.अमिलो ।

इलगिल्याइनो- [इल्+गिल्याइ+नो] वि. नुन चिनी मिस्याएको स्वाद ।

इल्चो- वि. आली । गराको किनार, आली ।

उ

उइ- सर्व. उही ।

उइटो- ना. (बहु./ति. उइटा) कपासबाट बियाँ छुट्याउने काठको यन्त्र ।

उइत- क्रियो. उतिबेला ।

उइतक- कियो. हे. उइत ।

उइताआ- कियो. हे.उइत ।

उइथक- कियो. हे. उइत ।

उइथि- कियो. उसँग ।

उइल- ना. उतिखेर ।

उकाल्नु- [उकाल्+(नु)] प्रेकि. १. छाता खोलेर ओढ्ने काम । (उदा. पानी पऱ्यो छाता उकाल) । २. उठ्न नसकेकाहरूलाई उठाउनु, उक्लिन सहयोग पुऱ्याउनु, माथि उठाउनु वा पठाउनु ।

उकेरो- [उकेर्+ओ] ना. (बहु./ति. उकेरा) केरा, मकै आदि गोड्दा बुटा वरिपरि माटो लगाउने काम ।

उकेरो हाल्नु- (टु.) बुटा वरिपरि माटो लगाउनु ।

उखाल- /उखाल्/ ना. बान्ता, उल्टी ।

उगाउनु- [उगाउ+(नु)] सकि. झिक्नु । (तरल पदार्थका सन्दर्भमा) । (उदा. नाउलाको पानी बटुकाले उगाउनु पर्छ) ।

उगाड्नु- [उगाड्+(नु)] सकि. उघार्नु, बन्द भएको ढोका उघार्ने काम, खोल्नु ।

उग्लनु- [उग्ल+(नु)] सकि. जरो हराउनु वा बीउ नरहने गरी समाप्त हुनु, लुगाले रङ छोड्नु ।

उचेड्डु- [उचेड्+(डु)] सकि. माथिबाट छाइएको वा ढाकिएको अथवा छोपिएको वस्तुलाई हटाउने काम, उघार्नु ।

उच्चउनु- [उच्चउ+(नु)] सकि. जमिनमा वा कुनै आडमा रहेको वस्तुलाई हात वा यन्त्रको मद्दतले माथि उठाउनु, उचाल्नु ।

उच्चको- वि. खराव, उट्पट्याङ, बदमास ।

उछि- अ. अनि ।

उछिट्टिनु- [उछिट्टि+(नु)] अकि. ठेगानमा नहुनु, टाढा पर्न जानु ।

उजुरबाजुर- /उजुर्बाजुर्/[उजुर्+बाजुर] ना. मुद्दा-मामिला ।

उजेलो- वि. उज्यालो, बिहानी, प्रकाश ।

उटि- अ. हे. उछि ।

उटिल्लो- ना. चोटबाट टाउकामा गाँठो परेर सुन्निनु ।

उठपाउडी- /उठपाउडि/[उठ्+पाउ+डी] कियो. उठ्ने बस्ने मन लाग्ने, के गरौं र कसो गरौं हुने, बेचैनी ।

उठि/उठिनि- अ. हे. उछि

उडालु- [उड्+आलु] ना. प्रेमविवाह, विवाह नगरेरै केटी ल्याउनु वा भगाएर ल्याउनु, विवाह नगरेरै भगाएर ल्याएकी दुलही ।

उडाली- /उडालि/ [उड्+आली] ना. हे. उडालु ।

उताई- /उताइ/ सर्व. उतै ।

उत्थ- कियो. वहाँसम्म ।

उत्रनु- [उत्र+(नु)] अकि. छोड्नु, अलग हुनु, कुनै निश्चिच गन्तव्यमा पुग्नु, अस्तित्वहीन हुनु, पानीमाथि रहनु ।

उथ- संयो. अनि, त्यसपछि ।

उथा- संयो. हे. उथ ।

उथाबेरि- संयो. हे. उथ ।

उथावटि- संयो. हे. उथा ।

उदाउनु- [उत्+आउ+(नु)] सकि. छोड्नु, स्वतन्त्रता दिनु, बन्धन मुक्त गर्नु । (भाइले कुखुरा उदायो, रामले बाबुको मृत्युमा साँढे उदायो) ।

उदाड्ड्- [उदाड्+(ड्)] सकि. खोल्स्याउनु, दाँत उक्काउनु । 'तेरा जमाला उदाडि दिउँला' (गा.) ।

उदिमुन्ट्या- [उदि+मन्ट्या] वि. तल टाउको भएको, लिङ्ग ।

उदिमुन्ट्या-चोप- नाप. वीर्य, शुक्रकीट ।

उदो- नायो. तल ।

उदो-उभो- कियो. १. झडाबान्ता लाग्नु, २. तल-माथि ।

उधन्नु- [उधन्+(नु)] सकि. उधिन्नु, माटा मुनि वा कुनै वस्तुले छोपिएको छ कि भनी बेसरी खोज्नु ।

उनुल- कियो. हे. उन्ले ।

उन्ल- कियो. उसले ।

उन्ले- कियो. उहाँले ।

उपरसेट- /उपर्सेट्/ ना. (आ.) ओभरसियर ।

उपाइँसो- ना. (बहु./ति. उपाइँसा) उपियाँ ।

उपाड्ड्- [उपाड्+(ड्)] सकि. खोल्स्याउनु, उदार्नु, मकै खोल्स्याउने काम ।

उप्चार्नु- [उप्+चार्+(नु)] सकि. उच्चारण गर्नु, सस्वर पढ्नु, वाचन गर्नु ।

उप्डनु- [उप्ड+(नु)] सकि. उक्किनु, पाप्रा उक्किने काम ।

उप्सिनु- [उप्स+इ+(नु)] अकि. रोटी फुल्नु, (उदा. रोटी उप्सियो) ।

उप्स्याउनु- प्रेकि. फुलाउनु । (उदा. रामले रोटी उप्स्यायो) ।

उफाड्ड्- [उफाड्+(ड्)] प्रेकि. झ्याक्नु, उफार्नु ।

उफ्डनु- [उफ्ड+(नु)] अकि. तलमाथि गर्नु वा मात्तिनु, घमन्ड गर्नु ,उफ्रिनु ।

उबेल- ना. गहुँ काटिसकेपछि अर्को बाली नलाउन्जेल सम्मको बाँझो बारी वा त्यो अवस्था ।

उबो- नायो. माथि ।

उमा- ना. भर्खर पहेंलिन थालेका गहुँका बाला आगोमा पोलेर बनाइएको खाजा ।

उमाउडो- ना. टुटिल्को ।

उम्तिनु- [उम्ति+(नु)] अकि. भनेको नमान्नु, गल्ती गर्नु ।

उम्लिनु- [उम्लि+(नु)] अकि. बदमासी गर्नु, बिग्रनु ।

उराइटो- ना. उदास, निरास ।

उर्सट्टी- वि. भनेको नमान्ने, बदमास, छट्टु, उरन्ठ्याउलो ।

उलठिनि- अ. अनि, यसपछि ।

उलवछि- अ. हे. उलठिनि ।

उलालटो- ना. दोष, आरोप ।

उल्कनु- [उल्क+(नु)] सकि. चढ्नु, उक्लिनु ।

उल्का- क्रियो. अचम्म, अपत्यारिलो ।

उल्टा- ना. आली हाल्नु, जता आफू फर्कियो त्यताबाट पछिसर्दै गराको तल्लो छेउको आली हाल्ने काम वा आली ।

उल्टा हाल्नु- (टु.) खेत रोप्न तयार पारिएको गराको आली हाल्ने काम ।

उल्लनु- [उल्ल+(नु)] सकि. हल्लिनु ।

उसटि/उसटिनि- अ. हे. उथा ।

उसाउनु- [उस्+याउ+(नु)] अकि. सुन्निनु, फुल्नु ।

उसिन्निनु- [उसिन्नि+(नु)] अकि. १.गनाउनु, सड्नु । २. उसिन्ने काम । ३.बेसरी फुल्नु वा सुन्निनु ।

उसै- वि. उस्तै, त्यत्तिकै, विना कामै, बिनसित्ती, मूल्य नदिएर, फोकटमा ।

उसोटि- संयो. हे. उसटि ।

ए

एइका- क्रियो. यसका ।

एइतक- क्रियो. हे. एइथा ।

एइथा- क्रियो. यतिबेला, यतिखेर ।

एकदुय- ना. कुनै एक व्यक्तिलाई मात्र दूधदिने गाई वा भैंसी, एकहाते ।

एकसल्ली- /एकसल्लि/ ना. एक सल्लाको लम्बाइ बराबर घाम डुब्न बाँकी रहेको वा यतिनै दूरीसम्म सूर्योदय भएको ।

एक्किस- संवा. एक्काइस, बीसपछि लगत्तै आउने सङ्ख्या ।

एकहाते- वि. १. एकहात बराबरको नाप भएको । २. एउटा व्यक्तिलाई मात्र दूध दिने बानी भएको भैंसी । ३. एउटा मात्र हात भएको व्यक्ति, डुणो ।

एकगोड्या लाग्नु- (टु.) बौलाउनु, देउता झिक्नु ।

ऐ

ऐरेलु- ना. (तत्स. उर्वारुक) काँकाकै जातको खाँदा तितो हुने फल ।

ऐठिमी- /ऐठिमि/ (तत्स. अष्टमी) वि. अष्टमी, सप्तमी पछि आउने तिथि ।

ऐऱ्या- वि. हैसियत नभएको, सानो । 'ऐऱ्या जैऱ्या नत्थु गैऱ्या' (उखा.) ।

ऐल- क्रियो. भर्खर । तत्काल, अहिले ।

ऐलानी- /ऐलानि/ [ऐलान्+ई] ना. १.प्रसारण । २.सरकारी रूपमा कसैका नाममा दर्ता नभएको खेती योग्य पर्ती जग्गा । आबादी गर्नका निमित्त फुकाएको पर्ती जग्गा ।

ऐलेई- /ऐलेइ/ क्रियो. भर्खरै , यतिखेरै , अहिल्यै ।

ओ

ओकाइ- ना. वाकवाकी ।

ओकाइ लाग्नु- (टु.) वाकवाकी लाग्नु, बिरामी हुनु वा गर्भ रहेको सङ्केत मिल्नु ।

ओकाउनु- [ओकाउ+(नु)] अकि. वाकवाक गर्नु ।

ओकार्नु- [ओकार्+(नु)] सकि. उग्राउनु, गाई, भैंसी आदि पशुराद्वा निलेको घाँस, पराल आदि फेरि मुखमा फर्काएर चपाउनु ।

ओक्थो- [ओक्+थो] ना. औषधी, जडिबुटी ।

ओख्खो- विबो. अहा, आश्चार्य बोधक ।

ओख्लो- [ओखल्+ओ] ना. सिलौटो, मसला पिस्ने ढुङ्गाको पाटी ।

ओग- ना. हलो जोत्दाखेरी हातले हलो थाम्ने हलाको पुर्जा, अनौ ।

ओच्छेन- /ओच्छेन्/ ना. ओच्छ्यान, बिस्तरा ।

ओच्छ्निु- [ओर्छि+(नु)] सकि. खेत बारीमा काम गर्दा मेलो छिटो छिटो सर्ने काम ।

ओछेलो- ना. (बहु./ति. ओछेला) काम गरेपछि हातको पन्जा र खुट्टाको पैतलामा उठ्ने फोका, ठेला ।

ओटालो- ना. घरको दोस्रो तलाको आगन, पिंढी ।

ओड- वि. डकर्मी, काठको सीप भएको मान्छे ।

ओडो- क्रियो. यता, नजिक ।

ओड्डो- क्रियो. हे. ओडो ।

ओड्डो-पुड्डो- क्रियो. वरपर ।

ओत्तेरी- विबो. (बहु./ति. ओत्तेरा) पश्चात्ताप बोधक शब्द, थैथै ।

ओथाउनु- [ओथाउ+(नु)] सकि. चिस्याउनु, तातोलाई चिसो पार्ने काम ।

ओथानु- [ओथा+(नु)] सकि.हे.ओथाउनु ।

ओदो- ना. घरभित्र आउने ओसिलो वा अदिलोपन ।

ओधार्नु- [ओधार्+(नु)] अकि. भत्काउनु, निर्मित वस्तुलाई बिगार्ने र भत्काउने काम ।

ओब्रो- ना. मझेरी, घरको बीचमा अवस्थित ठूलो कोठा ।

ओराल्नु- [ओराल्+(नु)] प्रेकि. ओढ्न ठिक्क पारिएको छाता बन्द गर्ने काम, विपरीतार्थ-उकाल्नु । (उदा. पानी बिधियो छाता ओराल) ।

ओर्की-फर्की- /ओर्कि-फर्कि/ अमू. यताउता, चारैतिर, सबैठाउँ, राम्ररी, निकरी । कुनै दोष नरहने गरी अवलोकन गर्नु ।

ओर्छिनु- [ओर्छि+(नु)] सकि.हे. ओच्छ्निु ।

ओर्धनु- [ओर्ध+(नु)] अक्रि. भू-क्षय हुनु, ओद्रिनु, भत्किने काम ।

ओलाउनु- [ओलाउ+(नु)] सक्रि. सुन्निनु, चोटपटक वा पोलिएर सुन्निने काम ।

ओल्को- ना. भाद्र संक्रन्तिका दिन मान्यजन र आफन्तका घरमा लगी दिइने उपहार वा फलफूल, सागपात, आदिको कोसेली वा त्यस्तो कोसेली दिने पर्व ।

ओल्टी-पल्टी- /ओल्टि-पल्टि/ अमू. हे. ओर्की-फर्की ।

ओल्लिनु- [ओर्लि+(नु)] सक्रि. ओर्लिनु, अग्लो ठाउँ, रूख वा घरको माथिल्लो तलाबाट तल भुइमा झर्नु ।

औ

औ- विबो.. अँ, हो ।

औछान- /औछान्/ ना. तलतल, खसखस, गर्भवती आइमाईलाई लाग्ने विशेष खाने इच्छा ।

औना- विभ. मा, सप्तमी विभक्ति बोधक चिन्ह ।

औनी- /औनि/ विभ. मा, म्मी, सप्तमी विभक्ति बोधक चिन्ह ।

औनो- विभ. मा, सप्तमी विभक्ति बोधक चिन्ह ।

औधक- विबो. हो तनि , स्वीकार वा सहमति जनाउँदा प्रयोग गरिने शब्द ।

औसर- क्रियो. हे. अउसर ।

औसान- /औसान्/ ना. सुद्धी, विवेक, **~हराउनु-** (टु.) जाँगर नहुनु, जाँगर हराएजस्तै हुनु । 'औसार हराये जओ' (गा.) ।

क

कँवल- /कँवल/ना. कमलपित्त रोग ।

कइको- वि. (बहु./ति. कइका/कैका, स्त्री. कइकी) कस्को ।

कइनु- [कह+(नु)] सक्रि. कहनु, भन्नु ।

कउँलो- वि. कमलो, गिलो वस्तु ।

ककल्ती- /ककल्ति/ ना. तृष्णा, इच्छा, रहर ।

कखेलो- [<काखी+एलो] ना. डोरीबाट बनेको काखीमा झुन्ड्याइने झोला, जाबी ।

कख्याये- वि. काखीमै बस्न रुचाउने बानी भएको, काखे । (उदा. रामको छोरो कख्याये भएको छ) ।

कगये- ना. ढुकुर ।

कचिलो- वि. (बहु./ति. कचिला) भिजेको, पानी मात्र रहेको ।

कचौंडो- ना. (बहु./ति.कचौंडा) गाई भैंसीको थुनको माथिल्लो भाग, कल्चौंडो ।

कच्चो- ना. खत, चोट वा चिनारी ।

कच्छा- ना. कट्टु ।

कटकटानु/कटकटानो- वि. निश्चय, अवश्यमेव, निश्चित रूपले ।

कट्कटे- [कट्+कट्] ना. घट्टमा ओइरो हाल्न प्रयोग गरिने छस्को ।

कट्कल्या- ना. दाउराको सानो घोचो ।

कट्टो- ना. धान, मकै आदि हाल्न प्रयोग गरिने पचास किलोसम्मको बोरी ।

कट्ठे- ना. हे. कठिये ।

कठिये- ना. खुर्पेटो, गोठालाको आँसी राख्ने म्यान ।

कठिबाडो- वि. टुको, कुनै ठूलो वस्तुबाट टुक्रिएर आएको सानो वस्तु ।

कठैदैनौ- विबो. कठै ! विस्मय बोधक शब्द ।

कडेली- [Yकाँडो+एली] ना. घोडाको लगाम ।

कतर- /कतर्/ ना. मसिना काठका चिरपट, विशेष गरी ढुङ्गे वा काठे घरको तलोथप्दा माटो अड्याउनु उपयोग गरिने चिरपट ।

कत्थ- क्रियो. कहाँ, कहिलेसम्म ।

कत्यालो- ना. सानो आकारको आँसी ।

कदु- ना. फर्सी ।

कनेउनु- [कनेउ+(नु)] अकि. कन्याउनु ।

कनेटो- ना. (बहु./ति. कनेटा) घर पछाडिको भाग, करेसो ।

कनेलो- [<कान्+एलो] ना. (बहु./ति. कनेला) डोको वा झोलामा लगाई काँधमा बोक्ने नाम्लो ।

कन्चिप्डा- [<कान्+चिप्+डा] ना. कान तथा त्यस वरिपरिको भाग ।

कन्टर- /कन्टर्/ ना. घिउको टिन ।

कन्डो/कन्नो- ना. कम्मर मुन्तिरको पृष्ठभाग ।

कन-१ विभ. चतुर्थी विभक्ति बोधक चिन्ह ।

कन-२ ना. धानको बाहिरी भुस । 'मैकन मेरा अछामको सौंरणी लाईगई' (देगी.) ।

कन्नाटो- ना. भुसुना ससाना किरा धपाउन बालिने लुगाको लुड्को ।

कन्पुप्डो- ना. कन्चट ।

कन्नु- वि. (बहु./ति. कन्ना) कत्रो ।

कन्नो१- वि. हे. कन्नु ।

कन्नो२- ना. कन्नु, पेट दुखेको अवस्थामा जोरसँग कन्ने काम ।

कन्सी- ना. सानीआमा, आमाकी बहिनी ।

कबिला- ना. परिवार, एउटै घरमा बस्ने वा गोत्यार ।

कबेट्टो- ना. कप्टेरो, काठको सानो टुका ।

कबै- क्रियो. कहिल्यै ।

कमारो- वि. अर्काको घरमा काम गर्ने नोकर ।

कमेच- ना. कमेज ।

कयेर- ना. घर छाउने खर, बाबियो, अर्थङ्गे र घारडे आदिको समष्टि नाम ।

करकसा- वि. विना काममा धेरै बोल्ने व्यक्ति ।

कराआँ- क्रियो. एकान्त, सुनसान, कोही नभएको ठाउँ ।

कराँत- ना. मृत्युगीत, मानिस मरेका बेला मृत व्यक्तिको सम्झना र विलौला गरी गाइने कारुणिक गीत ।

कराउनु- [कर्+आउ+(नु)] प्रेकि. आँसी आफरमा हालेर कार्न लगाउनु । धार लगाउनु, साँध लगाउनु ।

करालो- वि. भिरालो,

करुवा- ना. १. पानी पिउने चुच्चो भएको भाँडो, लोटा । २. हलाको टुप्पोमा फाली अड्याउन प्रयोग गरिने दुई पत्रे किला ।

करेटो- ना. हे. कनेटो ।

करो- ना. (बहु./ति. करा) जङ्गली जनावर बस्ने ठूलो दुलो, ह्वाङ ।

कर्के- ना. सलाइ ।

कर्को- ना. हे. काराँत ।

कर्रो- ना. हे. करो ।

कला१- ना. केराउ ।

कला२- ना. कोलाहल, झगडा वा वादविवाद, गुहारको निम्ति डाको लगाउनु । ¼**हन्नु-** (टु.) झगडा गर्नु, वादविवाद गर्नु, बाझ्नु, ठूलो स्वरले कराउनु ।

कलाउनु- [कलाउ+(नु)] सकि. केलाउनु ।

कली- /कलि/ ना. मायालु, प्रेमिका, गीतका सन्दर्भमा प्रेमीले प्रेमिकालाई सम्बोधन गर्दा भनिने शब्द ।

कलो- ना. कुकुरलाई छुट्याइएको वा दिइने अन्न ।

कस- ना. पहिलो पटक झिकेको दारु ।

कसो- वि. कस्तो ।

कहरी- /कहरि/ वि. कसरी ।

कहुँडी- ना. लोटा, अम्खोरा ।

काँ- सर्व. कहाँ ।

काँइथि- क्रियो. कहाँनिर, कुन ठाउँमा ।

काँठ- /काँठ्/ ना. लेकाली भू-भागको अग्लो पहाडको बीच भाग ।

काँठे कुइडो- (टु.) लेकाली भू-भागको अग्लो पहाडको बीचभागमा पानी परेपछि लाग्ने कुहिरो, तुबाँलो ।

काँठो- ना. बच्चाको गलामा लगाई टाउको उठाउन र निमोनियाबाट बचाउन सहयोग पुऱ्याउन प्रयोग गरिने लुगाको लुड्को, खरानी भरिएको लुड्को ।

काँठो बच्छे लाउनु- (टु.) भर्खर जन्मिएकी कन्यालाई काँठो र बच्छे लिएर बिहेका लागि कन्या दिने बचन पाउन दिइने लुगा ।

काँठी- /काँठि/ ना. गहना विशेष । (काँठी-पौंडी– गरगहना) ।

काँथि- क्रियो. हे. काँइथि ।

काँदो- ना. (बहु./ति. काँदा) मौरीको मह राख्ने ठाउँ, पोतला, महको चाका ।

काँसो- ना. खोकी ।

काँस्नु- अकि. खोक्नु ।

काइँथि- क्रियो. कहाँनिर, कतिखेर ।

काउजिउ- ना. हे. काउजु ।

काउजु- ना. काका, सानो बुबा, वा सानी आमाको दुलाहा ।

काउले.- वि. काउला पारेर बोल्ने व्यक्ति, फटाहा, भित्रभित्र कूटनीति गर्ने बाहिर सोझो बन्न काउला पार्ने ।

काकु- ना. हे. काउजु ।

काखी- /काखि/ [काख्+ई] ना. काख ।

कागुनु/कागुनो- ना. बेथेका गेडाभन्दा केही ठूला गेडा हुने अन्न ।

काडियो१- ना. (तत्स. कङ्कतिका) केश मिलाउने वा सफा गर्ने कडा रबर वा बाँसको दाँतीदार वस्तु । काइँयो, काँडियो ।

काडियो२- ना. घट्ट वा झाँताको माथिल्लो पत्थर पिस्ने बेला उठाउन प्रयोग गरिने खोपिल्टो भएको डल्लो काठ, माथिल्लो पाथरको ओइरो हाल्ने ठाउँ राखिने वस्तु ।

काटिइनु- [काट्+इ+(नु)] अकि. झगडा गर्नु, वादविवाद गर्नु, चिथोरा-चिथोर गर्नु, कुकुर, बिरालो र चराको लडाई वा झगडा गर्ने काम ।

काट्टकुट्ट- अमू. त्यत्तिकै, रल्लिएर, सानातिना काममा अल्झिएको अवस्था ।

काट्टो- ना. (बहु./ति. काट्टा) फर्सीको मन्टा, अन्य घाँसका पात वा टुप्पा ।

काठे- वि. असलीरूप गुमाएको, कमसल वा लोकल ।

काते- वि. ढल्किएको, एक कुना बाङ्गिएको ।

कात्या- वि. हे. काते ।

कान- ना. काँध ।

काने- ना. कानकै आकारका पात हुने एकजातको सानो झार, भर्खर पलाएको कलिलाको साग तथा घाँस हुने झार ।

कानो- वि. १. एउटा आँखा नदेख्ने वा फुटेको । २. भित्र गेडा नभएको अन्न ।

कान्ठो- वि. (बहु./ति. कान्ठा, स्त्री. कान्ठी) कान्छो ।

कान्या- ना. हे. काने ।

कान्सो- वि. (बहु./कान्सा, स्त्री. कान्सी) हे. कान्ठो ।

कापो- ना. अमिलो पात हुने एक प्रकारको हिउँदे झार ।

काप्चे- वि. काप भएको, नुहेको रूखका हाँगा अड्याउन प्रयोग गरिने टेको ।

काप्डो- ना. काप्प्रो, बैन्डिङ, भाँचिएको अङ्ग जोड्न बाँसका चोयाद्वारा बनाइएको विशेष प्लास्टर ।

काम्लो- ना. कम्बल ।

कायल हुनु- (टु.) हैरान हुनु, बसमा पार्न नसक्ने हुनु ।

कारौं- ना. हे. कर ।

कार्नु- [कार्+(नु)] सकि. भुत्ते हतियारमा साँध लगाउनु ।

कालिखात्ते- ना. खोलैखोल उड्ने एक जातको कालो चरो ।

कालोबान- /कालोबान्/ ना. हैजा, पखाला ।

काहाइँ- क्रियो. १.कहीँ पनि, कतै पनि, २.क्ताबाट ।

काँहै- क्रियो. क्ताबाट ।

कि- विभ. लाई, चतुर्थी बिभक्ति बोधक चिन्ह ।

किचार- ना. खुट्टा भासिने ठाउँ, दलदल, किचड, हिलो भएको ठाउँ ।

किच्चो- ना. प्राणी जन्मिने ठाउँ, प्राणीको उत्पत्ति हुने अङ्ग, योनि, भग ।

किडो- ना. किरो ।

कित्थो- ना. किथ्रो ।

किन्जा- ना. झिजामिजा, साना दाउरा ।

किन्नाकोडी- /किन्नकोडि/ ना. किर्नो लागेजस्तै लागि रहने व्यक्ति, लोभी ।

किन्नु/किन्नो- ना. (बहु./ति. किन्ना) किर्नो, पशुको शरीरमा टाँसिएर रहने एकप्रकारको किरो ।

किमडो- ना. १.कमेरो । २. अछाममा पुजिने एक देउता ।

किरकिट्टी- /किरकिट्टि/ ना. ताराको नाम, छबटा तारको समूह ।

किरिये- सकि. कार्यका निम्ति उद्देश्य गरिएको । 'किरिये पुल्ती बस्नु' (गा.) 'आशौच बार्नु' (टु.) ।

किर्मिलो- ना. कमिलो ।

किर्मुलो- ना. हे. किर्मिलो ।

किलौटो- ना. किल्ने वा कोच्ने साधन ।

किल्नु- [किल्+(नु)] सकि. कोच्नु, जबर्जस्ती गर्नु ।

कुइनो- ना. कुहिनो ।

कुकेमाखो- ना. हे. कुक्र्यामाखो ।

कुक्र्यामाखो- ना. कुकुरमा लाग्ने माखो, माखाको एक प्रजाति ।

कुचडी- /कुचडि/ ना. हे. अन्यैती ।

कुच्ची- /कुच्चि/ ना. चाभी, ताला खोल्ने र बन्द गर्ने साँचो ।

कुटिपिसी- /कुटिपिसि/ अमू. कुटपिस, कुट्ने पिस्ने काम ।

कुट्को- ना. (बहु./ति कुट्का) टुका, सुपारी आदिको टुक्का ।

कुठौर- /कुठौर्/ कुठाउँमा, नराम्रो ठाउँमा ।

कुडा- ना. कुरा, बोली ।

कुति- ना. कुकुर, (बालभाषा) ।

कुनाउणो- ना. गहुँको भुस ।

कुनिको- क्रियो. निजी आफ्नै, व्यक्तिगत ।

कुन्टो- (बहु./ति. कुन्टा, वि. कुन्टे) घरभित्रको एकान्त र अँध्यारो कुना वा कुनो परेको ठाउँ ।

कुम्पाखो- [कुम्+पाखो] ना. कौसी माथिको छानो ।

कुम्लो- ना. पिठ्युमा बोक्ने सानो भारी ।

कुरीकुच्चो- ना. कुर्कुच्चो ।

कुरु- ना. बाँसका चोयाले बनेको ठूलो थुन्सेजस्तै तर बोक्न नमिल्ने वस्तु ।

कुरो- ना. कुरेझार, लुगा र शरीरमा बिझ्ने काँडेदार झार ।

कुर्बान- /कुर्बान्/ मुजा पारेर सिलाइएको दुई तीन मुख भएको थैलो, सुर्के थैलो, कुर्बान थैली (विप.) ।

कुर्भाडी- /कुर्भाडि/ ना. बिहेका बेला दुलाहाका तर्फबाट लगी दाइजो प्राप्त मुख्य सामान राख्ने बाँसका चोयाले बनेको विशेष खालको वस्तु ।

कुलिबान- /कुलिबान्/ ना. कुलाको मुहानमा रहेको बाँध ।

कुल्लनु- [कुर्ल+(नु)] अकि. कुर्लनु, कराउनु ।

कुल्लो- ना. (बहु./ति. कल्ला) आवाज, ठूलो स्वर निकाली कराउने काम, आ !! ओहोइ ओहोइको स्वर ।

के- नि. खै ।

केजानी- /केजानि/ विबो. आफूलाई जानकारी नभएको अभिव्यक्ति दिँदा भनिने शब्द, कोजानी, खै ।

केराकेटी- /केराकेटि/ ना. केटाकेटी, बालबालिका ।

केला- ना. केरा ।

कैको- वि. (बहु./ ति. कैका, स्त्री. कैकी) कस्को ।

कैठ- /कैठ्/ ना. रोग, व्यथा ।

कैठिया- [<काठ+इया] वि. रोगी ।

कैताआ- कियो. कतिखेर ।

कैथाआ- कियो. हे. कैताआ ।

कैथि- अ. कोसँग ।

कैथुरी- ना. कस्तुरी, नाभीमा बिना हुने जातको मृग ।

कैथो- वि. कस्तो ।

कैनु- [<कह+(नु)] सकि. हे. कइनु ।

कैभाँत- कियो. एकाएक, कसरी, कुन किसिमले, कुन तरिकाले । (उदा. हुड्केहरूले भारत हाल्दा नाचेर गाउँदा आख्यानको बीचमा कथा वा आख्यानलाई प्रभावकारी बनाउन संवादका सुरुमा प्रयोग गर्ने वाक्यांश - (महाराज पैकेलाको छोरो दाइने हात कान्याको तरवार, बायाँ हात झल्कायाको ढाल खोलाइ खोला आफ्ना शत्रुसँग कैभाँत सवाल जबाफ हन्न लाग्यो छ (हुड्को बजाउँदै)) ।

कैल- कियो. कहिले ।

कैलासखोला- [कैलास+खोला] ना. अछाम जिल्लाको रामारोसनबाट उद्गम भई बग्ने एउटा प्रसिद्ध खोला । अछाम जिल्लाको बीच भागमा बगेर यस जिल्लालाई दुई भागमा विभाजन गर्ने खोला ।

कैलु- ना. गाई, धामीहरूले गाईलाई प्रयोग गर्ने शब्द । (पडेलीको भाषामा) ।

कैले१- ना. हे. बाउँटो ।

कैले२- वि. कैला रौं भएको ।

कोई- /कोइ/ सर्व. कोही ।

कोट्टो- ना. १.वस्तुलाई लक्षित गरी बस्ने ठाउँ, बाघले आधा खाएको जनावरको अंश । २.काठको टुक्रा ।

कोठार- /कोठार्/ ना. कोख, पाठेघर, सन्तान जन्मिनुअघि आमाको पेटमा बस्ने ठाउँ ।

कोठो- ना. घट्टमा ओइरो हाल्न बनाइको बाँसका चोयाको वस्तु ।

कोठो पुर्नु- (टु.) खेत रोप्दा ठूलो गरामा भुमरीको आकारमा बीउ रोप्ने काम ।

कोड- /कोड्/ ना. कुष्ठरोग, नसुध्रने प्रवृत्ति ।

कोडी- /कोडि/ वि. कुष्ठरोगी, घिन लाग्दो व्यक्ति वा वस्तु, अटेरी ।

काडो/कोणो- ना. घरको भित्ताको कुनु, छेउ, किनार ।

कोथाले- वि. ठूलो, (उदा. केटाकेटीहरूले चलाउन सक्दैनौ यो कोथाले आँसी हो) ।

कोदाडी- /कोदाडि/ ना. कोदो छरेको वा छर्न गरेको जग्गा, बारी ।

कोदे- ना. कोदो ।

कोद्दु- [काद्+(दु)] सकि. कोर्नु,

कोद्या- ना. हे. कोदे ।

कोन्नु- [कान्+(नु)] सकि. कोर्नु ।

कोयान्नु- ना. कोइला र खरानीद्वारा भाँडा माज्न बनाइएको मज्नी, पोत्न प्रयोग गरिने कपडा ।

कोर्को- ना. हे. कर्को ।

कोलडी- /कोलडि/ वि. कोरली, नबिहाएको गाई ।

कोलडो- वि. हे. कोलडी

कोल्थो- ना. बोराभन्दा सानो थैलो, एक मुरी नापभन्दा कम नापको बोरा ।

कोसो- ना. (बहु./ति. कोसा) मकैका कोसा, दाना लाग्ने पोखसहितको घोगा ।

कोसी- /कोसि/ ना. काठ वा पित्तलको पिठो मुस्ने भाँडो, परात, बाटा ।

कौद पड्नु- (टु.) गाली गर्नु, निरर्थक जीवन बित्नु, नर्क बास हुनु ।

क्वाँके- ना. केटाकेटीहरूलाई डराउन दिनका लागि ओठले वा हातमुखमा लगाएर कुइँ-कुइँ वा च्वाँक-च्वाँकजस्तो गरेर निकालिने आवाज, भूत वा डराउन दिने वस्तु वा आवाजको प्रतीक, हाउगुजी ।

ख

खके- वि. भकभके, अन्कनाएर बोल्ने व्यक्ति ।

खक्या- वि. हे. खके ।

खच्रो- वि. खस्रो, धेरै मसिनो नभएको, पिठो विशेष ।

खट्कने- ना. भैंसी वा गाईको खुट्टो खोच्याउने एकप्रकारको रोग ।

खड१- क्रियो. खेर, काम नलाग्ने ।

खड२- /खड्/ना.खर, घर छाउन उपयोग गरिने सुकेको एक प्रकारको घाँस ।

खडीपाल्तो- [खडी+पाल्तो] क्रियो. बेकाम, काम नलाग्ने, खाएर फालेको टपरी वा पाल्तो ।

खड्केलो- वि. (बहु./ति. खडकेला, स्त्री. खड्केली) जैसी बाउन वा त्यस्ता बाउनबाट जन्मिएको सन्तान, जैसी ।

खड्याउनु- [<खाल्डो+याउ+(नु)] सकि. गाड्नु, पुर्नु, दबाउनु ।

खड्यान्- [खाल्डो+यान्] वि. खाल्डो भएको ठाउँ । (उदा.माटी खड्यान्) । उमेर नपुगेका बच्चाहरू मरेपछि गाडिने ठाउँ, (उदा. उसको खड्यान्) ।

खत- ना. अपराध, बिगो ।

खनारो- [खनार्+ओ] ना. एकपटक घर बनाइएको जग्गा । घर बनाई भत्काइएको ठाउँ ।

खन्खनाना- क्रियो. स्पष्ट रूपसँग । (उदा. मैले खन्खनाना रूपैंया गनेको त्यस गोरुको) नगद गनेर भन्ने सन्दर्भमा) ।

खन्खनानो- [खन्+खनान्+ओ] क्रियो. पूरै सफा चट । (उदा. पानी परी आकाश खन्खनानो भयो) ।

खन्टो- ना. नाकमा लगाउने गहना, फुली ।

खन्ड- विभ. कन, लागि, चतुर्थी विभक्ति बोधक चिन्ह ।

खप्तड- /खप्तड्/ ना. अछाम, डोटी, बझाङ र बाजुराको संगम स्थलमा पर्ने पसिद्ध ठाउँ, खप्तड लेक, खप्तड राष्ट्रिय निकुञ्ज, खाप्तडमा बस्ने बाबा- खप्तड बाबा ।

खमेओ- वि. तीनवटा थुन भएको भैंसी ।

खम्म- ना. देउराली, डाँडाको अग्लो ठाउँ ।

खडी- /खडि/ ना. खरी, सेतो कमेरो माटोबाट बनाइएको पाटीमा लेख्ने साधन ।

खरी- /खरि/ ना. दाउराको सानो छेस्को ।

खरो- क्रियो. १.गलो सुक्ने, पानी खाउँखाउँ लाग्ने, आँत सुक्ने रोग । २. हल्का पाराको व्यक्ति ।

खर्चो- वि. हे. खच्रो ।

खलाम्म- अमू. चिप्लिएर लड्ने काम, खुट्टामात्र चिप्लिएर शरीर थाम्मिएको रड्काइ ।

खलो- ना. (बहु./ति. खला) १.धान, गहुँ, कोदो आदि बाली दाइँ हाल्न तयार पारिएको ठाउँ, आगन । २.एउटा बाली पाकेपछि छ महिनासम्म आफ्नो घरको लुगा सिलाउने, काठको काम गर्ने, आँसी कार्ने व्यक्तिलाई दिइने खाद्यान्न, ज्यलाको रूपमा नभई बाली पाकेपछि सधैं काम गरेबापत दिइने अन्न । (उदा. खलो पुलो, भागे दमाईंले खलो लियो) ।

खल्को- ना. शरीरलाई मिचमाच नपारेर मैलोपन नफालीकन मलामीले नुहाउने प्रक्रिया, खल्को पानी ।

खल्को हाल्नु- (टु.) मलामीले नुहाउनु ।

खस्याउटो- वि. भक्खर बनाएको खसी, सानो खसी ।

ख हुनु- (टु.) अपराध स्वीकार गर्नु, बक्नु ।

खाँनैन- अकक्रि. खाँदैन ।

खाइटो- ना. खास्टो, महिलाहरूले ओढ्ने ओढनी ।

खाइनु- [खाइ+(नु)] सक्रि. दुख्नु, पीडाहुनु ।

खाजा-खाजा- अमू. टुक्का-टुक्का ।खाडल- ना. हे. खाता ।

खाता- ना. खाल्टो, खातो ।

खाता हाल्नु- (टु.) गाड्नु, पुर्नु ।

खादडो- ना. खजुरो, खाद्रो ।

खान- ना. भन्ज्याङ, खाँद ।

खानु- [खा+(नु)] अक्रि. दाँत हुने किरा र पशुको टोकाइ, (उदा. कुकुरले खायो) ।

खान्ना- क्रि. खालान् ।

खाप्चो- ना. मुख, (गाली अर्थमा) ।

खाप्नु- [खाप्+(नु)] सक्रि. दुईवटा एउटैमा मिलाउनु ।

खाम- /खाम्/ वि. नबुझिने कुरा, पाल्सी, कूटभाषा ।

खामु- ना. खाँबो, खम्बा ।

खार्न- क्रियो. घर वा नयाँबाटो बनाउन सोहोर्ने काम, सरसफाइ ।

खार्नु- सक्रि. दुबो मात्र काटिने गरी भुइ ताछ्नु ।

खाल- /खाल्/ ना. पोखरी, पानी जम्मा भएको ठाउँ ।

खालो- ना. छाला वा छाला गएको टाटो ।

खासा- ना. पातलो कपडा, मुर्दाको बाट बनाइने पातलो खासा लुगा ।

खिका- ना. बुट्टा ।

खिके- वि. बुट्टादार ।

खिन्ट्याउनु- [खिन्ट्याउ+(नु)] सक्रि. रस सुक्ने गरी बेसरी पकाउनु । चुक, उखुको रस तथा अन्य औषधीको काढा बनाउने काम ।

खिस्सानु- [खिस्साउ+(नु)] अक्रि. खिसिनु, निरत्तर हुनु ।

खुई- /खुइ / क्रियो. फुकाउनु, बन्धन मुक्त गर्नु ।

खुट्कुली- /खुट्कुलि/ ना. ढुङ्गे घरको ढुङ्गाले बनेको भऱ्याङ ।

खुडी- /खुडि/ ना. पिञ्जडा ।

खुड्का- ना. कामका लागि बनाइएका काठका टुका ।

खुनु- [खु+(नु)] सक्रि. फुकाउनु, बन्धन मुक्त गर्नु ।

खुन्डा/खुन्ना- ना.काठका स-साना टुक्का ।

खुमेउनु- [खुमेउ+(नु)] सकि. गहुँमा पानी मुछेर ढिकीमा कुटी त्यसको बाहिरी भुस फाल्नु वा फल्नु ।

खुम्णो- वि. निसन्तान व्यक्ति ।

खुम्ला- ना. हड्डी वा जोर्नी, घुँडामुनिको भाग ।

खुरिनु/खुर्रिनु- [खुरि+(नु)] अकि. रिसाउनु, झर्किनु ।

खुरो- ना. अल्मुनियम, फिउस ।

खुर्दम्म- क्रियो. बेफुर्सदी भएर चलिरहनु, प्रयास गर्नु, सफलताको प्राप्ति नभएसम्म लागि रहनु, चकचक गर्नु ।

खुसाउनु- [खुस्+आउ+(नु)] सकि. १. फुकाउनु, बन्धन मुक्त गराउनु । २. पेटमा रहेको बच्चा महिना नपुग्दै फाल्नु, भ्रूण नष्ट गर्नु ।

खुसानी- /खुसानि/ ना. खुर्सानी ।

खेदाउनु- [खेदाउ+(नु)] सकि.हे. रेगड्डु ।

खेर- विभ. लाई, लागि, चतुर्थी बिभक्ति बोधक चिन्ह ।

खेरि- नायो. पटक । (उदा. तीनखेरि, तीनफेरि) ।

खेलो- ना. बेचबिखन, व्यापार ।

खेवो- ना. पायक पर्नु, नजिक हुनु । (उदा. नेपालगन्जबाट भारतजाने खेवो रूपैडिहा पर्छ) ।

खैंचनु- [खिंच्+(नु)] सकि. खिंच्नु, तान्नु ।

खैत्तु- सकि. हे. खैंचनु ।

खोई- /खोइ/ क्रियो. खुई ।

खोइरो१- ना. (बहु./ति. खोइरा) काठका स-साना टुक्का ।

खोइरो२- ना. कपालका सबै रौं झर्ने एक प्रकारको रोग । 'तेरा कप्पालौनी खोइरो लागौ' (गा.) ।

खोइरो खन्नु- (टु.) नालीबेली केलाउने काम, विरोधमा लागि पर्नु ।

खोचो- ना. तीनवटा कुना भएको सानो पोको, कोसेलीको पोको वा पितृभाग, खोचो-पोको ।

खाड- ना. खोर, **¼पस्नु-** (टु.) खोरमा पस्नु, अन्डा पार्न जानु । (उदा.माउको खोड पस्यो) ।

पड्नु- [खोडि+पड्+(नु)] सकि. साह्रो दिसा पर्नु, गोटा पर्नु ।

खोड्या- वि. बीचमा दाँत नभएको, थोते ।

खोदल्नु- सकि. खोतल्नु, छानबिन गर्नु ।

खोप्डी- /खोप्डि/ वि. १. घर भन्न नसुहाउने घर, (गाली अर्थमा) । २. मन्टो वा टाउको ।

खोप्डो- वि. हे. खोप्डी ।

खोरल्नु- [खोरल्+(नु)] सकि. भात, ढिँडो आदि पकाउँदा डाडु पन्यूले चलाउनु ।

खोरे- ना. यौनाङ्गको फोहोर, रद्दी, फुसी ।

खोरेन- /खोरेन्/ ना. पैताला वा कुर्कुच्चा आदि पाक्ने एकप्रकारको पशु रोग ।

खोरो- ना. १. टाउको । २. भाग्य, नहुनु पर्ने हुनु । **~लाग्नु-**(टु.) दशा लाग्नु, विपत्तिमा पर्नु, अचम्म पर्नु ।

खोल- /खोल्/ ना. मरेपछि लासलाई लगाइदिने लुगा ।

खोस्याउनु- [खोस्याउ+(नु)] सकि. १. केही गर्न नसक्नु, नगण्य प्रभाव पार्नु । २. भिजाएर दालका बाहिरको बोक्रा पाल्नु ।

खौलो- ना. अप्ठेरो खोलो, चिरेटो, खोल्सेरो ।

ख्याउटे- ना. (बहु./ति. ख्याउट्या, स्त्री. ख्याउटी) १. डुङ्गा खियाएर यात्रुलाई नदी तराउने मान्छे, राजी वा माझीको पेसा गर्ने मान्छे । २. परिपक्व तर होचो दुब्लो र पुड्को मान्छे ।

ख्वाले- वि. अपरिष्कृत, पाखे, खस, अविशिष्ट ।

ख्वाले-भाषा- विप. व्याकरणद्वारा नसाधिएको भाषा, संस्कृतबाट अपभ्रंश अवस्थामा रहेको भाषा ।

ग

गँडेल- ना. शङ्खे कीरो ।

गच्चो- वि. (बहु./ति.गच्चा) धेरै पानी हालेर बनेको गिलो पिठो पा त्यस्तो पिठोको राम्ररी नपाकेको रोटी, बाक्लो भएर भित्र नपाकेको रोटी ।

गछ्याउनु- [<गाछ्+याउ+(नु)] सकि. गाँस्नु, रसीमा गाँठो पारेर दुईवटालाई एउटै बनाउने काम ।

गजिनु- ना. लास मसान घाट लैजाँदा प्रयोग गरिने कपडा ।

गजो- ना. दमाहा, टाम्को आदि बाजा बजाउने दरो काठ ।

गज्जालो- वि. हे. गौरालो ।

गट्टो- ना. पीर, दुःख ।

गडुल- /गडुल्/ ना. गरुड, चिल ।

गडेन- /गडेन्/ ना. गडा परेको पाखो जग्गा, खेत ।

गडो- ना. (बहु./ति. गडा) गरो, खेतलाई छुट्टा छुट्टै टुक्कामा गरिएको विभाजन ।

गड्यान-/गड्यान्/ ना. गरैगरा भएको ठाउँ ।

गत- ना. गहत ।

गताडी- /गताडि/ ना. गहत छर्ने गरेको जग्गा ।

गधल्किनु- [गधल्कि+(नु)] अकि. फतक्क पाक्नु, बेसरी पाकेर गल्नु ।

गधे- वि. जोत्दा बस्ने गोरु । गधे बल्ल (टु.) ।

गनलाउनु- [गन+लाउ+(नु)] सकि. खेरजान लागेकोलाई काम लगाउनु, सियार्नु, सनेल्नु ।

गन्ठबाय- /गठन्बाये/ [गठ्+बाय] ना. हात वा खुट्टाको जोर्नी दुख्ने रोग, बाथ रोग ।

गन्न- ना. गन्ध ।

गन्यौलो- ना. (बहु./ति. गन्योलो, हे. गन्यौले) गड्यौला, पानी परेका बेला देखा पर्ने मसिना माटे किरा ।

गबछल- /गब्छल्/ ना. गबुआमा लगाउने डोरी, गाबुको उजिन्डो ।

गबलु- ना. गाई, (पडेलीको भाषा) ।

गमारा- ना. यात्रा, भ्रमण ।

गमारे- [गमार्+ए] वि. यात्री, यात्रु, यात्रा गर्ने मानिस ।

गल- /गल्/ ना. ओट, छेकबार, रोकथाम, गह्रौं वा गाडिएको वस्तु उखेल्न प्रयोग गरिने फलाम वा काठको दरो साधन, ।

गलगलानु- /गल्गालानु/[गल्+गला+(नु)] अकि. बेसरी भिज्ने काम, निथ्रुक्क, कतै पनि ओबानो नरहेको । (उदा. पानी परेका बेला ओत लाग्ने ठाउँ नहुँदा म त गलगलानु भिजें) ।

गल हाल्नु- (टु.) ओट लगाउनु, रोक थाम गर्नु, ठूलो ढुङ्गा वा मुढोलाई धक्याउनका लागि सहयोग गर्ने सानो काठ । (उदा. ओरालो ठाउँमा गाडी रोक्दा गल हाल्नु पर्छ, मुढो पल्टाउन गल हाल्नु पर्छ) ।

गलाइनु/नो- ना. एक प्रकारको जङ्गली भुइँ घाँस ।

गलि- क्रियो. हे. गलिगली ।

गलिगली- /गलिगलि/ क्रियो. विनम्र, अनुरोध, (उदा. भोलि बाटो बन्द हुनाले गलीगली छ हजुर मेरो प्रमाण-पत्र आजै बनाइदिनु पर्‍यो) ।

गलिनु- [गल्+इ+(नु)] अकि. थाक्नु ।

गलो- ना. घाँटी, मीठो स्वर ।

गल्किनु- [गल्कि+(नु)] सकि. हे. गधल्किनु ।

गल्थिनु- [गल्थ+इ+(नु)] अकि. एकत्रित हुनु, जम्मा हुनु, भिड लगाउनु । (उदा. पानी परेर गाई गल्थिया छन्) ।

गल्फु- वि. फुलेको, सुन्निएको वा मोटाएको गाला ।

गल्भो- ना. (बहु./ति. गल्भा) गाई वस्तु छिर्ने सानो बाटो वा गोरेटो । अप्ठेरो भन्ज्याङ वा घुमाउरो मोड ।

गल्यौं- ना. दाम्लो, गाई-भैंसी बाँध्ने विशेष डोरी ।

गाँछ- /गाँछ्/ ना. नसा जोडिएको ठाउँ, जोर्नी ।

गाँड- /गाँड्/ ना. गलगाँड ।

गाँडी- /गाँडि/ ना. गुप्ताङ्ग, योनि ।

गाँडीको दफाल्नु- (टु.) स्त्रीको गुप्ताङ्ग वरिपरिको भाग ।

गाजो- ना. भर्खर पलाएको कलिलो खर ।

गाड- ⁄गाड्⁄ ना. खोला ।

गाड्नु१- [गाड्+(नु)] सकि. तान्नु, निकाल्नु, भिक्नु काम, (उदा. रामले मह गाड्यो) ।

गाड्नु२- [गाड्+(नु)] सकि.पर्नु,सेलाउनु ।

गादी- ⁄गादि⁄ ना. गद्दी, सिंहासन ।

गादो⁄गाधो- ना. राउतेको पहिरन, नसिलाई गाँठो पारेर लगाइएको लुगा ।

गाना१- ना. (आ.) गीत ।

गाना२- ना. माटामुनि फल्ने तरुल वा पिंडालुका गोला फल, लाम्चाभन्दा भिन्न, (उदा. तरुलका गाना) ।

गाना३- अ. माया गरेर आफूभन्दा साना आफन्त तथा छोरा-छोरीलाई बोलाउने शब्द । (उदा. ए ! गाना) ।

गान्टो- वि. (बहु.⁄ति. गान्टा, स्त्री. गान्टी, वि.गान्टे) छोटो माटो मोन्छे, माया गरेर बोलाउने शब्द । (उदा. ए ! गान्टा) ।

गाब- ⁄गाब्⁄ ना. भैंसीका पेटको पाडो वा पाडी ।

गाबिनु- [गाब्+इ+(नु)] अकि. ब्याउने हुनु, चौपाया जनावरमा ब्याउने लक्षण देखिनु, गाभिनु ।

गाबु- ना. गबुआ, गाई-भैंसी दुहुने काठको भाँडो ।

गाय- ना. चिउरीको भन्दा साना चिल्ला पात हुने रूख, डाले घाँस हुने जातको वृक्ष ।

गाल- ⁄गाल्⁄ ना. गाली, मिथ्या आरोप ।

गालक- वि. [गाल्+अक] गाली गर्ने पुरुष ।

गालिउरे- ना. मोही कपडामा बाँधेर झुन्ड्याएपछि पानी नित्रेर कपडामा बचेको बाक्लो दहीजस्तो पदार्थ, गालिम ।

गालिउरो- ना. हे. गालिउरे ।

गालिका- [गाल्+इका] वि. गाली गर्ने महिला ।

गाली१- ना. आवेशका अवस्थामा गरिने प्रतिकारात्मक उक्ति, आवेशमय कथन ।

गाली२- ना. गालाको स्त्री लिङ्गी रूप, गीतका सन्दर्भमा गालाका गालि आउने शब्द ।

गावनचोली- ⁄गावन्चोलि⁄ [गावन्+चोली] ना. बिहेको लुगा, बिहेमा महिलाका लागि बनाइएको गाउन र चोली । विशेष लुगा । **¼लाउनु-** (टु.) बिहे गर्नु) ।

गासे⁄गास्से- वि. अर्काको घरमा गासको आस गर्ने । कुनै नाता नपर्नेको घर गासका लागि मात्र बसेको । नौकर (गाली अर्थमा) ।

गिठा१- ना. दाउन, मल्से, ठेकी आदि बनाउन मिल्ने एक जातको रूख, गिठी ।

गिठा२- ना. लहरा हुने तथा जरामा फल्ने एक निम्न जातको तरुल, गिठा-भ्याकुर ।

गिद- ⁄गिद्⁄ ना. गीत ।

गिदडो- ना. फर्सी, काँक्रो, मेवा आदिको बियाँ रहने पाकेको भित्री भाग, गुदी ।

गिदाउडो- [गिद्+आउ+डो] ना. (बहु./ति.गिदाउडा, स्त्री. गिदाउडी, वि. गिदाउडे) गीत गाउने, गायक ।

गिन्नो- ना. (बहु./ति. गिन्ना) गिड, रूखको छटनी गरी काटिएको काठ, लट्ठा, (उदा : एक गिन्नो) ।

गु- ना. १. गुहु, दिसा । २. मति नभएको मानिस ।

गुगानु- [गुगा+(नु)] अकि. आवाज दिनु, हल्ला गर्नु, मेघ गर्जिनु, (उदा. सरग गुगानो छ) ।

गुजेडा- ना. सुकेको सिगान, सिगानको पाप्प्रो ।

गुदडी- /गुदडि/ [गुदड्+ई] ना. सिरक ।

गुनो- ना. लामो पुच्छर तथा कालो मुख भएको बाँदरको प्रजाति ।

गुन्यालो- ना. (बहु./ति. गुन्याला) घरको भित्तामाथि प्रकाश आउन बनाइएको प्वाल, गवाक्ष, भ्यान्टिलेसन ।

गुयालो- रूख र पात हुने ठूलो एकजातको वृक्ष ।

गुयेडो- ना. (बहु./ ति. गुयेडा) भँगेरो ।

गुराउँस- /गुराउँस्/ ना. लेकमा पाइने तिहुन खान हुने सेता गेडा भएको बोडी ।

गुराउँसी फूल- नाप. गुराँसको फूल ।

गुलुब- ना. बल्व ।

गुल्जो- ना. सुकेको काम नगाग्ने घाँस, पराल आदि ।

गुल्जो-मुल्जो- अमू. हे. गुल्जो ।

गुल्लो- ना. (बहु./ति. गुल्ला) अन्डकोष ।

गेडी- /गेडि/ ना. फुल, अन्डा ।

गेल- ना. मुढो ।

गैंटनु- [गैंट+(नु)] सकि. माटामा गाड्नु वा कोच्ने काम ।

गैरो- वि. हे. गैलो ।

गैलो- वि. (बहु./ति. गैला, स्त्री, गैली) गहिरो, भित्र लुकेको, सतह तल भएको । (उदा. गैलो खाल्टो, गैलो कुरा) ।

गोठजाने हुनु- (टु.) गर्भवती हुनु, गर्भ रहनु, दुई जीउकी हुनु ।

गोड- /गोड्/ ना. फोहोर फाल्ने वा गाउँदेखि टाढाको दिसा-पिसाब गर्ने ठाउँ, निकास भएको बाटो ।

गोडेन१- /गोडेन्/[<गोडा+एन] क्रियो. खुट्टा भएतिर ।

गोडेन२- /गोडेन्/[<गोडा+एन] ना. हे. गोड ।

गोडो- ना. (बहु. ति. गोडा) खुट्टो ।

गोती- /गोति/ वि. (स्त्री. गोतिनी) आफन्त, पति वा पत्नी, नजिकको व्यक्ति, गोत्यार, (उदा. तेरो गोती, तेरी गोतिनी– व्यङ्यार्थमा) ।

गोधारे- वि. मोटो-घाटो तर निर्बल व्यक्ति ।

गोब्रिठ्याउको- [गोबर्+ठ्याउको] ना. (बहु./ति. गोब्रिठ्याउका) गुइठा, गोबरका डल्ला बनाइ सुकाइएका डल्ला ।

गोराहा- ना. ठूलो साँप ।

गोलाङ्गे- ना. राघेपाटे रङको बाघ, चित्तल ।

गोल- /गोल्/ आगाको राप भएको कोइला, भुङ्ग्रो ।

गोसाइ- ना. मालिक, तल्लो जातका मानिसहरूले उपल्लो जातका पुरुषहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

गोसी- /गोसि/ ना. मालिक्नी, तल्लो जातका मानिसहरूले उपल्लो जातका छोरी बहिनीहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।

गौंडो- ना. (बहु./ति. गौंडा) सबैले हिँड डुल गर्ने सानो उकालो परेको बाटो, अन्यत्रबाट हिँड्ने बाटो नभई त्यहीबाटो मात्र हुनु ।

गौरा- ना. गौरा पर्व, भाद्र शुक्लपक्षको अष्टमी तिथिका दिन मनाइने पर्व ।

गौरालो- वि. घमन्डी, सुनेको नसुनेजस्तै गर्ने, अटेरी, ठूलो पल्टिने व्यक्ति ।

गौलनु- [गौल+(नु)] सकि. गाबु वा ठेकीमा हात हालेर सफा गर्नु, गाबुमा हात हाली भित्र बाहिर गर्नु ।

घ

घँणालो- [घाँणो+आलो] ना. मुख्य, घाँडो लगाएको ।

घँसारी- [घाँस्+आरी] ना. (बहु./ति. घँसारा, स्त्री. घँसारी) घाँस काट्ने व्यक्ति, घँसिया ।

घँसेरो- [घाँस्+एरो] वि. (बहु./ति. घँसेरा, स्त्री. घँसेरी) घाँस ल्याउने व्यक्ति, घाँसी ।

घँस्याये- [<घाँस्+याये] ना. दुहुदा घाँस चाहिने भैंसी ।

घट- /घट्/ ना. मन, हृदय ।

घट्टालो- [घट्ट+आलो] वि. घट्टमा पिसाउन जाने व्यक्ति वा घट्टको मालिक ।

घट्नु- [घट्+(नु)] सकि. खुइलिनु, दुब्लाउनु ।

घट्टानाइ- कि. घट्दैनन् ।

घडी- ना. केराको घरी ।

घडीघडी- /घडिघडि/ क्रियो. बारम्बार, फेरिफेरि, घरिघरि ।

घडेउल- /घडेउल्/ ना. दिन । (पडेलीको भाषामा) ।

घडो- ना. (बहु./ति.घडा) माटामो घैंटो ।

घड्यास्स- अमू. ढोका उघार्दा आउने आवाज ।

घतघत- /घत्घत्/ अमू. हे. घुतघुत ।

घनेरी- ⁄घनेरि⁄ [घान+एरी] ना. कोलमा तेल पेल्दा तोरीको घान वा ओइरो हाल्ने महिला ।

घन्चाने- वि. घनजस्तै, नमिलेको, घन्टाउके ।

घन्नेट- ⁄घन्नेट्⁄ ना. नाम्लोले भारी कस्न प्रयोग हुने काठको सानो काप्चे ।

घराआ हुने- नाप. पति, श्रीमान्, घरका मालिक ।

घरिना१- [घर+इना] ना. घरमा बस्नेवाली, श्रीमती, घरकी मालिक्नी ।

घरिना२- ना. भात पकाउने महिला ।

घरौडै- [घर+औडै] कियो. घरमै, घरभित्रै, घरकै वरिपरि ।

घसाड्डु- [घसाड्+(डु)] सकि. घसार्नु वा घिसार्नु, लिप्नु वा चुप्डनु । (उदा. राटीमा घिउ घसाड्नु होस् न) ।

घस्कनु- [घस्क+(नु)] अकि. भनेको कुरा नसुनेर हिँड्नु, प्रस्थान गर्नु, हिँडिहाल्नु, खस्किनु ।

घाँट- ⁄घाँट्⁄ ना. घन्ट ।

घाँटीगेडो- ⁄घाँटिगेडो⁄ ना. रुद्रघन्टी, मानिसको च्युँडोको तल घाँटीमा अलिकति उठेको भाग ।

घाँटु- ना. पुरानो सामाजिक संरचनामा गाउँको मुखियाभन्दा तल्लो दर्जाको कारिन्दा ।

घा१- ना.भूवाको जात्रामा गरिने द्वन्द्वयुद्ध ।

घा२- ना. घाउ, चोटपटक ।

घाट- ⁄घाट्⁄ ना. नदी वा नदीको तीर ।

घाट- ⁄घाट्⁄ना. केही बोली, केही कुरा । (उदा. घाटै नबोल : केही नबोल्नुहोस्) ।

घाड- ⁄घाड्⁄ ना. छेकबार, बार ।

घाडो- ना. माहुरीको घार ।

घान- ⁄घान्⁄ना.एकपटक पेल्न वा पिस्न मिल्नेजति, ओइरो एकघान, दुईघान ।

घामथाडो- ⁄घाम्थाडो⁄ ना.घरको घाम पर्ने तल्लो तलाको पशुबाँध्ने ठाउँ ।

घारो- ना. आगोमा पकाउँदा भाँडामा कालो नगोस् भनी माटो वा खरानीमा पानी हालेर भाँडामो पछाडि लगाइने लेप ।

घाल्नु- सकि. केही बिगार गर्न नसक्नु, घुर्की लगाउनु । (उदा. हाकिम रिसाएर मेरो केही घाल्लैन) ।

घिची- ⁄घिचि⁄ ना. घाँटी ।

घिच्चेनी- ⁄घिच्चेनि⁄ कियो. कोचेर खाने काम, घिच्नु ।

घिनानु- [घिन+आ+(नु)] अकि. फोहोरी हुनु, घिन लाग्ने हुनु, बेइज्जत हुनु ।

घिनारम्म- कियो. फोहोरै फोहोर भएको, घिन लाग्दो ।

घिस्सिनु- [घिस्+इ+(नु)] अकि. घोट्टिइनु, खिइनु ।

घुइरेटो- ना. घुयँत्रो ।

घुच्चाउनु- [घुच्च+आउ+(नु)] सकि. धकेल्नु वा घोच्याउनु ।

घुडोमन्टो टेक्नु- (टु.) निहुरिनु, काम फुत्काउन सबै प्रयास गर्नु वा घुडो मन्टो समेत टेक्नु ।

घुतघुत- /घुत्घुत्/ अमू. पानी भर्ने वा खन्याउने बेला हने शब्द, पानी पोखिंदा आउने आवाज ।

घुतिमुती- /घुतिमुति/ अमू. घना हाँगा पात भएर पलाएको । (उदा. यो रूख पलााएर घुतिमुती छ) ।

घुतो- ना. थुङ्गा । 'फूलओ घुतो ओइलायेजन भये' (गा.) ।

घुत्याइलो- [घुतो+याइलो] वि. राम्रोसँग पलाएर भ्याङ्गिएको, बाक्लो हाँगा पात भएको ।

घोगा- ना. मकैको सिङ्गो स्वरूप, मकै, (उदा. घोगाका पात, घोगाका गेडा) ।

घोगाडी- /घोगाडि- ना. घोगा वा मकै छरेको जग्गा, बारी ।

घोच्चो- ना. (बहु./ति. घोच्चा) मुठो, सानो भारी ।

घोडल- /घोडल्/ना.घोरल, मृग विशेष ।

घोडासैन- /घोडासैन्/ ना. अछाम जिल्लाको एउटा प्रसिद्ध गाउँ, गाविसको नाम ।

घोडासैनी- /घोडासैनि/ [घोडासैन्+ई] वि. १.घोडासैन गाविसमा बस्ने जैमिनी गोत्री बाउनहरूको थर । २.घोडासैनीसँग सम्बन्धित वा घोडासैनको ।

घोडीलास- /घोडिलास्/ [घोडी+लास्] ना. तबेला, घोडा बाँध्ने ठाउँ ।

घोडीकाठ- /घोडिकाठ्/ [<घोगा+काठ] ना. घोगाको काठ, मकैको नल वा खोया, घोगिकाठ ।

घोड्किलो- [<घोडा+किलो] ना. गाबु झुन्ड्उने घोडाको जस्तो मुखाकृति भएको किलो ।

घोप्डी- /घोप्डि/ना. टाउकाको पछिल्लो भाग ।

घोल- /घोल्/ना. गुँड, पक्षीको बस्ने घर ।

च

चओड- /चओड्/ ना. चउर ।

चट्कालो- [चट्काल्+ओ] वि. छिटो, चाँडै ।

चडीबाग- /चडिबाग्/ ना. चराको जस्तो मुख भएको बाघ ।

चडीमाडो- ना. (बहु./ति. चडिमाडा) चरिम्लो, चरिअमिली, खाँदा अमिलो हुने लहरे झार ।

चडेफडे- [चडे+फडे] क्रियो. १. फतक्क नपाक्ने गरी भुट्ने काम । २. दुखाइ वा सहाराको खोजीमा छट्पटाउने काम ।

चडो- ना. चरो ।

चड्कनु [चड्क+(नु)] सकि. चर्कनु, दुःख्नु ।

चड्नु- [चड्+(नु)] सकि. १. उक्लिनु । २. फुट्नु वा चर्किनु ।

चद्दर- ⁄चद्दर्⁄ ना. च्यादर, ओढनी ।

चन्नी- ⁄चन्नि⁄ ना. निधार ।

चन्नेटो- [<चढ+एटो] ना. पिङ खेल्दा गोडा टेक्ने सानो काठ ।

चम्ड्याउनु- [<चाम्म्रो+याउ+(नु)] सकि. ओइल्याउनु, चम्रयाउनु ।

चल्ला- ना. चरा, साना पिउसा, मसिना किरा ।

चल्लो- ना. (बहु.⁄ति. चल्ला. स्त्री. चल्ली) चरो ।

चाँद्या- वि. ठूलो निदार भएकी महिला वा ठूलो निदार भएको पुरुष ।

चाइने- नि. थेगो । (उदा. तपाईंले चाइने किन सोधेको) ।

चाको- ना. घर माथिको तलामा जाने भऱ्याङ राख्ने ठाउँ, माथिल्लो तलामा जान बनाइएको चारकुने ह्वाङ ।

चाखुडो- ना. (बहु.⁄ति. चाखुडा) च्याखुरो, बनकुखुरो, चाखुरो ।

चाटे- वि. उत्तानो, आँखा आकासतिर फर्काएर लम्पसार पर्ने काम । ¼**पड्नु-** (टु.) उत्तानो पर्नु ।

चाट्या- वि. हे. चाटे ।

चाडा- वि. पाजि, निच वा तेस्रो पटक पोइल जाने महिला ।

चाडी- ⁄चाडि⁄ ना. घिउ राख्ने काठ वा फिउसको ठेकी ।

चाड्नु- [चाड्+(नु)] सकि. धपाउनु, खेदाउनु वा लखेट्ने काम ।

चानमाडो- ना. तान बन्दा फैलाइएको तानलाई छोट्याउने काम ।

चानस- कियो. चान्स, मौका, अवसर ।

चानी- ⁄चानि⁄ वि. चाँदी ।

चानु- ना. (बहु.⁄ति. चाना) चिरो । (उदा. काँकाको चानो) ।

चानो- ना. हे. चानु ।

चाप्की- ⁄चाप्कि⁄ [चाप्+की] ना. छुट्टा-छुट्टै पत्र भएको, गलामा च्याप्प टाँसेर लगाइने सुनको गहना ।

चाम्डो- वि. चाम्रो ।

चार्नु- [चार्+(नु)] सकि. पानी लगाउनु, सिचाइ गर्नु ।

चाला१- ना. चुक्ली, सिकायत, फट्याइँ गर्ने व्यवहार वा गतिविधि ।

चाला२- वि. बानी, प्रकृति, चलन ।

चाहा- ना. चिया ।

चाहादानी- ⁄चाहादानि⁄ ना. चिया वा पानी उमाल्ने भाँडो, कित्ली ।

चिउडा- ना. चिउरा, धानबाट बनाइएको खाजा ।

चिउरे- ना. चिउरीको बियाँबाट बनाइएको तेल, बनस्पति घिउ ।

चिउलो- ना. (बहु./ति. चिउला) साना टुक्का, टुसा, काइना, चिचिला ।

चिठा- ना. चिना, जन्मपत्रिका, टिप्पणी, जन्मकुण्डली ।

चिड्को- ना. चट्याङ । ¼**पड्नु-** (टु.) विनास हुनु ।

चित्रेखडी- /चित्रेखडि/ ना. सानो डाँठ हुने एक जातको खर घाँस ।

चित्रो- ना. बाँस, निगाला आदिको चायाबाट निर्मित रोटी राख्ने डलिया ।

चिन्डो- ना. एकप्रकारको फलबाट बन्ने तुम्बा ।

चिन्नु- [चिन्+(नु)] सकि. १.पहिचान गर्नु । २.ढुङ्गामाथि ढुङ्गा राखेर घरको भित्तो लगाउने काम, बनाउनु, निर्माण गर्नु, (उदा. चौतारी चिनें) ।

चिडो- ना. हे. चियडो ।

चिमडो- ना. (बहु./ति. चिमडा) चमेरो ।

चिमेनाठी- /चिमेनाठि/ ना. कुनै सन्तान नजन्मोस् भनी सराप्ने काम, निसन्तान, छोरा-छोरी केही नहुनु ।

चिम्तान्या- वि. अँध्यारो अनुहार भएकी महिला ।

चियडो- ना. मुर्दा पोल्न बनाइएको वा चिनिएको चिहान ।

चिलगाडी- /चिल्गाडि/ ना. चिलजस्तै देखिने गाडी, हवाइजहाज ।

चिलेइ- ना. शरीरको छाला सकसकाउनु, चिल्याउनु ।

चिल्तो- ना. बोको (पडेलीको भाषा) ।

चिल्नु- [चिल्+(नु)] अकि. लाम्खुट्टे, मौरी, आदिको टोकाइ, दाँत नहुने किराको टोकाइ ।

चिल्याइ- ना. हे. चिलेइ ।

चिस्नु- [चिस्+(नु)] सकि. लासमा आगो लगाउनु, मुर्दा पोल्नु । (उदा. तेरो चियडो चिस्नु होस्) ।

चुइकाउनु- [चुइकाउ+(नु)] सकि. १. बढी बनाबटी कुरा गर्नु । २. चुइँचुइँ आवाज गर्नु ।

चुइरेनी- वि. पिसाव वा त्यस्तै दुर्गन्ध ।

चुकानी- /चुकानि/ [चुक्+आनी] ना. चुक हुनुको भाव, चुकमय, चरिस्लोको रसबाट बनाइएको अमिलोपन । ¼**लाग्नु-** (टु.) सितन वा गोरस खान नपाउनु ।

चुकिले- ना. सानो अमिलो दाना फल्ने पात र दाना दुबै अमिलो हुने रूख वा त्यसका पात र दाना ।

चुकिलो- वि. अमिलो ।

चुक्नु- [चुक्+(नु)] अकि. भनिसक्नु, बचन दिनु, कुरो फुत्काउनु ।

चुक्यो- ना. खाँचो पर्नु, चासोको विषय, मतलब । कुरो लुकाउन नसकी भनिदिनु,

लुकाउन असफल हुनु । (उदा. नभन्नु भनेको त ऊ चुकिहाल्यो/भनिदियो, उसको निसाना चुक्यो, एकैछिन् अघि पुगेको भए हुने थियो, ढिलो भएर गाडी चुक्यो) ।

चुचु- ना. दूध वा स्तन, दूधको मुन्टा ।

चुट्टु- [चुट्+(टु)] सकि. चुट्नु, धुलो पिठो पार्नु ।

चुट्ठु- [चुट्+(ठु)]सकि. चुठ्नु, खाना खाएपछि आत मुख धुने काम ।

चुडा/णा- ना. चुरा, चुँडी ।

चुण्णनु- [चुण्ण+(नु)] सकि. धेरै तेल लगाउनु, चिपिचल्ल हुनु ।

चुनु- [चु+(नु)] सकि. चुहुनु ।

चुफी- /चुफि/ ना. टुप्पी ।

चुमजौँडो- ना. (बहु./ति. चुमजौडा) छालामा टासिने जुम्रा ।

चुमतीचौधडी- /चुमतिचौधडि/ क्रियो. बेसरी खोज्ने काम, सबै ठाउँ चहार्ने काम ।

चुवाड्नु- [चुवाड्+(नु)] अकि. मुख च्यात्नु, तिघ्रा फट्याउनु वा सम्भोग गर्नु ।

चुरिनु- [चुर्+इ+(नु)] अकि. रिसाउनु, नराम्रो भाषामा बोल्नु ।

चुरेइनी- वि. हे. चुइरेनी ।

चुलीकुन्टे- [चुलि+कुन्टे]ना.चुलाको कुन्टो, केटाकेटीहरूलाई डराउन दिनका लागि भनिने शब्द, हाउगुजी ।

चुलीकुन्ट्या- [चुलि+कुन्ट्या] ना. हे. चुलीकुन्टे ।

चेडो- ना. हे. चियडो ।

चेत- ना. चेतना, सचेतता । **¼कान बस्नु-** (टु.) बुझ्ने हुनु, जान्ने हुनु, समझदार हुनु ।

चेतकान हराउनु- (टु.) सुद्धी हराउनु, विवेक नहुनु, सोच्ने क्षमता नहुनु ।

चेपाउ- [चेप्+आउ] ना काँटा, महिलारूले कपाल अड्याउनु प्रयोग गर्ने साधन ।

चेलत्यार- /चेलत्यार्/ ना. माघीमा दिदी र बहिनीहरूलाई दिइने कोसेली ।

चेली- /चेलि/ ना. छोरी । (डोटेली प्रभावित क्षेत्रमा) ।

चैमाली- /चैमालि/ [चैमाल्+ई] ना. पिडको मच्याइ ।

चैमाली खेल्नु- (टु.) पिङ खेल्नु, पिङ मच्याउनु, मच्चिएर आनन्द लिनु ।

चोइलो- ना. दियालो, सल्लाको दाउरा । काठ वा दाउराको पातलो टुक्रा ।

चोकि र- क्रिप.नरोऊ, चुप लाग, नबोल ।

चोखा- ना. राम्रो वस्तुमा अर्को व्यक्तिले लगाएको कुदृष्टि, नराम्रो हेराइ ।

चोखा लाग्नु- (टु.) बोक्सीको आँखा लाग्नु, नजर लाग्नु ।

चोड्क्याउनु- [चोड्क्याउ+नु] सकि. चिर्नु, च्यात्नु ।

चोतो- ना. मुला ।

चोप्तु-[चोप्+(तु)] सकि. चोप्नु, सुख्खा वस्तुलाई रसदार वस्तुमा राखी डुबाउने काम ।

चौथाइँ- ना. घिउको एक टिनको चौथो भाग बराबरको टिनको भाँडो ।

च्याउँचे- ना. काठको सनासो ।

च्याङ्ग्रो- ना. हे. चित्रो ।

च्वाउनु- [चुहाउ+(नु)] सकि. चुहाउनु ।

च्यारु- ना. चिरिएको, फलेर नुहेको हाँगा उठाउन काप नभएको काठ चिरेर दिइएको टेको ।

छ

छइ- सहाकि. छस् ।

छओ- सहाकि. हुनुहुन्छ ।

छकाल- ना. बिहान ।

छकाले- वि. एक विहानमा सम्पन्न गर्न सकिने काम वा हिंड्न सकिने बाटो ।

छडाउनु- [Yछोड्+आउ+(नु)] प्रेकि. खसाल्नु, अग्लो ठाउँबाट फ्याक्नु ।

छडिनु- [छोड्+इ+(नु)] अकि. लड्नु, खस्नु ।

छडी- /छडि/ ना. लौरौ, छरी ।

छडी हान्नु- (टु.) कुखुरा वा कालिजले आफ्नो खुट्टामा भएको काँढाजस्तो धारिलो अङ्गले घोच्नु । (उदा. मर्ने बेला कुखुराले पनि छडी हान्छ) ।

छडो- ना. (बहु./ति. छडा) छहरो ।

छडोल- /छडोल्/ ना. लोग्ने मान्छेले छोडेकी आइमाई ।

छड्को- कियो. अवसर, मौका पार्ने काम । आँखा छलेर काम गर्नु ।

छड्डु- [छड्+(डु)] सकि. छर्नु, अव्यवस्थित तरिकाले फाल्नु ।

छड्यान- /छड्यान्/ [छडो+यान्] ना. छहरो हुनुको भाव, छहरो भएको ठाउँ ।

छतिपति उडाउनु/लाउनु- (टु.) केही बाँकी नराखी बेसरी गाली गर्नु, अनेक प्रकारले गाली गर्नु ।

छन्चरबार- ना. शनिबार ।

छन्ति- कियो. हुँदा, छउन्जेल । हुनेबेला । (उदा. सानो छन्ति म साह्रै सुखी थिएँ) ।

छन्तिक- कियो. हे. छन्ति ।

छम्किनु- [छम्क+इ+(नु)] सकि. पानी छर्नु, अलिअलि पानी पार्नु ।

छलिबली- /छलिबलि/ अमू. निकै प्रगति भएको देखाउनु, अचम्मको काम हुनु ।

छलेउनु- [छलेउ+(नु)] अकि. दुख दिनु, दिक्क लगाउनु ।

छल्कनु- [छल्क+(नु)] सकि. १.छचल्कनु । २. अन्जुली वा कुनै भाँडाले पानी उचालेर छिटोछिटो फाल्ने काम ।

छल्को हाल्नु- (टु.) भैंसी दुहुने बेला थुन सफा गर्ने काम, थुन सफा गर्नु ।

छल्बलिनु- [छल्बल्+इ+(नु)] अकि. छचल्किनु, बढी हुनु, यत्रतत्र हुनु ।

छल्याउनु- [छल्याउ+(नु)] अकि. हे. छलेउनु ।

छाँइ- ना. मोही ।

छाइलो- वि. छायाँ भएको ठाउँ, छायायुक्त ।

छाउ१- ना. रजस्वला, मासिक धर्म, नछुने हुने अवस्था ।

छाउ२- ना. जेठाजु र भाइ बुहारी एक आपसमा छोइने काम, यसरी छोइँदा हुने काम ।

छाउडी- /छाउडि/ ना. छाउरी, पोथीजाति ।

छाउडो- ना. कुकुरको चल्लो, भाले जाति ।

छाउपडी- /छाउपडि/ [छाउ+पडी] ना. आइमाईको मासिक धर्म हुने काम, नछुने हुने काम । नछुने भएकी आइमाई ।

¼खुल्लो- (नाप.) नछुने भएकी वा पर सरेकी आइमाई बस्ने घर ।

छाट्टु- [छट्+(टु)] सकि. छाँट्नु, केलाउनु, उपयुक्त अनुपयुक्त छुट्याउनु ।

छाट् पाड्डु- (टु.) छाट पार्नु, नक्कल गर्नु ।

छाट्टिनु- [छाट्टि+(नु)] अकि. पूरा कस्सिएर हिँड्नु । (उदा. छाट्टिएर हिँड्यो भने घोडासैनबाट मङ्गलसैन पुग्न एकदिन लाग्दैन) ।

छाड- आकि. छोड्ने काम, (उदा. बाटो छाड) ।

छाड्डु- [छाड्+(डु)]सकि.छोड्नु, त्याग्नु ।

छान्निकाल- अ. अन्तिममा ।

छाप्प्रो१- ना. (बहु./ति. छाप्प्रा) सानो ढक्की, निगाला वा बाँसका चोयाले बनेको सानो डाली ।

छाप्प्रो२- ना. सानो घर ।

छाम्दु- [छम्+(दु)] सकि. छाम्नु, स्पर्श गर्नु ।

छायल- /छायल्/ वि. हे. छाइलो ।

छारे- ना. १. एक प्रकारको छाला सम्बन्धी रोग । २. भूतको एक प्रजाति । ३. अलच्छिना स्त्री वा पुरुष, गरिब वा निर्धन व्यक्ति ।

छारेरोटो- ना. घिउ वा तेल अथवा चिल्लो पदार्थ नलगाई बनाइएको रोटी ।

छारो- ना. खरानी, धूलो-मैलो ।

छाल- /छाल्/ ना. नदीको छेउ, किनार ।

छि- सहाकि. भूत कालमा प्रयोग गरिने स्त्री लिङ्गी किया, थी । (उदा. कालेकी आमा भन्निछि-भन्थी) ।

छिः- बिबो. फोहोर, नमन्नु पर्ने वा नसुन्नु पर्ने कुरा सुनिसक्दा त्यसको प्रतिक्रिया स्वरूप गरिने अभिव्यक्ति ।

छिँड- /छिँड्/ ना. सानो प्वाल ।

छिउँ- ना. (बहु./ति. छियाँ) काँको, फर्सी, लौका आदिका साना बतिला ।

छिउछिउ- [छिउ+छिउ] अमू. बाखालाई धपाउन प्रयोग गरिने शब्द ।

छिचिमिरो- ना. (बहु./ति. छिचिमिरा) प्वाँख उम्रेको कमिला ।

छिणु- ना. सानो काठको मसिनो टुका ।

छिनार- /छिनार्/ ना. रूखको हाँगा वा पातका बीचबाट उतापट्टि देखिनु, ह्वाङ, प्वाल ।

छिप्क्याउनु- [छिप्क्य+आउ+(नु)] प्रेकि. घोके ठ्याक लगाउनु, पछार्नु ।

छिएँ- /छियैं/ सहाकि. थिएँ ,

छियाँ- ना. हे. छिउँ ।

छियो- सहाकि. थियो ।

छियेन- अककि. थिएन ।

छिल्का- वि. फालाफाल, पर्याप्त ।

छुइ- ना. हे. छाउ ।

छुइनेरी- वि. रजस्वला भएकी आइमाई ।

छुटा जानु- (टु.) अलग हुनु, अंशवण्डा गर्नु ।

छुट्टी- /छुट्टि/ क्रियो. बिदा ।

छेउलो- ना. (बहु./ति. छेउला) सिरानी वा सिरकको खोल, (उदा. सिरानीको छेउलो) ।

छेकडा- /छे.क्डा/ वि. पसस्तै, धेरै ।

छेक्डानु- [छेक्डा+(नु)] सकि. चकचक गर्नु, एक आपसमा चल्नु ।

छेक्नु- [छेक्+(नु)] सकि. काट्नु, रूखका सबै हाँगा काटेर मुडुलो पार्ने काम, खुत्रक्कै पार्नु, चट्ट काटिनु । (उदा. मोहनले रूख छेक्यो, दसैंको बेला कथित मन्दिरमा राँगा छेकिए) ।

छेकट्टा काट्नु- (टु.) अर्कालाई उछिनेर अघि जाने काम ।

छेगट्टो- ना. (बहु./ति. छेगट्टा) छोका, नपाक्ने वा नगल्ने अंश ।

छेड्डु- [छेड्+(डु)] सकि. छेड्नु, प्वाल पार्नु ।

छेव- आकि. काट्, कुकुरलाई आक्रमण गर्न हौंस्याउँदा प्रयोग गरिने शब्द । कुकुरलाई आज्ञा दिने काम ।

छेवाउनु- [छेव्+आउ+(नु)] सकि. कुकुरलाई टोकाउन वा जाइलाग्न उत्तेजित पार्नु, प्रयोग गर्नु ।

छोका- ना. टुक्का ।

छोगट्टो- ना. हे. छेगट्टो ।

छोट्टा- ना. केटा, युवक ।

छोट्टी- /छोट्टि/ ना. केटी, युवती ।

छोड- आकि. थाप्ने काम, थाप। (उदा. म दिन्छु तिमी छोड)।

छोड्नु- सकि. थाप्नु, स्वीकार गर्नु, (उदा. खाजा छोड)।

छोडिनु- [छोड्+इ+(नु)] सकि. खस्नु, थाप्नु।

छोयो- ना. खरानी र असुरोको पात एकै ठाउँमा राखी सडाएर लुगाधुन उपयोग गरिने वस्तु वा यसबाट निस्किेको रस विशेष।

छोऱ्याट्टो- ना. (बहु./ति. छोऱ्याट्टा, स्त्री. छोऱ्याट्टी) देउडा वा न्याउल्या खेल खेल्न लागेको केटो, नायक, प्रेमी।

छोल्नु- [छोल्+(नु)] अकि. ताच्छनु, बोका फाल्ने वा खुर्किने काम। (उदा. उसले मेवा छोल्यो)।

छौडाली- /छौडालि/ ना. बालबच्चा नहुर्काई सकेकी, तिनको हेरचाहमा अझै बढी समय दिइरहेकी महिला।

छ्याउनु- [छ्याउ+(नु)] सकि. बनजङ्गल भित्रको सबै ठाउँमा घुमी सक्नु, कतै पनि घुम्न बाँकी नराख्नु।

छ्याट्ट- क्रियो. सुझिएको वा अलग्गिएको अवस्था।

ज

जउ- ना. जदौ, आफूभन्दा ठूलालाई ढोग गर्दा भनिने शब्द।

जउ साये- (टु.) जदौ साहेब, नमस्कार हजुर भनी आफूभन्दा ठूला मान्छेलाई गरिएको अभिवादन।

जउँल्याआ- वि. जुम्ल्याहा।

जओ- वि. जस्तो। (उदा. कुबेराजओ सम्पत्ति होइजाऊ, मेराजओ मन होइजाऊ)।

जग्गे- ना. यज्ञ, होम गर्न तयार पारिएको आगो बाल्ने ठाउँ।

जडो- ना. (बहु./ति. जडा) जरो (रूखको जरो)।

जड्फे- ना. माकुरो।

जतेउडो- ना. (बहु./ति. जतेउडा) हे. जोतडो।

जत्काल- /जत्काल्/ ना. सुन्तान जन्माउने काम, सुत्केरी हुनु।

जत्काल बस्नु- (टु.) सन्तान जन्माउने हुनु वा आमा बन्नु।

जत्थ- क्रियो. जहाँसम्म।

जन्ल- अ. जस्ले।

जन१- पूस. न, निषेधवाचक, नाइ, हुन्न, नगर्नु। (जन गर्नु होला)।

जन२- पस. झै, जस्तै, उपमा बोधक। 'फूल टिपेजन भएस्' (गा.)।

जबला- ना. हे. जिबणी।

जब्बर- /जब्बर्/ ना. बलियो, मजबुत।

जमड्किनु- [जमड्कि+(नु)] अकि. जमर्किनु, झोक्किनु।

जमालो- ना. (बहु./ति. जमाला) भित्री दाँत रहेको गिजा, बङ्गारो । (उदा. तेरा जमाला उदाडी दिउला) ।

जम्फा- वि. चञ्चल, अस्थिर ।

जम्मान- वि. बाचा, बचन, जमानी ।

जयगढ- /जयगढ्/ ना. अछामको पसिद्ध ठाउँ, जैगड ।

जरमथात- ना. जन्मस्थान ।

जर्मथात- ना. हे. जरमथात ।

जर्मनु- [जर्म+(नु)] सकि. जन्मनु, सृष्टि प्रक्रियामा समाहित भई संसारमा आउनु ।

जलिउरो- ना. (बहु./ति.जलिउरा) आगाले पोलेर वा एलर्जीबाट उठ्ने फोको ।

जलुके/जलुक्या- ना. खोला वा पानी भएको ठाउँमा पाइने पिँडालुका जस्तै तर साना पात हुने साग ।

जलेरु- [<जाल्+एरु] वि.जाल खेल्ने मानिस, माझी ।

जल्को- ना. भूतबाट तर्सिएर डराउने काम, भूत लाग्नु ।

जल्को हुनु- (टु.) भूत लाग्नु, भूतबाट डराउनु ।

जल्को हान्नु- (टु.) भूत भगाउनु, मन्त्रले फुकेर भूत भगाउने काम ।

जवाइ- ना. जाने काम ।

जसातसा- क्रियो. जस्तातस्ता, गुणात्मक रूपमा कमसल, भारेभुरे ।

जसो- सर्व. जस्तो ।

जहदेउ- ना. हे. जउ ।

जाँ- सर्व. जहाँ ।

जाँइथि- क्रियो. जहाँनिर, जुन ठाउँमा ।

जाँआताँआ- क्रियो. जहाँतहाँ, जहाँतहीँ, सबैतिर ।

जाँप- क्रियो. जतासुकै, जहाँसुकै ।

जाआ- वि. जस्ता ।

जाउँडो- क्रियो. (बहु./ ति. जाउँडा, स्त्री.जाउँडी) जहाँ, जुन ठाउँमा ।

जाउँन- ना. जोडन, दूध जमाउन प्रयोग गरिने दहीको मात्रा ।

जाक्ख्ड्या- वि.ठूलो, बूढो गनाउने बोको ।

जाक्नु- [जाक्+नु] सकि. अटाई नअटाई बेसरी कोच्ने काम ।

जाङ्डा- ना. (तत्स. जङ्घा) तिघ्रा ।

जाङ्या- वि. [जाङ्+या] जाङे, जङ्घा वा तिघ्रासम्म ढाक्ने, घुडासम्म लामो, हाफ पाइन्ट ।

जाडी/जाणी- /जाडि/जाणि/ ना. जाडो चिसोले सेकिएपछि हुने अनुभव ।

जानैन- अकि. जाँदैन ।

जाम्मो- क्रियो. जहाँ, जेमा ।

जाये- इकि. (बहु./जाया, स्त्री. जायेइ) गएस् ।

जारी- /जारि/ ना. एउटाकी श्रीमती अर्काले भगाएर लिएपछि विवाह खर्च वापत् विवाहित पतिलाई दिइने पैसा ।

जिउ- ना. आमा, सासू, अजुर आमा वा बज्यै । आफन्त नाता पर्ने बूढी महिलालाई गरिने सम्बोधन ।

जिउलो- ना. प्रसस्तै धान फल्ने ठाउँ, गैरी खेत, सेरो ।

जिबणी- /जिवणि/ ना. हे. जिब्डो ।

जिब्डो- ना. जिब्रो, वाणी, जवान ।

जिब्ड्या- वि. स्वादे, मिठोमिठो खान खोज्ने ।

जिया- ना. आमा । (ठकुरी समुदाय) ।

जिरे- ना. ठेकीभित्र पर्ने गरी मदानीको टुप्पामा लगाइने पाता, दही मथ्न सहयोग गर्ने साधन ।

जुग- ना. युग, समयको ठूलो हिस्सा ।

जुज्नु- [जुज्+(नु)] सकि. जुध्नु, मारामार गर्नु, नजिकिनु ।

जुणी- /जुणि/ ना. हे. चुफी ।

जुतारो- ना. झाँतो वा जाँतो ।

जुतो- ना. (बहु./ति. जुता) बर्गौला, बाख्राको दिसा ।

जुवा- ना. दलिन ।

जुवाली- /जुवालि/ ना. जोत्दा गोरुको काँधमा राख्ने काठको जुवा ।

जेठी- /जेठि/ वि. जेठाज्यू, आफ्ना पतिका दाजु । **~बौरानी हुनु-** (टु.) एक आपसमा भेटघाट नगर्नु, टाडिनु ।

जेड- /जेड्/ ना. झारपात भएको, जङ्गल, भुसभास भएको ठाउँ ।

जेबालो- ना. (बहु./ति. जेबाला) मृगहरूलाई चना, गहुँ आदिका टुसा खानबाट रोक्नका लागि बनाइने लुगा वा कागतका आकृति, पुतली, **~डास्नु-** (टु.) अल्झो थाप्ने वा पुतली थाप्ने काम । (उदा. गहुँबारीबाट खरायो धपाउन रामेले जेबालो डास्यो) ।

जै- सर्व. जस् वा जो ।

जैको- क्रियो.(बहु./ति. जैका, स्त्री. जैकी) जस्को, जुन त्सँग सम्बन्धित छ त्यसैको ।

जैमडी- /जैमडि/ क्रियो. हे. जाइथि ।

जोइसी- /जोइसि/ ना. ज्योतिषी ।

जोइस्यालो- ना. ज्योतिषसँग सबन्धित काम ।

जोडेबाउली- /जोडेबाहुलि/ [जेडे+बाहुली] ना. हात जोडी देउडा खेल सुरु गर्ने काम ।

जोड्डु- [छेड्+(डु)] सकि. जोड्नु, मिलाउनु ।

जोतडो- ना. (बहु./ति. जोतडा) गोरु जोत्दाखेरि जुवालीको एउटा सैलाबाट अर्को सैलामा बाँधेर गोरुको घाँटी अड्याउने डोरी ।

जोत्तु- [जोत्+(तु)] सकि. जोत्नु, हलाले खेतमा माटो निकाल्ने काम ।

जोल्या- ना. हुड्केसँग नाच्ने उसको सहयोगी साथी, जोडा ।

जोहानौ- नि. यार, गाँठे (थेगो) ।

जौंडो- ना. (बहु./ति. जौंडा), जुम्रो ।

ज्यू- /ज्यु/ ना. हे. जिउ ।

ज्यूलो- /ज्युलो/ ना. हे. जिउलो ।

झ

झगड्डु- [झगड्+(डु)] अकि. झगडा गर्नु, वादविवाद गर्नु ।

झगुलो- ना. अविवाहित महिलाहरूले कम्मर मुनि लगाउने, माथितिर मुजा परेको तलतिर फैलिएको पुरानो लुगा, लहङ्गाजस्तै लुगा ।

झङ्कार-[झङ्+कार] कियो. ठूलो रुवाइ, बेसरी रुनेकाम । मडे झङ्कार हाल्नु-(टु.) आफन्त मरेका बेला ठूलो डाको छोडेर रुने काम । मडे झङ्कार नहाल् (गा.) त्यत्तिकै बेसरी रुने काम नगर ।

झडाउनु- [झाड्+आउ+(नु)] प्रेकि. झार्न लगाउनु ।

झड्डा- कियो. झर्दा, खस्दा ।

झड्नु- [झड्+(नु)]सकि.झर्नु वा खस्नु ।

झम्पर- /झम्पर्/ ना. केटी वा पुतलीको लुगा, फ्राक ।

झर- /झर्/ ना. चामलको पिठो घिउमा मुछेर घिउमै पकाइने एकप्रकारको रोटी ।

झल्झलानो- [झल्+झलान्+ओ] वि. झलमल्ल, राम्रो उज्यालो ।

झल्तो- वि. हे. होलो ।

झल्याउनु- [झल्+याउ+(नु)] अकि. दुःख दिनु, दिक्क लगाउनु ।

झाँझर- /झाँझर्/ ना. अँध्यारो र डर लाग्दो खाल्डो । (उदा. तौडे झाँझर) ।

झाँट- /झाँट्/ ना. गोधुली, अँध्यारो हुनेबेला, सन्ध्या ।

झाडो- ना. (बहु./ति. झाडा) झारा, दबाबमा ठूलाबडा कहाँ गरिने श्रमदान ।

झाड्डु- [झाड्+(डु)] सकि. १. बढार्नु, कुचोले सफा गर्नु । २. झार फुक गर्नु, मन्त्रेर अम्लिसोको कुचाले हान्नु ।

झारी लाउनु- (टु.) कोलमा पेलिएको तेल छान्ने काम ।

झाल१- /झाल्/ ना. १. लहरा हुने तर्कारी र घाँसहरू, (उदा. फर्सीको झाल) झाडी । २. मानिस चढ्न नसक्ने सानो पोथ्राजति अग्लो मसिनो हुने जातका झारहरू ।

झाल२- /झाल्/ ना. दुःख, पीर ।

झाल उठ्नु- (टु.) पेटमा घोचेर दुखाइ हुनु, बिज्याउनु, सुत्केरी हुँदा पेट दुख्ने रोग, सुत्केरी व्यथा ।

झाल लाग्नु- (टु.) दुःख लाग्नु, दिक्क भएर दुःखित हुनु । (उदा. सासूले बुहारीलाई कजाएर झाल लगाइ सकिन्) ।

झालिनु- [झाल्+इ+(नु)] अकि. चेति सक्नु, उदेक लाग्नु, बैराग लाग्नु ।

झालिमाली- /झालिमालि/ [झालि+माली] कियो. चारैतिर फैलिने काम, छपक्क ढाक्नु ।

झाल्लिनु- [झाल्+इ+(नु)] अकि. हे. झालिनु ।

झिक- वि. धेरै, मस्तै, ज्यादै, (उदा. ऊ झिकै रोयो) ।

झिक्कै- वि. हे. झिक ।

झिट्टो- वि. अड्को, देउडा खेल खेल्दा कूट पद्यको प्रयोग गरी अड्को थाप्ने काम । गीत मार्फत् प्रश्नोत्तर गरी अड्काउने काम ।

झिन- /झिन्/ कियो. झन्, अझ बढी ।

झिमडो- ना. (बहु./ति. झिमडा) झिमरो, बारुलाको सानो प्रजाति ।

झिर्कुलो- ना. (बहु./ति. झिर्कुला) दाह्रे कमिलामन्दा सानो कालो रङको टोक्ने एकजातको कमिला ।

झुङ्डो- ना. (बहु./ति. झुङ्डा) कपडा झुन्ड्याउन प्रयोग गरिने डोरी ।

झुङ्लो- ना. (बहु./ति. झुङ्ला) झोलुङ्गो, साना केटाकेटीलाई सुताउन वा खेलाउन प्रयोग गरिने पिँग ।

झुरनु- [झुर्+अ+(नु)] अकि.सुँक्क–सुँक्क गरी निकैबेर लगाएर रुनु ।

झुलो- ना. नेपाली कागज, बुकी फूल र केराको गुभो काट्दा आउने रेसादार वस्तु ।

झुसमुस- /झुस्मुस्/ अमू. आफ्नो बिरानो छुट्याउन नसकिने साँझ– बिहानको अँध्यारो हुन र उज्यालो हुन अघिको समय ।

झोकाउनु- [झोक्+आउ+(नु)] अकि. रिसाउनु, झोक्किनु ।

झोटा- ना. झोता, एकै ठाउँमा बँधिएका चार वा छ कोसाको एक समूह ।

झोडा- ना. पर्वमा गाइने प्रार्थना गीत, भजन, आरति ।

झोपो- ना. घर । (पडेलीको भाषा) ।

झोरो- ना. दियालो ।

झ्याँगा- वि. हे. झिट्टो ।

झ्यालो- ना. अस्थायी छानो भएको घर ।

झ्याट्टै- कियो. तुरुन्त, तत्काल, यतिखेरै, छिट्टै ।

ट

टँगालो- वि. (बहु./ति. टँगाल्या, स्त्री. टँगाली) अग्लो ।

टकिन्ने- वि. डेढ दुई वर्षअघि बिहाएको भैंसी, पाको भैंसी ।

टट्क्याउनु- [टट्क्+याउ+(नु)] सकि. झार्नु, झङ्गल-झुङ्गल पार्नु । (उदा. मैले कमिला लागेको लुगा टट्क्याएँ) ।

टडिनु- [Yटाढा+इ+(नु)] सकि. टाढा हुनु, बाहिर सर्नु वा रजस्वला हुनु ।

टन्कनु- [टन्क+(नु)] सकि. भित्रभित्रै दुख्नु, पिलोको दुखाइ वा कस्नु ।

टबल्को- ना. (बहु./ति. टबल्का) थोपो, पानीको चुहाइ, थोपा खसेको अर्थमा । (उदा.एक टबल्को पानी) ।

टप्कनु- [टप्क+(नु)] अकि. देखा पर्नु, झुल्किनु, पानीको थोपा एकएक गरी खस्नु, थोपा थोपा गरी खस्नु ।

टप्का- क्रियो. मौका, हेर्ने बित्तिकै अगाडि देखा पर्नु ।

टल्टलानु/टल्टलानो- क्रियो. सफा, स्पष्ट, चिटिक्क ।

टाँकी- /टाँकि/ ना. तमाखु अड्याउन सुल्पाको पिंधमा राखिने सानो कोइला वा ढुङगो ।

टाँटा- ना. मालु वा भोर्लाको फल ।

टाकुल्या- वि. टाकुल्ले, तालुमा रौं नभएको, तालु खुइले वा कपाल खौरेको व्यक्ति ।

टाप्के- ना. ताप्के, दूध वा तरकारी पकाउने, समाउने कडा नभएको पलामको भाँडो ।

टामाटोर- /टामाटोर्/ ना. टमाटर ।

टाम्टर- /टाम्टर्/ ना. हे. टामाटोर ।

टाम्को- ना. ठूला दमाहासँग ताल मिलाउन मसिनो स्वर दिने सानो खालको दमाहा ।

टाम्नु- [टाम्+(नु)] सकि. सिलाउनु, टालो हाल्ने काम ।

टिको१- ना. टाउको ।

टिको२- ना. निदारमा लगाइने अछेता, टीका ।

टिको३- ना. दोष, कलङ्क ।

टिट्टुरी- /टिट्टुरि/ ना. हुटिट्याउँ ।

टिठ- /टिठ्/ ना. दया, स्नेह ।

टिप्क्या- ना. हे. टाप्के ।

टिप्दु- [टिप्+(दु)] सकि. टिप्नु ।

टिमिलो- ना. ठूलो बोट हुने फल र डाले घाँस काटिने एकजातको रूख । (टिमिलो दुई किसिमको हुन्छ : लाटे र बाठे । लाटे टिमिलो खाइँदैन बाठे टिमिलो खाइन्छ । यो अलि चिसो ठाउँमा हुन्छ) ।

टिसटुस्या- ना. धानचरी ।

टुरो- ना. कातेका धागाको लुड्को, धागो बेरेको डल्लो ।

टुर्रानेे- वि. तरल, पातलो, झोल मात्र ।

टुर्राने पानी- (टु.) दालको एक दाना नदेखिने पानी मात्र भएको दाल, झोल मात्र ।

टुसाउनु- [टुसा+आउ+(नु)] अकि. अङ्कुराउनु, पलाउनु ।

टेक्तु/टेक्दु- [टेक्+(तु/दु)] अकि. टेक्नु ।

टेपरिकाट- /टेप्रिकाट्/ ना. टेपरेकर्डर, क्यासेटमा भएको कुरा प्रसारण गर्ने यन्त्र ।

टोकारी- वि. टोकाहा, टोक्ने वा मार्ने ग्रह भएको ।

टोक्कारा मार्नु- (टु.) ऱ्याल काढ्नु, जिब्रो पड्काउनु ।

टोक्कारो- वि. बढी, धेरै, जिब्रो पड्काइ । अल्छीको टोक्कारो (टु.) अल्छीको मात्रा बढी भएको ।

टोटो- ना. रूखको भित्री भागमा भएको खोक्रोपन, टोड्को ।

टोप- /टोप्/ ना. तपेली ।

टोल्याउनु- [टोल्+याउ+(नु)] सकि. बालुवा वा ढुङ्गा मिसिएको धान, गहुँ, चना, आदिलाई पानीमा हालेर माथि माथिका दाना मात्र आउने गरी पानी हल्लाएर बालुवा वा ढुङ्गा अलग्याउने काम ।

ठ

ठग्दु- [ठग्+(दु)] सकि. ठग्नु, धोका दिनु, झुक्याउनु ।

ठटुकै रनु- (टु.) मर्नु, सिद्धिनु, खतम हुनु ।

ठडिनु- [<ठाडो+इ+(नु)] अकि. उभिनु, उठ्नु, ठिङ्ग उभिनु ।

ठहरै रनु- (टु.) खुत्रुक्क हुनु, मृत्यु हुनु ।

ठाँको- ना. (बहु./ति. ठाँका) १. लहरे जातका तरकारी मौलिन हालिने काठका झ्याङ्टा, थाँको । २. मकैको सुली हाल्ने काठ ।

ठाँट१- /ठाँट्/ ना. अस्थायी गोठ, खर्क ।

ठाँट२- /ठाँट्/ ना. बहाड, मोजमजा ।

ठाँटको- वि. ठाँटिएको, राम्रो, चिटिक्क परेको ।

ठाँटिनु- [ठाँट्+इ+(नु)] अकि. सजिनु, राम्रो हुनु ।

ठाँट् पड्नु- (टु.) सजिनु, झकिझकाउ हुनु ।

ठाँडो/णो- ना. (बहु./ति. ठाँडा/णा, वि. ठाँडे/णे) घारो, मुर्दा बाँध्ने लामो काठ ।

ठाउँथि- अ. ठाउँमा, ठाउँ निर ।

ठाडाखुट्टा लाउनु- (टु.) हार्नु, पराजित हुनु ।

ठाना१- ना. थाना, प्रहरी चौकी ।

ठाना२- ना. बाँसको लिङ्गो वा उखुको लाँको ।

ठानु/ठानो-ना. केराको थाम, उखुको लाँको र बाँसको लिङ्गो वा सिङ्गै बाँस ।

ठासिनु१- [ठास्+इ+(नु)] अकि. भासिनु, किलिनु, कोचिनु ।

ठास्नु- [ठास्+(नु)] अकि. कोच्नु, किल्नु, सम्भोग गर्नु, गहिरो गरी हाल्नु ।

ठिन्का- ना. रेत वा फलाममा रेत लगाएर बनाइएको आगो बाल्ने साधन, ढुङ्गा र झुलोको सहायताले आगो बाल्ने पुरानो साधन ।

ठिन्को- ना. सानो घाँडो ।

ठिमिनु१- ना. स्तनको मुन्टा ।

ठिमिनु२- [ठिम्+इ+(नु)] अकि.हे.ठडिनु ।

ठिमुरा- ना. हे. ठुम्रा ।

ठुँडिनु- [<ठन्डा+इ+(नु)] अकि. कठ्याङ्ग्रिनु, चिसिनु, सेलाउनु ।

ठुँड्याउनु- [<ठन्डा+याउ+(नु)] प्रेकि. ठुँडोमा बाँधेर राख्नु वा चिस्याउनु ।

ठुँणो- ना. काठ वा दाउराको एक टुका वा एक चिरपट, ठुडो ।

ठुम्रा- ना. टुप्पामा पित्तलले मोडेको र अरु फिउसबाट बनेको मसिनो लुड्को । ठुम्राहरू उनेर बनाइएको माला, महिलाहरूले लगाउने ठुम्राको माला ।

ठुम्रैलो- वि. मोटो घाटो घोडो, खाइलाग्दो घोडो ।

ठेउलो- ना. गाई, बाखा आदि पशुलाई लाग्ने रोग, हैजा ।

ठेक१- /ठेक्/ ना. वर्ष । (पडेलीको भाषा) ।

ठेक२- /ठेक्/ ना. जग, फेद, पिँध, (उदा. रूखको ठेक, गाग्राको ठेक) ।

ठेन्नु- ना. रोटी बेल्ने बेल्ना वा आगो फुक्ने ढुङ्ग्रो ।

ठेलुओ- ना. बाँसको आगो फुकने ढुङ्ग्रो ।

ठेस्दु- [ठेस्+(दु)] सकि. बल्दै गरेको दाउरा अगामा ठोस्नु ।

ठोको- ना. ढुङ्गालाई ठोकेर टुक्र्याउने साधन ।

ठोक्नु- [ठोक्+(नु)] अकि. खसी पार्नु, गोरुलाई खसी पार्ने वा बन्ध्य बनाउने कार्य ।

ठौर- /ठौर्/ ना. ठाउँ, स्थान । (उदा. म ठौर, त्यस ठौर) ।

ठौऱ्याउनु- [ठौर्+याउ+(नु)] सकि. १. सुरक्षित पार्नु, थन्क्याउनु । २.गाड्नु, पुर्नु ।

ठ्याम्म- अमू. भाँडामा कुनै वस्तु राखेर पूरा भरिने काम । वस्तु नाप्दा भाँडामा ठिक्क हुनु, एकदम उपयुक्त नाप भएको ।

ठ्यास्स- अमू. सजिलै गरी भाँचिनु । (उदा. भाइले दाउराको ठूँडो एकैचोटी ठ्यास्स भाँच्यो) ।

ड

डँडाली- /डँडालि/[Yडाडो+आली] वि. डाँडामा बस्ने, डाँडाको ।

डक्कै- ना. सबै, पूरै, सिङ्गै ।

डाडुल्लो- ना. (बहु./ति. डाडुल्ला) पर्सीको सानो फल, फूल राम्रोसँग नमरेको फर्सीको फल ।

डन्डा हान्नु- (टु.) चौकिदारी गर्नु, सजग गराउनु ।

डन्ना हान्नु- (टु.) हे. डन्डा हान्नु ।

डबरा- ना. पित्तल वा तामाको तपेली आकारको भाँडो, तपेली ।

डब्बी- /डब्बि/ ना. खोला वा नदीमा वारपार गर्नका निम्ति टाँगिएको लट्ठामा झुन्ड्याएको मानिस बस्न हुने, सानोमा कोकोजस्तो देखिने ठूलोमा मोटर तार्न हुनेसम्मको, तानेर वा यन्त्रद्वारा चलाइने साधन वा वाहन, घिर्लिङ ।

डब्र्याउनु [डब्र्याउ+(नु)] सकि. खड्याउनु, छोप्नु वा पुर्नु ।

डम्म- ना. ताल, पोखरी, **~खेल्नु-** (टु.) पौडी खेल्नु, डम्ममा नुहाउनु ।

डहर- /डहर्/ ना. गल्ली, सानो सडक ।

डाँक्लो- ना. (बहु./ति. डाँक्ला) कलिला डाँठ ।

डाँगे- वि. भाले जातिको, डाँगो ।

डाँण- /डाँण्/ ना. दण्ड, सजाय ।

डाँणी- /डाँणि/ ना. नाकको चुच्चोको भाग, नाकको डाँडी ।

डाँणो- ना. डाँडो, पहाड ।

डाङ्ग्रे- वि. धामीले आफूजस्तै अन्य धामीलाई सम्बोधन गर्दा प्रयोग गर्ने शब्द ।

डाढ- /डाढ्/ ना. रुवाइ, **~हाल्नु-** (टु.) बेसरी रुनु, दुखपूर्ण रुवाइ ।

डान्डो/डान्नो- ना. (बहु./ति. डान्डा/डान्ना) जोत्दाखरि हलाको पहिलो र दोस्रो सियाका बीच बाँकी रहेको नजोतिएको जग्गा ।

डालो- ना. विवाहमा माइतीलाई दिइने मिठाइ वा रोटीको उपहार वा त्यस्तो उपहार लिने भाँडो ।

डास- आकि. थाप्नु, स्वीकार गर्नु लगाउनु ।

डासुल्लो- ना. हे. लिटे ।

डास्नु- [डास्+(नु)] सकि. धराप थाप्नु, छेकबार राख्नु ।

डिक- /डिक्/ नायो. छेउ, तिर, किनार ।

डिगुल्चे/डिगुल्च्या- ना. लामो पुच्छर भएको एकजातको चरा, लाम्पुच्छ्रे ।

डिङ्नेमार- [<डिङ्नो+मार्] ना. डिङ्नाले हानेर धपाउने काम ।

डिट पड्नु- (टु.) दृष्टि पर्नु, देखिनु

।**डिड्याउनु-** [डिड्+याउ+(नु)] सकि. एकोहोरो रूपमा पशु कराउनु, अप्ठेरो परेमा गरिएको पशुको विलाप वा रोदन ।

डिबे- ना. हे. टाप्के ।

डिल- ना. किनार, छेउ ।

डुब्का- ना. मासको फाँडोमा हाल्न बनाइएको मासको पकौडी ।

डुल्लु- [डुल्+(लु)] अकि. डुल्नु, घुम्नु ।

डेउडा- ना. देउडा, देउडी पारेर गाइने गीत वा उक्त गीतको प्रयोग गरी खेलिने खेल । (उदा. देउडा गीत, देउडा खेल, होरीको डेउडा) ।

डोब- /डोब्/ ना. खामो गाड्नका लागि खनिएको खाल्टो, प्वाल ।

डोब्बल- /डाब्बल्/ ना. हे. डोब ।

डोलेमाले- वि. अतिवृष्टि, निकै पानी पर्नु ।

डोलो१- वि. गोलो । (उदा. रूखको तलदेखि माथिसम्म बराबर मोटाइ भएको) ।

डोलो२- वि. एक ठाउँमा नबस्ने, घुमन्ते, गाउँ ठेगान नभएको अर्काको गाउँमा

आएर बसेको । 'खेत बिगाड्ने खोलो गाउँ बिगाड्ने डोलो' (उखा.) ।

ड्यौडा- ना. हे. देउडा ।

ढ

ढाँड- /ढाँड्/ ना. झाँझर, भास्सिएको जग्गा, ठूलो प्वाल ।

ढाइँ-ढुइँ- क्रियो. ठूलो हावा हुरी, आँधी ।

ढाक्दु- [ढाक्+(दु)] सक्रि. ढाक्नु, छोप्नु वा लुकाउनु ।

ढाक्नेरोटो- ना. तावा वा ठूलो कराहीमा मुछेको पिठो बाक्लो गरी राखी तलबाट मधुरो आँच र माथिबाट पातले ढाकी गोल हालेर पकाइएको रोटी, भुङ्ग्रेरोटी ।

ढाब्नु- ना. योनि, भग, स्त्री जननेन्द्रिय ।

ढाम्नो- ना. हे. ढाब्नु ।

ढाला- वि. सधैँका लागि किनिएको, खेत, बारी नामसारी लिइएको ।

ढाल्ला- ना. हे. आट्टा ।

ढिक- /ढिक्/ ना. अप्ठेरो ठाउँको किनार, छेउ, नदी वा गराको अग्लो किनार ।

ढिकुरो१- ना. मान्छे मरेको ठाउँमा बाह्र दिनसम्म पूजा गरिने माटाको ढिस्को ।

ढिकुरो२- ना. गोरुको जुरो ।

ढिङ- /ढिङ्/ (तत्स. ध्वान) ना. टिसी, भगनासिका, योनि गुटिका ।

ढिङ्ग्री- /ढिङ्ग्रि/ वि. तुच्छ, केही काम नलाग्ने, रद्दी ।

ढुक्नु- [ढुक्+(नु)] अक्रि. पर्खिनु, रुक्नु ।

ढुन्को- ना. काठ वा सिसाको डब्बा, भाँडो ।

ढेउकी- /ढेउकि/ वि. पाठेघर खसेकी महिला ।

ढेउको- ना. महिलारूको पाठेघर खस्ने रोग, पाठेघर ।

ढेब्रो- ना. बहिरो, कान नसुन्ने ।

ढेल- /ढेल्/ ना. चाक, गुदाभाग ।

ढोक्दु- [ढोक्+(दु)] सक्रि. ढोग्नु, अभिवादन गर्नु ।

ढोड- /ढोड्/ ना. उब्जनी नहुने बन्जर वा रूखो ठाउँ, ढुङ्गेन जग्गा ।

ढोड्यान- /ढोड्यान्/ [ढाडे्+यान्] ना. बन्जर वा रूखो जग्गा ।

ढोरो- वि. (बहु./ति. ढोरा) खुर्सानीको कोसा । (उदा. एक ढोरो खुर्सानी) ।

ढोल- /ढोल्/ ना. भीरबाट लडेर आएको ढुङ्गा । 'तेरा ढोल् लागि जाऊ' (गा.) ।

ढोली- /ढोलि/ वि. ढोल बजाउने,दमाइँ जातिको एउटा थर । जात बुझउने शब्द ।

ढोल्नु- [ढोल्+(नु)] सक्रि. पोख्नु, चिहान पखाल्नका लागि पोखिने पानी वा पोख्ने काम । (गाली अर्थमा) ।

ढ्याणु- ना. सिमलको फूल । (प्यारो मान्ने अर्थमा व्यक्तिलाई पनि भनिन्छ) ।

ढ्याउको- ना. हे. ढेउको ।

त

तओ- ना. तावा, रोटी पकाउने भाँडो ।

तओड- /तओड्/ ना. तरुल ।

तक- क्रियो. बेला, समय, अवस्था ।

तग्नु१- [तग्+(नु)] अकि. जाग्नु, बोट बिरुवा सारेर जाग्ने काम । (उदा. मैले लगाएको आँपको बुटा तग्यो) ।

तग्नु२- [तग्+(नु)] अकि. सिलाउनु, सिउनु । (उदा. टेलरले लुगा तग्यो) ।

तडा१- ना.ताकत, बल, शक्ति वा सामर्थ्य ।

तडो- क्रियो. (बहु./ति. तडा) आकासबाट परेको पानीका ठूला धारा, मुसल्धारे पानी ।

तड्डु- [तड्+(डु)] अकि. राम्ररी हेर्नु वा नियाल्नु, फट्याउनु, तनु । (उदा. आँदा चड्डु) ।

छाला तड्नु- (टु.) विनाश पार्नु, मार्नु, दुख दिनु ।

तनु- ना. फिता, तना । (उदा. दौराको तनु) ।

तनुओ- ना.वि. पातलो । बाक्लोको विपरीत । (उदा. धान तनुओ रोपें) ।

तनेबच्छे- [तने+ बच्छे] वि. तना भएको बच्छे, दौरा ।

तन्नेडी- /तन्नेडि/ वि. तन्देरी, युवा ।

तप्नु- [तप्+(नु)] सकि. प्रादुर्भाव, प्रकट, ठूलो तपस्याले जन्मिनु ।

तबइत- संयो. तसर्थ, अँ त, हो त ।

तमी- /तमि/ सर्व. तिमी, तपाइँ ।

तमु- सर्व. तिमी ।

तमौ- ना. तमाखु ।

तवड- /तवड्/ ना. हे. तओड ।

तर्से- ना. डोरी वा दाम्लो बाट्दा डोरीको लम्बाइ नाप्ने र बाटिएको डोरी लपेट्न प्रयोग गरिको साधन ।

तलि- क्रियो. तल ।

तलम्मो- क्रियो. तलबाट ।

तलेरोटा- ना. तलैतला परेको रोटी, बीचबीचमा घिउ लगाएर तला पारिएको रोटी, परौंठा ।

तहरी- /तहरि/ क्रियो. त्यसरी ।

ताइनु- [ताइ+(नु)] अकि. बजार्नु, बेसरी फाल्नु ।

ताक्डो- ना. (बहु./ति. ताक्डा) रूखको सर्लक्क परेको डालो वा हाँगो ।

ताड्डु- [ताड्+(डु)] सकि. पछार्नु, मन नपरेर जोरसित फ्याक्नु ।

तातै- क्रियो. नचिसिएको, तुरुन्तै । 'तातै जाये' (गा.) ।

तान्नु- [तान्+(नु)] सकि. युवतीलाई जबर्जस्ती गरेर विवाह गर्नु, राच्छसी विवाह, खिंच्नु ।

ताप्दु- [ताप्+(दु)] सकि. आगो वा घामको तातोपना लिनु, सेकिनु ।

तार- /तार्/ ना. नदी तर्ने ठाउँ, धेरै ठाउँमा फैलिएको धेरै बेग नभएको नदीको ठाउँ ।

तार पड्नु- (टु.) नदीमा पुल हालिनु, वारपार गर्न सजिलो हुनु, कुनै कामका लागि समय वा बखत मिल्नु, फुर्सद हुनु ।

तारबार- /तारबार्/ [<तार+बार] द्वि. सरसामान । **¼जोड्नु-** (टु.) सरसामान जोड्नु, सङ्कलन गर्नु ।

तिउन- /तिउन्/ ना. तर्कारी, भात, रोटीसँग खान योग्य बनाइएको दाल वा तर्कारी दुबै ।

तिखान्नु [<तिखार्+(नु)] सक्रि. तिखार्नु, तिखिलो पार्नु ।

तिखिलो- वि. एकातिर मोटो अर्कातिर चुच्चो परेको, धारिलो वा तिखो ।

तिखो- वि. हे. तिखिलो ।

तिच्छडो- [तिच्छड्+ओ] वि. (बहु./ति. तिच्छडा) स्वाद नभएको, खल्लो, तिच्छर, तितो ।

तितौडा१- ना. अछाम जिल्लाको पूर्वी भागमा अवस्थित घोडासैन, धमाली र नाडा गाविसको बीच अग्लो ठाउँमा रहेको त्रिपुरसुन्दरी देवीको थान, मन्दिर । **¼राम-** (टु.) तितौडामा लाग्ने मेला ।

तितौडा२- ना. मासको पिठो सुकाएर मस्यौराजस्तै डल्लापारी तर्कारी खान बनाइएको खाद्य पदार्थ ।

तिथ- ना. मसानघाट, मान्छे मरेपछि पोल्ने ठाउँ, तिथि मिति पुगेपछि लगिने ठाउँ । **¼हुनु-** (टु.) अन्तेष्टि हुनु ।

तिन्नु- [ति+(नु)] सक्रि. तिर्नु, बुझाउनु ।

तिर- विभ. लाई, लागि, चतुर्थी बिभक्ति बोधक चिन्ह ।

तिर- अ. सँग, साथ ।

तिर्खुले/तिर्खुल्या- ना. पिपलाका जस्तैस्तै तर कमला र दर्सा पात हुने, मसिनो तोरीका जस्तै दाना फल्ने अचार खाइने एक जातको झार ।

तिर्खुलो- ना. (बहु./ति. तिर्खुला)चुत्रो ।

तिलङ्गे माइकी- /तिलङ्गे माइकि/ विप. अश्लील गाली, बढी अश्लील शब्दको प्रयोग गरी राणाकालीन तिलङ्गाहरूले दिने आमा चकारको गाली ।

तुइन- /तुइन्/ ना. हे. रुइन ।

तुइल- सर्व. हे. तैँल ।

तुछ- /तुछ्/ ना. किम्बु वा किम्मु ।

तुज- /तुज्/ ना. हे. तुछ ।

तुनु- [तु+(नु)] अक्रि. तुहुनु वा तुहिनु, समय नपुगेर सन्तान खस्ने काम ।

तुन्नु- [तुन्+(नु)] सक्रि. सिलाउनु, फाटेको लुगा सिउनु ।

तुवाल- /तुवाल्/ ना. तौलिया ।

तुलबुलु- वि. जथाभावी, नराम्रो, अनियन्त्रित ।

तेपाले- ना. तीन दिनमा एकदिन आउने ज्वरो ।

तेपाहा- ना. तीनवटा ताराको समूह ।

तेर्छिनु- [<तेस्रो+इ+(नु)] अकि. तेर्सिनु, लम्पसार पर्नु ।

तर्छो- वि. तेस्रो ।

तेर्से पड्नु- (टु.)लम्पसार पर्नु, हार खानु ।

तेलाखो- वि. तेलमा पकाउन ठिक्क पारिएको, बाबर, लाउन, पकौडी आदि पकाउन ठिक्क पारिएको तेल वा घिउ ।

तेलाखो लाउनु- (टु.) चाडवाड मनाउनु, राम्रो खानु, लाउन बावर हाल्नु ।

तेलेभात- /तेलेभात्/ ना. तेल वा घिउमा भुटेर पकाएको भात, पोलाउ ।

तैँ- सर्व.त्यस । (उदा. तैँल भनेको होस्) ।

तोड्डु/तोड्नु- [तोड्+(नु)] सकि. पुर्नु, छोप्नु, ढाक्नु माटामुनि पुर्ने वा भाँडालाई छोप्ने काम ।

तौडेउनु- [<तओड्+याउ (नु)] सकि. गाड्नु, तरुल गाडिएझैं गाड्नु ।

त्यई- /त्यइ/ सर्व. त्यस ।

त्यत्थ- कियो. त्यहाँसम्म ।

त्यत्नो- वि. (बहु./ति. त्यत्ना, स्त्री. त्यत्नी) त्यत्रो ।

त्यसो- सर्व. त्यस्तो ।

त्यार- /त्यार्/ ना. तिहार ।

त्यैत- कियो. त्यही त, अँ त, समर्थन जनाउने शब्द ।

त्यैतअ- कियो. त्यतिखेर, **-पन-** (नाप.) त्यति समय वितिसक्ता पनि ।

त्यौंडो- सर्व. (बहु./ति. त्यौंडा/ स्त्री. त्यौडी) त्यसमा । सर्वनामको एकबचन बोधक रूप ।

त्यौंदो- सर्व. (बहु./ति. त्यौंदा/ स्त्री. त्यौंदी) हे. त्यौंडो ।

त्यौंनो- सर्व. (बहु./ति. त्यौंना, स्त्री. त्यौंनी) हे. त्यौंडो ।

थ

थकरा- ना. अल्झिएको केश मिलाउने कुचिजस्तै साधन वा थकराको रूख ।

थकाइली- /थकाइलि/ ना. पात र डाक्लो दुबैमा काँडा हुने एकजातको लेकमा पाइने झार ।

थणी- /थणि/ ना. डसना, ओच्छ्याउनी ।

थराम्म- कियो. शरीरको नरम भागमा सुस्तरी हातले हान्दा हुने ध्वनि, पिटाइ । (उदा. धेरै नबोल म थराम्म लगाउँला) ।

थऱ्याये- वि. थारो रहेको, उपभोग गर्न नमिल्ने घरखेत ।

थाइ- विबो. खै ! (कुनै कुराको समाप्ति हुँदा चुकचुकाएर पश्चात्ताप गर्दा प्रयोग गरिने शब्द) ।

थाइलो- वि.बासस्थान योग्य, सम्म ठाउँ ।

थाकल- /थाकल्/ ना. खजुरी ।

थाप्ले- वि. टाउकामा केश नभएको मान्छे, टाकुल्ले ।

थाम- /थाम्/ ना. घरको बार्दली अड्याउने खम्बा ।

थाम बस्नु- (टु.) चराले अन्डा वा बच्चालाई भुवादार प्वाँखले ताप दिने काम, ओथारो बस्नु ।

थि- पस. निर, नजिकसँग, लाई ।

थिउरानी- /थिउरानि/ [थिउरान्+ई] ना. स्थीर रहने काम, थाम्ने काम, स्थीर रहनु, अवशेष ।

थुइअ- अ. थुक्क, तिरस्कार बाचक ।

थुक्दु- [थुक्++(दु)] अकि. थुक्नु ।

थुत्मुऱ्याउनु- [थुत्+मुऱ्याउ+(नु)] अकि. बेसरी पिट्नु, घाइते तुल्याउनु ।

थुन- /थुन्/ ना. गाई, भैंसीको दूधको मन्टा ।

थुम- /थुम्/ ना. डाँडाको अग्लो टाकुरो, थुम्को, चुचुरो ।

थुर- /थुर्/ ना. आगाको सानो अंश, खरानीजति सानो आगो ।

थुऱ्याउनु- [थुर्+याउ+(नु)] सकि. मुखमा बेसरी पिट्नु, घाइते तुल्याउनु ।

थेकड- /थेकड्/ ना. बचेको, पिँधमा रहेको, अवशेष ।

थेक्लो- ना. (बहु./ति. थेक्ला) टालो ।

¼हाल्नु- (टु.) टालो हाल्नु, टालो हालेर सिलाउनु ।

थेप्ले- ना. काँचो आँपको तत्काल खान बनाइएको अचार, थेबे ।

थै- विबो. चुकचुक गरेर दुःख जनाउने काम ।

थोका- वि. थोरै, अलिकति ।

थोरालो- [थोरो+आलो] वि. पाडो सहितको भैंसी वा दूध दुहन पाडो चाहिने भैंसी ।

थोरो- ना. (बहु./ति. थोरा) पाडो ।

थोलो- ना. मुख ।

द

दअ- नि. ल, लौ । (उदा. दअ त्यस्तो किन भन्नुहुन्छ) ।

दअत- कियो. त्यसो भए, उसो भए ।

दअव- कियो. हे. दअत ।

दई- /दइ/ ना. दही ।

दओड- /दओड्/ ना. संयुक्त, दुबैतिर भएको । (उदा. दओड पारी सिलाएको लुगा तातो हुन्छ) ।

दक्खिन- /दक्खिन्/ ना. दक्षिण, दिशा बाचक ।

दक्छनु/दक्छिनु- [दक्छ+इ+(नु)] सकि. तान्नु, जबर्जस्ती खिंच्नु ।

दग्दगानो- [दग्+दगान्+ओ] ना. (बहु./ति. दग्दगाना, स्त्री. दग्दगानी) हे. गलगलानु ।

दच्छिना- ना. दक्षिणा, दान वापत् दिइएको द्रव्य वा वस्तु ।

दड्याफड्या- क्रियो. दाह्रा र पन्जा दुबैले चोट पुऱ्याएको, बाघ वा बिरालाको आक्रमणबाट भएको चोटपटक ।

दद्द मान्नु- (टु.) केही लछारपाटो गर्न नसक्नु, मद्दत नपुग्नु, केही गरेझैँ मात्र गर्नु, काम टार्नु ।

ददु- ना. लसुनकै जातको तर्कारी झान्ने भुटन ।

दन्गानु- ना. बिहे गरी माइतमा बसेकी केटी घर भित्र्याउँदा अपनाइने पुरानो धार्मिक परम्परा ।

दमक्क- क्रियो. चुपचाप, केही नबोले बस्नु ।

दमाड- /दामाड्/ ना. दमार, बाँझो, खेती नगरिएको सम्म परेको जङ्गलभित्रको चउर ।

दरक्यानरिल- ना. सुकेको नारिवलको फल ।

दराइनु- [दर्+आइ+(नु)] सक्रि. चिरा पर्नु वा दर्किनु ।

दरुवा- वि. रक्सीमा मस्त रहने, धेरै रक्सी पिउने ।

दाइ- ना. आफ्नो नजिकको दाजुको नाता नपरे पनि सम्बोधन मात्र गर्नको लागि प्रयोग गरिने नाता, आदर सम्मान धेरै प्रकट नगर्दा व्यक्त गरिने शब्द ।

दाइनु१- ना. ठूलो खालको दमाहा ।

दाइनु२- ना. दायाँ वा दायाँतर्फ जोतिएको गोरु, दाहिनो ।

दाइनी- /दाइनि/ वि. दाहिनो, राम्रो, भलो, गीतको आरम्भ गर्दाखेरि प्रयोग गरिने मङ्गलबोधक शब्द । शुभ शब्द

दाउनु- [दाउ+(नु)] सक्रि. १. बावर पकाउन पिठोलाई बेसरी रयल्नु । २. बहरलाई हलाको सियोमा, दाइँको मियोमा हिँड्ने बानी बसाल्नु । ३. कुनै काममा बेसरी लदाएर अल्झाई दुःख दिनु ।

दाख- /दाख्/ ना. हे. दाडिम ।

दाउँल्या- [दाउँल्+या] वि. समान उमेर भएका, एउटै उमेरका ।

दाउन- /दाउन्/ ना. सेल हाल्दा पिठोसँग मुछ्ने चिफ्लो वा चट्टो बिरुवाको बोक्रा वा जराको चूर्ण ।

दाजु- आफूभन्दा अघि जन्मिएको सहोदर वा मामा, फुपू, काका, सानी आमाको आफूभन्द जेठो छोरा ।

दाड- /दाड्/ ना. चढ्न नसकिने अप्ठेरो पहाड । भीर ।

दाडा- /दाणा/ना. ठूलाठूला दाँत, दाह्रा ।

दाडिम- /दाडिम्/ ना. दारिम, अनार ।

दाडी- /दाडि/ ना. दारी ।

दाड्डु- [दाड्+(डु)] अक्रि. तिथोर्नु, दार्नु, बाघ, विरालो र ठूला नङ्भएका मानिसको नङ् बिझाई घाइते बनाउने काम ।

दाड्या- [दाड्+या] ना. ठूला दाह्रा भएको कमिला वा मान्छे ।

दादा- ना. गोरु ।

दाद्द- वि. दरिद्रता, गरिबी ।

दानु- ना. १. गेडा । २. जोत्न मिल्ने महीको काठको तिखो दानु, खेतमा हिलो गर्न भद्दत पुऱ्याउने साधन ।

दाब्लो- ना. दाबिलो, नाउ खियाउने काठको पन्यू आकारको साधन ।

दार- /दार्/ ना. चिरेर वा ताछेर घरमा प्रयोग गर्न ठिक्क पारिएको सबै प्रकारको काठलाई बुझाउने शब्द ।

दारु- ना. रक्सी, मादक पदार्थ ।

दाल्द- वि. हे. दाद्द ।

दिदा- सहाकि. हे. दिना ।

दिन- ना. सूर्य, दिउँसो, मध्यान्ह ।

दिन काट्नु- (टु.) दिन व्यतित गर्नु, समय व्यतित गर्नु ।

दिन पठाआ- नाप. गते, मिति । (उदा. आज कति दिन पठाआ भयो ?) ।

दिना- सहाकि दिन्छन् ।

दिनैन- अककि. दिदैन ।

दी-/दि/ ना. दिदी (धेरै सम्मान प्रगट नगर्दाको सन्दर्भमा) ।

दुखारी- /दुखारि/ [<दुःख+आरी] वि. दुखी, दुखी हुनाको भाव ।

दुधेरी-/दुधेरि/[< दूध+एरी] ना. दूध तताउने भाँडो ।

दुधेरो- [<दूध+एरो] वि. दूधको भारा वा बोझ तिर्न दिइएको वस्तु, दुलाहाले दुलहीका आमालाई बिहेका दिन दिने उपहार वा कोसेली ।

दुदेलो- ना. स्तनमा आउने खटिरा ।

दुधेलो- ना.दूध आउने घाँस, वृक्ष विशेष ।

दुरकी-दबाई- /दुर्किदबाइ/ द्वि. फेरि नगर्ने वा नहुने गरी भाग्नु, रोग टाढा भाग्यो औषधि गर्नु परेन भन्ने सन्दर्भमा ।

दे- सहाकि. देऊ ।

देइ- विभ. देखि, पञ्चमी विभक्ति बोधक चिन्ह । (तिमी कहाँदेइ आयौ ?) ।

देउ- ना. देवता ।

देउथलो- ना. देवताको स्थल वा ठाउँ ।

देउलो- ना. निगालाको एक प्रजाति ।

देओ- सहाकि. दिनुहोस् ।

देलिद्वार- ना. दैलो, ढोका । **¼लाग्नु-** (टु.) अभाव हुनु, अर्काको घरदैलो कुर्ने हुनु ।

देलो- ना. दैलो ।

देसेरु- [देस्+एरु] वि. विदेशबाट आएका मानिस, पर्देसिएको, विदेसिएको ।

दै- ना. हे. दइ ।

दैचाउल- /दैचाउल्/ ना. दही र चामल मिस्याई बनाइएको टीका । साइत वा स्वागतको टीका **¼लाउनु- (टु.)** साइत सार्नु, कतै जान तयार हुनु, स्वागत-सम्मान प्रकट गर्नु ।

दैमाछो- [<दही+माछो] ना. दमाईं जातिले आफूभन्दा माथिल्लो जातको घरमा जाँदा भन्ने शब्द, मंगलको प्रतीक ।

दैसाग- /दैसाग्/ [<दही+साग] ना. दहीसाग, बिहेमा केटीको घरमा केटाका तर्फबाट दिइने सगुन ।

दोखडो- वि. (बहु./ति. दोखडा) दुहुनो गाई भैंसीले कुनै कारणवश दूध नदिएर आफैंसँग राख्नु, नदुहिनु । (उदा. आज भैंसीले दूध दिएन दोखडो रह्यो) ।

दोकान- /दोकान्/ ना. पसल ।

दोकानी- /दोकानि/ वि. दोकानमा बस्ने वा दोकानवाला अथवा दोकानसँग सम्बन्धित ।

दोभिन्ना- ना. दोभान, दुईवटा नदीको र दोलाको सङ्गम वा मिनलविन्दु भएको ठाउँ ।

दोराँग्या- [दोराँग्+या] ना. दुईवटा मुख भएको थैलो, कुर्वानजस्तै तर अलग्याउन मिल्ने लुगालको काम गर्ने थैलो ।

दोफर- ना. हे. दोफरी ।

दोफरी- /दोफरि/ (√दोपहर) ना. दुई पहर बितेको समय, >दोफर मध्यान्ह ।

दोबा बस्नु- (टु.) दोबाटोमा बसेर चियो चर्चो गर्नु ।

दोबा लाग्नु- (टु.) हे. दोबा बस्नु ।

दौरा- ना. दाउरा, आगो बाल्न प्रयोग गरिने वस्तु ।

द्वार- /द्वार्/ ना. ढोका ।

ध

धइ- विभ. हे. देइ ।

धइँ-धइँ- क्रियो. खै-खै ।

धडो- ना. (बहु./ति. धडा) पटुकी, कछाड ।

धड्को- ना. धर्को, रेखा ।

धाड्डु- [धाड्+(डु)] अकि. लुट्नु, अर्काको सामान आफ्नो बनाउनु खोज्नु, हत्याउनु ।

धनाडी- /धनाडि/ [<धान+आड्+ई] ना. धानको बारी ।

धपाउनु- [धपाउ+(नु)] सकि. भगाउनु वा टाढा पठाउनु ।

धमारी- /धमारि/ [धामार्+ई] ना. पर्वगीत ।

धमा-धम- क्रियो. सोझै, सिधै ।

धरम्पुबाडो- [धरम्+पुबाड्+ओ] ना. बेहुली पठाउने बेला दमाइँ जातिले पञ्चेबाजा र हुड्को बजाएर नाच्दै गाउने संवादात्मक गीत ।

धाइडो- ना. धाइरो, धँयारो ।

धाड्ड्या- ना. गरिब, फाटो लुगा लगाउने व्यक्ति ।

धाडो- ना. धारो, आफन्तका सन्तान नभएपछि उसको नजिकको नाताले पाउने सम्पत्ति, **-धपाडो-** (नाप.) शेष, बचेकुचेको, रहलपहल सम्पत्ति ।

धामा- क्रियो. झन्झट, झ्याई नझ्याई ।

धामी- /धामि/ ना. देउता चढेपछि काप्ने व्यक्ति, झाँकी ।

धाम्पितर- /धाम्पितर्/ [<धामी+पितर] ना. धामी नै पितर : धाम्पितर, मस्टो देवताको एकप्रकार ।

धार- /धार्/ ना. छेउ वा किनार ।

धिउनु/धिउनो- ना. धमिरो ।

धित१- /धित्/ ना. कसम, किरिया । (उदा. मेरो कुरा पत्याऊ वा नपत्याऊ म धित राख्दिन) ।

धित२- /धित्/ ना. पानी तिर्खा, प्यास वा भोक ।

धिताउनु/धितानु- [धिताउ+(नु)] अकि. तृप्त हुनु, अघाउनु, अव नखाने गरी पूर्ण हुनु ।

धिर्ज- ना. धैर्य, मन थाम्ने काम ।

धुकाल- /धुकाल्/ ना. धुवाँ ।

धुधानो-फुफानो- क्रियो. स्वाँस्वाँ र प्वाँप्वाँ गर्दै ठूलो स्वरले सास फेर्नु ।

धुपौडो१- [<धूप+औडो] ना. धुपौरो ।

धुपौडो२- [<धूप+औडो] ना. धूप भएको बेला वा चर्को घाम लागेको मध्यान्हको समयमा, धूपको बेलामा ।

धुलो- ना. पिठो ।

धुल्याय- [<धुलो+आय] ना. नदेखिने तर भित्रभित्रै काठ धुलो मसिनो पार्ने कीरो ।

धेक्नु- [धेक्+(नु)] सकि. देख्नु वा हेर्नु ।

धैँ- अ. खै !

धो हुनु- (टु.) यौनिक इच्छा पूरा हुनु, चाहना पूरा हुनु ।

धौं- विबो. खै ! हेरुँ त भन्ने भाव बुझाउन ।

धौल्या- वि. गोरो रङका बच्चा वा केटो ।

धौलो- वि. (बहु./ति. धौल्या, स्त्री. धौली) गोरो, सेतो, सुकिलो ।

न

नइ- पूस. हे. नाइ ।

नउँ/नौ- ना. नुवाँखी, नयाँ अन्न खान सुरु गर्नु ।

नउवत- /नउवत्/ ना. दुर्दशा, बेहाल ।

नक्थडो/नक्थुडो- ना. नाथ्रो ।

नङारा- ना. पिंध तिखो भएका तामाका भाँडामा छालाले मोडेको गजाले बजाइने एक प्रकारको बाजा, दमाहा, टाम्को, डङ्का ।

नट्टो- ना. मसिनो नसो ।

नडो- ना. (बहु./ति. नडा) कच्छा, सुरुवाल पेटीकोट आदि कस्न प्रयोग गरिने कपडाको सिलाइएको डोरी, इजार ।

नतअर- /नतअर्/ अककि. नगर, निषेधात्मक ।

नतर- क्रियो. नत्र ।

ननाइ- ना. घिन, फोहोर, कुनै काम गर्न (अभिमान, जात, आदि कारणले) नमान्नु ।

नल- /नल्/ ना. गहुँ, कोदो आदिको सुकेको डाँठ । गहुँ, कोदो फल्ने बालाभन्दा तलतिर पातका जगले बेरिएको ठाउँ ।

नलिखुट्टो- ना. नलको जस्तै पातलो खुट्टो । नलिहाड ।

नाआ- वि. थोरै, अलिकति ।

नाइ- पस. अकरण बोधक, न, निषेध बोधक । (उदा. सिपैनाइ- सीप छैन) ।

नाउ- ना. डुङ्गा ।

नाउटो- ना. नाभी ।

नाउट्या- [नाउटो+या] वि. ठूलो नाभी भएको वा प्रेमले बोलाउने शब्द ।

नाउलो- ना. धारो बनाउन नसकिने मूलको पानीलाई खाल्टो बनाई पानी पिउन बनाइएको कुवा ।

नाओ- ना. हे. नाउ ।

नाक्च्या- वि. ठूलो नाक भएको । ना. प्रेमले बोलाउने केटाको नाम ।

नाक्ची- ⁄नाक्चि⁄वि. ठूलो नाक भएकी । ना. प्रमले बोलाउने केटीको नाम ।

नाङ्लो- ना. नाङ्लो, बाँसका चोयाद्वारा बनाइएको गोलो आकारको निफन्ने, केलाउने साधन ।

नाज- ⁄नाज्⁄ ना. अनाज, अन्न, खेतबारीमा फलेको खानेकुरा ।

नाटो- वि. नराम्रो, खराब ।

नाठी- ⁄नाठि⁄ वि. अपुताली, सन्तान नहुनु ।

नाडी- ⁄नाडि⁄ ना. नारी, हत्केला र कुइनाका बीचमा रहेको जोड ।

नाड्नु- [नाड्+(नु)] सक्रि. जङ्गल फडानी गरी खेत बारी बनाउने काम ।

नाना- ना. सानी आमा वा कान्छी आमा, आमाकी बहिनी वा काकी ।

नान्नानी- ⁄नान्नानि⁄ [नानी+नानी] अमू. स-सानी, सानी-सानी ।

नानो- वि. (बह. ति⁄नाना, स्त्री. नानी) सानो ।

नानै- वि. सानै ।

नान्को- वि. (बहु.⁄ति. नान्का, स्त्री. नान्की, हे. नान्के) सानो ।

नाप- वि. थोरै ।

नापनापै- ⁄नाप्नापै⁄ [नाप+नाप] क्रियो. अलिअलि, थोरथोरै ।

नापै- वि. थोरै, अलिकति ।

नाबी- ⁄नाबि⁄ ना. हे. नाउटो ।

नासोतुसो- द्वि. (√नासो) कोसेली, कोसेलीजस्तै अन्य वस्तु ।

नि- अ. हे. मुथि ।

निउडनु- [निउड्+(नु)] अक्रि. ढोग्नु, निहुरिनु, झुक्नु, सानो हुनु ।

निउतो- ना. (बहु.⁄ति. निउता) निम्तो, बोलावट ।

निउति- संयो. निम्ति, लागि ।

निकरी- ⁄निकरि⁄ [निको+अरी] क्रियो. राम्ररी ।

निकान- ⁄निकान्⁄ ना. एकातिर किलाको जस्तो आकार भएको अर्कातिर बसुलाको

जस्तो धार भएको हथौडाले ठोकेर काठ छेड्न उपयोग गरिने वस्तु वा फलामे औजार ।

निकाल्नु- [निकाल्+(नु)] प्रेकि. पठाउनु, बाहिऱ्याउनु, फ्याक्नु ।

निको- वि. (बहु./ति. निका, स्त्री. निकी) राम्रो वा सन्चो, आराम । ¼**हुनु-** (टु.) सन्चो हुनु, आराम हुनु ।

निक्लो- वि. निस्तै, बिना तरकारी, दाल अचारको । भात रोटीसँग अन्य खानेकुरा केही नभएको ।

निङ्च्चडो- वि. (बहु./ति. निङ्च्चडा, स्त्री. निङ्च्चडी) नाक नभएको, लाज, सरम नमान्ने, नकचरो ।

निङालिपुत्रो- [निगाली+पुत्रो] वि. निङालाको पुत्रो, निङालाको कलिलो डाँठ वा त्यसको चोया ।

निङास्नु- [निङास्+(नु)] सकि. निकाल्नु, बाहिऱ्याउनु ।

निचो- वि. (बहु./ति. निचा. स्त्री. निची) होचो, पुड्को ।

निछट्टी- /निछट्टि/ वि. अश्लील शब्द प्रयोग गर्न महिला ।

निछट्टो- वि. (बहु. ति/निछट्टा, स्त्री. निछट्टी) अश्लील शब्द प्रयोग गर्ने पुरुष ।

निझर्को- [नि+झर्को] ना. ढुक्क, आरामसँग ।

नितोल्नु- [नितोल्+(नु)] सकि. निचोर्नु, फलबाट रस वा बियाँ झिक्ने काम ।

नितोलिनु- [नितोल्+इ+(नु)] प्रेकि. निचोरिनु, फलबाट रस वा बियाँ झिकिने काम ।

नित्रनु- [नित्र+(नु)] अकि. सिद्धिनु, रहल-पहल चुहिनु, तरल पदार्थ विशेष निखिनु । (उदा. पानी परेर पनि बलेंसीबाट पानी नित्री सक्यो) ।

नित्रानी- वि. १. बचेको, अवशेष । २. अन्तिम सन्तान, सबैभन्दा कान्छो सन्तान ।

निन१- /निन्/ ना. निद्रा, निद ।

निन२-/निन्/ ना. काटेर सुकाएको धान सहितको परालको लहर, पङ्क्ति ।

निनु/निनो- ना. दुलाहाका घरबाट जन्ती जानुभन्दा एकदुई दिनअघि दुलहीका घरमा समाचार पठाउने काम । ¼**हन्नु-** (टु.) निनो पठाउने काम, निनो खबर गर्ने काम ।

निन्यारी- /निन्यारि/ ना. झ्याउकीरी ।

निन्नेरु- निनो गर्ने व्यक्ति, निनोको खबर पठाउने व्यक्ति ।

निन्नेरो- ना. हे. निन्यारी ।

निपोडिनु- [निपोड्+इ+(नु)] अकि. च्याँठिनु, अहमता देखाउनु, अरुलाई नगन्नु ।

निमाउने- भूत, ख्याक ।

निरु- ना. झन अस्ति, अस्तिको अघिल्लो दिन वा पर्सिको भोलि ।

निसम्म- [नि+सम्म] क्रियो. शान्त, केही पनि आवाज नसुनिएको, उदासिलो, मन नलाग्ने स्थितिको ।

निस्पत- [निस्+पत्] ना. भाग्य ।

निस्याइलो- [निस्+याइ+लो] ना. नियास्रो, कुनै आफन्तसँग भेट गर्ने आतुरता ।

निस्ये- (तत्स. निश्चय) क्रियो. अवस्य, जरुर ।

निस्स- नायो. नजिक, आफ्नै वरिपरि, अत्यन्त नजिक ।

नेटे- वि. हे. नेट्टो ।

नेट्टो- वि. बाङ्गो, टेढो ।

नेट्टानु- [नेट्+आ+(नु)] अकि. ढाड बाङ्गो पार्नु, टेढो पार्नु ।

नेति- ना. मोही पार्दा मधानीमा बाँध्ने डोरी ।

नेल्नु- [नेल्+(नु)] सकि. खुट्टा बाँध्नु वा अल्झाउनु ।

नेहोचडी- /नेहोचडि/ [<न्याहो+चरी] ना. न्याउली चरी ।

नै- पस. तै/दै । (उदा. जानै, खानै, भन्नै आदि) ।

नैने- वि. भर्खर बिहाएको भैंसी, ब्याएको करिब छ महिनासम्मको भैंसी ।

नौकर- /नौकर्/ वि. नोकर, अर्काको घरमा निश्चित पारिश्रमिक लिएर काम गर्ने व्यक्ति ।

नौली- वि. प्रशस्त, व्यापक, अपुग नभएको । (उदा. पहाडमा गुराँसका फूलको के नौली छ ?) ।

न्याइतो- वि. न्यायसङ्गत, न्याय पहिल्याउने । (उदा. गल्ती राम्रोसँग नकेलाएरै न्याइतो हुन पाइन्छ ?) ।

न्याउल्या- ना. न्याउली चरीकोजस्तै लामो सुर झिकेर गाइने गीतको एक भाका वा खेल । (उदा. न्याउल्या गीत, न्याउल्या खेल) ।

न्यायो- ना. हलाको फरैं कसिलो पार्न ठोकिने काठको साधन ।

न्यार- /न्यार्/ ना. खुवाउन ठिक्क पारिएको घाँस, पसुको आहार ।

प

प- नि. पो ।

पइरनु- [<पहिर+(नु)] सकि. पहिरनु ।

पउँडो- ना. (बहु./ति. पउँडा) भैंसीको पाडी ।

पख्नु- [पख्+(नु)] अकि. पर्खनु, रुक्नु ।

पखेट्टो- ना. (बहु./ति. पखेट्टा) पाखुरा, चराको प्वाँख हुने अङ्ग ।

पखेरे- ना. कुखुरो । (पडेलीको भाषा) ।

पगडी- /पगडि/ ना. पगरी ।

पगार- /पगार्/ ना. अप्ठ्यारो भीर, पहाड, पर्वत ।

पगिट्टा- ना. भुजा, बाहु ।

पगेडो- ना. (बहु./ति. पगेडा) गोरुको गलाभरि मात्र समेटिएको डोरी, हातले समाउन वा पगो हाल्न सजिलो पार्ने डोरी ।

पगो- ना. गाई, भैंसी आदिलाई एकठाउँबाट अर्कोठाउँ लैजानु पर्दाको अवस्थामा मात्र बाँध्ने रसी वा त्यस्तो अवस्थामा उपयोग गरिने जस्तोसुकै डोरी ।

पगो हाल्नु- (टु.) पशुलाई बाँधेर डोऱ्याउने काम ।

पघार१- /पघार्/ ना. तलब, मासिक रूपमा प्राप्त हुने आम्दानी ।

पघार२- /पघार्/ ना. हे. पगार ।

पछ्यानु- [पछि+आ+(नु)] अकि. ढिलो हुनु, कुनै काम समयमा नहुनु । (उदा. गहुँ छर्ने बेला टऱ्यो अब त गहुँ पछ्यायो, यतिखेर छरेको हुँदैन) ।

पछिन्नो- [√पछि] क्रियो. (बहु./ति. पछिन्ना, स्त्री. पछिन्नी) अन्तिम, पछाडि ।

पछुडी- /पछुडि/ ना. पछ्यौरी ।

पछेउडा- ना. पछ्यौरा ।

पछे- नायो. पछि, केही कालको अन्तरालमा ।

पटाइ- ना. थकाइ, परिश्रम गरेपछि शरीरमा हुने अनुभव, थकान ।

पटि- पस. पछि । (उदा. त्यसो भनेपटि तिमी अहिले आउँदैनौ हैन) ।

पट्यार- /पट्यार्/ क्रियो. उदेक, बोर दिक्क ।

पट्यौलो- वि. सानो ।

पठ्याग्ग्रो- [<पाठो+याग्ग्रो] ना.(बहु./ति. पठ्याग्ग्रा, पठ्याग्ग्री) पाठो वा पाठोजस्तै सानो बाखो ।

पडन्ति- अ. पढुन्जेल ।

पडपड- /पड्पड्/ अमू. परपर, चपाउँदा आउने आवाज ।

पडाइ१- ना. पढाइ, पढ्ने काम ।

पडाइ२- सुताइ, सुत्ने वा पल्टिने काम ।

पडाउनु१- [पढाउ+(नु)] प्रेकि. पढाउनु, पढ्न लगाउनु ।

पडाउनु२- [पढाउ+(नु)] प्रेकि. सुताउनु, सुत्न लगाउनु ।

पडाल्नु- [पडाल्+(नु)] प्रेकि. सुताउनु, सुत्न लगाउनु ।

पडिमा- ना. पर्म, अर्कालाई आफ्नो काम गराए वापत् आफूले काम गरेर तिरिने रिन ।

पडेल- /पडेल्/ ना. दुईजना व्यक्तिसँग एकएक गोरु भएको अवस्थामा ती दुई गोरुको जोडा मिलाउने काम, छुट्टाछुट्टै

व्यक्तिका दुईवटा गोरुसँगै जोत्ने गरी गरिएको सम्झौता ।

पडेली- /पडेलि/ [पडेल्+ई] ना. धामीले आफ्नो पशंसा गरी गाउने गीत ।

पडेलो- [पडेल्+ओ] ना. (बहु.ति/पडेला) परेलो, आँखाको ढकनी ।

पडो- ना. (बहु./ति. पडा) ढुङ्गो । (पूर्वी अछामतिर गाली अर्थमा, पश्चिमी अछामतिर साधारण ढुङ्गो अर्थमा) ।

पड्छनु- [पड्छ्+(नु)] अकि. पर्छिनु, खुसी हुनु, मृत्युको बखत आउनु ।

पड्डे- कियो. पर्ने ।

पड्नु- [<पढ्+(नु)] अकि. पढ्नु, पढ्नेकाम ।

पड्यो- [<पढ्+यो] सहाकि. पऱ्यो ।

पडेउ/पणेउ- ना. पिँडालु ।

पत-पख- द्वि. पर्खी त पर्खी, पर्खी-पर्खी, रुक-रुक ।

पतरी- /पतरि- ना. हे. पाल्तो३ ।

पताउनु- [पत्+आउ+(नु)] अकि. हरउनु, बेपत्ता हुनु, लक्ष्य वा गन्तव्यमा पुग्न नसक्नु ।

पतुडिनु१- [पतुड्+इ+(नु)] अकि. बिछोडिनु, छुट्टिनु, अदृश्य हुनु, हराउनु ।

पतुडिनु२- [पतुड्+इ+(नु)] अकि. बेहोसीको अवस्थामा जथाभावी बोल्नु, बर्बराउनु ।

पतेउनु- [पत्+एउ+(नु)] प्रेकि. रोएका बाल-बालिकाहरूलाई चूप लाउनु, रोएकालाई शान्त गराउने काम ।

पथार्नु- [पथार्+(नु)] सकि. १.चक्लामाथि मुछेको पिठो राखेर हातका औलाले रोटी बेल्ने काम वा गुइठा बनाउने काम, थपथपाउनु, थ्याप्पथ्याप्थ हातले हानेर रोटी बनाउनु । २. नभएका कुरामा थपथाप पार्नु वा बनाउनु,

पदेडो- ना. पतेरो ।

पन- अ. पनि ।

पनालो- [<पानी+आलो] ना. खोलाको वारिबाट पारि पानी लैजानु परेमा उपयोग गरिने काठको मात्र घारो आकारको कुलो ।

पन्तार-/पन्तार्/ ना. कुलोबाट खेतको गरामा पानी लैजाने मुख्य मुहान ।

पन्याउनु- [<पानी+याउ+(नु)] सकि. रयेल्नु, पानी हालेर चलाउनु वा फिट्नु ।

पन्यारो- [<पानी+आरो] ना. (बहु./ति. पन्यारा) पानी ल्याउने ठाउँ, पँधेरो ।

पन्यारी- /पन्यारि/ [<पानी+आरी] ना. पानी ल्याउने महिला ।

पन्लेउनु- [< पान्लो+याउ+(नु)] सकि. हे. पन्ल्याउनु ।

पन्ल्याउनु- [<पान्लो+याउ+(नु)] सकि. सम्म पार्नु, खाल्टाखुल्टी र अग्लोठाउँ बराबर बनाउनु ।

पयो- ना. डोरी बाट्नका लगि पाटका त्यान्द्रा वा धर्साको एकलहर, खन्ड वा अंश ।

पयो लाग्नु- (टु.) उमेरमा अर्कोवर्ष लाग्नु, अर्कोवर्षको अंश वा खन्ड सुरु हुनु ।

पर- वि. टाढा, दूर ।

परजुनी- /पर्जुनि/ [<पर+जुनी] ना. आउने जन्म, भाग्य ।

परान- /परान्/ ना. प्राण सास, जीव ।

परानी- /परानि/ ना. प्राणी, ज्यान ।

परिउडो- क्रियो. (बहु./ति. परिउडा, स्त्री. परिउडी) पल्तिर ।

परे !- अ. ऊ !, हप्की, धम्की (निषेधात्मक) ।

परे हे !- विबो. हेर हेर, हप्की (निषेधात्मक वा हेर त हेर भन्ने अर्थमा) ।

पर्कलो/पर्गलो- ना. (बहु./ति. पर्कला) ध्वजा, देवताको मन्दिरमा चढाउने सानो रातो वा सेतो कपडा ।

पर्सो- ना. पशुबाट प्राप्त हुने मल, खाद, गोबरबाट बन्ने मल, भकारो ।

पलाउनु- [पलाउ+(नु)] सकि. राम्रोसँग धार वा साँध लगाउनु ।

पली१- /पलि/ ना. लाउन वा पुरी पकाउँदा कराहीबाट निकाल्ने फलामको मसिनो लामो अनि सानो पातो भएको पन्यू ।

पली२- /पलि/ ना. चौंठोमा राखिएको तेल निकाल्नका लागि प्रयोग गरिने लिटरकै आकारको पचास ग्रामसम्म आउने साधन, फलाम वा विशेष प्रकारको रेसमी कीराको खोलबाट निर्मित वस्तु ।

पलेओ- ना. मोहीमा चनाको पिठो हाल्ने काम, दाल बाक्लो बनाउन हालिने पिठो ।

पसाउनु- [पस्+आउ+(नु)] सकि. केरा, गहुँ, धान आदि फल्ने काम, फल्नका लागि फूल वा त्यस्तै केही सङ्केत देखिनु, बाला आउनु ।

पसाल्नु- [पसाल्+(नु)] प्रेकि. गाई, भैंसी खेतीमा पसाल्ने काम, घुसार्नु ।

पसेलो- [<पस्सो+एलो] ना. आबादि गरिएको राम्रो खेती योग्य जग्गा, राम्रो बारी ।

पस्याउटो- [<पस्सो+याउटो] ना. भकारो वा खाद बोक्ने डोको ।

पस्सो- ना. हे. पर्सो ।

पहरी- /पहरि/ ना. कुखुराको भाले ।

पाँचे- वि. पाँचवटा थुन भएको भैंसी ।

पाँड- /पाँड्/ ना. घरको दोस्रो तला, बुइगल, भुइँ तलाभन्दा माथिल्लो भाग वा तला ।

पाँडो- ना. (बहु./ति. पाँडा) केही पनि नओच्छ्याइएको ठाउँ, पाटा, खाली भुइँ मात्र ।

पाइटो- ना. (बहु./ति. पाइटा) खुटकुली, लिस्नो वा भऱ्याङको खुट्टो राख्ने ठाउँ । खुडकिलो ।

पाइन- /पाइन्/ धार । (आँसी पलाउँदा राम्रो पाइन लाग्यो) ।

पाउटो- ना. (बहु./ति. पाउटा) गोरु जोत्न तमिल्ने सानो गरो ।

पाउनो- ना. (बहु. ति/पाउना) पाहुना, आगन्तुक ।

पाख- /पाख्/ ना. प्वाँख

पाखी- /पाखि/ ना. भडाको ऊनबाट बनेको कम्बल, राडीपोखी ।

पाखुडो- ना. (बहु./ति. पाखडा) पाखुरो ।

पाखो१- ना. (बहु./ति. पङ्खा) घरको छानो, छत ।

पाखो२- ना. बारी, पानी नलाग्ने जग्गा ।

पाङो- ना. (बहु./ति. पाङा) रोपाइँ गर्दा बनाइने हिलो ।

पाच्यो- ना. स्त्री गुप्ताङ्ग ।

पाट- /पाट्/ ना. डोरी बाट्ने धागो । मालु, भिमल, सन, केतुकी आदिबाट बनेको पटुवा, सनपाट ।

पाटन- /पाटन्/ ना. घाँसे मैदान, सम्म ठाउँ ।

पाट- /पाट्/ ना. छानो नभएको सित पर्ने ठाउँ, खुला आकास ।

पाटिपिट्याउलो- ना. फिस्टो, भँगेराभन्दा सानो एकजातको चरो ।

पाडो पड्नु- (टु.) काममा सारै अवरोध वा बाधा पर्नु, काम गर्ने मान्छेको कमी हुनु । (उदा. कामका बेला नरे नभएकाले निकै पाडो पड्यो) ।

पाड्डु- [पड्+(डु)] सक्रि. पार्नु ।

पातडो- ना. (बहु./ति. पातडा) पात्रो, पञ्चाङ्ग ।

पातिनु- ना. पुट्ठा, हिप ।

पाती- /पाति/ ना. तिते झार, तिते पाती ।

पाती लाउनु- (टु.) आशीर्वाद दिनु, फूल पाती कानमा लगाएर आशीर्वाद दिने काम, जजमानी वा कर्मकाण्ड गर्नु ।

पातो- ना. (बहु./ति. पाता) हे. न्यायो ।

पाथर- /पाथर्/ ना. घरको छानो वा झाँताको लागि उपयोग गरिएको ढुङ्गाको पत्थर, घट्ट वा झाँतोका ढुङ्गाहरू ।

पान्टिस- /पान्टिस्/ ना. पानी प्यास, तिर्खा ।

पान्लो- वि. सम्म परेको, मैदानी भू-भाग, तेर्सो ।

पान्लै- वि. हे. पान्लो ।

पाप्डो- ना. पाप्ग्रो, पिँडालुको डाँठ सुकाएर बनाइने तर्कारी ।

पायेडो- ना. (बहु./ति. पायडा) बरको हाँगामा देखिने लहरा, लट्टा ।

पारो- ना. ठेकी, मोही पार्ने भाँडो ।

पाला- ना. पालुवा, धानको बीऊ राख्दा खेतका गरामा मलका लागि राखिने पालुवा ।

पाला चोप्नु- (टु.) बीऊ राख्न तयारी गर्नु, बीऊ राख्न खेतका गरामा मलका लागि पालुवा चोप्नु ।

पालेपघार- /पालेपघार्/ ना. पालिएको बन, व्यक्तिगत रूपमा खर रोपेर बनाइएको बन, खर मेलो ।

पालेबन- /पालेबन्/ ना. हे. पालेपघार ।

पालेमेलो- ना. हे. पालेपघार ।

पाल्तेघाँडो- ना. पाताल भन्ने ठाउँमा बज्ने घाँडो ।

पाल्तो१- ना. बर्साती, प्लास्टिक वा भोर्लाका पातबाट बनाइएको ओढनी ।

पाल्तो२- वि. पातलो, बाक्लोभन्दा विपरीत ।

पाल्तो३- ना. किनार नउठाइएको टपरी ।

पास- /पास्/ ना. जाँडको छोका ।

पिट्को- ना. फोको, खटिरो ।

पिठायो लाउनु- (टु.) सम्मान गर्नु, टीका लगाउनु, मिल्नु वा सम्झौता गर्नु ।

पिठाहा- [<पिठो+आहा] ना. पिठो वा सल्लाको फूलबाट बनाइएको सुक्खा टीका, बसन्त पञ्चमीको बेला बसन्त आगमनको सङ्केत स्वरूप लगाइने टीका, सम्मान जनाउन लगाइने टीका ।

पिठी- /पिठि/ कियो. १.पछाडि । २.ढाड, पृष्ठभाग ।

पिँडो- ना. खोले, गाई, भैंसीलाई पिठो पकाएर बनाइएको कुँडो ।

पिँढी- /पिंढि/ ना. धामीले देउता काँप्न लाग्दा बस्ने ठाउँ ।

पिडी- /पिडि/ ना. हे. गोट्टा ।

पिड्- ना. दुखाइ, दर्द ।

पितामर- /पितामर्/ (तत्स. पिताम्बर) ना. पिताम्बर ।

पिनापानी- /पिनापानि/ ना. तोरीको पिनालाई लेदो बनाएर मुसेप्राजस्तै डल्ला पारी सुकाइएको, पिना र पानी सिस्याई तर्कारी खान बनाइएको खाद्य पदार्थ ।

पिनु- [पि+(नु)] अकि. पिउनु ।

पिन्छ- [पिन्+छ] सहाकि. पिउँछ ,

पिन्नु- [पिन्+(नु)] सकि. पिस्नु, घट्ट, भाँतो वा मिलमा पिस्ने काम ।

पिप्चा- ना. चिप्प्रा, आँखाको कचेरा ।

पिप्चे- वि.आँखामा पिप्चा भएको ।

पियाँलो- वि. पहेंलो ।

पिल्ते- वि. पित्तलको, पित्तलसँग सम्बन्धित ।

पुका- ना. पिँडुला ।

पुछ- ना. पुच्छर वा गुदाद्वार ।

पुछड- /पुछड्/ ना. हे. पुछ ।

पुछि- ना. हे. पुछ ।

पुडा- किया. पर, टाढा, उता ।

पुडाबस्स- ना. अर्कोवर्ष, आउनेवर्ष ।

पुड्डो- वि. (बहु./ति. पुड्डा, स्त्री. पुड्डी) पर, टाढा ।

पुतला- ना. पुरानो वर्ष समाप्तिका बेला मनाइने पर्व, चैत्र तीसगते मनाइने पर्व ।

पुतारी- /पुतारि/ ना. हे. ब्वारी ।

पुनी- /पुनि/ ना. पूर्णिमा ।

पुपुडो- ना. पुर्पुरो, भाग्य ।

पुप्डो- ना. (बहु./ति. पुप्डा) गाला र त्यसमाथिको भाग ।

पुल्ती- /पुल्ति/ ना. (बहु./ति. पुल्ता) पुतली ।

पुलो- ना. (बहु./ति. पुला) पराल वा घाँसको घोचो वा भारी । (एकपुलो) ।

पुसाइँ- ना. फुफाजु, फुपूको दुलाहा ।

पेटारे- [पेटार्+ए] ना. पहेंलो, खैरो रङ्को बाखा, पाठापाठी ।

पेटी- /पेटि/ ना. बाकस ।

पेठे पड्नु- (टु.) पेठाजस्तै कुहिनु, बिग्रिनु, चट्ट्याङ् पर्नु ।

पेठो- ना.(बहु./ति. पेठा) भुजो, कुभिन्डो ।

पेलम्पुर- /पेलम्पुर्/ वि. पहेंलपुर, पहेंलिएको ।

पेलो- वि. हे. पियाँलो ।

पैकेलो- ना. राजा, बीर आदिको सन्तान ।

पैटनु- [पैट+(नु)] सकि. सुरु गर्नु, शुभकार्य गर्न वा नयाँ भकारीको खाद्यान्न खान आरम्भ गर्ने काम ।

पैरो- ना. (बहु./ति. पैरा) पहिरो ।

पैली- वि. पहिले, अगाडि ।

पैलो- वि. पहिलो ।

पोको१- ना. कोसेली लैजान वा अनाज राख्न तयार पारिएको पातको खोचो । (उदा.एक पोका गहुँ) ।

पोको२- वि. रीसको मात्रा बढी भएको, थुप्रो । (उदा. रीसको पोको) ।

पोख- /पोख्/ ना. प्वाँख, मकैका कोसाको बाहिरी भुत्ला वा खोल ।

पोखला- ना. कसैलाई चोर भन्ने प्रमाण नभएको अवस्थामा देउताको डर देखाई थानमा फाल्न मागिने अछेता । (उदा. तैँले चोरेको होइनस् भने पोखला दे) ।

पोखलो- ना. हे. पर्कलो ।

पोटे- ना. खाएको कुरा गएर बस्ने शरीरको भाग, पेटभित्रको भुँडीको भाग ।

पोडा- ना. १. जिरे । २. नाकको प्वालमाथि उठेको भाग ।

पोडो- ना. (बहु./ति. पोडा) लसुनको गानाभित्रको एक अंश, पोटी ।

पोती सराइ- ना. धान रोपाइँ आरम्भ गर्नु, पहिलो रोपाइँ ।

पोथो- ना. पोथ्रो, सानो बोट ।

पोर- /पोर्/ ना. पोहोर, गतवर्ष ।

पोर्काबस्स- ना. गतवर्ष, वितेको वर्ष ।

पोरु- क्रियो. पर्सि । (डोटेली प्रभावित क्षेत्रमा)

पौंचनु- [पौंच+(नु)] अकि. पुग्नु ।

पौंचिनु- [पौंच+इ+(नु)] अकि.हे.पौंचनु ।

पौंठा- ना. पगिट्टा, हात समाता समात गरेर बल विचार्ने काम । ¼**खित्तु**- (टु.) एक अर्काका हात समातेर बल गरी तान्ने वा झगाडा गर्ने काम ।

पौठा- ना.हातमा लगाउने गहना विशेष ।

पौणो- ना. हे. पउँडो ।

पौलो- वि. धेरै, ज्यादै ।

प्याउनु- [प्याउ+(नु)] अकि. ब्याउनु, सन्तान जन्माउनु ।

प्याउली- ना. फूल विशेष ।

प्यानु- [प्या+(नु)] सकि. सूर्योदय हुनु ।

फ

फउँरो- वि. सजिलै चपाउन सकिने, कमलो नभई सारो भए पनि चाम्म्रो नभएको ।

फटिङ्लो- ना. (बहु./ति. फटिङ्ला) फट्याङ्ग्रो ।

फट्टक हाल्नु- /फट्टक हाल्नु/ (टु.) हाम फाल्नु, अग्लो ठाउँबाट तल हाम फाल्नु ।

फडिको- ना. (बहु./ति. फडिका) हल्का काठ वा घाँसको दुबैतिर डन्डाले दबाई बाँधेर बनाइएको फला, गोठको अस्थायी ढोका, चरालाई फसाउन बनाइने लफो ।

फडिबाउटो- ना. (बहु./ति. फडिबाउटा) दाउराको एक ठुँडो वा एक चिरपट ।

फतबाडी- /फत्बाडि/ [फत+बाडी] वि. बेकाममा फतफताइ रहने, बोली रहने ।

फतरान्तल- [<फत+रान्तल] अमू. एकै चोटी ह्वात्तै खस्ने काम ।

फत्तु- ना. दौरा, सुरुवालसँग लगाउने भोटोजस्तै लुगा ।

फनो हान्नु- (टु.) घुमफिर गर्नु, बिना काम डुल्नु, बेरिनु वा लपेटिनु । (उदा. केही काम नगरेर दिनभरी क्ता फनो हान्छस् , सर्पले आगनकै खाँबोमा फनो हानेर बसेको छ) ।

फयल- /फयल्/ ना. फेल, अनुत्तीर्ण, असफल ।

फलफल- /फल्फल्/ अमू. छिटोछिटो खाने काम ।

फलमुसो- /फल्मुसो/ ना. (बहु./ति. फलमुसा) लोखर्के ।

फलेउटा- ना.अविवाहित, केटा वा छोरा ।

फलेउटी- /फलेउटि/ ना. अविवाहिता केटी वा छोरी ।

फलेउटो- ना. (बहु./ति. फलेउटा, स्त्री. फलेउटी) अविवाहित केटो वा छोरो ।

फल्नु१- [फल्+(नु)] सकि. कुल्चिनु । (उदा. बाटामा हिँड्दा रामेले गुहु फल्यो) ।

फल्नु२- [फल्+(नु)] सकि. प्रशस्तै उब्जनी हुनु, बाली सप्रिनु ।

फल्नु३- [फल्+(नु)] सकि. कोदो, मकै आदि ओखलमा कुटेर बाहिरी खोस्टा छोडाउने काम, पालिस लाउनु । (उदा. फलेको चामल, फलेको दाल) ।

फल्लैन- [फल्+लै+न] अककि. फल्दैन ।

फस्कनु- [फस्क+(नु)] अकि. हिँडिहाल्नु, गइहाल्नु, जानु ।

फस्का लाउनु- (टु.) झुटो बोल्नु, गफ हाँक्नु ।

फाँको- ना. (बहु./ति. फाँका) खाजा ।

फाँचो- ना. (बहु./ति. फाँचा) गुन्टो, लुगामा सामान बेरेर बनाइएको भारी ।

फाउडा हाल्नु- (टु.) नभएको कुरालाई जोडजाड पार्ने काम ।

फाउडो- ना. (बहु./ति. फाउडा) फरुवा, ठूलो चौडा पातो भएको कोदालो ।

फाट्टु- [फाट्+(टु)] सकि. फाट्नु, छुट्टिनु वा अलग हुनु (बाटो फाट्यो) ।

फाँडो- ना. मासको पिठोबाट बनाइने दालको परिकार ।

फाँसी फाल्नु- (टु.) औपचारिक्ता पूरा गर्नु, आफ्नो जिम्मा आएको अरुको काम छिटो-छिटो सिध्याउनु, झरा टार्नु ।

फाला हाल्नु- (टु.) दगुर्नु, दौडिनु, भाग्नु, आइमाईले आफ्नो घर खान नसकेर भाग्नु ।

फालैमा- कियो. दौडेर, तत्काल ।

फार्से- ना. छोडपत्र, पति पत्नीबीचको सम्बन्ध विच्छेद गर्ने काम ।

फिकिरी- /फिकिरि/ ना. फिकी, चिन्ता ।

फिटफाट- /फिट्फाट्/(√ फिट्) अमू. चाहेजस्तै मिलेको, उपयुक्त, एकदम तयार ।

फिट्को हान्नु- (टु.) धान, गहुँको भुस फाल्नको लागि नाङ्लोले हम्किने काम ।

फितड्नु- [फितड्+(नु)] सकि. गिलो माटो वा पिठो जथाभावी लतपत पार्नु, अनावश्यक विषयमा पटकपटक कुरा गर्नु ।

फिनु/फिनो- ना.(बहु./ति. फिना) गुन्द्री, परालबाट बनाइएको ओच्छ्याउनी ।

फिराद- /फिराद्/ (आ.) ना. उजुरी, जाहेरी । 'आयो पाद गयो पाद, पादसँग केको फिराद' (उखा.) ।

फिर्कनु- [फिर्क+(नु)] अकि. फिर्नु, हावामा हल्लिनु ।

फिर्कली- /फिर्कलि/ [फर्क+ली] ना. आफ्ना पतिको घर नबसी यताउता डुल्ने आइमाई ।

फिर्का- ना. रूख वा डाँडाको टुप्पो ।

फिर्को- ना. (बहु./ति. फिर्का) रूखको सबैभन्दा माथिल्लो भाग वा टुप्पो ।

फिर्नु- [फिर्+(नु)] अकि. फर्किनु, बापस आउनु ।

फिलो- ना. (बहु./ति. फिला) मानिस वा जनावरका तिघ्रा ।

फिल्को- ना. (बहु./ति. फिल्का) आगो भएको कोइला, फिलिङ्गो ।

फु- ना. फुपूसँग हेलमेल भई नजिकको सम्बन्ध कायम हुँदा त्यतिखेर बढी सम्मान प्रकट नगर्दा भनिने शब्द, फुपू ।

फुँगो- ना. ठूलो साङ्लो ।

फुच्रिनु- [फुच्रि+(नु)] सकि. एकातिर पाकेर अर्कोतिर काचै देखिने सुकेको रोटी, फुस्रो रोटी ।

फुच्रो- वि. (बहु./ति. फुच्रो, फुच्री) निच, हराम, खतम ।

फुटो- ना. (बहु./ति. फुटा) फोटो ।

फुर- /फुर्/ ना. मकै भुटेर फुला उठेको दाना ।

पुर्चो- वि. (बहु./ति./फुर्चो, स्त्री.फुर्ची) हे. पुच्रो ।

फुर्नु- [फुर्+(नु)] अकि. फुला उठ्नु, सुन्निनु ।

फुर्मास- /फुर्मास्/ ना. जथाभावी खर्च गरेर आनन्द लिनु, बिनाकाममा खर्च गर्नु ।

फुर्मासे- [फुर्मास्+ए] वि. जथाभावी खर्च गर्ने । खर्चालु ।

फुऱ्याउनु- [फुर्+याउ+(नु)] सकि. कुनै काम गराउनका लागि गरिने पशंसा र उत्साह, उचाल्ने काम ।

फुल्टिन- /फुल्टिन्/ ना. कलम, लेखनी ।

फुलो- ना. १ आँखामा चोटपटक लागेर देखिने दाग, नौनीका स-साना कण, मोही पार्दा देखिने नौनी । २. तेल पेल्नका लागि दुई फ्याक बनाइएका तोरीका दाना ।

फेदडो- ना. घट्ट घुमाउन सहयोग गर्ने पानीको फोहोरा छोडिने काठ वा स्टिलको पाता भएको यन्त्र, टर्वाइन ।

फेराफेर- /फेराफेर्/ अमू. साटासाट, एक आपसमा लिने दिने काम ।

फेरि- नायो. हे. खेरि ।

फेरी खानु- (टु.) सत्तिएर खानु, बाहिर जाँदा लगाएको लुगा छोडाएर अर्को लगा फेरेर खाना खानु ।

फेरो- वि. घुमाउरो, बढी घुम्ती हुनाले हिड्न धेरै समय लाग्ने, लामो बाटो ।

फोगट- /फोगट्/ क्रियो. बेकार, बिना काम, सित्तै ।

फोगट्टो- ना. (बहु./ति. फोगट्टा) हे. पाउटो ।

फोलो- ना. आराम, सन्चो ।

फ्यान्नो/ फ्यान्डो- ना. फ्याउरो ।

ब

बउँडानु- [बउड्+आ+(नु)] अकि. गाई, भैंसी आदि पशुहरू खुसी भई दौडिनु, आन्द लिनु, बुर्कुसी मार्नु ।

बइनु- [बइ+(नु)] अकि. बस्नु ।

बइरनु- [बइर+(नु)] अकि. बसिरहनु ।

बउजू- /बउजु/ ना. भाउजू, दाजुकी श्रीमती ।

बकस-/बगस्/ ना. बागस, बक्सा ।

बकिन्ने- वि. दूध दिँदै गरेको अघिल्लो वर्ष बिहाएको भैंसी ।

बकिन्डो- ना. बकेर्नो, ब्याउनै लागेको पाडी वा पहिलो पटक ब्याएको भैंसी । बकिन्ने भैंसो (विप.) ।

बकिन्नो- ना. हे. बकिन्डो ।

बखत- /बखत्/ ना. समय , मौका ।

बखान- /बखान्/ ना. हे. पडेली ।

बखान काट्नु- (टु.) हे. पडेली ।

बगड- /बगड्/ ना. बगर ।

बगस- /बगस्/ ना. हे. बकस ।

बगाल- /बगाल्/ ना. बथान, हुल ।

बगाले- वि. बगालको, हुलमूलसँग सम्बन्धित । **¼गाई-** (टु.) बहर खोजेको गाई ।

बगुल्चिनु- [बगुल्च+इ+(नु)] अकि.चटारिनु, बदमासी गर्नु ।

बग्दु- [बग्+(दु)] सकि. बग्नु ।

बङ्गाडो- ना. (बहु./ति. बङ्गाडा) बङ्गारो ।

बच्छाली- /बाच्छलि/ [<बाच्छो+आली] वि. बाच्छीसँगै भएको गाई ।

बच्छे- ना. कमिज, सर्ट ।

बजार खोल्नु- (टु.) चौकीदारी गर्नका लागि बजार तयार गर्ने काम ।

बजार बनाउनु- (टु.) हे. बजार खोल्नु ।

बजेनी- /बजेनि/ वि. बाजेका पोइल जाने महिला (गाली अर्थमा) ।

बझाङ्गो- ना. बज्र वा चट्याङजस्तै आइपर्ने प्राकृतिक बिपत्ति ।

बटेउनु- [बाट+एउ+(नु)] सकि. तयार पार्नु ।

बटुक- /बटुक्/ ना. तेलमा पकाएको मासको परिकार ।

बट्को- ना. बटुको, कचौरा ।

बट्टिनु- [बट्ट+इ+(नु)] अकि. हे. फेरी खानु ।

बट्याउनु- [बट्+याउ+(नु)] सकि. तयार पार्नु, ठिक्क पार्नु ।

बड- /बड्/ ना. बर, वृक्ष विशेष ।

बड- /बहड्/ ना. बहर, गाईको बाच्छो, जोत्न नमिल्ने वा पाटी नलगाएको गोरु ।

बडाजु- ना. पतिका बुबा वा ससुरा ।

बड्डा- ना. उडुस, सानो डल्ला आकारको रगत चुस्ने कीरो ।

बड्डो- ना. (बहु./ति. बड्डा, स्त्री.बड्डी) बूढो, वृद्ध ।

बताउनु- [बताउ+(नु)] सकि. धान, गहुँ आदिमा रहेको भुसलाई हुटिरोको माध्यमबाट फाल्ने काम ।

बतास- /बतास्/ ना. हावा, वायु ।

बत्तिउडा- ना. बाबियाको डोरी ।

बतु- अ. बरु ।

बत्तो- ना. हे. बर्तो ।

बधाम्म- अमू. चिप्लिँदा शरीरसमेत ढलेर लोट्दा आउने आवाज ।

बनका- ना.बाँदर ।

बन्डाल- /बन्डाल्/ ना. हे. बन्नाल ।

बन्नाल- /बन्नाल/ ना. औलो लाग्ने ठाउँ, भित्री भदेस ।

बन्नेट- /बन्नेट्/ ना. डोरी बाट्दा पय लपेट्ने काठको डेढबित्ता जति लामो डन्डी ।

बम्मै- ना. बम्बई, भारतको महाराष्ट्रमा पर्ने प्रसिद्ध सहर, मुम्बई । 'बम्मै जान्या रेल् गाडीका पैया गुडन् लाग्या' (देगी.) ।

बय- ना. बाबियोसँग सम्बन्धित, मृत्युपछि दिइने दान, लास उठाउँदा दमाईँ जातिलाई छुट्याइएको वस्तु राखिने ढक्की ।

बयेलो- ना. वायु, हावा ।

बर- ना. बर, आशीष ।

बरम्बर- ना. मध्य रातको समय, दिन र रातका बीचको समय ।

बरु- ना. बर हे. बर ।

बरो- ना. सनपाटबाट बनाइएको बाबियो, पराल, घाँस आदिको भारी बाँध्ने डोरी, बरियो ।

बर्गत- /बर्गत्/ना.बल, तागत, क्षमता ।

बर्जनु- [बर्ज+(नु)] अककि. निषेध, गर्न नपाउनु, निषेध गर्नु ।

बर्तो- ना. (बहु./ति. बर्ता) पशुमा लाग्ने जुम्राजस्तै साना कीरा ।

बर्मा- ना. बाउन । (पडेलीको भाषा) ।

बर्मान्नो- ना. टाउको ।

बलैहरी- /बलैहरि/ क्रियो. जबर्जस्ती, चाहना नभएरै ।

बल्ल- ना. गोरु ।

बल्लानी- /बल्लानि/ ना. बलेंसीबाट चुहिएको आकासे पानी ।

बसात- /बसात्/ ना. बतास, हावा ।

बसाले- ना. तोरी ।

बस्स- ना. वर्ष ।

बस्सबस्सै- द्वि. प्रत्येक वर्ष, हर वर्ष ।

बहड- /बहड्/ ना. हे. बड ।

बाँको१- ना. कोरेसो, काँको, मूला, कुभिन्डा आदिको राइतो बनाउँदा कार्ने साधन ।

बाँको२- ना. चिलाउने एक प्रकारको गानो हुने चिलाउने वनस्पति ।

बाँचिरये- [बाँचि+रये] प्रेकि. बाँचिरहेस् भाग्यमानी भएस् भनी आफूभन्दा सानाले ढोग दिँदा आशीर्वाद दिने काम ।

बाँचिलाउनु- [बाँचि+लाउ+(नु)] प्रेकि. आरोप लगाउनु, पोल लगाउनु ।

बाँचिलाग्नु- [बाँचि+लाग्+(नु)] सकि. आरोप लाग्नु ।

बाँज- /बाँज्/ ना. लेकमा पाइने एक प्रकारको वृक्ष विशेष । ।

बाँजो- ना. (बहु./ति. बाँजा, स्त्री. बाँजी) अनुत्पादक, रित्तो, खाली, बिनाकामको, खेती नगरिएको जग्गा, बाँझो ।

बाँजो हन्नु- (टु.)खतम पार्नु, सखाप पार्नु ।

बाँठो- ना. (बहु./ति. बाँठा, स्त्री. बाँठी, वि. बाँठे) बाँझो, सन्तान जन्माउन नसक्ने, बन्ध्या ।

बाँठ्या- ना. हे. बाँठो ।

बाँसी- काठे घरको छानो लगाउँदा लामो पारी धुरीमा राखिने काठ ।

बाँसुली- /बाँसुलि/ ना. बाँसुरी, मुरली, बाँसको वाद्य यन्त्र ।

बाआबेरि- क्रियो. साँझ पख, बेलुका पख, बासाबेरि ।

बाइजानु- [बाइ+जा+(नु)] सकि. गइहाल्नु, हिँडिहाल्न ।

बाइजानु- [बाइ+जा+(नु)] अकि. जानु, हिँडिहाल्नु ।

बाइमी- /बाइमि/ क्रियो. त्यसैमा, त्यसैमाथि ।

बाइलो- ना. वायुबाट निम्तिने, झुसिलो डकार ।

बाउँ- ना. पौडी, पानीमा हात खुट्टाले तैरिने काम । वि. बाउते ।

बाउँटो- ना. बूढी कमिलाजत्रा राता रङका कमिला, टोक्ने ठूला कमिला ।

बाउँट्या१- वि. बायाँ हातले बढीकाम गर्ने वा बायाँ हात धेरै चल्ने व्यक्ति ।

बाउँट्या२- ना. हे. बाउँटो ।

बाउँडो/णो- ना. (बहु./ति. बाउँडा) जीउमा हुने ऐठन, जीउ निमोठिने वायु सम्बन्धी रोग । छट्पट्टिने रोग ।

बाउँत- /बाउँत्/ ना. हे. बाउँ ।

बाउजिउ- ना. बुबा, पिता ।

बाउजु- ना. हे. बाउजिउ ।

बाउरु- ना. मजदूर, ज्यालामा काम गर्ने व्यक्ति ।

बाउली- /बाउलि/ ना. हात, कर, बाहुली ।

बाउलो- ना. (बहु./ति. बाउला) बाहुलो, कमिजको हात ।

बाउसे- [बाउसो+ए] वि. रोपाइँमा बाउसोको काम गर्ने पुरुष, खेतालो ।

बाउसो- ना. कोदालो ।

बाक्खल- /बाक्खल्/ ना. बोका, रूखको बाहिरी भाग, बाक्कल ।

बाक्किल- /बाक्किल्/ ना. बाँठो, न ब्याउने ।

बाग- /बाग्/ ना. बाघ ।

बाच्छो लाउनु- (टु.) मृतकका घरमा मरेको बाह्र-तेह्र दिनभित्र सहयोगका लागि दान दिने काम, घोंत दिनु ।

बाज१- ना. पहाडको बेसीमा बस्ने सिकारी चरो, पक्षी विशेष ।

बाज२- वि. प्रेमी, कलि, प्रेमिका, देउडा गीतको सन्दर्भमा कतै नायकले नायिकालाई कतै नायिकाले नायकालाई सम्बोधन गर्ने शब्द ।

बाट- /बाट्/ ना. अर्थी लैजाँदा अघि-अघि लिइने सेतो कपडाको लहर ।

बाटि- विभ. बाट, तृतीया बिभक्ति बोधक चिन्ह ।

बाटुलो- वि. गोलो ।

बाट्टु- [बाट्+(टु)] सकि. बाट्नु ।

बाडा- ना. टोल, समुदायको बस्ती ।

बाड्डु- [बाड्+(डु)] सकि. बढ्नु वा धेरै हुनु ।

बाड्डै- क्रियो. बढ्दै ।

बाड्डो- ना. खेती लगाउने बेला अन्न लिई पाकेपछि त्यसको दोब्बर तिर्ने गरी सापटी लिइएको अन्न, पछि दोब्बर भुक्तानी दिनेगरी लिइएको अन्न ।

बाणो- ना. (बहु./ति. बाणा, वि. बाणे) बार, बाँध्ने डन्डा, बाँस आदि ।

बात- /बात्/ ना. कुरा, लोककथा । **-खबर-** नाप. समाचार, सञ्चो-विसञ्चो । **¼हाल्नु-** (टु.) लोककथा भन्ने काम । **¼पड्नु- (टु.)** चासो लिनु, हेरविचार-सम्झाई-बुझाई गर्नु ।

बातो१- ना. घर छाउँदा खर बाँध्ने डोरी ।

बातो२- ना. तेलमा भिजाएको बत्तीलाई जलाई शरीरको दुखेको भाग सेक्ने काम । **¼हाल्नु-** (टु.) दुखेको ठाउँमा बत्तीले सेक्नु ।

बादेल- /बादेल्/ ना. अस्वीकृत, अवकाश, निवृत्त, काम नलाग्ने हुनु ।

बाध्या- ना. भारी बोक्ने भेडा । (बाध्याको बन्ध्याकरण पनि गरिएको हुन्छ) ।

बान- /बान्/ ना. बाँध, पानीको स्रोत परिचालन गर्न गरिएको तटबन्धन ।

बानर- /बानर्/ ना. बाँदर ।

बानो- ना. प्रतिज्ञा गरेर छुट्याइएको अंश । **¼हाल्नु-** (टु.) प्रेत लागेको खन्डमा पछि दिउँला भनी भाकल गरेर अहिले प्रतिज्ञा गरी उसलाई दिने अंश छुट्याउनु ।

बान्नु/बान्नो- ना. (बहु./ति. बान्ना) पर्खाल, भित्तो ।

बाबर- /बाबर्/ ना. सेलरोटी ।

बाबा- ना. हे. दादा ।

बाबाजे !- विबो. गोरुलाई हप्काउन प्रयोग गरिने शब्द ।

बाबौ !- विबो. आश्चार्य बोधक । (उदा. अस्तिदेखि कति पानी परेको हो, मेरा बाबौ ! यो पानीले घरै बगाउने भयो) ।

बामन- /बामन्/ ना. बाउन ।

बार- /बार्/ क्रियो. हे. अकुलाई ।

बाली१- /बालि/ ना. मकैको गुभोमा निस्कने धानका बालाजस्तो देखिने गुभो, धान चँवर ।

बाली२- /बालि/ ना. कानमा लगाइने गोलो आकारको सुनको गहना । **-बैंस-** विप.. जवानी, भर्खको अवस्था ।

बासा- ना. साँझ, बेलुका ।

बासो- ना. बसुलो, बसुला ।

बाहा- ना. हे. बासा ।

बाहाजी- /बाहाजि/ना. बाबाजी, जोगी ।

बाहाड- /बाहाड्/ ना. छाँट, नक्कल ।

बाहाडी- /बाहाडि/ वि. छाँट पार्ने, नक्कले ।

बिगड्डु- [बिगड्+(नु)] सकि. बिग्रनु ।

बिगाड- /बिगाड्/ ना. बिगार ।

बिगाड्डु/बिगाड्नु- [बिगाड्+(नु)] सकि. नराम्रो बनाउने काम, बिगार्नु ।

बिगाड पाड्नु- (टु.) बिगार पार्नु, अबैध रूपमा यौन सम्पर्क गरी पेट बोक्नु, जथाभावी यौन सम्पर्क गरी परिवारको बेइज्जत गर्नु ।

बिगुवा- वि. बिगो गर्ने ।

बिगो- ना. गुप्त यौन सम्बन्ध राखेवापत् दण्ड भर्नु, नोक्सानी तिर्नु ।

बिगो हन्नु- (टु.) छाडा रूपमा यौन कियाकलाप गर्नु ।

बिचारी- /बिचारि/ [विचार्+ई] नि.१.महिलाहरू बीच एक आपसमा कुराहुँदा एक अर्कासँग बढी नजिकिएर व्यक्त गरिने शब्द, पुरुषहरू बीच यार भनेजस्तै थेगो । २. निमुखी, दया गर्न योग्य ।

बिच्छिनु- [बिच्छ+इ+(नु)] सकि. १. बिर्सिनु, भुल्नु । २. खान मन नलाग्नु, मन नगर्नु ।

बिज- /बिज्/ ना. जन्तर, भूतप्रेतले असर गरेको अवस्थामा मन्त्र लेखेर घाँटीमा बाँधिने वस्तु ।

बिजल्दाडो- [बिजल्+दाडो] ना. (बहु./ति. बिजल्दाडा, स्त्री. बिजल्दाडी, वि. बिजल्दाडे) दाँतको भित्र वा बाहिर पट्टि निस्किने अर्को दाँत, दाह्रो ।

बिजौलो- ना. (बहु./ति. बिजौला) दाना वा कोसाभित्रको बीज । (उदा. खुर्सानीको बिजौलो) ।

बिठ्याईं- वि. गल्ती, बदमासी, निहुँ खोज्ने काम ।

बिठौर- /बिठौर्/ [बि+ठौर] ना. कुठाउँ, नराम्रो ठाउँ, कुठौर ।

बिड्को- ना. बिर्को, ढकनी ।

बिताउनु- [बिताउ+(नु)] अकि. हराउनु, घरपरिवार छोडेर अन्त रमाउनु ।

बितोडिनु- [बितोडि+(नु)] सकि. दूध पाट्नु, जाउन हाल्न बिर्सिएको दूध त्यत्तिकै जम्नु ।

बिथ- विभ. लाई, लागि, निम्ति, चतुर्थी बिभक्ति बोधक चिन्ह ।

बिथाँऽ- ना. व्यथा, रोग, सुत्केरी हुने समयको सङ्केत ।

बिथाताउ- विबो. हे बिधाता, हे भगवान् आश्चार्य बोधक ।

बिथि- विभ. हे. बिथ ।

बिदिनु- [बिदि+(नु)] सकि. पानी पर्न बन्द हुनु, बिधिनु वा बिदिनु । (उदा. पानी बिधियो अब छाता ओढिरहनु पर्दैन) ।

बिधौरी- /बिधौरि/ वि. लाज नमान्ने, बेसरम, लाज पचाएकी, बेस्या ।

बिनी- /बिनि/ना. एकथुन भएको भैंसी ।

बिन्नग- ना. वीर्य, शुक्रकीट ।

बिबिन्डो- वि. उल्टो, विपरीत ।

बियो- ना. १. घट्ट, भ्ँातो र कोलको माथिल्लो पत्थर उठाउन मद्दत पुऱ्याउने र तोरी हाल्ने ठाउँ । २.गुल्लिडन्डाको अर्को नाम डन्डा र बियो :डन्डिबियो ।

बिराइनु/नो- वि. विरानो, नचिनेको ।

बिराली- /बिरालि/ ना. १. दमारमा हुने एकजातको लहरे झार । २. अचार बनाउन ताछ्ने वा कोर्ने साधन, बाँको, कोरेसो । ३. एकजातको कीरो (खेतका कान्लामा प्वाल पार्ने कीरो) ।

बिरिनु- [बिर्+इ+(नु)] अकि. बिगार गरिनु ।

बिरुडा- ना. पानीमा भिजाई टुसा निस्केको अन्न, अङ्कुरित अन्न ।

बिरौटो- ना.नयाँ निर्माण गरिएको खेत, जग्गा ।

बिर्छनु- [बिर्छ+(नु)] सकि.बिर्सिनु, भुल्नु ।

बिलाउनी- /बिलाउनि/ ना. नौनी पगाल्दाखरि पिंधमा लाग्ने दूधको कुराउनीजस्तै पदार्थ, दूधको कुराउनी घिउको बिलाउनी ।

बिल्बाँटो- वि. उल्टो, बिछिएको ।

बिल्लो- ना. बिरालो ।

बिसु-तिहार- नाप. बैशाख एक गते मनाइने पर्व, नववर्षको आगमनमा गारिने उत्सव ।

बुआ- ना.बज्यै ।

बुको- वि. निरस, पानी नपरेको , सुक्खा, निरर्थक, प्रतिफल नलिएको वा नचाहिने (निरर्थक माया) ।

बुड्गङ्गा- ना. बुढीगङ्गा, खप्तड लेकबाट उद्‌गम भई अछामको पश्चिमी क्षेत्रमा बग्ने एउटा प्रसिद्ध नदी ।

बुण्णु- [बुन्+(नु)] सकि. हे. बुन्नु ।

बुनु- [<बुहु+(नु)] सकि. बुहुनु, छर्नु, बाली फलाउने उद्देश्यले बीउ छर्ने काम ।

बुन्नु- [बुन्+(नु)] सकि. अस्ताउनु, दिन ढल्किनु ।

बुदबार- /बुदबार्/ ना. बुधबार ।

बुबु- ना. बुबा र तिनका बुबा, हजुर बुबा वा पूर्खाहरू ।

बुराउनु- [बुर्+आउ+(नु)] सकि. अलग्गै माथिबाटै अलिअलि छर्नु ।

बुराला- ना. आधा सुकेका, पूरै सुक्न नपाएका, अधकल्चा धान, मकै, कहुँ आदि ।

बुर्सट- /बुर्सट्/ ना. कमिज ।

बेठो- ना. खेती लगाउने बेला काम गरी खेती पाकेपछि पारिश्रमिकका रूपमा अन्न लिने काम ।

बेडिनु- [बेड्+इ+(नु)] अक्रि. मात्तिनु, छाँटकाँट देखाउनु, धाक लगाउनु, घमण्ड गर्नु ।

बेत१- ⁄बेत्⁄ ना. बित्ता, बित्ता बराबरको नाप । एकजातको दरिलो बाँस, बेतबाँस ।

बेत२- ⁄बेत्⁄ ना. पटक, वि. बेते, एकबेत⁄एकबेते । (उदा. गाई एकबेत व्यायो) ।

बेन्तारो- ना. बिहानपख देखिने तारो, व्यान्तारो ।

बेन्तिल- ना. बिहानी हुँदाको वा मिर्मिरेको समय, बिहान उज्यालो हुनु पूर्वको समय ।

बेन्नाटो- ना. (बहु.⁄ति. बेन्नाटा, स्त्री. बेन्नाटी) धानको बीउ राख्ने गरो । उदा.बेन्नाटी⁄बेराँटी गरो)

बेबाज- ⁄बेबाज्⁄ [बे+बाज] ना. निहु, जोरी ।

बेराँटो- ना. (बहु.⁄ति. बेराँटा, स्त्री. बेराँटी) हे. बेन्नाटो ।

बेल- ⁄बेल्⁄ ना. सूर्य, घाम ।

बेलि- ना. हिजो, गएको दिन ।

बेलिबाआ- ना.हिजो बेलुका, हिजो साँझ ।

बेले- ना. कुँडेबाट दूध निकाल्ने भाँडो, दूधको डाडु, तताएको दूध सार्न प्रयोग गरिने भाँडो ।

बेलो- ना. (बहु.⁄ति. बेला) लहरो हुने जातका तरकारी तथा अन्य लहरे झारका बुटालाई बुझाउने शब्द ।

बेसरी- ⁄बेसरि⁄ ना. एक प्रकारको कानमा लगाउने गहना ।

बेसा- ना. गरिबीका कारण किनिएको अन्न, आफ्नो खेतबारीमा उत्पादित खानेकुरा अपुग भएर किनिएको अन्न ।

बेहोरा- ना. विवरण, आनी-बानी । (उदा. बानी बेहोरा निको छैन त्यससँग उठबस नगर है) ।

बै- ना. कर, शुल्क ।

बैकान- ना. लोग्ने मान्छे, पुरुष ।

बैकान्या- वि. पुरुषकोजस्तै गुण वा व्यवहार भएकी महिला ।

बैकिनी- ⁄बैकिनि⁄ ना. आइमाई ।

बैकिन्या- वि. महिलाकोजस्तै गुण वा व्यवहार भएको पुरुष ।

बैना- ना. बहिनी ।

बैरने- क्रियो. बसिरहने ।

बैरो- वि. बहिरो, कान कम सुन्ने ।

बोल्दो- ना. मकै, गहुँ आदिका दाना बाहिरको कडावस्तु, च्याँख्ला ।

बैंसाजु- ना. मित ।

बैंसेरी- ⁄बैंसेरि⁄ वि. मितेरी ।

बैसेरो- ना.कालिजको गुँड वा बासस्थान ।

बौजू- ⁄बउजु⁄ ना. हे. बउजू ।

बौंडानु- [बउँड्+आ+(नु)] अक्रि. हे. बउँडानु ।

बौरानी- ⁄बौरानि⁄ ना. भाइ–बुहारी, भाइकी श्रीमती ।

बौलनु- [बौ+ल+(नु)] अकि. काँप्नु, हल्लिनु, देउता चढेको व्यक्ति हल्लिने काम ।

बौलाग्नु- [बौ+लाग्+(नु)] अकि. बुइँ चढ्नु, बुइँ लाग्नु ।

बौलिनु- [बौल+इ+(नु)] अकि.हे.बौलनु ।

बौराँजू- /बौराँजु/ ना. मालिक्नी ।

ब्याउनु- [वि+आउ+(नु)] अकि. रात ढलेर पूर्व दिसातिर उज्यालो हुन थाल्न ।

ब्यान्तिल- ना. हे. बेन्तिल ।

ब्वारी- /ब्वारि/ ना. बुहारी ।

ब्वाऱ्याढुङ्गो- [ब्वाऱ्या+ढुङ्गो] ना. बीउका लागि धान चुट्ने ढुङ्गो ।

भ

भँडार आउनु- (टु.) पशुको पाठेघर बाहिर आउनु ।

भँद्यो- सहाकि. भन्यो ।

भई- /भइ/ कियो. डर, त्रास ।

भउतै- वि. ज्यादै, धेरै, बहुतै ।

भकरामन्न- अमू. खन्दा वा भित्तो भत्किंदा आउने आवाज वा भत्किँएको परिस्थिति, त्यसरी खन्नु, ओधार्नु वा भत्काउनु ।

भकुन्नो- ना.(बहु./ति. भकुन्डा) भकुन्डो ।

भचाभच- /भचाभच्/ द्वि. एउटा व्यक्तिलाई सामुहिक रूपमा एक दोस्राले पालै-पालो पिट्ने काम, भकाभक ।

भच्काउनु- [भच्काउ+(नु)] सकि. कुट्नु, पिट्नु ।

भच्याइँ-भच्याइँ- कियो. भकाभक, धेरैजनाले पालैपालो एक्लो व्यक्तिलाई कुट्ने काम ।

भच्याकुल्लो- ना. धेरैजनाका बीच भएको वादविवाद, झगडा, मारपिट ।

भट्टी पड्नु- (टु.) केही पनि नरहनु, गरिब हुनु ।

भट्टे पड्नु- (टु.) हे. भट्टी पड्नु ।

भड्डु- ना. कसौंडी ।

भत्याड- /भत्त्याड्/ [<भात्+याड] ना. भतेर, भात पकाएर दिइएको भोज । मृतकको घरमा तेह्रौं वा पैंतालिसौं दिनमा मलामीहरूलाई खुवाइने खाना ।

भदु- ना. भतिजा/भतिजी, भदा/भदैनी ।

भन्नाजन- [<भन्ना+जन] कियो. भनेजस्तो ।

भन्नैन- [भन्+नै+न] अककि. भन्दैन ।

भराइनु/भराइनो- ना.(बहु./ति. भराइना, स्त्री. भराइनी) घरको तल्लो तलामा राखिने एक बलियो मोटो दार, घरलाई थेग्ने मुख्य आधार वा मुख्य खाँबो ।

भवर- /भवर्/ ना. भँमरा ।

भलाभली- /भलाभलि/ अमू. राम्रो-नराम्रो, भलाकुसारी, सन्चो सबिस्ताको खबर सोध्ने काम ।

भलिनु- [भलो+इ+(नु)] सकि. सन्चो हुनु, आराम हुनु, घाउ, खछिरा निको हुनु ।

भलोभये- [भलो+भये] क्रि. राम्रो भयो, ठिक भयो, (उदा. मैले भनेको मानिनस् ऐले काम नबनेकोले भलोभये) ।

भलो- वि. (बहु./ति. भला) असल, राम्रो ।

भस्काउनु- [<भस्क+आउ+(नु)] सकि. पसाउनु, छिराउनु, यौनक्रिया गर्नु ।

भाँटा- ना. भान्टा, तर्कारी विशष ।

¼**भाँच्नु-** (टु.) बेसरी कुट्नु वा मर्ने गरी कुट्नु ।

भाँटो- ना. (बहु./ति. भाँटा) रूखका सर्लक्क परेका हाँगा, डाला वा लाल्चा ।

भाँणा- ना. भाँडा, खाना पकाउने खाने साधन, भाँडाकुडा ।

भाउ- ना. भाइ, बच्चालाई माया गरेर भनिने शब्द ।

भाउँरी- /भाउँरि/ ना. हे. भौंरणी ।

भाउले- ना. हे. भाउ ।

भागिदारे- [भागिदार+ए] वि. भाग खोज्ने वा लिने, नजिकको अंसियार, भाइ ।

भागे-दमाईं- विप. मानिएको, आफ्नो बढाइँ गर्ने दमाईं ।

भाङ्ग्रो- ना. (बहु./ति. भाङ्ग्रा) बोराजस्तै शरीरलाई तानतुन पारेर छाप्न मिल्ने सामान्य लुगा, राउतेको लुगा वा कस्तो नराम्रो लगाएको छ भन्ने सन्दर्भमा भनिने शब्द ।

भाड- /भाड्/ ना. अगेनामाथि राखिने एकप्रकारको ठूलो नाङ्लो ।

भाडमी जाला- (टु.) जेसुकै होओस्, बिग्रियोस् वा भत्कियोस् त्यसको बारेमा चासो नलिनु ।

भाणा लाग्नु- (टु.) सुत्केरी भएको एघार दिनमा चोख्याउने काम ।

भानेमौरो- ना. (बहु./ति. भानेमौरा) माउसुली ।

भाब्रो- ना.टुसो, भर्खर पलाएको चिउला ।

भारत- /भारत्/ ना. गाथा, पुर्खाहरूको प्रशंसा गरिएको लामो गीत ।

भारत हाल्नु- (टु.) भारत गाउनु वा भारत भट्याउनु ।

भारा- ना. दुःख, यातना, तिर्नु पर्ने कर्ज, पाप ।

भाराधारी- /भारादारी/ [<भारा+दारी] वि. भारादारी, दुःखको भारी ।

भार्त्या- [<भारत्+या] वि. भारत गाउने वा हाल्ने व्यक्ति ।

भाऱ्या- [भार्+या] ना. भरिया, भारी बोक्ने व्यक्ति ।

भावर- /भावर्/ ना. फाँट, सम्म परेको ठाउँ ।

भाविनी- /भाविनि/ [भावी+नी] ना. ईश्वर, सृष्टिकर्ता, भाग्य ।

भासन- /भासन्/ ना. भाषण ।

भासा- ना. भाषा, बोली ।

भिङ्णो- ना. (बहु./ति. भिङ्डा) भँगेरो ।

भिट- /भिट्/ ना. भेट, मिलन ।

भिटो- ना. (बहु./ति. भिटा) भिरालो ठाउँ, अग्ला गराको कान्लो ।

भिड- /भिड्/ ना. भीर, अप्ठेरो ।

भिँडा- ना. हे. भाँटा ।

भिडेखुसानी- /भिडेखुसानि/ [भिडे+खुसानी] ना.डल्ला आकारको पिरो नहुने तर्कारी खाइने खुर्सानी, सिम्ले खुर्सानी ।

भित्त- ना. भित्र ।

भित्तिनु- [<भित्त+इ+(नु)] सकि. भित्रिनु ।

भुटीकुटी- /भुटिकुटि/ (√भुटी) अमू. समाप्त हुनु, केही नरहनु, उन्मुलन ।

भुटो- कियो. हे. राउटी ।

भुडी- /भुडि/ ना. भूँडी ।

भुडुक्क- कियो. जुरुक्क, उठ्ने तर्खर नगरी एक्कसी उठ्ने काम ।

भुत्याग्रो- ना. हे. चिल्तो ।

भुन- /भन्/ ना. छिद्र, दुलो ।

भुन्याउटो- ना. मकै, भटमास आदि भुट्ने भाँडो, हाँडी ।

भुप्रो- ना. आगाको राप, ताप, आगाको फिलिङ्गा र खरानीसहितको थुप्रो ।

भुभाट्मन्न- क्रियो. धूलो पात पतिङ्गर सहित उडाउन सक्ने हावा वा शक्तिशाली आवाज । (उदा. आज विद्यालयको प्राङ्गणमा भुभाहट्मन्न गर्दै हवाइजहाज बस्यो) ।

भुभामन्न- क्रियो. हे. भुभाट्मन्न ।

भुभाहटमन्न- क्रियो. हे. भुभाट्मन्न ।

भुरुडी- /भुरुडि/ ना. हे. भुरुली ।

भुरुली- /भुरुलि/ ना. खेत रोप्दा खेरी धानको बीउबाट बनाइने पुतली ।

भुलिनु- [भुल्+इ+(नु)] अकि. बिर्सिनु, सम्झना नरहनु ।

भुस्सु- वि. बुद्धि विवेक नभएको, मूर्ख ।

भेडबान्नु- /भेड्बान्नु/ [भीरजस्तै+बान्नु] ना. (बहु./ति. भेडबान्ना) खेत वा बारीको वरिपरि लगाइएको ढुङ्गाको घेरो, पर्खाल ।

भेरी- /भेरि/ ना. भीरमौरी ।

भैं- ना. भुइँ, पृथ्वी ।

भैंसोली- /भैंसोलि/ ना. भैंसी ।

भैंसोले- [भैसो+ले] ना. अछाम जिल्लाको पूर्वी दक्षिणी भेगमा पर्ने क्षेत्र, तल्लो-मुल्लो गरी दुईवटा भैंसोलेको नामले पसिद्ध क्षेत्र, भूभाग ।

भैंसोल्या- [भैसो+ल्या] ना. हे. भैंसोले ।

भै- ना. डर, भय ।

भोल्छाआल- [भोलि+छकाल] ना. भोलि बिहान ।

भोल्टन- /भोल्टन्/ ना. भोटो विशेष ।

भौणिनु- [भौण+इ+(नु)] अकि. पुर्नजीवन प्राप्त गर्नु, बाँच्नु, फेरि टुसो हाल्नु ।

भौती- /भौति/ वि. धेरै, ज्यादै ।

भौतै- वि. हे. भउतै ।

भौरणी- /भौरणि/ ना. भुमरी, गोलो परेर घुम्ने हावा ।

भौराणो- /भौराणो) ना. हे. भौंरणी ।

भौडिनु- [भौड्+इ+(नु)] अकि. आत्तिनु ।

भौसट्ट- प्रशस्त, धेरै ।

भौसट्ट हुनु- (टु.) पोल खोल्नु, रहस्य खोल्नु ।

भौंसिनु- [भौंस्+इ+(नु)] सकि. जबर्जस्ती हिँड्नु, मात्तिनु ।

म

मइडो- ना. (बहु./ति. मइडा) घरको भित्रीभाग वा खन्डमा रहेको भुइँमै सुत्ने कोठा वा ठाउँ ।

मइना- ना. प्रेमिकाको प्रतीक, मैना चरी ।

मउँरो- ना. मसुरो ।

मउरो- ना. मौरी ।

मकारी- /मकारि/ वि. घमन्डी, आफ्नो कुरा ठीक ठान्ने ।

मखन्डी- /मखन्डि/ वि. हे. मकारी ।

मगुत्तो- वि. (बहु./ति. मगुत्ता) फैलिएको, प्रशस्त, धेरै ठाउँ ओगटेको, मुगुत्तो ।

मङ्ल्यारी- /मङ्ल्यारि/ [<मागल्+आरी] ना. मागल गाउने महिला ।

मछली- /मछलि/ ना. माछो, मत्स्य ।

मट्का मान्नु- (टु.) चित्त दुखाउनु, अभिनयपूर्ण खुसी नभएको व्यवहार देखाउनु ।

मडाइ- ना. माड्ने काम, धान झार्ने काम ।

मडो/मणो- ना. मुर्दा, लास, मृत शरीर ।

मतुवालो- वि. ब्रतबन्ध नभएको, जनै नलगाएको वा नलगाउने, मत्वालो ।

मदुणी- /मदुणि/ना.दाम्लाको बाध्न प्रयोग गरिने गाँठाको भाग । (उदा. दाम्लाले बाँध्दा मदुणी मिलाएर बाँध्नु पर्छ) ।

मतारी- /मतारि/ [<मातर्+ई] ना. महतारी, आमा, जन्मदात्री ।

मनसुवा- /मन्सुवा/ [<मनस्+उवा] क्रियो. विचार, चाहना ।

मनुरो- वि. मन्द, मलिन, मधुरो ।

मनेस- /मनेस्/ ना. मधेस, तराइँ ।

मदउलिनु- [मदउल्+इ+(नु)] सकि. आनन्दमय हुनु, यौन आनन्द लिनु ।

मदानु- [मद्+आ+(नु)] सकि. बैंसको मात लाग्नु ।

मदुस- /मदुस्/ ना. काठको कपडा राख्ने बाकस ।

मनउला हाल्नु- (टु.) हस्त मैथुन गर्नु, एकान्तमा यौन आनन्द लिनु ।

मन्छे- ना. हे. मान्ठ ।

मन्टो- ना. (बहु./ति. मन्टा) टाउको, कपाल ।

मयल हाल्नु- (टु.) टाउको नुहाउनु, मयल फाल्नु, विशेष गरी महिलाहरूले कपाल नुहाउने काम ।

मयल्चाटो- ना. [<मयल्+चाट्+ओ] ब्लाउज, मयल चाट्ने, महिलाहरूले लगाउने भित्री लुगा, ब्रा अथवा गन्जी ।

मरु- ना. मृत्यु ।

मलवार- /मलवार्/ ना. नयाँ आबादी भएको क्षेत्र, भित्री मदेस ।

मल्से- ना. भैंसी दुहुने गिठाको सानो ठेकी ।

मस्टो- ना. मध्य र सुदूर पश्चिमाञ्चलको प्रसिद्ध देउता । (मस्टोका अठार भाइ रहेको मान्यता छ) ।

महलो- वि. गुलियो, धेरै मिठो ।

माइकी- /माइकि/ ना. आमा/नातासँग गाँसेर दिइने गाली ।

माइकी दिनु- (टु.) आमा उद्देश्य गरेर गाली दिनु, आमा चकार गाली गर्नु ।

माइँस- ना. हे. मान्ठ ।

माई- /माइ/ ना. माता, देवी, भगवती ।

माउँ- ना. बिरालो (बालभाषा) ।

माउ- ना. कुखुराको पोथी वा घरकी मुख्य आइमाई ।

माउको- ना. (बहु./ति. माउका) अन्डा पार्ने उमेर भएको कुखुराको पोथी ।

माङ्लबार- /माङ्लबार्/ना.मङ्गलबार ।

माछेगाबा- ना. पिंडालुको गाभाभित्र मास र चामलको पिठो राखी घिउ वा तेलमा पकाएर खाइने खाद्य परिकार । (विशेष गरी भाद्र कृष्णजन्माष्टमीका दिन यस्तो परिकार खाइन्छ) ।

माटिभ्याकुडो- ना. भ्याकुर, चरो विशेष ।

माटी- /माटि/ ना. भुइँ, पृथ्वी, धर्ती ।

माठा- क्रियो. अबेर, ढिलो ।

माडपथ- /माड्पथ्/ ना. माड पनि पथ पनि, माड र पथ, खाने र नखाने दुबैकुराको ख्याल गरी सेवा गर्ने काम, बिरामीलाई खान दिइने भोजन ।

माडपथ हन्नु- (टु.) विरामीको सेवा सुश्रूषा गर्नु, हेर विचार गर्नु ।

माडा- ना. चामल वा गहुँको पिठो गिलो बनाएर तावामा पकाइने रोटी, माडारोटी । च्याल्ले रोटी, डोसा ।

माडु- ना. मन्दिर, थान, देउता राख्ने ठाउँ ।

मात- /मात्/ ना. केही दिनका लागि जग्गा किनबेच गर्दा त्यस वापत् दिइने पैसा ।

माते- वि. मातमा दिइएको, केही दिनका लागि जग्गा किनबेच गरिने काम वा बन्धकी, घोस ।

मान्ठ- ना. मान्छे, मानव ।

मान्डो- ना. हे. पिँढी ।

मान्नमी- /मान्नमि/ ना. पृथ्वी, धर्ती, संसार ।

माम- /माम्/ ना. १.म्वाइँ, चुक्बन । २. पानी (बालभाषा) ।

माय- ना. हे. माई ।

माल- ना. मदेस र पहाडका बीचको गर्मी ठाउँ । 'माल-मनेस' (नाप.) ।

माला- ना. दक्षिणपूर्वी अछामको प्रसस्त घाँसपात हुने क्षेत्र, ठाउँ ।

मालाकोला- [<माला+कोला] (√माला) ना. मालाको छेउछाउ, माला सहित त्यहाँका अन्य ठाउँ पनि ।

मालु- ना. भोर्ला, ठूलो लहरो भई रूखमा मौलिने पुतलीको प्याँखको आकारका ठूला दुईपत्रे पात हुने तथा पातलो लामो फल फल्ने एक जातको लहरो । पाट हुने लहरो ।

माले- वि. झालेमाले, रङ्गी-विरङ्गी, कालो र सेतो रङ मिसिएको ।

मार्नु- [मार्+(नु)] अकि. ज्यानलिनु, खुत्रुक्कै पार्नु, गाई, भैसी, गोरु आदि सिङ हुने पशुले हान्नु, चोटपुऱ्याउनु । (उदा. गाई, भैसीले मारेर चोटपटक लगायो) ।

मिच्नु- [मिच्+(नु)] सकि. मुछ्नु, पिठोमा पानी हालेर मुछ्ने काम ।

मिनु- ना. नदीको बीच भाग, मूल प्रवाह भएको ठाउँ ।

मिम्याउनु- [मिम्याउ+(नु)] सकि. बाखाको पाठो कराउनु ।

म्मि- विभ. मा, माथि, सप्तमी विभाक्ति बोधक चिन्ह । (उदा. (मुखम्मिः मुखमा) ।

मिराउनी- ⁄मिराउनि⁄ना. हे. बिलाउनी ।

मिल्लो- ना. बियाँ, फलको भित्र पाइने गुदी ।

मिश्रावल- ⁄मिस्राबल्⁄ ना. बाउन वा जोगीलाई दान दिन छुट्याइएको अंश, त्यसरी दिइने भनिएको चामल, रूपैयाँ, पैसा आदि दातव्य वस्तु ।

मु- सर्व. (एक. ति⁄मुई⁄मै) म ।

मुख पड्नु- (टु.) भूत लाग्नु, भूतबाट तर्सनु, डराउनु ।

मुखौडा- क्रियो. मुखको वा मुख नजिकको ।

मुखौडी- ⁄मुखौडि⁄ क्रियो. मुखमा वा मुख नजिकको, सर्वनामको एकबचन बोधक स्त्रीलिङ्गी रूप ।

मुखौडो- क्रियो. मुखमा वा मुख नजिकको, सर्वनामको एकबचन बोधक पुल्लिङ्गी रूप ।

मुखौंदा- क्रियो. हे. मुखौडा ।

मुखौदी- ⁄मुखौंदि⁄ क्रियो. हे. मुखौडी ।

मुखौंदो- क्रियो. हे. मुखौडो ।

मुखौना- क्रियो. हे. मुखौडा ।

मुखौनी- ⁄मुखौनि⁄ क्रियो. हे. मुखौडी ।

मुखौनो- क्रियो. हे. मुखौडो ।

मुखिये- ना. मुखिया ।

मुख्या- ना. हे. मुखिये ।

मुगुत्तो- वि. हे. मगुत्तो ।

मुङाला- ना. मुख छोपुवा, गोरु जोत्दा घाँस नखुवाउन मुखमा लगाइने बाँसको चोयाबाट बनेको जालिदार वस्तु ।

मुज्यालो- ना. माथिल्लो तलाको भित्रीकोठा, मझेरी ।

मुडा ताप्नु- (टु.) माघे संकन्तिका दिन बालिएको आगो ताप्नु ।

मुडा बाल्नु- (टु.) माघे संकन्तिका दिन मुडा बाल्ने काम ।

मुडुलो- वि. (बहु./ति. मुडुला, स्त्री. मुडुली) टाउकोमा रौं वा सिङ नभएको ।

मुडेलो- [<मुड्+एलो] ना. (बहु./ति. मुडेला) नाम्लो ।

मुडेल्पातो- ना. नाम्लाको पातो, नाम्लाको टाउकामा मात्र पर्ने भाग ।

मुडो- ना. हे. गिन्नो ।

मुढेबल- ना. भएसम्मको जोर लगाउनु, असम्भव कुरालाई जबर्जस्ती सम्पन्न गर्नु खोज्नु ।

मुथि- विभ. मा, माथि, सप्तमी बिभक्ति बोधक चिन्ह ।

मुला- ना. मूल, स्वतः पानीको स्रोत भएको ठाउँ ।

मुलाई- सर्व. हे. मैकन ।

मुले- वि. आमा-बाबु नभएको, टुहुरो ।

मुले पड्नु- (टु.) टुहुरो हुनु, अनाथ हुनु, आमा बाबु बिहीन हुनु ।

मुल्का छाड्नु- (टु.) गिज्याउनु, बाँदरको जस्तो अनुहार बनाउनु ।

मुल्याआ- [मुल्+आहा] वि. (स्त्री. मुलेई/मुल्याई) टुहुरो, आमाबाबु नभएको भन्ने अर्थमा गरिएको गाली वा सोझो, प्यारो, निमुखो भनेर माया तथा दया गरिने शब्द ।

मुसान्नु- [मुसान्+(नु)] सकि. मुसार्नु, सञ्चो-विसञ्चो हातले छोएर सोध्नु ।

मुसेप्डा/णा- ना. मुसेप्प्रा, मासको पिठोमा कर्कलो मिस्याई साना डन्ला पारेर सुकाइ बनाइएको तर्कारी ।

मुस्याये- ना. नधोएको मोसोसहितको जुठो भाँडो, नमाजेको भाँडो ।

मेघ- /मेघ्/ ना. वर्षा ।

मेट- /मेट्/ ना. साना समूहको नेतृत्व गर्ने व्यक्ति, टोली नेता ।

मेर लाग्नु- (टु.) प्रतिध्वनि सुनिनु । ठूलो कोठा वा डाडाको खोंचमा कराउँदा फर्किएर आवाज आउने काम ।

मेलो- ना. (बहु./ति. मेला) भीर, बनपाखा, घाँस वा खर रोपेको व्यक्तिगत वा सार्वजनिक बारी, जङ्गल ।

मेसो लाग्नु- (टु.) देवता लाग्नु, अनिष्ट हुनु ।

मेहेरी- /मेहेरि/ ना. स्त्री, महिला ।

मै- ना. मोही । **-पलेओ** ना. कडी, मोहीमा बेसन वा पिठो हाली झानेको परिकार ।

मै- ना. खेतमा माटो सम्म पार्दा वा रोप्दा हिलो बनाउनका लागि लगाइने दाना भएको काठको लिड्को ।

मैकन- सर्व. मलाई ।

मैथई- /मैथइ/ वि. धेरै, ज्यादै ।

मैथि- अ. मसँग ।

मैथै- वि. हे. मैथई ।

मैना- ना. हे. मइना ।

मैभँडे- ना. छट्पटिएर मर्ने पशुरोग ।

मैलडो- [<मही+लडो] ना. (बहु./ति. मैलडा) धान रोप्नका लागि खेत हिल्याउँदा दाँतेमा लगाइने मोटो डारी ।

मैमा- वि. महिमा ।

मोट्टो- ना. (बहु./ति. मोट्टा) भकारी बनाउन उपयोग गरिने बाँस वा निगालाबाट निर्मित गुन्द्री, मान्द्रो ।

मोड्नु- [मोड्+(नु)] सकि. रूखका हाँगा छिमल्ने काम ।

मोर- /मोर्/ ना. मयुर, मजुर ।

मोलाकाज- /मोलाकाज्/ क्रियो. धन, सम्पत्ति खानेकुरा आदिमा खासै स्वार्थी भावना नभएको, आवश्यक परे खर्च गर्न तयार रहने, अर्काको धनमा लिप्सा नभएको ।

मौ- ना. कबिला, परिवार ।

मौरो- ना. हे. मउरो ।

मौलनु- [मौल+(नु)] अकि. फैलिनु, फिँजिनु ।

मौलो१- ना. (बहु./ति. मौला) दसैंका राँगा काट्ने कथित मन्दिर । राँगालाई बेसरी दुःख दिएर मारिने चिहान ।

मौलो२- ना. हे. खौलो ।

य

यसो- वि. यस्तो ।

यहरी- /यहरि/ क्रियो. यसरी ।

याँथि- क्रियो. यहाँनिर ।

येकुरी- /येकुरि/ क्रियो. एकोहोरो, एकातिरबाट मात्र ।

येकुरो- क्रियो. हे. येकुरी ।

येत्थ- क्रियो. यहाँसम्म ।

यैतक- क्रियो. यतिखेरसम्म ।

र

रइबार- /रइबार्/ ना. सन्देश, खबर, समाचार ।

रइबारे- [रइबार्+ए] वि. खबर लैजाने व्यक्ति, खबरसँग सम्बन्धित ।

रउला- ना. झगडा, वादविवाद ।

रख-रख हर्नु- (टु.) आग्रह गर्नु, अनुरोध गर्नु ।

रगतमासी- /रगत्मासि/ ना. आउँ, एक प्रकारको पेटको रोग ।

रगरग- /रग्रग्/ अमू. जथाभावी बेसरी हिंड्नु, बिना काम हिंड्नु । (उदा. काले उही घर उही चौर रगरग गर्छ) ।

रङाडिनु- [रङाड्+इ+(नु)]सकि.अल्झिनु ।

रङेल्नु- [रङेल्+(नु)] सकि. अनावश्यक दुःख दिनु ।

रछिखाल्नु- ना. भाँडा माज्ने ठाउँ, रछान ।

रजबार- /रज्बार्/ वि. परिवामा जेठो, मनिएको ।

रट्टु- [रट्+(टु)] सकि. कण्ठ गर्नु, घोक्नु वा रट्नु ।

रडाउनु- [रडाउ+(नु)] सकि. एक ठाउँबाट अर्को ठाउँमा नउठाइकनै सार्नु, खस्काउनु, धकेल्नु, (गाली अर्थमा) 'कोलओ पाटी रडाएजन भये' (गा.) ।

रडिखेल्नु- [रडिखेल्+(नु)] अकि. चिप्ली खेल्नु ।

रड्डु- [रड्+(डु)] सकि. चिप्लिनु ।

रतन्ज्योती- /रतन्ज्योति/ ना. हे. रतन्धोती ।

रतन्धोती- /रतन्धोति/ ना. बारका रूपमा उपयोग गरिने पात र डाँक्लो दुवैमा दूध आउने एकजातको झार, सजिमल ।

रतुले- ना. राति आउने ज्वरो ।

रतेडी- /रतेडि/ [<रात्+एडी] नाम. विहाका दिन दुलाहाका घरमा आइमाईहरू भेला भएर गरिने खेल, स्त्री नै पुरुष बनी तिनीहरूका बीचको प्रेमालापमा आधारित नाचगान, रत्यौली ।

रतुवा- ना. मृग, मृगको प्रजाति ।

रते- ना. हे. रत्या ।

रत्या- ना. रातो रङ भएको गोरु ।

रनझङ्कार- [रन+झङ्कार] ना. बेसरी रुने काम ।

रना- ना. वादविवाद, झै-झगडा ।

रन्को- ना. (बहु./ति. रन्का) सम्झना, स्मृति, झझल्को लाग्नु ।

रन्ठमाल- /रन्ठमाल्/ [रन्ठ+माल] ना. झगडा, खैलाबैला, होहल्ला ।

रन्डखन्ड- ना. सजिलै जान नसकिने कठिन भू-बनोट, अप्ठेरो ठाउँ ।

रम्चेरु- वि. जात्रा, मेला, पर्व आदि ठाउँमा रमिता हेर्न सहभागी हुने, जात्रु ।

रम्माउनु- [हम्माउ+(नु)] अकि. हे. हम्माउनु ।

रम्सेरु- वि. हे. रम्चेरु ।

रयेलबयेल- अमू. पानी पोखिएर छताछुल्ल भएको, धेरै तरल भएको, पानीको मात्रा बढी भएको ।

रयेल्नु- [रयेल्+(नु)] सकि. मिस्याउनु, लेदो बस्तु बनाउने काम ।

रलेउनु- [रलेउ+(नु)] सकि. हे. रयेल्नु ।

रलो- ना. (बहु./ति. रला) लहरो, डोरी बाट्न उपयोग गरिने भोर्लाको लहरो ।

रल्याइलो- [रलो+याइलो] वि. लहरै लहरा भई झाङ्गिएको ।

रल्लेइलो- [रलो+एइ+लो] वि. (बहु./ति. रल्लेइला) लहरै, पङ्क्ति बद्ध भएको ।

रवा- ना. बेसीको नदी वा खोलामा खेतहरू भएको ठाउँ ।

रह- ना. ताल, पोखरी ।

रहड- /रहड्/ ना. रहर, इच्छा, चाहना ।

राँङो- ना. राँगो ।

राँजो- ना. तहस-नहस, पानीले बिगारेको खेतीको अवस्था ।

राँटो- ना. (बहु./ति. राँटा) खेत साउँदा एकपटक गोरु हिँडाएर साइएको, साहाको एक धर्सो वा चिन्ह ।

राइतो- ना.दूध वा दहीमा पाकेको केरा, काँक्रो, आदि मिचेर बनाइएको परिकार, दुई वा दुईभन्दा बढी वस्तु एकैठाउँमा मिस्याएर बनाइएको परिकार ।

राइ- सहाक्रि. चिनिस्, बुझिस् ।

राइनु- [राइ+(नु)] अक्रि. १.चिन्नु, जान्नु । २. गाई भैंसीमा ब्याउने लक्षण देखा पर्नु ।

राइन्-पछयान्- द्वि. चिनाजानी, राउने र पहिचान गर्ने काम ।

राउटी- /राउटि/ ना. झन्झट, कनकन गरेर दिक्क लगाउने काम ।

राउटो- ना. हे. राउटी ।

राउनु- [राउ+(नु)] अक्रि. थाहा पाउनु, जानकारी हुनु ।

राउन्या कथा- (टु.) गाउँखाने कथा ।

राउली- /राउलि/ ना. साना बाच्छा-बाच्छी वा तिनलाई माया गरेर सम्बोधन गरिने शब्द ।

राओ- नि. हकि, स्वीकार गराउँदा प्रयोग गरिने शब्द ।

राख्नु- [राख् +(नु)) अक्रि. बुझउनु, सुरक्षित पार्नु, यौनिक उद्देश्यले राख्नु, स्वीकार गर्नु, स्याहार्नु ।

रागस- /रागस्/ बेखुसी, अँधेरो ।

रागा- ना. आटो, ढिँडो, मकैको भात ।

राड्नु- [राड्+(नु)] सक्रि. भाँडामा पकाइरहेको वस्तु, पन्यूले चलाउने काम, ओरल्नु ।

रानफडाइ- /रान्फडाइ/ नाप. केही बाँकी नरहने गरी बोल्नु, खेती-बाली कुचकाच पार्नु ।

रानी- /रानि/ ना. आँखाको नानी ।

राप्लो- ना. साग र कनिका मिस्याएर बनाइएको परिकार , कनिका मिस्याइ बनाइएको सागको खोले ।

राम- ना. जात्रा, मेला, पर्व आदि ठाउँबाट प्रप्त हुने आनन्द, रमिता । ¼**हेर्नु-** (टु.) तमासा हेर्नु, दुःखमा सहयोग नदिनु, तटस्थ बस्नु ।

रामारोसन- /रामारोसन्/ ना. अछाम जिल्लाको उत्तरपूर्वमा पर्ने एउटा गाविस,सुन्दर र प्राकृतिक ठाउँ, बाह्रवटा तालहरू र अठारवटा पहाडी खण्डहरूले घेरिएको प्राकृतिक स्थल, बाह्रवण्ड-अठारखण्ड ।

राम्डो- वि. (बहु./ति. राम्डा) राम्रो, असल ।

राल- /राल्/ ना. र्‍याल, मुखबाट बग्ने तरल पानी ।

रालो- ना. (बहु./ति. राला) घाँडो वा घन्टीको भित्री भागमा रहेको, घाँडो बजाउन सहयोग गर्ने फलामको छेस्को वा डन्डी ।

रिँगो- ना. भुमरी, नदिको बीचमा पानी घुमेर बन्ने ।

रिट्नु- [रिट्+(नु)] सकि. वरिपरि घुम्नु, डुल्नु, एकैठाउँमा फनफनी घुम्ने काम ।

रिड्याउनो- वि. बेस्वदिलो, स्वाद नभएको ।

रिथी- /रिथि/ ना. मालिक, संरक्षक ।

रिथिनी- /रिथिनि/ ना. मालिक्नी, संरक्षिका ।

रिला- ना. साना मसिना दाना, भातको कनिका जस्तै गहुँका रिला ।

रुँगेडो- ना. बाँसका चोयाले बनेको सानो सर्पु ।

रुइन- /रुइन्/ ना. इन्द्रेणी ।

रुओ- ना. रुइ, कपास ।

रुगा- ना. रुघा, सर्दी ।

रुजाउनु- [रुजाउ+(नु)] प्रेकि. भिजाउनु, गलाउनु ।

रुज्नु- [रुज्+(नु)] अकि. रुझ्नु, भिज्नु ।

रुट्को- ना. (बहु./ति. रुट्का) कपडा, डारी वा काठको ससानो टुक्रो ।

रुट्नु- [रुट्+(नु)] सकि. काट्नु वा गिड्नु । सिङ्गो रूखलाई दुई टुक्रा पार्ने काम ।

रुडो- ना. लामो खडेरी, पानी नपरेर सुक्खा हुनु, पानी नपर्नु ।

रुपाउसे- [रूप+आउ+से] वि. सुन्दर, सुन्दरी, राम्रो रूपहुने, रूपाउस्या ।

रुमा- ना. रौं, कपाल ।

रुस्नु- [रुस्+(नु)] अकि. असन्तुष्ट हुनु, ठूलो भाग खोज्नु, अरुलाई धेरै आफूलाई थोरै भएको भनी असन्तुष्टी जाहेर गर्नु ।

रूप्या- ना. रूपियाँ, नोट वा सिक्का ।

रेगडोपाइतो- [रेगडो+पाइतो] ना. लखेट्ने काम, एकोहोरो कसैलाई लखेट्न लागि पर्नु ।

रेगड्नु- [रेगड्+(नु)] सकि. लखेट्नु, धपाउनु, कुदाउनु ।

रेला- वि. प्रशस्तै, धेरै ।

रेलेउनु- [रलेउ+(नु)] सकि. हे. रयेल्नु ।

रैबार- /रइबार्/ ना. हे. रइबार ।

रैबारे- [रैबार+ए] वि. हे. रइबार ।

रोकडा- ना. सिक्का ।

रोटो- ना. (बहु./ति. रोटा) रोटी ।

रोड- /रोड्/ वि. काम नलाग्ने, रद्दी, बेकामको ।

रोडा- ना. साना ढुङ्गा ।

रोप्नेरी- /रोप्नेरि/ वि. हे. रोप्न्यारी ।

रोप्न्यारी- /रोप्न्यारि/ वि. रोपाइँमा धान रोप्ने महिला ।

रौतिनु- [<रौंत्+इ+(नु)] अकि. आत्तिनु, भोकले तड्पिनु ।

रौका-रौका- द्वि. पटकपटक, बार-बार ।

रौको- नायो. पटक, खेप, बार ।

रौक्याउनु- [<रौका+याउ+(नु)] सकि. ल्याउने लैजाने गर्नु, धेरै खेप गरेर ल्याउनु ।

रौतेलो- (बहु./ति. रौतेला, स्त्री. रौतेली), ठूला बडाको छोरो । तल्लो जातिले माथिल्लो जातका खास गरेर ठकुरीको छोरोलाई सम्बोधन गरिन्छ ।

रौनु/रौनो- ना. (बहु./ति. रौना) मुसाको दुलो ।

रौलो- ना. झगडा, वादविवाद ।

रौल्याय- ना. झगडालु हुनु ।

रौसिनु- [<रौस्+इ+(नु)] अकि. खुसी हुनु, आनन्दित हुनु ।

ह्रओस- /ह्रओस्/ ना. खुसी, आनन्द, रमाइलो, रहर ।

ह्रौसेउनो- वि. आनन्द लाग्दो, खुसी ।

ल

लइनु/लइनो- ना. लिस्नु, भऱ्याङ ।

लग- /लग्/ ना. काम, परिश्रम । (उदा. यो दिनभरी बसिरहन्छ यसको कुनै लग छैन) ।

लच्छिमी- /लच्छिमि/ ना. पशु, गाई ।

लटो- ना. (बहु./ति. लटा) कपालका रौ एकै ठाउँमा जोडिएर लटा पार्ने काम, जटा वा लट्टा ।

लट्काउनु-[लट्का+आउ+(नु)] सकि. बेसरी खान पाउनु, धुत्नु ।

लडी- /लडि/ ना. पोतेको लरी ।

लडेलो- [<लाड्+एलो] वि. (बहु./ति. लडेला, स्त्री. लडेली) लाडिएको, धेरै माया पाएको, पुल्पलिएको ।

लडो- ना. (बहु./ति. लडा) लहरो ।

लड्कनु- [लड्क+(नु)] अकि. फूर्तीसँग घुम्नु, आनन्दले हिँडडुल गर्नु ।

लड्यामड्या- [<लड्या+मड्या] अमू. ढिलो-ढालो, हतार भएको बेला यताउता गरेर समय बिताउने काम ।

लन्ठिनु- [<लन्ठ+इ+(नु)] अकि. बरालिनु, बेकाममा घुम्नु ।

लपाइ- ना. झुटो, असत्य । **¼लाउनु-**(टु.) झटो बोल्नु, झुक्याउनु ।

लफो- ना. (बहु./ति. लफा) सिन्काले पात गाँसेर वा मालुका पातबाट बनाइएको वस्तु ।

लम्बर- /लम्बर्/ ना. नम्बर, सङ्ख्या बोधक शब्दको पछि आउने शब्द, (एक, दुई नम्बर) ।

लम्सिङे- [लामा+सिङ भएको] ना. भैंसी (पडेलीको भाषामा) ।

लवागुर्जा- ना. फलामको लौरी ।
(पडेलीको भाषामा) ।

लवामाली- /लवामालि/ ना. फलामे साङ्लाको पिङ ।

लस्कनु- [लस्क+(नु)] सकि. हल्लिनु, ढल्किएर हल्लिँदै हिड्नु, हाँसको हिँडाइ हिँड्नु ।

लस्काउनु- [<लस्क+आउ+(नु)] प्रेकि. हल्लाउनु, ढल्किएर हल्लाउँदै हिँडाउनु ।

लहड- /लहड्/ना. लहर, सुर, सम्झना ।

लहडी- /लहडि/वि.तरङ्गी, एकसुरे, स्मृति ठीक नभएको वा चन्चल स्मृतिको ।

लहुडी- /लौडि/ ना. लठ्ठी, लौरी ।

लाउन- /लाउन्/ ना. पुरी, तेलमा पकाइने चामल वा गहुँको पिठोको रोटी ।

लाग्गै- क्रियो. तत्कालै, तुरुन्तै, उतिखेरै ।

लाटा- वि. ठूला बडाले प्यारो गरी बोलाउने शब्द ।

लाटे१- ना. लाटो कोसेरो, राति आँखा देख्ने एकप्रकारको चरो ।

लाटे२- वि. हे. लाटो ।

लाटो- वि. (बहु./ति. लाटा, स्त्री. लाटी) बोल्ने, बोल्दा राम्ररी जिब्रो नफड्किने, बहिरो ।

लाट्या- ना. हे. लाटे१ ।

लादो- ना. अबैध रूपमा यौन सम्पर्क गरी गर्भ रहेको पेट, भुँडी, (गाली अर्थमा) ।

लादो गाड्नु- (टु.) अबैध रूपमा यौन सम्बन्ध गरी पेट बोकाउनु ।

लाध्या- वि. ठूलो झोल्लिएको पेट भएकी महिला वा धेरै खाएर ठूलो पेट भएकी ।

लाफा लाग्नु- (टु.) धुलाइ हुनु, कुटाइ हुनु, कुट्टिनु ।

लामटाङ्या- [लाम्+टाङ्+या] वि. लामा खुट्टा भएको, अग्लो ।

लामु- वि. लामो ।

लाय- ना. धानको फुला, लाही ।

लाऽऽ ला- विबो. बाखालाई माया गरेर वा हप्काएर बोलाइने शब्द ।

लालोबालो- ना. (बहु./ति. लालाबाला) सानो बच्चा, प्यारो बालक ।

लाल्चो- ना. (बहु./ति. लाल्चा) सालका सर्लक्क परेका कलिला डाला वा साना रूख ।

लासी- /लासि/ वि. हे. लासे ।

लासे- [लास्+ए] वि. बसेरै मिठो-मिठो राम्रो-राम्रो खान खोज्ने, अल्सी । (उदा. यो नफुकाएर गोठमै सबै थोक पुऱ्याई पालेको लासी/लासे भैँसी हो) ।

लिच्चो- वि. धेरै पानी परेर गिलो हुन पुगेको पिठो, गिलो ।

लिटे- ना. दूधमा थोरै पिठो हालेर रोटीसँग खान बनाइएको खाद्य परिकार ।

लिन्डो- ना. (बहु./ति. लिन्डा) बेलनाकार वा माटा तथा गुहुको आकार ।

लिप्को- ना. मिठोमिठो धेरै खाने कुरा ।

लिस्नु- ना. हे. लइनु ।

लिस्याइलो- ना. धुदा सजिलै नजाने, चिफ्लो भएर हात वा लुगामा टाँस्सिने वस्तु ।

लिस्सो- ना. (बहु./ति. लिस्सा) गाई, भैंसी आदि पशु व्याउने भएको दुई तीन महिनापछि थुन निचोर्दा निस्कने सेतो तथा चिफ्लो पदार्थ ।

लुकाल/लुगाल- /लुगाल्/ ना. भेडालाई भारी बोकाउने छाला वा ऊनको थैली ।

ले- सहाकि. हे. ल्या ।

लेख- विभ. लागि, निम्ति, चतुर्थी बिभक्ति बोधक चिन्ह । (उदा. ऊ साकाहारी भएकाले उसका लेख/बिथ मान्छे र बाखाको मासु एउटै हो) ।

लेखन्ती- /लेखन्ति/ क्रियो. लेखुन्जेल, लेखिरहेसम्म ।

लेखि- अ. हे. बिथ ।

लेखा/लेखो लाग्नु- (टु.) मात्तिनु, अटेरी हुनु ।

लै- नायो. सम्म, पर्यन्त । (उदा. तिमी अहिल्यै गइहाल म परलै आउँला) ।

लैनु- ना. हे. लइनु ।

लोट- /लोट्/ ना. रूपियाँ, नोट ।

लोडो- ना. लोहोरो, सिलौटामा गुडाएर मसला पिस्ने ढुङ्गो ।

लोतो- ना. (बहु./ति. लोता) भिमल मालु आदिका लहरा वा डालाको बाहिरी भाग वा बोक्रा, रेसा ।

लोप्डो- ना. (बहु./ति. लोप्डा) लोप्प्रा, पाप्रा, खाटो ।

लोसारे- [लोसार्+ए] ना. ढिलो गरी काम गर्ने आइमाई ।

लौडेफौडे जानु- (टु.) मर्नु, सिद्धिनु, गाली गर्नु ।

लौनारी- [लौनार्+ई] ना. पाकेको खेती काट्न बोलाइएकी महिला ।

लौनु- ना. पाकेको खेती काट्नु ।

ल्या- सहाकि. ल्याऊ, ल्याउनुहोस् ।

व

वड- /वड्/ वि. हे. ओड ।

वल्ल- आकि. ओर्ल, तल भर ।

वाँ- क्रियो. उहाँ ।

वाँछी- क्रियो. उहाँपछि, अनि ।

वाथी- क्रियो. उहाँनेर, त्यहीनेर ।

वुटि- सं. संयो. अनि ।

स

सइतो- वि. सस्तो, थोरैमा प्राप्त हुने ।

सइनु- ना. सिस्नु, सिस्नो ।

सउँतार- क्रियो. सबै ठाउँ, जतातति ।

सउँबार- ना. सोमबार ।

सउडो- ना. टोल, वडा, सानो बस्ती ।

सउरा- ना. ससुरा ।

सगियो- ना. निरन्तर पानी परेको अवस्था, मनसुनी वर्षा । (उदा. धान सक्नै लाग्यो पानी परेको छैन यो सगियो लाग्ने बेला यस्तो छ) ।

सजै- क्रियो. विस्तारै, जोर, नलगाइकन, सुस्तरी ।

सड्को- क्रियो. सर्को, एक स्वासमा तानेको सुल्पा वा चुरोटको धुवाँ ।

सततीस- /सततिस/ संवा. सैंतीस, छत्तीस पछि लगत्तै आउने सङ्ख्या ।

सदाइँ- क्रियो. सधैं, जहिले पनि ।

सनगोसाइँ- ना. हे. सानागोसाइँ ।

सनगोसी- /सनगोसि/ ना. हे. सानीगोसाइँ ।

सनेल्नु- [सनेल्+(नु)] सक्रि. बाली सियार्नु, गन लाउनु, सुरक्षित पार्नु ।

सन्टाल्नु ना. (बहु./ति. सन्टाल्ना) सारी, डाङ्ग्रे, मैना चरी ।

सन्तकी- /सन्तकि/ वि. सन्तोषी ।

सन्तार- क्रियो. हे. सउँतार ।

सन्तै- वि. ठूलो ।

सपेट्टो- ना. फिलो .

सप्को१- ना. च्यादरको ओढाइ । **हाल्नु-** (टु.) च्यादर ओढ्नु ।

सप्को२- ना. (बहु./ति. सप्का) मसिनो लौरीको चोट, साँपो । (उदा. कक्षामा अभ्यास नगरेकाले कमललाई सरले हाल्दा हातमा सप्को परेको छ) ।

सप्डिनु- [<सप्+इ+(नु)] सक्रि. सप्रिनु, सुध्रिनु, राम्रो हुनु ।

सप्पै- वि. सबै, पूरै ।

सबुकी- /सबुकि/ क्रियो. सबैलाई ।

सम्पु सुक्नु- (टु.) आँतिनु, मन अस्थिर र चन्चल हुनु ।

सम्भार- ना. हेरविचार, स्याहार-सुसार ।

सम्म- ना. हे. आँठो ।

सयल खेल्नु- (टु.) घुम्नु, आनन्द लिनु, मजा लिनु ।

सयलबयल- [सयल्+बयल्] (√सयल) अमू. चकचक गर्नु, चलिरहने काम, काम नलाग्ने कुरा गर्नु, सत्य नबोल्नु ।

सरग- ना. आकाश ।

सरसरानु/नो- /सर्सरानु/ वि. सुरिलो, साझो, कतै पनि नबाङ्गिएको रूख ।

सराद- /सराद्/ ना. श्राद्ध, सराद्दे ।

सराबरी- /सराबरि/ क्रियो. बराबरी, एकनासको ।

सरासर- /सरासर्/ अमू. सोझै, सिधै (बाटो देखाउने सन्दर्भमा) ।

सरु- ना. खेती, बाली । (पशुले बिगार्ने सन्दर्भमा)

सरो- ना. (बहु./ति. सरा), सलाइको काँटी, डटपेनको रिफिल, चुरोटको खिली आदिको सामुहिक नाम ।

सर्ग- ना. हे. सरग र ।

सर्पु- ना. बाँसको चोयाद्वारा बनाइएको भकारी, थुन्सेजस्तै तर डोकाभैँ बोक्न नमिल्ने ।

सर्पेस१- /सर्पेस्/ ना. सर्वेक्षण, नापोसापो लिने काम ।

सर्पेस२- /सर्पेस्/ ना. सर्बिस वा सर्बिस गरेर प्रप्त हुने रकम भन्ने सन्दर्भमा ।

सलायो- ना. फलाम वा काठको तिखो सुइरो ।

सलो- वि. १. सग्लो, सिङ्गो । २. माछाको हुल ।

ससजै- क्रियो. हे. सजै ।

साँक- /साँक्/ ना. मान्छे मर्दा फुकिने शङ्ख ।

साँको- ना. (बहु./ति. साँका), शारीरिक अवयवको सास बाहिर आउने ठाउँ, गलो ।

साँगुडो- क्रियो. साँघुरो, थोरै ठाउँ ओगटेको ।

साँट१- /साँट्/ ना. चोट, घाउ, दुखाइ ।

साँट२- /साँट्/ ना. गाई, भैंसी आदि बाली हुने पटक, खेप । (उदा. मेरो भैंसी एक साँट भयो बाली रह्यो होला) ।

साँटा- क्रिया. छिटो, तत्काल ।

साँटाई- /साँटाइ/ क्रियो. छिट्टै, तत्कालै ।

साँपो- ना. (बहु./ति. साँपा) कुटेको ठाउँमा देखिने लट्ठीको चिन्ह, सुम्लो ।

साँप्या- ना. अछाम जिल्लाको बूढीगङ्गा नदीको किनारमा रहेको एउटा रमणीय ठाउँ, साँफेबगर ।

साँफेबग्ड- ना. साँफेबगर ।

सा- ना. धान रोप्न हिलो बनाउँदा महीमा लडो कस्न प्रयोग हुने दुईवटा काठ, महीको हत्था ।

साइँ- ना. गोसाइँ, मालिक ।

साइ- वि. प्रेमी, नायिकाले नायकलाई भन्ने शब्द । (गीतका सन्दर्भमा) ।

साइतर- /साइतर्/ ना. गाउँखाने कथा ।

साइटिको- वि. साहेबले लगाइदिने टीका, बिहेमा दुलाहाले दुलहीलाई लगाइदिने टीका ।

साइडो- ना. साइरो, दुम्सी ।

साइतारे- [साइतार्+ए] वि. पक्षलिने काम, आफ्नै नजिकको हुन खोज्ने ।

साइतारे उट्ठु/उठ्नु- (टु.) पक्षलिनु, दुईजनाको विवादमा एउटाको समर्थन गर्नु ।

साइतार्‍या- [साइतार्+या] वि. अर्काको पक्षमा कुरा लगाउने वा अर्काको जिम्मेबारी आफू लिन खोज्ने ।

साउँ- ना. खेतमा धानसँगै हुने धानका पातजस्तै एकप्रकारको घाँस, सामा ।

साउकार- वि. साहु, धनी ।

साउनु- [साउ+(नु)] सक्रि. धान रोप्नका लागि खेतमा हिलो बनाउनु ।

साको- ना. सास, प्राण ।

सागुँडो- वि. (बहु./ति. सागुँडा) साँगुरो, कम ठाउँ भएको ।

साङ्ग्यता- ना. समाप्ति, अन्त्य, पूर्ण ।

साजी- /साजि/ वि. ताजा, तत्काल बनेको ।

साट्टु- [साट्+(टु)] सकि. साट्नु, अदल बदल गर्नु ।

साडी- /साडि/ ना. सारी ।

सातु- ना. जौ, गहुँ आदि भुटी पिसेर बनाइएको खाद्य परिकार ।

साते- ना. साथी, मित्र ।

सात्या- ना. हे. साते ।

सान- /सान्/ ना. साँध, सीमा ।

सानागोसाइँ- ना. देवर वा सानो मालिक ।

सानीगोसाइँ- ना. नन्द वा सानी मालिक्नी ।

साप्डे- वि. कसैको पक्षलिएर बोल्ने, साँप्रे ।

साप्डे उट्ठु- (टु.) दुईजनाको विवादमा एउटाका तर्फबाट विरोधीसँग बाझ्ने काम, पक्ष लिने काम ।

साप्डो- ना. (बहु./ति. साप्डा) १.केराको थामको बाहिरी बोक्रा । २. पिडालुका डाँठ ।

सामु- ना. मुसलको टुप्पोमा लगाउने फलामको सानो टुक्रा ।

सायें- ना. साहेब, मालिक ।

सालघाडी- /साल्घाडि/ ना. सालघारी, सालमा रूख भएको जङ्गल ।

सालिसुली- /सालिसुलि/ [सालि+सुली] अमू. जिस्किर चल्नु वा बोल्नु, अनावश्यक कुरा चलाउनु ।

सिउँतो- ना. (बहु./ति. सिउँता, स्त्री. सिउँती) सल्लाको फल ।

सिउड्डु- [सिउड्+(डु)] अकि. सिउँरनु ।

सिउन- /सिउन्/ ना. सिउँदो, स्युँदो ।

सिउनी- /सिउनि/ ना. महिला, (पडेलीको भाषामा) ।

सिउस्यैनी- /सिउस्यैनि/ वि. फोहोरी, गह्नाउने ।

सिकार- /सिकार्/ ना. मासु ।

सितलाबाउली- /सितलाबाउलि/ (सीतल्+बाहुली) वि. शीतल बाहुली, प्रेमिकाको हात वा बाहु ।

सितन- /सितन्/ ना. गाई भैंसीको दुध, दही, मोही, गोरस ।

सिनात- /सिनात्/ ना. सिरान, टाउको भएतिर ।

सिनाते- ना. सिरानी ।

सिनु१- [सि+(नु)] अकि. सुत्नु ।

सिनु२- ना. मरेको वा कुहिएको जनावर ।

सिनुर- /सिनुर्/ ना. सिन्दुर ।

सिन्के- ना. पारिजातको वृक्ष विशेष ।

सिमट्नु- [सिमट्+(नु)] सकि. समेट्नु, एकै ठाउँमा जम्मा गर्नु ।

सिमाली- /सिमालि/ ना. काइ । 'हातौनी सिमाली पडन्नान्' (गा.) ।

सियाँलो- ना. बारका रूपमा प्रयोग गरिने दरो काठ र मसिनो पात हुने झार, सिमाली ।

सिरउँला- ना. धान भिजाएर वा कलिलो धान भुटेर कुटी बनाइएको खाजा, सिरम्ला ।

सिरप- /सिरप्/ क्रियो. (आ.) सिर्फ, मात्र, केवल ।

सिराँते- ना. हे. सिनाते ।

सिरुडा- ना. हे. सिरउँला ।

सिरुडो- ना. गाग्री राख्ने बाटुलो आसन, पराल, खर आदिलाई बाटुलो पारी बनाइएको आसन, बिँडा ।

सिरुला- ना. हे. सिरउँला ।

सिर्किटो- ना. सिरेटो, चिसो हावा ।

सिलाजु- ना. शिलाजीत, हिमप्रदेशमा पाइने एक प्रकारको औषधी ।

सिलिबिली- अमू. हे. सालिसुली ।

सिली- /सिलि/ ना. हँसिया, बन्चरो आदिजस्ता धारिला हतियारको धार तिखो पार्न घाटिने ढुङ्गा ।

सिलौसा- ना. चामलमा लाग्ने मसिना सेतो रङका कीरा, चामलमा परेको झुम्राभित्र गुटमटिएर रहने चामल खाने झुम्रेकीरा ।

सिल्टाँग्या- ना. पातलो अग्लो वा सुलुत्त परेको शरीर ।

सिल्लक- /सिल्लक/ ना. श्लोक, पङ्क्ति ।

सिल्ली- वि. उल्लु, बदमास, दिमाग बिग्रिएको ।

सुइकेरा चुट्टु- (टु.) बेसरी थाक्नु, लामोलामो सास लिनु, सुस्केरा हालेर पीडा कम गर्न खोज्नु ।

सुइकेरा हाल्नु- (टु.) सुसेली हाल्नु, कसैलाई सङ्केतद्वारा बोलाउनु ।

सुइकेरो- ना. (बहु./ति. सुइकेरा) सुसेली, हातका औला र जिब्रो दोब्र्याएर वा ओठ चुच्चो पारेर बजाइएको आवाज, सिट्ठी ।

सुइना- ना. सपना, स्वप्न ।

सुकबार- ना. शुक्रबार, शनिबारको अघिल्लो दिन ।

सुकम्म- क्रियो. आन्दसँग, निश्चिन्त भएर सुत्नु । ढुक्क वा चिन्तारहित भएर सुत्नु ।

सुकाली- /सुकालि/ भलाकुसारी, सन्चोविसन्चो ।

सुकालो- क्रियो. सन्चै, कुशलै, आरामै, सुत्ने काम । (ठकुरी समुदायमा) ।

सुकुम्म- क्रियो. हे. सुकम्म ।

सुगा- ना. सिकसिको पन, फोहोर ।

¼लाग्नु- (टु.) घिन लाग्नु,

सुगैतो- ना. सुवैतो, सिरक ।

सुच्नु- [सुच्+(नु)] सकि. सोच्नु, चिन्ता गर्नु ।

सुडिल्लो- ना. चिउरीको बियाँ, चिउरीको घिउ बनाउन उपयोग गरिने बियाँ ।

सुताल्नु- [सुताल्+(नु)] सकि. अल्झिएको धागो सुल्झाउने काम, अल्झिएको धागो ठिक पार्नु ।

सुत- /सुत्/ ना. गाई भैंसीको मूत्राशय, योनि ।

सुत्तो- कियो. सोच्दै, चिन्ता गर्दै । 'मन त सुत्तो अर्कै कर्म सुत्तो काँ पुगल्लाइ' (देगी.) ।

सुदै- कियो. उसै, सित्तै, त्यत्तिकै । 'उइका मन अक्को पस्यो म सुदै झुरउनो' (देगी.) ।

सुन्टाल्नु- ना. (बहु./ति. सुन्टाल्ना) हे. सन्टाल्नु ।

सुपुली- /सुपुलि/ ना. केराको घरीभन्दा माथि र तल हुने, पछि तलमात्र हुने रातो-रातो पातकै आकरको कोसालाई छेक्ने वस्तु विशेष, केराका बुङ्गाको पात ।

सुपो- ना. (बहु./ति. सुपा, वि. सुपे) सुप्पो, तीनतिर बारा भएको एकातिर समथर भएको चोरकुने, चौडाइ कम लम्बाइ बढी भएको चामल, गहुँ आदि केलाउने साधन । नाङ्लाको काम गर्ने तर आकृति फरक भएको वस्नु ।

सुयो- ना. सियो ।

सुवा- वि. देउडा गीतमा प्रेमीले प्रेमिकालाई सम्बोधर गर्ने शब्द, प्रेमिका ।

सुवार्नु- [सुवार्+(नु)] सकि. मकैका पोख खोल्स्याउनु, पोख्याउनु, पोख छोडाउनु ।

सुविकाल- /सुविकाल्/ ना. सुखद् समय, सुख, बैभव ।

सुवो- ना. (बहु./ति. सुवा) सुगा ।

सुर्ता- ना. चिन्ता, मनमा हुने उथल-पुथल, हलचल ।

सूर्जफूल- /सुर्जफुल्/ ना. सूर्यमुखी फूल, सूर्यमुखी फूलकै आकारको कानमा लगाउने सुनको गहना ।

सुल्पा- ना. हातले समातेर सिधै मुखमा लगाई तमाखु खाने चिलिम, सानो चिलिम ।

सेज- /सेज्/ ना. पति पत्नीमात्र सुत्ने बिस्तरा, दुलाहा दुलहीको बिस्तरा ।

सेराली- /सेरालि/ ना. नदी वा खोलाको किनारमा खेतैखेत भएको जग्गा ।

सेरो- ना. हे. सेराली ।

सेल- /सेल्/ ना. छाया, सितल ।

सेला- वि. पिंडालु वा तरुलको लाम्चा गाना, गोला डल्लाभन्दा भिन्न लामा आकार भएका ।

सैतो- वि. सस्तो ।

सैनो- ना. हे. सइनो ।

सैलो- ना. जुलालीका सैला, गोरुको काँध अड्याउन जुवालीमा रहने दुईवटा काठ ।

सोइटो- ना. (बहु./ति. सोइटा) बोडी ।

सोग- ना. सोक, चिन्ता ।

सोग पड्नु- (टु.) चिन्तामा पर्नु, कसैको वियोगमा शोक प्रकट गर्नु ।

सोटा- ना. लौरी (पडेलीको भाषामा) ।

सोत्तर- /सोत्तर्/ ना. छाप्रो, गोठमा हिलो भएपछि ओच्छ्याइने हरिया स्याउँला ।

सौँतार- क्रियो. हे. सउँतार ।

सौँराइ- ना. सम्झना, माया, आत्मीयता ।

सौरणी- /सौरणि/ ना. हे. सौँराइ ।

सौरा- ना. हे. सउरा ।

सौडी- /सौडि/ वि. छिमेकी ।

सौडेली- /सौडलि/ ना. छिमेकीपन, एउटै टोलमा बसाइ भएको ।

सौडो- ना. (बहु./ति. सौडा) छिमेक, टोल ।

स्याउट्या- ना. कुखुरा वा चराको पेट ।

स्याकु- ना. घुम, पानी पर्दा ओढ्ने बाँसका चोया र मालुका पात गाँसेको ओढनी ।

स्वाइनी- /स्वाइनि/ना.स्वास्नी, श्रीमती ।

स्वादी- /स्वादि/ [स्वाद+ई] वि. स्वादिलो, मिठो ।

स्वापी- /स्वापि/ ना. सुल्पाको पिंधमा लगाउने पातलो कपडा, सप

ह

हँ- नि. हे. हँइँ ।

हँकारिनु- [हँकार्+इ+(नु)] अकि. सारै भोक लागेकोजस्तो खानको लागि हतारिनु, खाउँखाउँ भनिरहनु ।

हँक्या- अ. सुन्यौ कि सुनेनौ भनेर फेरि सोध्ने काम ।

हँगाउस्या- [हाँगो+आउस्या] ना. हाँगा नुहाउन प्रयोग गरिने काप भएको काठको लौरी ।

हँट्टा- क्रियो. हिँड्दा, एक ठाउँबाट अर्को ठाउँ पुग्दा ।

हँट्टा-हँट्टाइ- क्रियो. हिँड्दा-हिँड्दै ।

हँडो- [हिँड्+ओ] ना. (बहु./ति. हँडा) यात्रु, पर्देसी । (उदा. यस मूलबाटोमा आज एक हँडो पनि आएन आज नेपाल बन्द हो कि के हो ?)

हँणो- [हिँण+ओ] ना. हे. हँडो ।

हँदेइ- संयो. त्यसपछि, अनि ।

हइँ- नि. हजुर, के ।

हउनइ- क्रियो. त्यसैमा, उसैमा ।

हओ- सहाक्रि. हे. छओ ।

हकान्नु- [हकार्+(नु)] अकि. हकार्नु ।

हग्दु- [हग्+(दु)] अकि. हग्नु, दिसा गर्नु ।

हजारी- /हजारि/ ना. सयपत्री, हजारवटा पत्र भएको फूल ।

हटेरु- [<हाट+एरु] ना. हाट बजार गई सामान किनेर ल्याउने व्यक्ति, हाटको ग्राहक ।

हड- /हड्/ ना. हर, शरीर ।

हडमयल हन्नु- (टु.) नुहाउनु, शरीरको सरसफाइ गर्नु ।

हडी/हणी- /हडि/ ना. कुकुरलाई धपाउन प्रयोग गरिने शब्द, धुर । (उदा. हडी यो कुकुर सधैं घरभित्रै पस्न खोज्दछ) ।

हतासो- ना. (बहु./ति. हतासा) झाँतो घुमाउँदा समाउने काठको एक वित्ताको किला ।

हत्तर- /हत्तर्/ ना. सानो गाग्री, हातमा सजिलै बोक्न सक्ने गाग्री, पानी ल्याउने सानो भाँडो ।

हत्तर त !- विबो. हो र !, सहमति जनाउन प्रयोग गरिने शब्द ।

हत्याये- वि. हे. एकहाते ।

हदेलो- (तत्स. हरिद्रा) ना. बेसार, हलेदो ।

हद्दिछन्- सहाकि. हे. अर्छिन् ।

हन्निफन्नि/हन्निखन्नि- अमू. पल्ट्याङ, गुढुल्किनु ।

हन्नु- [हर्+(नु)] सकि. गर्नु, कार्य समापन ।

हप्र- अ. माथि ।

हप्रे- [हप्र+ए] कियो.. ऊ ! , आफूभन्दा पर टाढाको वस्तुलाई निर्देश गर्दा व्यक्त गरिने शब्द ।

हम्माउनु- [हम्माउ+(नु)] अकि. गाई वा बाच्छाबाच्छी कराएको आवाज वा बोली ।

हरिखबरी- /हरिखबरि/ ना. समाचार ।

हरी- /हरि/ सहाकि. गरी ।

हरौंला- सहाकि. गरौंला ।

हर्क- ना. हर्ष, खुसी ।

हऱ्याउँ- ना. हरियो रङको विसालु सर्प ।

हल- /हल्/ ना. जोडा, समान गुण भएको व्यक्ति वा वस्तु ।

हलाठोको- ना. हलेंसो, तिखो चुच्चो हुने एकजातको चरो ।

हलानु/हलानो- ना. (बहु./ति. हलाना) फाली राख्ने ठाउँ, फरैं ।

हली- /हलि/ ना. हलो जोत्ने व्यक्ति, किसान ।

हलौडो- ना. (बहु./ति. हलौंडा) जुआलीमा बाँध्ने छालाको डोरी, हलुडो, नारा ।

हल्कारो- ना. हुलाकी, चिठीपत्र ओसार पसार गर्ने व्यक्ति ।

हल्के- ना. सामूहिक रूपमा मार्ने मानवीय रोग ।

हल्क्या- ना. हे. हल्के ।

हल्लन-चल्लन- अमू. हलचल, ओर्कीफर्की, हल न चल, हलचल नभएको स्थिति ।

हल्लानेघोडो- ना. गोहोरो, चुलेसीजस्तै पुच्छर हुने छेपारकै आकारको ठूलो एक जनावर, घडियाल ।

हसुड्नु/हसुड्डु- [हसुड्+(नु)] सकि. हसुर्नु, बेसरी खानु ।

हसुल्या- ना. घाँटीको एक प्रकारको गहना ।

हस्कनु- [हस्क+(नु)] सकि. जानु, भाग्नु वा पलायन हुनु ।

हस्काउनु- [हस्काउ+(नु)] सकि. धेरै खानु, हसुर्नु ।

हस्ता- ना. हातले लेखेका अक्षर वा लिपि ।

हस्सि- विबो. कठै ! , च्वच्च ।

हाँडा- ना. कानको भित्री नसामा सुन्निने चपाउँदा दाँतसमेत दुख्ने कानको रोगी ।

हाँडो- ना. (बहु./ति. हाँडा) प्वाल, दुलो ।

हाउँ- बालबालिकालाई हडाउन दिनका लागि प्रयोग हने शब्द । (बालबोली) ।

हाउँबाग- /हाउँबाग्/ ना. हुँचिल, लाटोकोसेरोको आकारको एकप्रकारको सिकारी चिल, बाघकैजस्तो कराउने चिल ।

हाउडो- ना. हुस्सु, तुसारो ।

हाको हाल्नु- (टु.) कोलाहल गर्नु, गुहार गुहार गर्नु ।

हागट- /हागट्/ ना. किलामार, किला ठोक्ने काठको घन ।

हाट- /हाट्/ ना. बजार, हटेरुहरूले किनमेल गर्ने ठाउँ ।

हाड- /हाड्/ ना. हड्डी वा आँप, आरु, काफल, खजुरी आदि फलको भित्रको सारो वा दरिलो भाग ।

हाड पाड्नु- (टु.) सगोत्री नाता पर्ने केटाकेटी वा हाड नाता पर्नेहरूका बीच यौन सम्बन्ध रही त्यसबाट निम्तिने सामाजिक व्यवहार, पानी नचल्नु, सम्बन्ध बिच्छेद हुनु ।

हाड्याढुङ्गो- वि. (बहु./ति. हाड्याढुङ्गा) हड्डीजस्तै सेतो निकै साह्रो खोला वा नदीका किनारमा पाइने एकप्रकारको ढुङ्गो ।

हात पाड्नु- (टु.) हात पार्ने काम, बुझाउनु वा जिम्मा लगाउनु ।

हात हाल्नु- (टु.) कसैकी श्रीमती वा छोरीलाई जबर्जस्ती लिएर श्रीमती तुल्याउनु ।

हाता- ना. केराका केस्त्राको पङ्क्तिदार समूह । (उदा. एक हाता (काइँयो केरा) ।

हाप- /हाप्/ ना. सास फुल्ने रोग, दम ।

हाप्दु- [हाप्+(नु)] अकि. धेरै थकाइ वा गर्मी हुँदा गाई वस्तुले स्याँ स्याँ गर्नु ।

हारिनु- [हार्+इ+(नु)] अकि. दुब्लाउनु, खिइनु, नखाएजस्तो हुनु ।

हाल गाड्नु- (टु) आपत पार्नु, दुःख दिनु ।

हिउन- ना. हिउँद, मंसिरदेखि फागुनसम्मका चार महिना ।

हियो- ना. हृदय, ठाउँ ।

हिल्ला लगाउनु- (टु.) लिन मन नभएको व्यक्ति वा वस्तुलाई जबर्जस्ती दिनु, कर गरेर बुझाउनु ।

हुटिरो- ना. धान, गहुँ आदि बताउनका लागि हावाको व्यवस्था मिलाउने काम,

लामो कपडा दुईजनाले समात्ने वा दुईतिर खम्बामा बाँधी एकजनाले बीचमा समातेर जोरसित लतमाथि गरी हावा निकाल्लेर बताउने काम ।

हुटिरो हान्नु- (टु.) बताउनका लागि हावा लाग्ने व्यवस्था मिलाउनु ।

हुडि/णिनु- [हुडि/णि+(नु)] अकि. बेसरी तिर्खाउनु, पानी प्यास लाग्नु ।

हुड्के- वि. टाउको फेटा बाँधेर सेतो रङको मुजा परेको लहङ्गा लगाएर हुड्को बजाउँदै नाच्ने सूदूर पश्चिमकै एक संस्कृति ।

हुड्केउली- /हुड्केउली/ [<हुड्को+ एउली] ना. पशंसा मूलक गाथाभएको गीत गाउने काम, हुड्को बजाएर नाच्नु । 'हुडकेउली हन्नु' (टु.) ।

हुड्को- ना. डमरुकै आकारको एउटा बाजा ।

हुन्डो- ना. (बहु./ति. हुन्डा) एकजनाले उचाल्न नसक्ने तामाको ठूलो गाग्री ।

हुन्दे- अककि. नगर, गर्नु पर्दैन ।

हुमारो- [<होम+आरो] ना. (बहु./ति. हुमारा) कुनै मन्दिरमा होम वा पूजा गर्न तोकिएको निश्चित व्यक्ति ।

हुम्बाग- ना. हे. हाउँबाग ।

हुरिडाँडो- ना. ठूलो हावा, हावा पानी तथा धुलो माटो उडाएर ल्याउने चैत र बैशाखको हावाहुरी । **हुल्को-** ना. कुलोमा एकपटक बगेर आएको पानी, खेतका लागि आवश्यक पर्नेभन्दा थोरै पानी, कुलाको मुहानबाट खेतसम्मको कुलामा अटाउने पानी एकपटक मात्र आउनु ।

हुल्ली- /हुल्लि/ कियो. आवाज, झिजो, हल्ला, हुल पर्नु ।

हुल्लु- [हुल्+(लु)] सकि. हुल्नु, खोर वा गोठमा गाई, बाख्रा, कुखुरा आदि थुन्नु ।

हुस्किनु- [हुस्क+इ+(नु)] अकि. फुसुस्क्क हुनु, एकैपटक सिद्धिनु, खुत्रुक्क हुनु, मर्नु ।

हुस्सु- वि. हे. भुस्सु ।

हैँ/ह्याँ- सर्व. यहाँ ।

हेइथि- कियो. नजिकै, यहीँनिर ।

हेराउन- /हेराउन्/ ना. धामी झाँकी वा ज्योतिषीद्वारा हेर्ने काम, हेराउनु ।

हेराउन-कोराउन हन्नु- (टु.) धामी झाँकी वा ज्योतिषीसँग सोधपुछ गर्नु, अछता हेर्ने वा धुलौटोमा रेखा कोरेर शुभाशुभ फल बताउने काम गर्नु ।

हेराली- /हेरालि/ वि. गोठाली, गाई हेर्नेवाली ।

हैं- नि. १.ए !, त्यसो पो । २. थेगोको रूपमा पनि प्रयोग गरिने शब्द ।

हैंत- नि. हे. हैं ।

ह्यैथि- कियो. हे. हेइथि ।

होइजाऊ- इकि. भैजाओस्, होओस् ।

होइना- विबो. होइन र !, सहमति माग्नु ।

होइजाला- सहाकि. होला ।

होक्खा- विबो. होर !, लौ हेर ।

होरी- /होरि/ ना. होलीका अवसरमा खेलिने एकप्रकारको खेल, त्यस्तो खेलमा गाइने गीत, होरीका देउडा, होली ।

होरो१- ना. रेखी, पूजा विशेषमा हालिने पिठो वा चुनाको धर्को ।

होरो२- ना. भाग्यरेखा ।

होला रा- विबो. होला र !

होलेसो- ना. हल्यासो, एकप्रकारको चरो ।

होलो- वि. लुलो, फुक्का, खुल्ला, खुकुलो, अलिक सन्चो हुने काम ।

होस्सि- विबो. खै ! बिर्सिएको वा आफ्नो जानकारीमा रहेको कुरामा परिवर्तन भएको भर्खर थाहा पाएको खन्डमा प्रयोग गरिने शब्द, हत्तेरि ! ओहो ! ।

हौ- नि. हे. हइ ।

ह्याँ- सर्व. यहाँ ।

ह्यौडा- क्रियो. यसमा, सर्वनामको बहुबचन बोधक रूप ।

ह्यौडि- क्रियो. यसमा, सर्वनामको एकबचन स्त्रीलिङ्गी रूप ।

ह्यौडो- क्रियो. यसमा, सर्वनामको बहुबचन बोधक रूप ।

ह्यौदा- क्रियो. हे. ह्यौडा ।

ह्यौदि- क्रियो. हे. ह्यौडि ।

ह्यौदो- क्रियो. हे. ह्यौडो ।

ह्यौना- क्रियो. हे. ह्यौडा ।

ह्यौनि- क्रियो. हे. ह्यौडि ।

ह्यौनो- क्रियो. हे. ह्यौडो ।

ह्वैमी- /ह्वैमि/ क्रियो. हे. बाइमि ।

पाँचौं परिच्छेद

उपसंहार

५.१ शोधकार्यको निष्कर्ष :

अछामी भाषिका नेपाली भाषाका विभिन्न क्षेत्रीय भाषिकाहरूमध्येको एउटा प्रमुख भाषिका हो । अछाम जिल्लामा बसोबास गर्ने अधिकांश मानिसहरू पहिलो भाषाका रूपमा नेपाली भाषाको क्षेत्रीय भेद अछामी भाषिकामा फ्नो भाषिक व्यवहार गर्दछन् । अछाम जिल्लामा रहेका अछामी भाषिकाभन्द भिन्न भाषिक वक्ताहरूको भाषिक व्यवहार आदान-प्रदानको माध्यम भाषा अछामी नै हो । अछाम जिल्लाभन्दा बाहिर सुर्खेत, कैलाली, बर्दिया, बाँके, र राजधानी काठमाडौंमा पनि अछामी भाषिकाका वक्ताहरू बसाइँ सरेर स्थायी वा अस्थायी रूपमा बसोबास गर्दछन् । अछामबाहिर बस्ने अछामीहरू एक आपसमा भेट हुँदा वा पारिवारिक रूपमा अछामी भाषिकामै कुराकानी गर्दछन् । यसैले अछामइ भाषिकाका वक्ताहरू अछामबाहेक नेपालका अन्य जिल्लहरूमा पनि छरिएर रहेका हुनाले अछामी भाषिकाको पनि क्षेत्र विस्तार भएको छ । त्यसैले अछाम जिल्लामा वा अछामबाट अन्य जिल्लामा बसाइँ सरेर गएका नेपाली मातृभाषी वक्तहरूले बोल्ने भाषाको क्षेत्रीयभेद अछामी भाषिका हो ।

भाषिकाका दुईभेद क्षत्रीय र सामाजिकमध्ये प्रस्तुत शब्दकोशमा अछाम जिल्लामा बोलिने नेपाली भाषाको क्षत्रीय भाषिकाका शब्द समावेश गरिएको छ । यस कोशमा भाषिक अभिव्यक्तिका दुबै रूप कथ्य र लेख्यलाई शीर्ष शब्दका रूपमा चयन गरिएको छ । यसमा कथ्य र लेख्य रूप नहेरी अछामी भाषिकाको क्षत्रीयभेदमा आधारित शब्द चयन गरिएको छ । अछामी भाषिकाको लेख्य रूप नेपाली भाषाको शिलालेखी भाषादेखि आधुनिक कालको भाषासम्म निरन्तर पाइएकाले लेख्य रूप पनि यस भाषिकामा प्रशस्तै पाइन्छन् ।

अछाम जिल्लाको विनायकको देवलमा कोरिएको वि. सं. १३३७ को अक्षय मल्लको शिलालेखी भाषा, 'अर्जन्या बुडाको पुस्रो कतरो' वि. सं. १६४८ र काशि 'जोइसि' को 'अछाम मल्लो भैँसोल्या अभिलेख' १७३६ मा उल्लिखित भाषालाई अछामी भाषिकाका पुराना नमुना मान्न सकिन्छ । पहलमानसिंह स्वारले अछामी भाषिकामा श्लोक सङ्ग्रह (वि.सं. १९६१-६५) कविता र लालुभागा (रचना वि. सं. १९७५-७६, प्रकाशन २०३३) नाटक गरी

दुईवटा कृति अछामी भाषिकामै लेखिएका पाइएका छन् । यस्तै उदयराम उपाध्याय (घोडासैली) द्वारा सङ्कलित मन्त्र सङ्ग्रह (अप्रकाशित) अछामी भाषिकामै पाइएको छ । प्रस्तुत कोशमा यी कृतिहरूबाट समेत शब्द सङ्कलन गरिएको छ । यसबाहेक कतिपय नव सर्जकहरूले आफ्ना सिर्जनामा अछामीको मात्र प्रयोग गरेका छन् भनिएको पाइए तापनि ती कृति प्राप्त गर्न सकिएको छैन ।

अछामी भाषिकाको शब्दकोश निर्माणको सन्दर्भमा कतिपय कथ्य शब्दहरू अछामी माषिकाका वक्ताहरूसँग प्रत्यक्ष कुराकानी गर्दाको अवस्थामै सङ्कलन गरिएका छन् भने अछामी भाषिकामा कलम चलाउने सर्जक तथा भाषा एवं लोक साहित्यका अनुसन्धानर्त्ताहरूका कृतिहरूबाट पनि प्रस्तुत कोशका लागि शब्द सङ्कलन गरिएका छन् । अछामी जनजीवनमा तीनप्रकारका शब्दहरू प्रयोग भएका छन् । जस्तै-:

क) मानक नेपाली माषामा प्रयोग हुने शब्द जस्ताको त्यस्तै रूपमा : विद्यालय, घर, बालुवा, समाज, खाँचो, छोरो, बुक, कलम, स्कुल ।

ख) मानक नेपाली भाषामा प्रयोग भएका शब्दको स्वरूपमा ध्वन्यात्मक परिवर्तन वा उच्चारणगत भिन्नता भएका शब्द : पतेरो> <पदेडो, मान्छे> <मन्छे/मान्ठ, त्यसरी> < त्यहरी, सानु > < सानु, खुर्सानी > < खुसानी, हिउँद > < हिउन, सपना > < सुइना, कसरी > < कहरी, औलो > < आङ्लो आदि ।

ग) अछामी भाषिकाका आफनै ठेट वा मौलिक शब्द :

अछामी	मानक नेपाली	अछामी	मानक नेपाली
कुनिको	आफ्नै/निजी	तिर्खुला	चुत्रो
ढिक	छेउ/किनार	ढिकिरो	गोरुको जुरो
डब्बी	घिर्लिङ	डाढ	रुवाइ
ठौर	ठाउँ/स्थान	पट्यार	उदेक
भारा	दुःख, यातना	कलो	कुकुरको खाना

यस कोशमा माथि उल्लिखित पहिलो प्रकारका शब्द समावेश गरिएका छैनन् । दोस्रो प्रकारका केही शब्द सङ्कलित छन् भने तेस्रो प्रकारका शब्दहरूको बाहुल्यता रहेको छ ।

यस्ता शब्दहरू सङ्कलन गरी यसको चाथो परिच्छेदमा राखिएको छ । यसकोशमा विभिन्न प्रकारका मौलिक वा ठेट शब्द समेटिएका छन् । जस्तै-:

केही ठेट वा मौलिक धातु र तिनबाट बनेका कियामूल :

धातु	प्रत्यय	कियामूल	अर्थ
पल्	आउ	पलाउनु	धार लगाउनु
पन्	याउ	पन्याउनु	पानीमा घोल्नु
रयल्	-	रयल्नु	पानीमा बेसारी घोल्नु
फिन्त्य	आउ	फिन्त्याउनु	गिलो वस्तुलाई अनावश्यक रूपमा चलाउनु
चार्	-	चार्नु	पानी लगाउनु
हर्	-	हर्नु	गर्नु जस्ता विभिन्न कियामूल यस भाषिका शब्दकोशमा बनेका पाइएका छन् ।

विभक्तिका चिन्हका रूपमा छुट्टै चिन्हहरू प्रयोग भएका पाइएका छन् । जस्तै-:

ल, कन, धेकि, धेइ, धेकिबाट, मी, औनौ, औना, औनी आदि ।

कियापदको रूप रचना हुँदा निम्नलिखित रूप देखा पर्दछन् । जस्तै-:

थियो > < छियो, गइजानु > < बाइजानु, गर्दिन > < नाइहद्दो/हद्दैन, गर्नु > < हर्नु वा अर्नु ।

मानवेतर प्राणीलाई हप्की वा सम्बोधन गर्दा : भैँसीलाई आमाजे !, गाईलाई आ हेऽ ल !, गोरुलाई बाबाजेऽ !, बाच्छा-बाच्छीलाई आ हेऽ राउली !, आदि शब्दहरूको प्रयोग भएको पाइन्छ ।

विस्मयादिबोधक शब्दहरूमा होक्खा !, हस्सी !, कठैदैनौ !, कठै उइ !, परे हे !, आदिजस्ता ठेट वा मौलिक शब्दहरूको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत अछामी भाषिकाको शब्दकोश सङ्क्षिप्त रूपमा शब्दकोब निर्माणको सैद्धान्तिक परिचय र शब्दकोश सम्पादन प्रकिया दिई त्यसै आधारमा शब्दकोश सम्पादन गर्ने प्रयास गरिएको छ । शब्दकोश सम्पादन गर्दा भाषिकासँग सम्बन्धित विभिन्न शब्दकोशहरूको परम्परा केलाउनुका साथै प्रस्तुत अछामी भाषिकाको शब्दकोशको स्वरूप पनि खुट्याउने काम गरिएको छ । शब्दकोशको मूल भागलाई चौथौ परिच्छेदमा समावेश

गरिएको छ । यसमा सबैभन्दा पहिला मानक नेपाली वर्णविन्यास अनुसार शीर्षशब्द, आवश्यक्ताअनुसार अछामी भाषी वक्ताले गर्ने त्यसको उच्चारण, व्युत्पत्ति, शब्दवर्ग, विभिन्न प्रकारले अर्थनिर्देश एवं आवश्यक्ताअनुसार उदाहरण दिने प्रयास गरिएको छ । यसमा नाम, सर्वनाम, विशेषण, सहायक क्रिया, अकर्मक क्रिया, सकर्मक क्रिया, प्रेरणार्थक क्रिया, अकरण क्रिया, आज्ञार्थक क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक, विभक्ति, परसर्ग, पूर्वसर्ग, टुक्का आदि शीर्षशब्दका रूपमा राखिएका छन् । उदाहरण वा प्रयोग सन्दर्भका रूपमा उखान, टुक्का, देउडागीत, गाली जस्ता कुराहरू समावेश गरिएका छन् ।

भाषिकाको अध्ययनका क्रममा कतिपय शब्दहरू कुनै एउटा सन्दर्भमा सुनेर त्यसको सही अर्थ पहिल्याउन नसकेको अवस्था देखा पर्दछ । त्यस्तै शब्दको अर्थ मात्र पहिल्याएर पनि त्यसको प्रयोग सन्दर्भ नजानेको अवस्थामा गलत अर्थमा प्रयोग हुन सक्दछ । अछामी मातृभाषा नभएका वा सन्दर्भ नबुझेका व्यक्तिहरूले अछामी भाषिकाको अध्ययन गर्दा शब्दको अर्थनिर्देशका क्रममा गरेको त्रुटि निम्नलिखित उदाहरणबाट बुझ्न सकिन्छ । जस्तै-:

कलो- ना. कुकुरको खाना, कुकुरलाई छुट्याइएको अंश ।

लादो- ना. अबैध रूपमा यौनसम्पर्क गरी बोकेको पेट ।

यहाँ कलो शब्दको अर्थ खाना र लादो शब्दको अर्थ पेट लगाउँदा अर्थापत्ति हुन्छ । कलोको अर्थ अरु प्राणीको खाना नभई कुकुरको मात्र खाना भन्ने हुन्छ, त्यस्तै लादो शब्दले सामान्य पेट नभएर अबैधरूपमा यौनसम्पर्क गरी बोकेको पेट भन्ने अर्थ बुझाउँछ । यस्ता शब्दको वास्तविक अर्थनिर्देश गर्नेतर्फ प्रस्तुत शब्दकोश अग्रसर देखिएको छ ।

प्रस्तुत शब्दकोशको निर्माणबाट अछामी भाषिका सिकेका बालबालिकाहरूलाई मानक भाषा सिकाउने शिक्षक तथा सिकारु दुबैका लागि उपयोगी हुने देखिएको छ । अछामी भाषिकाको अध्ययन-अनुसन्धान गर्नेहरूलाई यो आधार सामग्री बन्ने देखिन्छ ।

प्रस्तुत शब्दकोशमा सङ्कलित शब्दहरू वर्णानुक्रमअनुसार प्रस्तुत गरिएका छन् । तिनको उच्चारण प्रक्रिया, शब्दवर्ग र अर्थनिर्देश के कसरी गर्ने भन्ने सन्दर्भमा यसअघि प्रकाशित गरिएको नेपाली, संस्कृत र अङ्ग्रेजी भाषाका शब्दकोशहरूबाट शब्दकोश सम्पादनका लागि महत्त्वपूर्ण सहयोग लिइएको छ । ती कोशहरूबाट कोश सम्पादनमा आवश्यक पर्ने प्राविधिक एवं प्रयोगात्मक सहयोग लिइएको छ । यस कोशको सम्पादन

प्रक्रियाका बारेमा 'प्रस्तुत अछामी भाषिका शब्दकोशको स्वरूप' शीर्षकमा विस्तृत रूपमा जानकारी दिइएको छ ।

यसरी अछामी जनजीवनमा छरिएर रहेका अछामी भाषिकाका शब्दहरू सङ्कलन गरी ती शब्दहरूलाई वर्णानुक्रमअनुसार राखी कोशनिर्माणको वज्ञानिक सिद्धान्तका आधारमा कोश सम्पादन गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययनबाट अछामी भाषिकाको अध्ययनका निम्नलिखि सम्भावित शोध शीर्षकहरू राखी थप अध्ययन गर्न सकिने कुरा औंल्याउन सकिन्छ । जस्तै-:

क) अछामी भाषिकाको ध्वनिवैज्ञानिक अध्ययन,

ख) अछामी भाषिकाको व्यतिरेकी विश्लेषण,

ग) अछामी भाषिकाका क्रियाको संरचनात्मक अध्ययन,

घ) अछामी भाषिकाको अन्तर्भाषिकापरक अध्ययन,

ङ) अछामी भाषिकाका वाक्य संरचनाको विश्लेषण,

च) अछामी भाषिका र मानक नेपाली भाषाका शब्दभण्डारको तुलनात्कम अध्ययन ।

सन्दर्भकृतिसूची

१) अधिकारी, हेमाङ्गराज, **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार, ते.सं. २०६४ ।

२) अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६१ ।

३) अवस्थी, महादेव, **बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग,** काठमाडौ : लेखक स्वयं प्रकाशन, २०५५, (परिशिष्टि खण्ड-१) ।

४) आचार्य, भागवत, **उच्चारणका नेपालीका भाषिकाको निर्धारण**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि., २०५४ ।

५) आचार्य, राजेन्द्रकुमार, (सम्पा.) **केन्द्रीय भाषिका कोश,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, अनामनगर, २०६० ।

६) आप्टे, वामन शिवराम, (सम्पा.) **संस्कृत हिन्दी कोश,** दिल्ली : नाग प्रकाशक, पाँ.सं. १९९५ ।

७) उपाध्याय, उदयराम, (सम्पा.) **मन्त्रसङ्ग्रह,** (अप्रकाशित, पाण्डुलिलि, शोधकर्त्तासँग सुरक्षित) ।

८) उपाध्याय, खगेन्द्रप्रसाद, **अछामी ड्यौंडा गीतको अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. त्रिचन्द्र क्याम्पस, २०६१ ।

९) ” ” , **‘देउडा गीतमा सामाजिक चित्रण’,** ‘बौद्धिक दर्पण’, वर्ष २, अङ्क २, २०६३, बौद्धिक समाज, टीकापुर, कैलाली, पृ. ३३-३४ ।

१०) ” ” , **‘देउडा गीतमा संघर्षपूर्ण जीवन भोगाइका प्रस्तुति’**, ‘बौद्धिक दर्पण’, वर्ष ३, अङ्क ३, २०६४, बौद्धिक समाज, टीकापुर, कैलाली, पृ. ३०-३३ ।

११) ” ” , **‘नेपाली लोकसाहित्यमा हुड्केली परम्परा’,** ‘प्रज्ञाचक्षु’, टीकापुर प्राज्ञिक समाजको वार्षिक प्रकाशन, (वर्ष ४, अङ्क ४, २०६४) ,पृ. १-३ ।

१२) ” ” , **‘अछामी भाषिका र नेपाली भाषा’** ‘अङ्कुर’, (वर्ष ९,अङ्क ९, भानु पुस्तकालय, टीकापुर), २०६४, पृ. ६-८।

१३) उपाध्याय, रेग्मी, चूडामणि, **नेपाली भाषाको उत्पत्ति,** काठमाडौं : जगदम्बा प्रकाशन, २०२५ ।

१४) उपाध्याय, डम्बरप्रसाद, **गरिबीको पासो भाग-१,** (हुडकेउली लयमा) क्यासेट एल्बम, २०६३ ।

१५) कर्माचार्य, के. एल., र पि.आर. वैद्य, (सम्पा.) **अजन्ता एडभान्स लर्नस् डिक्सनरी,** दिल्ली : अजन्ता प्रकाशन ।

१६) केवलानन्द, **अछामको होरी,** वाराणसी : आर्यवीर संघ, ई. सं. १९६४ ।

१७) कुइँकेल, परशुराम, **काठमाडौली उपभाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०३७ ।

१८) खड्ग, नृपबहादुर, **होरीका देउडा, कैलाली** : टीकापुर साँस्कृतिक समाज, टीकापुर, २०६१ ।

१९) खनाल, चक्रपाणि, **डोट्याली भाषिकाको वर्ण विश्लेषण र अर्थसहित शब्द सङ्कलन,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि, २०३६ ।

२०) गिरी, जीवेन्द्रदेव, **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण,** काठमाडौं : पावती गिरी, नयाँबानेश्वर, २०५३ ।

२१) गौतम, ध्रुवचन्द्र, **तराई नेपाली,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०३६ ।

२२) घोडासैनी, (विवश), खगेन्द्र, **‘गालीसाहित्य र अछामी गालीमा व्यङ्ग्यचेतना’,** ‘मिर्मिरे’, (वर्ष २२, अङ्क ६, पूर्णाङ्क २१७, २०६० असोज) पृ. ६६–७१ ।

२३) घोडासैनी, (प्रसादउपाध्याय), खगेन्द्र, **अछामी गालीको अध्ययन र विश्लेषण,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. त्रिचन्द्र क्याम्पस, २०६१ ।

१४) घोडासैनी, खगेन्द्र, **'अछामी भाषिका र यसका स्थानीय उपभेदहरू',** 'गरिमा', (वर्ष २३, अङ्क २६६, मासिक, २०६१), पृ. ९८-१०२ ।

२५) घोडासैनी, खगेन्द्र, **'बम्मै गइरहन्छन्'** 'अङ्कुर', (वर्ष ९, अङ्क ९, भानु पुतकालय, टीकापुर), २०६४, पृ. २५-२६ ।

२६) चन्द, बीरबहादुर, (सम्पा.) **डोट्याली शबद भणाँर** (डोटेली शब्द भण्डार), श्रीमती द्रोपती चन्द, २०५१ ।

२७) चट्टौत, आर. डि. प्रभास, (सम्पा.) **डोट्याली बृहत् शब्दकोश,** काठमाडौं : बेलु विश्व प्रतिष्ठान, २०५८ ।

२८) ढकाल, शान्तिप्रसाद, **प्रायोगिक भाषाविज्ञान,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, ते. सं. २०६० ।

२९) ढुङ्गाना, लावण्यप्रसाद, **आधारभूत शब्दावलीका आधारमा नेपालीका भाषिकाको निर्धारण,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०५४ ।

३०) तिमल्सिना, यमनाथ, **सङ्ख्या र सार्वनामिक शब्दका आधारमा नेपालीका भाषिकाको निर्धारण,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०५० ।

३१) त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : ने.रा.प्र.प्र.चौ.सं.२०५५ ।

३२) दाहाल, बल्लभमणि, **नेपाली भाषा र कोश** नेपाली भाषा अधिगोष्ठी, २०३३,

(विवृत्ति) ने.रा.प्र.प्र., पृ. १३३ ।

३३) देवकोटा, रत्नाकर, **जुम्लेली शब्द र उखान सङ्ग्रह,** जुम्ला : रत्नावती देवकोटा, २०२७ ।

३४)	निरौला, यज्ञेश्वर, **क्रियाको रुपतत्त्वका आधारमा नेपालीका भाषिकाको निर्धारण,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०५१ ।

३५)	पनेरु, नेत्रप्रसाद, **डडेल्धुराली भाषिकामा विभक्ति**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०४० । .

३६)	पराजुली, उत्तरकुमार, (सम्पा.), **नेपाली भाषिका शब्दकोश,** स्वयं प्रकाशक, २०५६ ।

३७)	प्रधान, पारसमणि, र नगेन्द्र प्रधान, (सम्पा.) **ठूलो नेपाली-नेपाली अङ्ग्रजी कोश,** कालिम्पोङ : भाग्यमणि प्रकाशन, १९८३ इ.सं. ।

३८)	पोखरेल, बालकृष्ण, **राष्ट्रभाषा,** ललितपुर : सा.प्र., छै.सं., २०४३ ।

३९)	पोखरेल, बालकृष्ण, **पाँचसयवर्ष,** ललितपुर : सा.प्र.,ते संस्करण, २०४३ ।

४०)	पोखेल, बालकृष्ण, डोट्याली बृहत् शब्दकोशको भूमिका, '**आर. डि. पभासज्यूको प्रस्तुत कोशका महत्व'** बाट उद्धृत, पृ.v।

४१)	बन्धु, (उपाध्याय, रेग्मी) चूडामणि, **नेपाली भाषाको उत्पत्ति,** काठमाडौं : जगदम्बा प्रकाशन, २०२५ ।

४२)	बन्धु, चूडामणि, डोट्याली बृहत् शब्दकोशको **'मन्तव्य'** बाट, पृ. iv ।

४३)	बन्धु, चूडामणि, **'प्रयोगात्मक नेपाली शब्दकोशका विषयमा'** प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) को भूमिकाबाट ।

४४)	भट्ट, भीमदेव, र अर्जुनदेव भट्टले (सम्पा.) **बैतडीका स्थनीय शब्द,** धनकुटा : प्रो. आनन्ददेव भट्ट, २०१८ ।

४५)	भण्डारी, पारसमणि, **प्रायोगिक भाषाविज्ञानका केही पक्ष,** काठमाडौं : विद्यार्थी पुस्तकभण्डार, २०५४) पृ. ४१ ।

४६)	राई, भीमसेन, **नेपाली साहित्यको विकासप्रक्रियामा पहलमानसिंह स्वारका व्यक्तित्व र योगदानको विश्लेषण,** अ.प्र., स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि., २०३२ ।

४७) लम्साल, रामचन्द्र, **कोशविज्ञान र नेपालीकोश,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, दो.सं. २०५७।

४८) शर्मा पौड्याल, हीरामणि, **पर्वती भाषिकाको स्वरुप र संरचना**, पर्वत : इन्दिरा शर्मा, पौड्याल, २०४४ ।

४९) शर्मा, बद्रीप्रसाद, बिनाडी, (सम्पा.), **डोटेली भाषिकाको शब्दकोश,** जोरघाटी प्रकाशन, २०५५ ।

५०) शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** काठमाडौं : साझा प्रकाशन, दो.सं. २०५५ ।

५१) शर्मा, मोहनराज, र कृष्णहरि बराल, **भाषाविज्ञान र नेपालीभाषा,** काठमाडौं : नवीन प्रकाशन, चौ. सं. २०५९ ।

५२) शर्मा, हरिप्रसाद, **बैतडेली भाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन**, अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि., २०३६ ।

५३) शास्त्री जे.एल., (सम्पा.), **धातुपाठ,** वनारस : मोतीलाल वनारसी दास, दो. सं. १९९६ ।

५४) शाही, हर्कबहादुर, **अछामी भाषिका एक अध्ययन,** अ.प्र. स्नातकोत्तर तहको शोधपत्र, नेपाली भाषाशिक्षण समिति, महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रि.वि., २०५५ ।

५५) 'शुशील', प्रेमराज, **डोल्पाली भाषिका : एक अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, कीर्तिपुर, २०५४ ।

५६) श्रेष्ठ, तेजप्रकाश, **अछामी लोकसाहित्य,** काठमाडौं : रत्नपुस्तक भण्डार, भोटाहिटी, २०४४ ।

५७) सिजापति, रामविक्रम, **कर्णाली भाषिका समूहको तुलनात्मक अध्ययन,** अप्र. स्नातकोत्तर शोधपत्र, त्रिवि. २०३७ ।

५८) सिजापति, रामविक्रम, **जुम्ली भाषिकाको वर्णनात्मक अध्ययन,** अप्र. विद्यावारिधिको शोधपत्र, त्रिवि. २०५० ।

५९) सुवेदी, राजाराम, **अछामको इतिहास,** अछाम : वैद्यनाथ क्षेत्र प्रकाशन समिति, कालिमाटी गढी, २०५८ ।

६०) स्वार, पहलमानसिंह, **लालुभागा** (अछामी भाषिकाको नाटक), काठमाडौं : पहलमानसिंह स्वार स्मृति प्रतिष्ठान, रचना १९७५-७६, प्रकाशन २०३३ ।

परिशिष्ट : एक

क) रुजुर्त्ताहरूको नामावली :

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा समावेश गरिएका शब्दहरू सङ्कलन गरिसकेपछि रुजु गरी थप शब्द सङ्कलन एवं अन्यपक्षमा सुझाव दिनुहुने व्यक्तिहरूको नामावली निम्नानुसार रहेको छ :-

क.सं.	रुजुकर्ताको नाम	ठेगाना
१	श्री नरराज गिरी	गाज्रा, कुन्डाली, अछाम, हालःटीकापुर, कैलाली
२	" खगेन्द्रप्रसाद उपाध्याय	घोडासैन, ८ अछाम ।
३	" जीवन उपाध्याय,	घोडासैन, ८ अछाम ।
४	" जनकदत्त उपाध्याय,	घोडासैन, ८ अछाम, हाल : लम्की, कैलाली
५	" दामोदर उपाध्याय	घोडासैन, ९ अछाम, हाल : कोहलपुर, बाँके
६	" हिरण्यप्रसाद शर्मा	बैजनाथ, ८, अछाम ।
७	" दुर्गाप्रसाद बजगाईं,	मस्टबन्डाली बजगाउँ, ४ अछाम, हाल : सुर्खेत
८	" लटे बुढा	ढुङ्गाचाल्ना ५, अछाम ।
९	" फणेन्द्रप्रसाद रेग्मी,	कमलखेत, अछाम ।
१०	" हर्कबहादुर शाही	नाडा, अछाम ।
११	श्रीमती भरु विक	तोसी, अछाम

ख) रुजुर्त्ताहरूलाई सुझावपत्र :

(प्रस्तुत शोधपत्रको अंश हेर्नुअघि निम्नलिखित शीर्षकमा केन्द्रित भई उपयुक्त सुझाव दिनुहुन यहाँहरूलाई अनुरोध गरिन्छ)

१) शीर्षशब्दको लेखन प्रक्रिया मिले नमिलेको, (शीर्षशब्द मानक लेखनमा आधारित छ ।)

२) अछामी भाषिकानुसार उच्चारण मिले नमिलेको,

३) शब्दको व्याकरण निर्देश तथा उपयुक्त अर्थ लेखन भए नभएको,

४) उपयुक्त उदाहरण भए नभएको,

५) यहाँहरूको जानकारीमा भएका तर प्रस्तु संकलनमा छुट हुन गएका शब्द, (यस्ता शब्दको उपयुक्त अर्थसमेत लेखिदिनुहुन अनुरोध गरिन्छ) ।

(**विषेश** : लेख्नु पर्ने कुरामा सकभर रातो मसीको प्रयोग गरी प्रत्येक पछिल्लो पृष्ठको विवरण ठीक अघिल्लो खाली पृष्ठमा लेखिदिएमा शोधार्थीलाई यहाँहरूको अमूल्य सुझाव ग्रहण गर्न सहजहुने अपेक्षा गरेको छु । **शोधार्थी ।**

परिशिष्ट : दुई

क) अछाम जिल्लाका गाउँका नामबाट बनेका थरहरू :

ओलीगाउँ	ओली/वली	तिमल्सैन	तिमल्सिना
कुइका	कुइकेल	देवकोट	देवकोटा
घोडासैन	घोडासैनी	धमाली	धमाला
चापागाउँ	चापागाईं	बजगाउँ	बजगाईं
जनाली	जनाला/जनाल	बसौटी	बसुट्याल/बस्टेल
जयगढ	जयगढी	बारला	बराल
ठिंगालगाउँ	ठिंगाल	रिमा	रिमाल
ढाकु	ढकाल	सोगट	सोगटेल
ढुङ्गानी	ढुङ्गाना		

ख) अछाम जिल्लामा प्रतलित केही अन्यथरहरू :

अधिकारी	खनाल	बयक	रेग्मी
आहुजी	गिरी	बलायर	रोकाय
उखेडा	चलाउने	बिस्ट	ल्वार
उपाध्याय	चमार	बुढा	शर्मा
ओड/वड	जंगडी	बुढाक्षेत्री	शाही
कठायत	जैसी	बुढाथापा	साउँद
कडायत	जोशी	बोगटी	सार्की
कडारा	टमाट्टा	बोहोरा	सिंह
कामी	ढोली	भण्डारी	सुजी
कार्की	तिरुवा	भाट	सुनार
कुँवर	थापा	भुल	सुबेदी
कुटुवाल	दमाई	मगर	स्वाँर (क्षेत्री)
कुमाल	धामी	मल्ल	स्वार (बाउन)
कोली	नगर्ची	वादी	
खड्गा	नेपाली	रावत	
खतिवडा/खतेडा	बडुवाल	रावल	

व्यक्तिवृत्त

नाम	:	**खगेन्द्रप्रसाद उपाध्याय**
थर	:	घोडासैनी
बाबुको नाम	:	श्री उदयराम उपाध्याय
आमाको नाम	:	कौसिलादेवी उपाध्याय
जन्ममिति	:	२०३७/०८/२७
जन्मस्थान	:	घोडासैन -९, माजी, अछाम
नागरिक्ता	:	नेपाली
लिङ्ग	:	पुरुष
भाषा	:	नेपाली, अङ्ग्रेजी, हिन्दी र संस्कृत
वैवाहिक स्थिति	:	विवाहित
स्थायी ठेगाना	:	बिजौरा–९, भुडेभावर, सुर्खेत, भेरी, नेपाल
अस्थायी ठेगाना	:	गु.न.पा.७, बर्दिया, **मो नं.** ९८४८०३०३६१, **फोन नं.** :०८४४४०५२१ ।

शैक्षिक प्रगति विवरण :

तह	मुख्य विषय	शैक्षिक संस्था	वर्ष	श्रेणी
प्रवेशिका (पूर्वमध्यमा)	नव्यव्याकरण, नेपाली	सम्पूर्णानन्द सं.वि. वाराणसी	१९९५	द्वितीय
प्रमाणपत्र तह (उत्तरमध्यमा)	नव्यव्याकरण, नेपाली	,,	१९९७	प्रथम
स्नातक (शास्त्री)	नव्यव्याकरण, नेपाली	महेन्द्र सं. वि., दाङ	२०५७	द्वितीय
बि.एड्, (एकवर्षे)	नेपाली	,,	२०५८	द्वितीय
स्नातकोत्तर (एम.ए.)	नेपाली	त्रि.वि., काठमाडौं	२०६१	प्रथम
स्नातकोत्तर (एम.एड्.)	नेपाली	,,	२०६४	प्रथम

अनुभव : १) पाँचवर्ष माध्यमिक तहमा अध्यापन ।

अतिरिक्त :

१) अध्यापन अनुमति–पत्र प्राप्त ।

२) विभिन्न साहित्यिक सृजनात्मक कार्यक्रममा पुरस्कृत ।

३) स्थानीय एवं राष्ट्रियस्तरका पत्र–पत्रिकाहरूमा सिर्जनात्मक तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित ।

४) 'विशिष्ट संस्कृत शिक्षण संभाषण' को प्रशिक्षण प्राप्त ।

५) स्नतकोत्तर तहमा सर्वाधिक अङ्क प्राप्त गरी पुरस्कृत, (२०६१) त्रि. चन्द्र क्याम्पस ।

६) **सम्पादन :** 'कोसेली' साहित्यिक साप्ताहिक पत्रिकाको प्रकाशन/सम्पादन (२०५६-२०५८) ।

७) **भाषा सम्पादन :** जिल्ला बन कार्यालय बर्दियाको गतिविधि (२०६१) ।

८) **सम्पादन सहयोगी :** 'उत्साह' त्रैमासिक (२०६२-२०६३), दाङ्ग ।

९) आधारभूत कम्प्युटर तालिम प्राप्त ।

१०) सचिव प्रलेस. बर्दिया (२०६४) ।

सम्वद्धता :

१) नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान, काठमाडौंको सचिव (२०५९-२०६२) ।

२) आजीवन सदस्य : बर्दियाली साहित्य समाज, बर्दिया (२०६१) ।

३) अभियान कर्त्ता एवं प्रथम संयोजक : 'सिर्जना चक्र', बर्दिया (२०६२-२०६३) ।

अध्यापनरत : १) श्री बागेश्वरी आवासीय उच्च मा.वि. गुलरिया, बर्दिया ।

व्यक्तिवृत्त

नाम	:	**खगेन्द्रप्रसाद उपाध्याय**
थर	:	घोडासैनी
बाबुको नाम	:	श्री उदयराम उपाध्याय
आमाको नाम	:	कौसिलादेवी उपाध्याय
जन्ममिति	:	२०३७/०८/२७
जन्मस्थान	:	घोडासैन -९, माजी, अछाम
नागरिक्ता	:	नेपाली
लिङ्ग	:	पुरुष
भाषा	:	नेपाली, अङ्ग्रेजी, हिन्दी र संस्कृत
वैवाहिक स्थिति	:	विवाहित
स्थायी ठेगाना	:	बिजौरा–९, भुडेभावर, सुर्खेत, भेरी, नेपाल
अस्थायी ठेगाना	:	गु.न.पा.७, तुलापुर, बर्दिया, **मो नं.** ९८४८०३०३६१,
फोन नं.	:	०८४४४०५२१ ।

शैक्षिक प्रगति विवरण :

तह	मुख्य विषय	शैक्षिक संस्था	वर्ष	श्रेणी
प्रवेशिका (पूर्वमध्यमा)	नव्यव्याकरण, नेपाली	सम्पूर्णानन्द सं.वि. वाराणसी	१९९५	द्वितीय
प्रमाणपत्र तह (उत्तरमध्यमा)	नव्यव्याकरण, नेपाली	,,	१९९७	प्रथम
स्नातक (शास्त्री)	नव्यव्याकरण, नेपाली	महेन्द्र सं. वि., दाङ	२०५७	द्वितीय
बि.एड्, (एकवर्षे)	नेपाली	,,	२०५८	द्वितीय
स्नातकोत्तर (एम.ए.)	नेपाली	त्रि.वि., काठमाडौं	२०६१	प्रथम
स्नातकोत्तर (एम.एड्.)	नेपाली	,,	२०६४	प्रथम

अनुभव : १) पाँचवर्ष माध्यमिक तहमा अध्यापन ।

अतिरिक्त :

१) अध्यापन अनुमति–पत्र प्राप्त ।

२) विभिन्न साहित्यिक सृजनात्मक कार्यक्रममा पुरस्कृत ।

३) स्थानीय एवं राष्ट्रियस्तरका पत्र–पत्रिकाहरूमा सिर्जनात्मक तथा अनुसन्धानात्मक लेखहरू प्रकाशित ।

४) 'विशिष्ट संस्कृत शिक्षण संभाषण' को प्रशिक्षण प्राप्त ।

५) स्नतकोत्तर तहमा सर्वाधिक अङ्क प्राप्त गरी पुरस्कृत, (२०६१) त्रि. चन्द्र क्याम्पस ।

६) **सम्पादन :** 'कोसेली' साहित्यिक साप्ताहिक पत्रिकाको प्रकाशन/सम्पादन (२०५६-२०५८) ।

७) **भाषा सम्पादन :** जिल्ला बन कार्यालय बर्दियाको गतिविधि (२०६१) ।

८) **सम्पादन सहयोगी :** 'उत्साह' त्रैमासिक (२०६२-२०६३), दाङ्ग ।

९) आधारभूत कम्प्युटर तालिम प्राप्त ।

सम्वद्धता :

१) नेपाल प्रतिभा उन्नयन प्रतिष्ठान, काठमाडौंको सचिव (२०५९-२०६२) ।

२) आजीवन सदस्य : बर्दियाली साहित्य समाज, बर्दिया (२०६१) ।

३) अभियान कर्त्ता एवं प्रथम संयोजक : 'सिर्जना चक', बर्दिया (२०६२-२०६३) ।

अध्याप्राध्यापन : १) श्री बबई बहुमुखी क्याम्पस, गुलरिया, बर्दिया ।

२) श्री बागेश्वरी आवासीय उच्च मा.वि. गुलरिया, बर्दिया ।